# चम्पादेवी गाउँपालिकाको विस्तृत अध्ययन, अनुसन्धान, लेखन तथा प्रकाशन

**सम्बन्धी प्रतिवेदन**

**चम्पादेवी  गाउँपालिकाको कार्यालय**

**कालिका, ओखलढुंगा**

**कोशी प्रदेश, नेपाल**

**प्रस्तुतकर्ता**

मोलुङ फाउन्डेसन

कोटेश्वर, काठमाडौं

२०८२

**चम्पादेवी गाउँपालिकाको विस्तृत अध्ययन, अनुसन्धान, लेखन तथा प्रकाशन (२०८२)**

**विस्तृत अध्ययन गर्ने निकाय**

चम्पादेवी  गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

कालिका, ओखलढुंगा,

कोशी प्रदेश,

नेपाल ।

**प्राविधिक सहजीकरण**

मोलुङ फाउन्डेसन, कोटेश्वर, काठमाडौं ।

**प्रकाशक**

प्रकाशक : चम्पादेवी  गाउँपालिका, कालिका, ओखलढुंगा ।

सर्वाधिकार : प्रकाशकमा

प्रकाशन वर्ष : २०८२

**अनुसन्धान तथा लेखन समूह**

| | |
|---|---|
| प्रा.डा. भूपप्रसाद धमला | प्रमुख अनुसन्धानकर्ता |
| प्रा.डा. केशवप्रसाद अधिकारी | अनुसन्धानकर्ता |
| श्री ध्रुवकुमार खड्का | तथ्यांक संकलक, स्थलगत अनुसन्धानकर्ता |
| श्री लोचन भट्टराई | अनुसन्धानकर्ता |
| श्री रामबाबु पराजुली | अनुसन्धानकर्ता |
| श्री रामजी दाहाल | स्थलगत अनुसन्धानकर्ता, तथ्यांक विश्लेषक |
| श्री कुलप्रसाद भट्टराई | भाषा सम्पादक |

## कृतज्ञता ज्ञापन

प्राकृतिक र सांस्कृतिक विविधताको देश नेपाल पृथ्वीभरकै एक अनुपम स्थल हो । सर्वोच्च शिखर सगरमाथाजस्तो हिमाच्छादित पहाडदेखि लमतन्न पसारिएको मैदानमा अवस्थित बुद्धभूमि लुम्बिनी यहीँ छन् । यस्तो सुन्दर राष्ट्रको पूर्वी भूभागमा अवस्थित ओखलढुंगा जिल्ला नेपालकै प्रतिरूप हो । यही जिल्लाको दक्षिण–पश्चिम भागमा पर्ने चम्पादेवी गाउँपालिका पनि प्राकृतिक र सांस्कृतिक विविधताले भरपुर पालिका हो । यहाँको धरातलमा पाइने वनस्पति र जीवजन्तुले अनुपम जैविक विविधताको प्रतिनिधित्व गर्छन् । त्यसैगरी प्रसिद्ध चम्पादेवीको मन्दिरलगायतका अन्य धार्मिक सम्पदा, जातीय विविधता झल्काउने संस्कार, शताब्दियौंदेखि अपनाउँदै आइएको लोकसंस्कृति पनि अनुपम रहेका छन् । सुन्दर प्राकृतिक दृश्यलगायत धार्मिक अनुष्ठानका लागि पर्यटकीय स्थलहरु यस गाउँपालिकाका अमूल्य निधि हुन् ।

गाउँपालिकामै रहेका यस्ता निधिका बारेमा सबै गाउँपालिकावासीलाई पूर्ण जानकारी छैन । यसका बारेमा केही अनुसन्धान प्रतिवेदनहरुमा फाट्टफुट्ट कुरा लेखिएका छन् । तर पनि यस गाउँपालिकाको समग्र विकासका आधार तयार गर्नका निम्ति तिनीहरु अझै पनि अपर्याप्त छन् । ती योगदानका उपलब्धिलाई संगठित गर्दै थप बृहत् अध्ययन अनुसन्धान गर्न सकेको खण्डमा निश्चय नै पूरै चम्पादेवी गाउँपालिकाको समग्र विकासमा उल्लेख्य योगदान हुन सक्ने देखिन्छ ।

यस प्रतिवेदनमा चम्पादेवी गाउँपालिकाको प्राकृतिक स्रोत, सम्पदा, धार्मिक–सांस्कृतिक सम्पदा, प्रमुख पर्यटकीय स्थलहरुको विवरण, जनसंख्याको विविध पक्षीय विवरण, गाउँपालिकाको आर्थिक अवस्था, पूर्वाधार विकास र यसले वातावरणमा पारेको प्रभावको मूल्यांकनलाई समावेश गरिएको छ । सीमित समय र स्रोतसाधनका कारण यस पालिकाका अन्य महत्त्वपूर्ण पक्षलाई यस प्रतिवेदनमा समावेश गर्न सकिएको छैन । तथापि यस अध्ययनले भविष्यमा गाउँपालिकाका बारेमा थप अध्ययन अनुसन्धान गर्ने आधार तयार गर्ने अपेक्षा गरिएको छ ।

यसै सन्दर्भलाई मध्यनजर गर्दै चम्पादेवी गाउँपालिकाको विस्तृत अध्ययन, अनुसन्धान, लेखन र प्रकाशन गर्ने उद्देश्यले राखिएको मोलुङ फाउन्डेसनको प्रस्ताव सहज ढंगले स्वीकृत गरी यो अवसर प्रदान गर्नुभएकोमा गाउँपालिका अध्यक्ष आदरणीय नवराज केसी, प्रमुख प्रशासकीय अधिकृत विश्वनाथ भण्डारीलगायत सम्पूर्ण गाउँपालिका परिवारप्रति मोलुङ फाउन्डेसनका तर्फबाट हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै यस अनुसन्धान कार्यमा संलग्न प्रा.डा. केशवप्रसाद अधिकारी, लोचन भट्टराई, ध्रुव खड्का, पवन राई, रामजी दाहाललगायत सम्पूर्ण विज्ञहरुप्रति पनि हार्दिक आभार प्रकट गर्दछु ।

प्रा.डा. भूपप्रसाद धमला  
अध्यक्ष  
मोलुङ फाउन्डेसन  
२०८२ असार १५

# कार्यकारी सारांश

चम्पादेवी गाउँपालिका र मोलुङ फाउन्डेसनको सहकार्यमा गाउँपालिकाको भौगोलिक, ऐतिहासिक, आर्थिक, सामाजिक, सांस्कृतिक पक्षको अध्ययन गर्ने कार्य सम्पन्न भएको छ । यस अध्ययनमा मुख्य रूपमा गाउँपालिकाको प्राकृतिक स्रोत र सम्पदा, गाउँपालिकाका ऐतिहासिक–पुरातात्त्विक स्थलहरु, गाउँपालिकाका धार्मिक–सांस्कृतिक सम्पदाहरु, गाउँपालिकाका प्रमुख पर्यटकीय स्थलहरु, गाउँपालिकाको जनसांख्यिक संरचना, आर्थिक अवस्था र पूर्वाधार विकासले पारेको वातावरणीय प्रभावजस्ता विषय एकीकृत दस्ताबेजमा समेट्ने जमर्को गरिएको छ ।

चम्पादेवी गाउँपालिकाका बारेमा हालसम्म लेखिएका, उपलब्ध भएसम्ममा कृतिहरुको पूर्वकार्य समीक्षा गरेपश्चात् थप विषयका बारेमा स्थलगत रूपमा प्राथमिक तथ्यांक संकलन गरिएको छ । प्राथमिक तथ्यांक निर्धारित ढाँचामा खुला तथा बन्द प्रश्नावली तथा सूचनादाता अन्तर्वार्ता अनुसूचीजस्ता औजारका माध्यमबाट स्थलगत अन्तर्वार्ता, सामूहिक छलफल, स्थलगत अवलोकन आदि विधि प्रयोग गरी गरिएको छ । प्राथमिक र द्वितीय विधिबाट प्राप्त भएका गुणात्मक र संख्यात्मक तथ्यांकलाई, गाउँपालिकाले तोकेका कार्यक्षेत्रगत सर्तहरु पालना गर्दै, वैज्ञानिक अनुसन्धान विधिबाट विश्लेषण गरिएको छ ।

निर्धारित समयभित्र मानव स्रोत र साधनको कमीले गर्दा यस अध्ययनमा गाउँपालिकाको भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदाको संक्षिप्त विवरण, ऐतिहासिक–पुरातात्त्विक स्थलहरुको संक्षिप्त विवरण, महत्त्वपूर्ण पर्यटकीय स्थलहरुको संक्षिप्त विवरण, जनसांख्यिक संरचनाको विवरण, आर्थिक अवस्थाको विवरण र पूर्वाधार विकासले पारेको वातावरणीय प्रभावको मूल्यांकनजस्ता विषयको निर्धारितभन्दा बाहेक विवरणको विस्तृत खाका तयार नभएको हुन सक्नुका साथै सूचनाका स्रोतमा नै हुन सक्ने त्रुटि, सूचनादाताको जानकारीको तहजस्ता पक्षका कारण अध्ययनको नतिजामा प्रभाव पर्न सक्ने भने हुन सक्छ । समग्रमा प्राप्त नतिजाले अगामी दिनमा प्रतिवेदनमा रहेका विवरणका बारेमा गहन, विस्तृत अध्ययनका लागि आधार तयार गर्न भने यस अध्ययन सफल भएको छ ।

नेपालको पूर्वी भूभागमा रहेको कोशी प्रदेशमा अवस्थित ओखलढुंगा जिल्लाको दक्षिण–पश्चिम भागमा पर्ने चम्पादेवी गाउँपालिका प्राकृतिक र सांस्कृतिक विविधताले भरपुर गाउँपालिका हो । भौगोलिक फैलावटका हिसाबले विश्व मानचित्रमा चम्पादेवी गाउँपालिकाको अवस्थिति २७ डिग्री १४ मिनेट १४ दशमलव ९६४ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट ४४ दशमलव ७३३ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८६ डिग्री १२ मिनेट २० दशमलव ४८६ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २२ मिनेट २० दशमलव ०९७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ ।

चम्पादेवी गाउँपालिकाको पूर्वमा सुनकोशी गाउँपालिका, पश्चिममा लिखु गाउँपालिकाको दक्षिणी भाग र रामेछाप जिल्ला, उत्तरमा खिजीदेम्बा गाउँपालिकाको दक्षिणी भाग र मोलुङ गाउँपालिकाको थोरै पश्चिम भाग र दक्षिणमा सुनकोशी नदी रहेको छ । क्षेत्रफलको ६०% भूभाग पहाडी र १०% जति भूमि उच्च पहाडी क्षेत्रमा पर्ने चम्पादेवी गाउँपालिका समुद्र सतहबाट ३४५ मिटरदेखि २७७१ मिटर उचाइसम्म फैलिएको छ ।

प्रसिद्ध चम्पादेवीको मन्दिरलगायतका अन्य धार्मिक सम्पदा, जातीय विविधता झल्काउने संस्कार, शताब्दियौंदेखि अपनाउँदै आइएको लोकसंस्कृति पनि धार्मिक–सांस्कृति सम्पदाका साथै वनस्पति तथा जीवजन्तुले जैविक विविधता र यहाँका सुन्दर प्राकृतिक दृश्यलगायत यहाँका अमूल्य निधि हुन् ।

चम्पादेवी गाउँपालिका पनि सांस्कृतिक हिसाबले विविध जातजाति, धर्म, संस्कृति, संस्कार र सम्पदाहरुले सम्पन्न पालिका हो । चम्पादेवी गाउँपालिकामा रहेका मुख्य जातजातिहरूमा क्षेत्री, बाहुन, राई, तामाङ, गुरुङ, शेर्पा, गिरी, पहरी, दलित आदि हुन् । गाउँपालिकामा नेपाली मातृभाषीहरूको संख्या सर्वाधिक रहेको र त्यसपछि मगर धुत, तामाङ र नेपालभाषा/नेवाः मातृभाषीहरूको बाहुल्य रहेको देखिन्छ । धर्मका आधारमा हेर्दा हिन्दु पहिलो देखिन्छ भने बौद्ध, किराँत र इसाई धर्म मान्ने गरेको पाइन्छ । जातिहरूका आफ्नै विविध संस्कृति, संस्कार रीतिरिवाज, मूल्यमान्यता र परम्परा रहेका छन् । विगतको झर्रो संस्कृतिमा आजकल सञ्चारमाध्यम, यातायात, समय र शिक्षा आदिका कारणबाट केही परिवर्तनहरु देखा पर्न थालिसकेका छन् ।

प्राकृतिक हिसाबले यहाँको पहाड, झरना, जनजाति, संस्कृति र प्राकृतिक वनस्पति र जीवजन्तुको हिसाबले निकै आकर्षक स्थल हो । यहाँका उच्च पर्वती क्षेत्रबाट प्याराग्लाइडिङ नदीहरूको माथिपट्टिबाट बन्जीजम्प र जिपलाइनको विकास हुने सम्भावना सहजै छ । धार्मिक हिसाबले चम्पादेवी मन्दिरलगायतका क्षेत्रहरूमा  धार्मिक पर्यटनको विकास सहजै हुन सुरु भइसकेको छ भने  जातजातिका हिसाबले सम्पन्न बसोबास क्षेत्र भएकाले यहाँ सांस्कृतिक पर्यटन पनि सहजै विकास हुने देखिन्छ । यस्तै होमस्टे, पदयात्राका क्षेत्र, बोटबिरुवा जडीबुटी जीवजन्तु किटपतङ्ग आदिको अध्ययन पर्यटन र माउन्टेन बाइक ट्र्याकहरू पनि थोरै प्रयासमा स्तरीय ढंगबाट विकास गर्न सकिने देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेको छ । जसमा पुरुषको संख्या ७८५८ र महिलाको संख्या ८४५३ रहेको देखिन्छ । लैंगिक अनुपात सबैभन्दा न्यून वडा नम्बर १ को ८४.२४ रहेको देखिन्छ भने उच्च अनुपात वडा नम्बर ४ को १०१.६ रहेको देखिन्छ । यसमध्ये क्षेत्री समुदायको जनसंख्या सबैभन्दा बढी ६,४५८ रहेको देखिन्छ । त्यसपछि मगर समुदायको जनसंख्या २,३४६ र तामाङ समुदायको जनसंख्या १,२६४ रहेको छ । ब्राह्मण, नेवाः/नेवार, विश्वकर्मा, परियार/दमाई र सुनुवार समुदायको जनसंख्या पनि उल्लेखनीय रहेको देखिन्छ । राई, बादी र अन्य जातीय समूहहरूको संख्या तुलनात्मक रूपमा कम रहेको छ । पुरुषको औसत विवाह उमेर २०.५ वर्ष र महिलाको १८.२ वर्ष रहेको छ, जसले महिलाको विवाह पुरुषको तुलनामा चाँडो हुने गरेको देखाउँछ ।

पुरुषको साक्षरता दर ७७.०% र महिलाको साक्षरता दर ६०.२% रहेको छ, जसले पुरुष र महिलाबीच साक्षरतामा १६.८ प्रतिशतको अन्तर देखाउँछ । यस गाउँपालिकाको समग्र लैंगिक अनुपात ९२.९६ रहेको देखिन्छ । जातिगत रूपमा हेर्दा, राई समुदायको साक्षरता दर सबैभन्दा उच्च ८०.०% रहेको छ, जहाँ पुरुष र महिला दुवैको साक्षरता दर समान छ । घर्ती/भुजेल समुदायको साक्षरता दर सबैभन्दा कम ५८.०% रहेको । जसमा महिला साक्षरता ५१.८% मात्र । यसले गाउँपालिकामा शैक्षिक विकास, विशेषगरी महिला र केही निश्चित जातीय समूहहरूमा, थप ध्यान दिनुपर्ने आवश्यकता रहेको देखिन्छ । आर्थिक रूपमा सक्रिय मानिने १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या ९,४७३ (पुरुष ४,४८२ र महिला ४,९९१) रहेको पाइन्छ । धेरैजसो वडाहरूमा २०६८ सालको तुलनामा २०७८ सालमा जनसंख्यामा गिरावट आएको देखिन्छ । जनघनत्वका हिसाबले, वडा नं. ६ मा सबैभन्दा बढी २२६.९ रहेको देखिन्छ भने वडा नं. ९ मा जनघनत्व सबैभन्दा कम ८२.८६ रहेको देखिन्छ ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये मुख्य कृषक आफं परिवारमूली ३७६५ परिवार रहेको भने, परिवारमूली अन्य व्यक्ति रहेको परिवार १०४ रहेको पाइयो। मकै खेती गर्ने कृषक परिवार संख्या ३८६९, गहुँ खेती गर्ने कृषक परिवार संख्या ९५५, पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या ३७५५ रहेको देखिन्छ। गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २८८७.६ रहेको देखिन्छ। जुन विवरणको थप विश्लेषण गर्दा जम्मा कित्ता संख्या १६६३१ रहेकोमा प्रति परिवार औसत कित्ता संख्या ४.३ रहेको देखिन्छ।

चम्पादेवी गाउँपालिकामा कुल ४०३४ घररधुरीमध्ये ३७६५ परिवार (९३.३३%) सँग कम्तीमा एक समान रहेको छ, जबकि २६९ परिवार (६.६७%) सँग कुनै पनि समान छैन। मोबाइल (साधारण मोबाइल ३३७४ घरधुरी र स्मार्ट फोन २४५४ घरधुरी) को प्रयोग व्यापक छ। रेडियो (१२९० घरधुरी) र टेलिभिजन (७२३ घरधुरी) को प्रयोग पनि उल्लेख्य मात्रामा छ। यद्यपि, कम्प्युटर/ल्यापटप (११० घरधुरी) र इन्टरनेट (१३६ घरधुरी) को प्रयोग अझै सीमित छ। जनगणना २०७८ को प्रतिवेदनअनुसार चम्पादेवी गाउँपालिकाभर कुल ४०३४ परिवारमध्ये ६१.११% परिवार अति गरिब वर्गमा पर्छन्। त्यसैगरी, ३३.६४% परिवार गरिब, ४.५४% परिवार मध्यम वर्गका, ०.५९% परिवार धनी र ०.१२% परिवार अति धनी रहेको पाइयो। वडा नं. ५ मा अति गरिब परिवारको प्रतिशत सबैभन्दा बढी (९०.८३%) देखिन्छ। जबकि वडा नं. ३ मा गरिब परिवारको प्रतिशत सबैभन्दा बढी (६६.०६%) रहेको देखिन्छ। वडा नं. ८ मा मध्यम वर्गका परिवारको प्रतिशत सबैभन्दा बढी (११.०३%) रहेको देखिन्छ। कुल जनसंख्या १६३११ मध्ये ९६६३ व्यक्ति (५९.२४%) अति गरिब वर्गमा रहेको पाइयो। यसैगरी, ५७०८ व्यक्ति (३४.९९%) गरिब वर्गमा, ८०३ व्यक्ति (४.९२%) मध्यम वर्गमा, १०७ व्यक्ति (०.६६%) धनी वर्गमा, र ३० व्यक्ति (०.१८%) अति धनी वर्गमा रहेको देखिन्छ। कुल ४०३४ परिवारमध्ये ८९.९९% परिवारको घरको गुणस्तर मध्यम रहेको देखिन्छ।

विगतको तुलनामा गाउँपलिकाका विभिन्न क्षेत्रहरूमा गर्मी वृद्धि हुँदै गएको, खडेरीका कारण पानीका मूलहरू सुक्दै गएका, खण्डवृष्टि, अतिवृष्टि र अनावृष्टि, आँधी, हुरी, असिना आदिको प्रकोप बढ्दै गएको तथा मकै, धान तथा अन्य बालीहरूमा कीरा बढी लाग्ने गरेको, फलफूलहरू नपाकी बोटमै कीरा लागेर झर्ने, बालीनाली छिटो पाक्ने, फूलहरू समयभन्दा अगाडि नै फुल्नेलगायत जलवायु परिवर्तनका असरहरु देखिएका छन्। दिगो र उत्तरदायी विकासका लागि पूर्ण EIA/IEE सुनिश्चत गर्दै स्थानीय सहभागिता, जोखिम न्यूनीकरण योजनाहरू, पुनः उद्यान, स्लोप स्थिरीकरण र प्रभाव निगरानीजस्ता उपायहरू अवलम्बन अनिवार्य रहेको देखिन्छ।

# विषय सूची


कृतज्ञता ज्ञापन ........................................................................................

कार्यकारी सारांश ......................................................................................

विषय सूची ................................................................................................

तालिका सूची..............................................................................................

अध्याय एक भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदा ................................................ १

१.१ भौगोलिक अवस्था ........................................................................... १

१.२ प्राकृतिक स्रोत/सम्पदा ...................................................................... ८

१.३ वडागत विवरण ................................................................................१०

वडा नम्बर १.......................................................................................१०

वडा नम्बर २....................................................................................... १४

वडा नम्बर ३....................................................................................... १८

वडा नम्बर ४....................................................................................... २१

वडा नम्बर ५....................................................................................... २५

वडा नम्बर ६....................................................................................... २८

वडा नम्बर ७....................................................................................... ३१

वडा नम्बर ८....................................................................................... ३४

वडा नम्बर ९....................................................................................... ३८

वडा नम्बर १० ..................................................................................... ४१

अध्याय दुई ऐतिहासिक-पुरातात्त्विक स्थल र धार्मिक-सांस्कृतिक सम्पदा ................................ ४५

२.१ गाउँपालिकाको नामकरण ...................................................................... ४५

२.२ ऐतिहासिक-पुरातात्त्विक स्थल.............................................................. ४५

२.३ धार्मिक सम्पदा.................................................................................. ४६

२.४ सांस्कृतिक सम्पदा ........ ४७
२.५ वडागत विवरण ........ ५२
वडा नम्बर १........ ५२
वडा नम्बर २........ ५३
वडा नम्बर ३........ ५५
वडा नम्बर ४........ ५६
वडा नम्बर ५........ ५७
वडा नम्बर ६........ ५८
वडा नम्बर ७........ ६०
वडा नम्बर ८........ ६२
वडा नम्बर ९........ ६३
वडा नम्बर १० ........ ६५
अध्याय तीन पर्यटनको वर्तमान अवस्था र विकासको सम्भावना ........ ६८
३.१ गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलहरू ........ ६८
३.२ पर्यटन र पर्यटन सेवाको वर्तमान अवस्था ........ ७०
३.३ पर्यटन विकासको सम्भावना ........ ७०
३.४ वडागत रूपमा पर्यटकीय सम्भावना भएका ठाउँको विवरण........ ७२
अध्याय चार जनसांख्यिक विवरण........ ७५
४.१ जनसंख्याको आकार र संरचना........ ७५
४.२ जनसंख्याको सामाजिक र सांस्कृतिक विविधता ........ ८१
४.२ शिक्षाको अवस्था ........ ९०
४.४ जनसंख्याको फरक क्षमताअनुसारको संरचना ........ ९५
४.५ वैवाहिक अवस्था ........ ९५
४.६ बसाइँसराइको अवस्था ........ १००

अध्याय पाँच आर्थिक अवस्था ........ १०४

५.१ आर्थिक रूपमा सक्रिय जनसंख्या ........ १०४

५.२ आश्रित जनसंख्या विवरण ........ १०८

५.३ रोजगारीमा रहेको क्षेत्र ........ १११

५.४ परिवारको स्वामित्वमा रहेका वस्तु तथा सुविधाहरू ........ ११९

५.५ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको गणनावारेको विवरण ........ १३०

५.६ परिवारको गुणस्तर गणनाको विवरण ........ १३१

५.७ गाउँपालिकाको समग्र कृषिको अवस्था ........ १३१

५.८ गाउँपालिकाको औद्योगिक विवरण ........ १३९

अध्याय छ पूर्वाधार विकास र वातावरणीय प्रभाव ........ १४२

६.१ गाउँपालिकामा भौतिक पूर्वाधारको विकास र वातावरण ........ १४२

६.२ वातावरण र जलवायु परिवर्तनको सैद्धान्तिक पक्ष ........ १४५

६.३ विकास र वातावरणका सरोकारवालाहरू ........ १४८

६.४ चम्पादेवीमा भौतिक पूर्वाधार विकासका असर र अनपेक्षित चुनौतीहरू ........ १५१

६.५ भावी कार्यदिशा र समाधानका उपाय- दिगो विकासतर्फ ........ १५४

सन्दर्भ सामग्री सुची ........ १५७

अनुसुची १ सर्वेक्षणको विष्टिकृत प्रश्नावली ........ १५८

अनुसुची २ वडागत भ्रमणमा लिइएका तश्विरहरू ........ १५९

अनुसुची ३ वडागत छलफलमा सहभागीहरुको उपस्थिती माइन्युट ........ १६१

# तालिका सूची


तालिका १: गाउँपालिकाको वडासहितको प्रशासनिक विभाजन ....... ७
तालिका २: २०७८ सालको जनगणनाअनुसार चम्पादेवी गाउँपालिकाका वडाअनुसार घरपरिवार, कुल र पुरुष र महिलाको जनसांख्यिक संरचना ....... ७५
तालिका ३: चम्पादेवी गाउँपालिकाको जनसंख्याको उमेर र लैंगिक संरचना, जनगणना २०७८ ....... ७७
तालिका ४: बृहत् उमेर संरचना, चम्पादेवी गाउँपालिका, ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालका बीच तुलनात्मक प्रस्तुति ....... ७९
तालिका ५: चम्पादेवी गाउँपालिकाको जनसंख्याको पारिवारिक संरचनाका आधारमा वडाअनुसार वितरण, जनगणना २०७८ ....... ८०
तालिका ६: जात/जातीयताका आधारमा चम्पादेवी गाउँपालिकाको जनसंख्या विवरण ....... ८१
तालिका ७: जातीयता र लिंगका आधारमा गाउँपालिकाको साक्षरताको अवस्था ....... ८३
तालिका ८: मातृभाषाका आधारमा वितरण तथा विविधता आधारमा चम्पादेवी गाउँपालिकाको जनसंख्या विवरण ....... ८४
तालिका ९: चम्पादेवी गाउँपालिकाको जनसंख्याको धर्मका आधारमा वितरण ....... ८५
तालिका १०: घरमूलीको लैंगिक अवस्था वारेको विवरण ....... ८६
तालिका ११: जनसंख्याको उमेर समूह र लैंगिक वितरणका आधारमा वडाअनुसार वर्गीकरण ....... ८७
तालिका १२: चम्पादेवी गाउँपालिकाको वडागत जनघनत्व ....... ८९
तालिका १३: चम्पादेवी गाउँपालिकाको ५ वर्ष र सोभन्दा माथिको उमेरका जनसंख्याको उमेर र लिंगअनुसार साक्षरताको अवस्था, जनगणना २०७८ ....... ९०
तालिका १४: गाउँपालिकाको ५ वर्ष पूरा भएको जनसंख्याको शैक्षिक अवस्था ....... ९१
तालिका १५: चम्पादेवी गाउँपालिकाका ५ वर्षमाथिका साक्षर जनसंख्याले पूरा गरेको शैक्षिक तहअनुसार उमेर र लैंगिक वितरण ....... ९३
तालिका १६: चम्पादेवी गाउँपालिकाका ५ देखि २५ वर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय जाने नजाने अवस्थाअनुसार वितरण, जनगणना २०७८ ....... ९४
तालिका १७: चम्पादेवी गाउँपालिकाको जनसंख्याको अपांगताको प्रकार र अवस्थाअनुसार कुल, पुरुष र महिलाको वितरण, जनगणना २०७८ ....... ९५
तालिका १८: चम्पादेवी गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्याको वैवाहिक अवस्थाअनुसार वितरण ....... ९६

तालिका १९: चम्पादेवी गाउँपालिकाका १० वर्ष र सोभन्दा माथिका विवाहित जनसंख्याको विवाह हुँदाको वडाअनुसार औसत उमेर....................................................................................................९८
तालिका २०: चम्पादेवी गाउँपालिकाका २०-२४ वर्ष उमेर समूहको जनसंख्यामा १५ वर्ष (नाबालिक विवाह) र १८ वर्ष (बालविवाह) नहुँदै विवाह हुनेको लिंगअनुसार प्रतिशत वितरण ...........................................९९
तालिका २१: चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जन्मस्थानका आधारमा वितरण...........१०१
तालिका २२: चम्पादेवी गाउँपालिकाको अक्सर बसोबास गर्ने घरपरिवार र जनसंख्यामा घरभन्दा बाहिरै देशभित्रै र देशबाहिर बसोबास गर्नेको प्रतिशत वितरण..........................................................................१०२
तालिका २३: चम्पादेवी गाउँपालिकाको जनसंख्याको वसाइँसराइको अवस्थाअनुसार वडागत वितरण........१०३
तालिका २४: गाउँपालिकाको १० वर्षमाथिको आर्थिक रूपमा सक्रिय जनसंख्या ......................................१०५
तालिका २५: महिलाको नाममा घर र जमिन भए नभएका आधारमा जनसंख्या .........................................१०७
तालिका २६: आश्रित जनसंख्या विवरण ............................................................................................ १०८
तालिका २७: फरक क्षमता र सक्षमताका आधारमा जनसंख्या..................................................................१०९
तालिका २८: ग्रामीण तथा सहरीकरणको प्रकृतिको आधारमा विवरण...................................................... ११०
तालिका २९: रोजगारीमा रहेको क्षेत्रका आधारमा जनसंख्या विवरण .........................................................१११
तालिका ३०: कामको क्षेत्र र लैंगिकताका आधारमा १० वर्ष पूरा भएको जनसंख्या ....................................११२
तालिका ३१: वर्ष भरिमा काममा संलग्न भएको अवधिको आधारमा जनसंख्या.........................................११४
तालिका ३२: फरक क्षमताका आधारमा रोजगारीको क्षेत्र .......................................................................११६
तालिका ३३: क्षेत्र र प्रकृतिका आधारमा १० देखि १७ वर्ष उमेर समूहको काम .........................................११७
तालिका ३४: फरक क्षमता भएका १० वर्ष पूरा भएकाको रोजगारीको क्षेत्र.................................................११८
तालिका ३५: बसोबास गर्ने घरको स्वामित्वको अवस्था ........................................................................ ११९
तालिका ३६: परिवारले प्रयोग गर्ने घरको जगको अवस्था.......................................................................१२०
तालिका ३७: परिवारले प्रयोग गर्ने घरको गारोको विवरण.......................................................................१२१
तालिका ३८: परिवारले प्रयोग गर्ने घरको छानोको विवरण ..................................................................... १२२
तालिका ३९: परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति..........................................................................१२३
तालिका ४०: परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत..............................................................................१२४
तालिका ४१: परिवारले खाना पकाउने प्रयोग गर्ने इन्धनको स्रोत .............................................................१२५
तालिका ४२: परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत................................................................................१२६
तालिका ४३: परिवारले प्रयोग गर्ने शौचालय सुविधा ..............................................................................१२७
तालिका ४४: परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण..................................................१२८
तालिका ४५: परिवारको स्वामित्वमा रहेको धनसम्पत्तिको अवस्था .........................................................१२९
तालिका ४६: परिवारको स्वामित्वमा रहेको धनसम्पत्तिको गणना.............................................................१३०

तालिका ४७: परिवारको गुणस्तर गणनाको विवरण ....................................................................... १३१
तालिका ४८: परिवारको पशुपालन ....................................................................... १३२
तालिका ४९: पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार ....................................................................... १३३
तालिका ५०: कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता, औसत कित्ता तथा सिञ्चित क्षेत्रफल ....................................................................... १३५
तालिका ५१: कृषि चलनले चलन गरेको जग्गाको उपभोग ....................................................................... १३६
तालिका ५२: कृषि चलनले चलन गरेको जग्गाको उपयोग ....................................................................... १३६
तालिका ५३: जग्गा स्वामित्वमा रहेका परिवार संख्या ....................................................................... १३७
तालिका ५४: जग्गा स्वामित्वमा रहेका परिवार संख्या ....................................................................... १३७
तालिका ५५: जग्गा स्वामित्वमा रहेका परिवार संख्याबारे थप विवरण ....................................................................... १३८
तालिका ५६: गाउँपालिकामा स्थापना भएका उद्योगको संख्या र संलग्नताबारेको विवरण ....................................................................... १४०
तालिका ५७: गाउँपालिकामा स्थापना भएका उद्योगबारे थप विवरण ....................................................................... १४१

# अध्याय एक

# भौगोलिक अवस्था र प्राकृतिक स्रोत/सम्पदा

गाउँपालिकाको भौगोलिक अवस्था भन्नाले मुख्य रूपमा त्यो गाउँपालिका रहेको स्थानको भौगोलिक अवस्थिति र धरातलीय स्वरूप भन्ने बुझिन्छ । यसअन्तर्गत त्यस स्थानको गाउँबस्तीको भूस्वरूप, भूउपयोगको अवस्था इत्यादि पर्दछन् ।

प्राकृतिक स्रोत भन्नाले प्रकृतिमा पाइने जैविक तथा अजैविक वस्तुहरू बुझिन्छ । यस्ता वस्तुहरू हावा, पानी, माटो, खनिज, वन र जीवाशेषहरू हुन् । यी वस्तुहरू मानव जीवनका लागि उपयोगी हुन्छन् ।

प्राकृतिक सम्पदा भन्नाले पृथ्वीमा अस्तित्ववान् इकोसिस्टम, भौगर्भिक बनोट, र लोपोन्मुख जीवका लागि संरक्षण गरिएका विशेष स्थानहरू भन्ने बुझिन्छ । यस्ता सम्पदाहरू जैविक विविधताको संरक्षण र प्राकृतिक सौन्दर्यका लागि महत्त्वपूर्ण मानिन्छन् ।

यस अध्यायमा चम्पादेवी गाउँपालिकाको भौगोलिक अवस्था र यहाँ पाइने प्राकृतिक स्रोत–सम्पदाको उल्लेख गरिएको छ । यो विवरण स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारलाई विकास, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका लागि उपयुक्त नीतिनियम बनाउन उपयोगी हुन्छ ।

## १.१ भौगोलिक अवस्था


भौगोलिक अवस्था भन्नाले पृथ्वीको निर्माणका क्रममा तयार भएका स्वरूप र उपलब्ध प्राकृतिक पक्षहरूका बारेमा गरिने व्याख्या हो । भौगोलिक अवस्था कुनै पनि स्थान विशेषको विशेष सम्पदा हो, जसले त्यहाँको रहनसहन जनजीवनको परिवेश चुनौती र अवसरलाई निर्धारण गरेको हुन्छ । स्थानीयस्तरमा बसोबास गर्ने समुदाय, जातजाति, धर्म, संस्कृति, कलाकौशल इत्यादि कुराहरू भौगोलिक पक्षसँग कुनै न कुनै रूपमा अन्तरसम्बन्धित हुने हुनाले स्थान विशेषको अध्ययनमा भौगोलिकतालाई विशेष ध्यान दिनुपर्ने हुन्छ । त्यसैले यहाँ भौगोलिक अवस्थाअन्तर्गत भूस्वरूप, माटो, हावापानी, जलस्रोत, वनस्पति, जीवजन्तु, खनिजलगायत विविध पक्षहरूको सम्बन्धमा गरिएका वर्णनलाई समावेश गरिएको छ ।

### १.१.१ अवस्थिति/फैलावट

अवस्थिति र फैलावट भन्नाले कुनै पनि स्थानको अक्षांश र देशान्तरका आधारमा कसरी फैलिएको छ, कति क्षेत्रफल ओगटेको छ भन्ने कुराहरूको वर्णन हो । यो कुरा तथ्यमा आधारित हुन्छ । प्रस्तुत शीर्षकमा चम्पादेवी गाउँपालिकाको भौगोलिक विस्तार, उचाइको मापनलगायत पक्षहरू उल्लेख गरिएको छ ।

चम्पादेवी गाउँपालिका पूर्वी नेपालको कोशी प्रदेशअन्तर्गत ओखलढुङ्गा जिल्लाको पश्चिम–दक्षिण भागमा अवस्थित छ । चम्पादेवी गाउँपालिकाको सिमाना पूर्वमा सुनकोशी गाउँपालिका, पश्चिममा लिखु गाउँपालिका र रामेछाप जिल्ला, उत्तरमा लिखु, खिजीदेम्बा र मोलुङ गाउँपालिकालाई छुँदै दक्षिणतर्फ सिन्धुली जिल्लासम्म फैलिएको छ । भौगोलिक फैलावटको हिसाबले विश्व मानचित्रमा चम्पादेवी गाउँपालिकाको अवस्थिति २७ डिग्री १४ मिनेट १४ दशमलव ९६४ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट ४४ दशमलव ७३३ सेकेन्ड उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले

८६ डिग्री १२ मिनेट २० दशमलव ४८६ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २२ मिनेट २० दशमलव ९७ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ।





भौगोलिक उचाइका आधारमा यो गाउँपालिकाको सबैभन्दा होचो स्थान वडा नम्बर २ को दमासी हो। यो स्थान समुद्री सतहबाट ३४५ मिटरमा रहेको छ भने सबैभन्दा अग्लो स्थान २७७१ मिटरमा रहेको वडा नम्बर ९ मा पर्ने चम्पादेवी मन्दिर रहेको चम्पादेवी डाँडा हो। क्षेत्रगत उचाइको हिसाबले दक्षिणबाट क्रमशः उत्तरतर्फ उचाइ बढ्दै गएको छ भने पूर्वदेखि पश्चिमसम्म लगभग समतल किसिमको जमिनको स्वरूप रहेको छ। चम्पादेवी गाउँपालिकाको मुख्य प्रशासनिक केन्द्र ताप्केडाँडा समुद्र सतहबाट सरदर १,०९१ मिटरको उचाइमा अवस्थित छ। यो गाउँपालिकाको कुल क्षेत्रफल १२६ दशमलव ७६७४३९ वर्ग किलोमिटर रहेको छ। विस्तृत पहाडी र भिरालो भूस्वरूपमा रहेको यो प्राकृतिक क्षेत्रमा विभिन्न प्रकारका भौगोलिक स्वरूपहरू रहेका छन्।

चम्पादेवी गाउँपालिकाको पूर्वमा सुनकोशी गाउँपालिका, पश्चिममा लिखु गाउँपालिकाको दक्षिणी भाग र रामेछाप जिल्ला, उत्तरमा खिजीदेम्बा गाउँपालिकाको दक्षिणी भाग र मोलुङ गाउँपालिकाको थोरै पश्चिम भाग र दक्षिणमा सुनकोशी नदी रहेको छ।

### १.१.२ धरातलीय/भूस्वरूप

भौगोलिक विविधताले युक्त चम्पादेवी गाउँपालिकामा विभिन्न भौगोलिक स्वरूप देख्न पाइन्छ। पहाडी बनावटको भिरालोपन, उबडखाबड जमिन, खोल्सा-खोल्सी, झर्ना, ओडार, गुफा, भीर, पखेराहरू यहाँका धरातलीय स्वरूप हुन्। यिनलाई अर्को शब्दमा भूस्वरूप पनि भन्ने गरिन्छ।

यस गाउँपालिकाको धरातलीय स्वरूप हेर्दा उत्तर दक्षिण भिरालो र पूर्व–पश्चिम समथर परेको देखिने चम्पादेवी गाउँपालिकाको क्षेत्र पहाडी स्वरूपयुक्त छ । धेरै भीरपाखा पर्वतहरू, खोलानाला, वनजंगलहरू इत्यादि यहाँका भौगोलिक स्वरूपका विशेषता हुन् । अन्य पालिकाको तुलनात्मक फैलावटका हिसाबले मध्यम खालको जमिन र पानीका मुहान रहेको चम्पादेवी गाउँपालिका विविध भौगोलिक विशेषताहरूले सम्पन्न छ विविध प्रकारको भूस्वरूप र खेतीयोग्य जमिनका लागि पानीका स्रोतहरू प्रशस्त मात्रामा रहेका छन् ।




चम्पादेवी गाउँपालिकाको क्षेत्रफलको ६०% भूभाग पहाडी छ भने १०% जति भूमि उच्च पहाडी क्षेत्रमा पर्दछ । यो गाउँपालिका भौगोलिक विविधता युक्त क्षेत्र हो । यहाँको जमिन भिरालो चट्टानी र थोरै मैदानी विशेषता भएको छ ।

चम्पादेवी गाउँपालिकामा चुली थुम्का, बेंसीटार समथर मैदानदेखि ओडार, गुफा, खोल्साखोल्सीहरू पनि प्रशस्तै मात्रामा भेटिन्छन् । यहाँ रहेका केही प्रसिद्ध भूस्वरूप यस प्रकार छन्-

चम्पादेवी गाउँपालिकामा रहेका केही फरक विशेषता भएका ककनी, संक्रान्ति, भालुढुंगा, भुतिया, दारेगौडा, सातकन्या गुफा, घोप्टे ओडार, ढाड कुने ओढार, वनझाँक्री गुफा, चमेरे गुफा, भीम दुलो, धुसेनी ओडार, कुसुने ढुंगा, मालु ढुंगा, भालु ढुंगा ओडार यहाँका प्रसिद्ध गुफा र ओडारहरू हुन् ।

यस गाउँपालिकामा कमिलेचौर, सिद्धपोखरी, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडालगायत पहाडी थुम्का र डाँडाहरू रहेका छन् । चमेरे गुफा, वनझाँक्री गुफालगायत लोभलाग्दा फाँटहरू र अन्य रमणीय डाँडापाखाहरू रहेका छन् । गाउँपालिकामा रहेका मुख्य खोंचहरूमा शेराखोलाको खोंच, भुताङ्गे र रुम्पीमा रहेको खोंच प्रसिद्ध छन् ।

### १.१.३ हावापानी


हावापानी र उचाइबिच अन्तरसम्बन्ध रहेको हुन्छ । चम्पादेवी गाउँपालिका समुद्र सतहबाट ३४५ मिटरदेखि २,७७१ मिटर उचाइसम्म फैलिएको हुनाले उचाइका आधारमा विभिन्न प्रकारका हावापानीको अनुभव गर्न सकिन्छ । चम्पादेवी गाउँपालिकामा भौगोलिक उचाइका आधारमा ३४५ मिटरदेखि १२०० मिटरसम्मको क्षेत्रमा उष्ण प्रकारको हावापानी पाइन्छ । यस्तै १२०१ मिटरदेखि २१०० मिटरसम्म सम समशीतोष्ण हावापानीको अनुभव गर्न सकिन्छ भने २१०० मिटरमाथिको क्षेत्रमा ठन्डाठन्डा समशीतोष्ण हावापानी पाइन्छ ।

#### १.१.३.१ वर्षा

ओखलढुङ्गा जिल्लाको चम्पादेवी गाउँपालिका वर्षाका हिसाबले प्रशस्त वर्षा हुने क्षेत्रमा पर्दछ । नेपालको मनसुनी वर्षा जेठदेखि असोजसम्म रहने हुनाले चम्पादेवी गाउँपालिका क्षेत्रमा पनि यस मौसममा धेरै वर्षा हुन्छ । मनसुन वर्षा स्थानीय किसान र जनजीवनको मुख्य आधार पनि हो । यो वर्षा पानीका मुहानहरूको मुख्य स्रोत पनि हो । यही वर्षामा आधारित भएर किसानहरूले खेतीबाली लगाउने, सिँचाइ गर्ने, पशुपालन लागि जम्मा गर्ने सबै काम गर्दछन् । यो क्षेत्रमा हिउँदको समयमा पश्चिमी वायुको प्रभावले सीमित वर्षा हुन्छ । तापक्रम व्यवस्थापनका लागि केही सहज भए तापनि अन्य हिसाबले भने हिउँदे वर्षा त्यति प्रभावकारी छैन । जे भए पनि बोटबिरुवाका लागि हिउँदे वर्षाले पनि राहतको रूपमा काम गर्दछ । चम्पादेवी गाउँपालिका क्षेत्रमा हिउँतिर हेर्ने हो भने ठाउँअनुसार वार्षिक ३०० सेमीदेखि ४०० सेमीसम्म वर्षा भएको पाइन्छ । वर्षालाई प्रभाव पार्ने स्वरूप वनस्पति चट्टानका रङ आदिका कारणले पनि ठाउँअनुसार वर्षाको मात्रामा विविधता रहेको छ । यो पालिकाको उत्तरपूर्वी क्षेत्रमा वर्षाको मात्रा बढी छ भने दक्षिण पश्चिम क्षेत्रमा तुलनात्मक किसिमले केही कम वर्ष हुने गर्दछ ।

#### १.१.३.२ माटो

पृथ्वीको धरातलमा पाइने माटो कुनै पनि सजीवहरूको जीवन आधार हो । जीवजन्तु, वनस्पति, मानवलगायत सबैका लागि जीवन जिउने मुख्य आधार भनेकै माटो हो । यो माटो स्थानविशेष पाइने प्राकृतिक रसायनहरूका आधारमा फरक–फरक प्रकारका हुन्छन् । रङ उत्पादन स्वभाव, पानी शोषण क्षमता, चट्टानको मात्रालगायत आधारमा माटोमा विविधता पाइन्छ । सबै ठाउँमा माटोको वितरण एकैनासको पनि हुँदैन । भिरालो जमिनमा माटोको मात्रा पातलो हुन्छ भने नदीको बहाव क्षेत्रमा रहेका बेंसीहरूमा प्रशस्त मात्रा उत्पादनशील माटो पाइन्छ ।




चम्पादेवी गाउँपालिकामा रातो माटो, कालो माटो, चिम्ट्याइलो माटो, चिउरे माटो, कालो बलौटे माटो, खेतमा पाँगो माटो, गेगरेटो माटो रहेको छ।

## १.१.४ भूउपयोग


कुनै पनि क्षेत्रको जमिन कसरी प्रयोगमा आइरहेको छ, के कस्ता वस्तु र वनस्पतिहरूले ती जमिनहरूलाई ढाकेका छन्, मानिस कहाँ-कहाँ बसोबास गरिरहेका छन्, खेतीपाती कसरी गरिरहेका छन्, उचाइ र भिराला स्वरूपमा के कस्ता तहबाट संरचनाहरू तयार भएका छन्, पूर्वाधारहरू कसरी बनेका छन् आदि कुराहरू भूउपयोगअन्तर्गत अध्ययन गरिन्छ। चम्पादेवी गाउँपालिकाको भूपयोगको अवस्था हेर्दा मानव बस्ती सबैतिर फैलिएर रहेको पाइन्छ। मध्यक्षेत्र प्रशस्त मात्रामा वनस्पतिले ढाकिएको छ। खेतीयोग्य जमिन कृषि कार्यका लागि उपयोग भइरहेको छ।

उत्तरी क्षेत्रमा पनि प्रशस्त वन र वनस्पति पाइन्छन् भने नदीनालाहरू उत्तरबाट दक्षिणतर्फ बहाव भएका पाइन्छन्। केही नदीनालाहरू पूर्वबाट दक्षिणतर्फ पनि बगेका भेटिन्छन्।

चम्पादेवी गाउँपालिकामा खेतीयोग्य टार, बेंसी, पाखाबारी, खरबारीलगायतका जमिन कृषि कार्यमा उपयोग भइरहेका छन्। ठाडो भीर क्षेत्र पनि भेटिन्छन्।

ओखलढुङ्गा जिल्ला चम्पादेवी गाउँपालिका पहाडी भूस्वरूप भएको गाउँपलिका हो। यो गाउँपालिकाको भूउपयोगको स्थिति निम्नानुसार देखिन्छ। गाउँपालिकाको कुल क्षेत्रफलमध्ये झाडी पोथ्राहरूले ९.९९% छ भने खेती गरिएको जमिन क्षेत्र कुल क्षेत्रफलको ५१.३३% रहेको छ। यस्तै जंगल क्षेत्रले गाउँपालिकाको कुन क्षेत्रफलको ३६.२५% भूमि ओगटेको

छ। कुल क्षेत्रको १.६५% भूमि आवासीय रूपमा प्रयोग भएको छ भने ०.७८% भूमि जलाधार क्षेत्रले ओगटेको छ जुन तलको नक्शा र तालिकाबाट स्पष्ट हुनेछ।




| चम्पादेवी गाउँपालिकाको भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | १२६७.४१ | ९.९९ | १२.६७ | ९.९९ |
| २ | खेती क्षेत्र | ६५११.४५ | ५१.३३ | ६५.११ | ५१.३३ |
| ३ | वनजंगल क्षेत्र | ४५९८.८७ | ३६.२५ | ४५.९९ | ३६.२५ |
| ४ | आवासीय क्षेत्र | २०९.५३ | १.६५ | २.१ | १.६५ |
| ५ | जल क्षेत्र | ९९.४१ | ०.७८ | ०.९९ | ०.७८ |
| | जम्मा | १२६८६.६७ | १०० | १२६.८७ | १०० |

चम्पादेवी गाउँपालिकाभित्र खेतीयोग्य रूपमा रहेका केही बेंसी र टारहरू रहेका छन्। यहाँ रहेका प्रमुख बेंसीहरूमा सेराबेंसी, डुडे बेंसी, धुनीबेंसी, सिल्खुबेंसी, भ¥याङबेंसी आदि हुन् भने टारहरूमा बन्चरेटार, भदौरेटार, ताप्केडाँडा टार मुख्य रहेका छन्। टार तथा बेंसीहरू खेतीयोग्य भूमिका रूपमा ज्यादै महत्त्वपूर्ण रहेका छन्। यी ठाउँबाट हुने उत्पादनले यस क्षेत्रका बासिन्दाहरूको जीवन निर्वाहमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ।

### १.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका गाउँपालिकामा बस्तीहरू छरिएर रहेको भए तापनि प्रत्येक वडाका वडा कार्यालयको आसपासका क्षेत्रहरू बाटो जोडिएका, यातायातको पहुँच भएका क्षेत्रहरू यो गाउँपालिकाका मुख्य बस्तीहरूका रूपमा विकास हुँदै छन् । यी बस्तीहरूलाई वडागत रूपमा तलका पृष्ठहरूमा व्याख्या गरिएको छ । यो गाउँपालिकाका प्रमुख बस्तीहरूमा पलापु, ताप्केडाँडा, कालिका, फेदीगुठ, मिश्रभञ्ज्याङ, घोराखरी, बिलन्दु, फूलबारी आदि प्रमुख हुन् । अन्य क्षेत्रमा पनि प्रशस्त छरिएर रहेका बस्तीहरू छन्, जसको व्याख्या वडागत रूपमा समेटिएको छ । यहाँका अधिकांश बस्तीहरूमा घरहरू ढुंगा, माटो र काठले निर्मित तथा काठ, खर, टायल प्रयोग गरी छाना छाइएको पाइन्छ भने केही सिमेन्टका पक्की घरहरू पनि छन् ।

### १.१.६ प्रशासनिक विभाजन

कोशी प्रदेशअन्तर्गतका १४ जिल्लामध्ये पश्चिम-उत्तर क्षेत्रको जिल्ला ओखलढुङ्गाको पालिका तय गर्ने क्रममा आठवटा पालिकामा विभाजन गरियो जसअन्तर्गत एउटा नगरपालिका र बाँकी सात क्षेत्रलाई गाउँपालिकाका रूपमा स्थानीय प्रशासनिक संरचना स्थापना गरियो । यो गाउँपालिका ओखलढुङ्गा जिल्लाका दक्षिण-पश्चिमतर्फको माझ भागमा पर्ने गरी स्थापित गरिएको एक गाउँपालिका हो । चम्पादेवी गाउँपालिकाको उत्तरी भागमा पर्दछ । ओखलढुङ्गा जिल्लाअन्तर्गतका आठवटा पालिकाहरूमध्ये चम्पादेवी गाउँपालिकालाई १० वटा वडाहरूमा विभाजन गरिएको छ ।

**तालिका १: गाउँपालिकाको वडासहितको प्रशासनिक विभाजन**


| वडा नं. | समावेश गा.वि.स./ नगरपालिका | वडा कार्यालय रहेको स्थान | कैफियत |
|---|---|---|---|
| १ | पलापु (१-५) | पलापु | |
| २ | पलापु (६-९) | नवलपुर | |
| ३ | कालिका (१-३,५-९) | ताप्केडाँडा | |
| ४ | फेदीगुठ (१-३, ९) | चिलाउने | |
| ५ | फेदीगुठ (४-८) | पुरानागाँऊ | |
| ६ | फुलवारी (१-६) | घोराखोरी | |
| ७ | फुलवारी (७-९) र कालिका वडा नं. ४ | फुलवारी | |
| ८ | बिलन्दु (१-५) | बलिन्दु | |
| ९ | बिलन्दु (६-९) | मिश्रभन्ज्याङ्ग | |
| १० | रानीवन (१-९) | रानीवन | |
| | कुल छ वटा गा.वि.स. समावेश गरी निर्माण गरिएको | | |

*स्रोत: www.mofaga.gov.np https://sthaniya.gov.np/gis/* कोशी: प्रदेश, जिल्ला: ओखलढुङ्गा, गाउँपालिका: चम्पादेवी

## १.२ प्राकृतिक स्रोत/सम्पदा

### १.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिकाभित्र प्रशस्त मात्रामा नदी, खोला, खोल्सा, झरना, कुवा, धारा, मूल, सिम, आदि रहेका छन् । यी मुख्य जलस्रोत हुन् । चम्पादेवी गाउँपालिकाको सिमानामा पर्ने लिखु र सुनकोशी नदी दुई मुख्य ठूला नदीहरू हुन् । लिखु र सुनकोशी नदी दुवै सिमानामा पर्ने नदीहरू हुन्, भने चम्पादेवी गाउँपालिकाभित्रबाट बहने खोलाहरूमा धुसुनी खोला, डुडेखोला, ठूलो खोला, शेराखोला आदि हुन् । यी सबैको प्रवाह लिखु नदीमा गएर मिल्दछ । चम्पादेवी गाउँपालिकाको मुख्य निकास लिखु नदी हुँदै अन्तमा सुनकोशी नदीमा गएर मिल्दछ । यस गाउँपालिकाका जलस्रोतका क्षेत्रहरू मुख्यतः पिउने पानी, सिँचाइ, पशुपन्छीका लागि, कृषिजन्य प्रयोग, विद्युत् उत्पादन, पानीघट्ट आदिमा प्रयोग भइरहेका छन् ।




### १.२.२ वनस्पति

चम्पादेवी गाउँपालिकामा हावापानीका आधारमा वानस्पतिक विविधता पाइन्छन् । तल्लो क्षेत्रमा चौडापाती, ठूला रूख हुने साल, सिसौ, खयर, सिमललगायतका वनस्पतिहरू पाइन्छन् । उचाइ बढ्दै जाँदा चिलाउने, उत्तिस, गुराँस बाँझ बाँस पैंयु, कटुसलगायतका वनस्पतिहरूको पतझड वन र माथिल्लो क्षेत्रमा ठन्डा समशीतोष्ण क्षेत्रमा पाइने सल्ला, धुपीलगायत कोणधारी वनस्पतिहरू पाइन्छन् । यो गाउँपालिकाको मध्यभागमा घना वनस्पति क्षेत्र छ भने उत्तरी क्षेत्रमा पनि प्रशस्त वनस्पति छन् । यीबाहेक अन्य क्षेत्रमा रहेका जमिनहरू खेतीका लागि उपयोग भइरहेका छन् ।

### १.२.३ जीवजन्तु


कुनै पनि स्थानमा पाइने हावापानीका आधारमा त्यहाँका वनस्पतिहरू निर्भर हुन्छन् । तिनै वनस्पति र हावापानीका आधारमा त्यो क्षेत्रमा पाइने जीवजन्तुहरूको अवस्था र प्रकृति निर्धारण हुन्छ । चिसो क्षेत्रमा फरक स्वभावका जीवजन्तु र पशुपन्छीहरू पाइन्छन् । गर्मी क्षेत्रमा पाइने पन्छीहरूको अवस्था फरक हुन्छ । चितुवा, घोरल, मृग, बाँदर, स्याल, दुम्सी, मलसाप्रो, वनबिरालो, भालु आदि चम्पादेवी गाउँपालिकामा पाइने वन्यजन्तुहरू हुन् भने पन्छीहरूमा ढुकुर, काग चिल, हुचिला, जुरेली, तिथ्रो, रुपी लाम्पुच्छ्रे, कोटेरो आदि पन्छीहरू यस क्षेत्रमा भेटिन्छन् ।

### १.२.४ खनिज

खनिजमा पृथ्वीको गर्भमा रहेका उत्खनन गरी निकाल्नुपर्ने कुनै पनि वस्तुहरू खनिज हुन् । । चम्पादेवी गाउँपालिकामा जमिनबाट उत्खनन गरेर निकाल्ने कुनै पनि विशेष प्रकारका खनिज सम्पदा हालसम्म अनुसन्धानबाट पुष्टि भइसकेको छैन । तापनि स्थानीय बासिन्दाहरूले आफ्नै उपयोगका लागि विभिन्न प्रकारका अवस्थामा रहेका धेरथोर खनिजहरूको उपयोग भने गर्दै आइरहेका छन् । विभिन्न खाले चट्टानहरू, बालुवा ढुंगाहरू, कालिमाटी, कमेरो आदि भने स्थानीय उपयोगका लागि प्रयोग भइरहेका छन् । यस्तै चम्पादेवी गाउँपालिकाको वडा नम्बर ९ मा विगतमा तामाखानी रहेको भन्ने भनाइ छ । त्यो स्थलबाट विगतमा कच्चा तामा निकालेर प्रशोधन गर्दै उपयोगमा समेत ल्याएको भन्ने भनाइ रहेको पाइन्छ ।

## १.३ वडागत विवरण

ओखलढुङ्गा जिल्लाका आठ स्थानीय तहहरूमध्ये चम्पादेवी गाउँपालिका पनि एक हो। १० वटा स्थानीय वडा समेटेर निर्मित स्थानीय संरचना चम्पादेवी गाउँपालिका हो। भौगोलिक अवस्थितिका आधारमा ओखलढुङ्गा जिल्लाको दक्षिण–पश्चिम क्षेत्रमा रहेको यो गाउँपालिका पहाडी स्वरूपमा रहेको छ।





**वडा नम्बर १**

### १.३.१ भौगोलिक अवस्था

#### १.३.१.१ अवस्थिति/फैलावट

भौगोलिक फैलावटका आधारमा २७ डिग्री १४ मिनेट ४५ दशमलव ९६९ सेकेन्ड उत्तरी अक्षांश देखि २७ डिग्री १७ मिनेट ३३ दशमलव ९८ २ सेकेन्ड उत्तरी अक्षांशबिच र देशान्तरका आधारमा ८६ डिग्री १४ मिनेट ३८ दशमलव ९९६ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री १८ मिनेट ८ दशमलव ५४५ सेकेन्ड पूर्वी देशान्तरबिचको १४ दशमलव ३६८१३ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको, उचाइका आधारमा ३४५ मिटरदेखि २०८२ मिटरसम्मको भूधरातल भएको क्षेत्र चम्पादेवी गाउँपालिकाको वडा नम्बर १ हो। यो वडाको प्रशासनिक केन्द्र पलापु भन्ने स्थानमा रहेको छ।




### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिकाको वडा नं १ मा विभिन्न टारहरू, बेंसी, पाखा, भीरहरू, खोलानाला खोल्सीहरू रहेका छन् । भौगोलिक विविधतायुक्त भूसंरचनाहरू भएको यस वडाका स्वरूप र तिनका नाम यस प्रकार छन् । वडा नं. १ को धरातलीय स्वरूपहरूमा थामचुली चुली रहेको छ । असारे टार, गणेशमानसिंह टार, बहुउद्देश्य खेल मैदानजस्ता टारहरू, पहिरे पाखा, बाँसघारी पाखा, ओखले पाखा, धाँसाङ, जलकेती पाखाजस्ता पाखाहरू छन् भने धारापानी टार, लुंगेली टार, गैराबारी टार, केराबारी टार, डाङ्सिङ टार, आलेगाँउ टार, रानागाँउ टारजस्ता पाखा–पखेरा बारीहरू रहेका छन् । त्यस्तै बलौटे क्षेत्रहरू लिखु नदी किनार र सुनकोशी नदी किनार छन् । त्यसैगरी जलकिनी, धाङ्साङ् र मकुवा दोभान यस क्षेत्रका बेंसीहरू हुन् । यस क्षेत्रमा रहेका भीरहरू अक्कर भीर, पुनाखोलाको भीर, ओखले भीर, अँधेरी भीर र जलकिनी भीर हुन् ।

### १.३.१.३ हावापानी

हावापानी र उचाइबिच अन्तरसम्बन्ध रहेको हुन्छ । चम्पादेवी गाउँपालिका समुद्र सतहबाट ३४५ मिटरदेखि २,७७१ मिटर उचाइसम्म फैलिएको हुनाले उचाइका आधारमा विभिन्न प्रकारका हावापानीको अनुभव गर्न सकिन्छ । चम्पादेवी गाउँपालिकामा भौगोलिक उचाइको आधारमा ३४५ मिटरदेखि १२०० मिटरसम्मको क्षेत्रमा उष्ण प्रकारको हावापानी पाइन्छ । यस्तै १२०१ मिटरदेखि २१०० मिटरसम्म समशीतोष्ण हावापानीको अनुभव गर्न सकिन्छ । २१०० मिटर माथिको क्षेत्रमा ठन्डा समशीतोष्ण हावापानी पाइन्छ ।


चम्पादेवी गाउँपालिकाको वडा नम्बर १ समुद्री सतहबाट ३४५ मिटरदेखि २०२८ मिटरसम्मको उचाइमा फैलिएको क्षेत्र हो । केही फरकपन महसुस गर्न सकिन्छ । उचाइगत फैलावटका आधारमा यो वडामा निम्न दुई प्रकारको हावापानीको

स्वरूप महसुस गर्न सकिन्छ। ३४५ मिटरदेखि १२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी स्वरूप देखिन्छ भने सोभन्दा माथिल्लो क्षेत्रदेखि २०२८ मिटरसम्मको क्षेत्रमा समशीतोष्ण प्रकारको हावापानी महसुस गर्न सकिन्छ। यो वडामा ग्रीष्मको तापक्रम औसत ३२ डिग्री सेल्सियस आसपास रहन्छ भने हिउँदमा औसत १० डिग्रीको अनुपातमा रहन्छ।

चम्पादेवी गाउँपालिकाको वडा नं १ मा रातो माटो, कालो माटो, चिम्ट्याइलो माटो, चिउरे माटो, कालो बलौटे माटो, खेतमा पाँगो माटो, गेगरे माटो रहेको पाइन्छ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरू कुराहरूको भू उपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र झाडी, बुट्यान जराधार क्षेत्र कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. १ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | २६८.९४ | १८.७२ | २.६९ | १८.७२ |
| २ | खेती क्षेत्र | ४७९.१९ | ३३.३५ | ४.७९ | ३३.३५ |
| ३ | वनजंगल क्षेत्र | ६६७.१७ | ४६.४३ | ६.६७ | ४६.४३ |
| ४ | आवासीय क्षेत्र | २.६२ | ०.१८ | ०.०३ | ०.१८ |
| ५ | जल क्षेत्र | १८.८९ | १.३१ | ०.१९ | १.३१ |
| | जम्मा | १४३६.८१ | १०० | १४.३७ | १०० |

#### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिकाको वडा नं १ मा पुनटार, धारापानी, मन्टुडाँडा, गैरी, आलेटोल, डाँडाटोल, कुरूटोल, ढुङ्गेपानी, भञ्ज्याङ/मिलनचोक, केराबारी, डाङ्सिङटार, आहालटोल, आलेगाउँ, पाखाटोल, किङ्रिङटोल, रामटोल, रानाटोल, सिंहेबारी, खोलापारी र सल्लेलगायतका प्रमुख बस्तीहरू रहेका छन्।

#### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र पलापुको गैराटोलमा रहेको छ। यो केन्द्र सुनकोशी नदीभन्दा केही माथि सडक छेउमा रहेको छ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

चम्पादेवी गाउँपालिका वडा नम्बर १ मा रहेका माटो, पानी, जङ्गल यहाँका मुख्य प्राकृतिक सम्पदा हुन्। यस वडामा महत्त्वपूर्ण खनिज भने भेटिएको छैन।

#### १.३.२.१ जलस्रोत

सीमाक्षेत्रमा लिखु र सुनकोशी नदी रहेको यस भूभागमा मकुवा खोला, पुना खोला र अँधेरी खोला पनि रहेका छन्। त्यस्तैगरी भानापानी, जुकेखोल्सा, भदौरेखोल्सा, ओदरे र ओडारे, लेखापानी, भुल्के, सिम्लेपानी, गैयापानी, पँधेराखोल्सा, खोलापारी, सियारी र बडरपानीलगायतका खोल्साहरू रहेका छन् भने ५०० मिटर लम्बाइका मल व्यवस्थापन नाला र पलापु भञ्ज्याङ नाला पनि छन्। अन्य प्राकृतिक सम्पदाहरूमा भुल्के छाँगा र धान्चा छाँगा रहेका छन्। मूलको पानीका लागि भले पँधेरो, बडरपानीको मूल र पल्लोधारा मूल रहेका छन्। यहाँ २०७८ सालमा पुनाटार पोखरी निर्माण भएको थियो भने कुवाहरू ढुङ्गेपानी कुवा, साउने कुवा, पँधेराकालिका कुवा, धारापानी कुवा, बरेक कुवा, जुकेपानी कुवा रहेका छन्।

#### १.३.२.२ वनस्पति

यस क्षेत्रमा साल, खयर, सिसौ, करङ, धँगेरा, खिरार, मस्यौरा, सल्लो, चिलाउने, सिमल, भोगटे, धुर्सुल र अंगटीका वनजंगल रहेका छन्। त्यस्तै गरी केरा, आँप, सुन्तला, भोगटे, निबुवा, कागती, ज्यामिर, जुनार, एभोकाडो, आम्चा, आरु र आरुबखडाजस्ता फलफूल पाइन्छन्। यस क्षेत्रमा पाइने फूलहरूमा सयपत्री, थुङ्गे फूल, जाई फूल, मखमली धुङ्ग्रे फूल बेगमवली, लालुपाते, चाङ्गेफूल आदि रहेका छन्।

यस क्षेत्रमा पाइने कन्दमूलहरूमा घरतरुल, सिमलतरुल, फूल सुठुनी र सक्खरखण्ड आदि रहेका छन् साथै कुरिलो, चिराइतो, कुकुरडाइनो, तितेपाती, बुकी झार, मानेजस्ता जडीबुटीहरू पनि पाइन्छन्।

#### १.३.२.३ जीवजन्तु

यहाँ रातो र सेतो चितुवा बाँदर, स्याल, फ्याउरो, मलसाँप्रो, वनबिरालो, मृग, घोरल, झारल, थार, खरायो, दुम्सी, सालकजस्ता वन्यजन्तुहरू पाइन्छन्। यहाँ काग, चिल, हुटिट्याउँ, भँगेरा, गौंथली, जुरेली, कालिज, मयूर, सुगा र मैनाजस्ता जंगलमा बस्ने चराचुरुङ्गीहरू पाइन्छन्। गोहोरो, सर्प, बिच्छी, खजुरो, माउसुली, छेपारो, गँगटो, पाहा, माछा र भ्यागुताजस्ता अन्य जीवजन्तुहरू पनि यहाँ पाइन्छन्।

### १.३.२.४ खनिज

यस क्षेत्रमा मुख्य गरी पत्रेचट्टान पाइन्छ।


**वडा नम्बर २**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

चम्पादेवी गाउँपालिका वडा नं २ भौगोलिक फैलावटको हिसाबले २७ डिग्री १४ मिनेट १४ दशमलव ९६४ उत्तरी अक्षांशदेखि २७ डिग्री १७ मिनेट १९ दशमलव ०४७ उत्तरी अक्षांशसम्म र देशान्तरको हिसाबले ८६ डिग्री १२ मिनेट २० दशमलव ४८६ पूर्वी देशान्तरदेखि ८६ डिग्री १६ मिनेट २३.३१५ सेकेन्ड पूर्वी देशान्तसम्म २० दशमलव ४४२१ वर्ग किलोमिटरमा समुद्री सतहबाट ३८३ मिटरदेखि १५५० मिटरसम्मको उचाइमा फैलिएको छ। भिरालो पहाडी स्वरूप भएको यो वडाको प्रशासनिक केन्द्र नवलपुरमा रहेको छ।

राजनीतिक सीमांकनको हिसाबले पूर्वमा पलापु भञ्ज्याङ रानाटोल ढाड जाने गोरेटो बाटो पश्चिमतर्फ लिखु नदी उत्तरतर्फ पलापु भर्याङ बेंसी जाने गोरेटो बाटो र दक्षिणतर्फ सुनकोशी नदीले घेरिएर रहेको क्षेत्र चम्पादेवी गाउँपालिकाको वडा नं २ हो।



### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिकाको वडा नम्बर २ पनि अरू वडाजस्तै विविध प्रकारका भू-स्वरूपले युक्त क्षेत्र हो। मुख्यतः पहाडी स्वरूप हुनाले यहाँ पनि ओडार, खोंच, चुली, ढिस्का, पाखापखेरा, खेत, बेंसी, पीर तथा बलौटे क्षेत्रहरू मिली बनेको छ। ककनीको ओडार र संक्रान्तिको ओडार साठी खोला यहाँका प्रमुख ओढार हुन्। त्यस्तै भालु ओढार (दर्श खोंच) पनि यहाँ रहेको छ। थाम चुली, हलुङटारको डाँडा साथै खरपाखाहरू पनि यस क्षेत्रमा रहेका छन्। त्यस्तै गरी गौगुरुङ, सौर मुखिया, चौरबारी, टारबारी र पाखोबारीजस्ता पाखोपखेरा र बारीहरू पनि रहेका छन्। लिखु खोला नवलपुर सुनकोशी नदीले यहाँ बलौटे क्षेत्र निर्माण गरेको छ भने टिपचौर बेंसी मास्टार बेंसी, बतासे बेंसीजस्ता खेत र बेंसीहरू रहेका छन्। छायापानी भीर, सादी खोला भीर, कालीकुरुछ भीर, ठूलो भीर यहाँका प्रमुख भीर हुन्।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर २ समुद्री सतहबाट ३८३ मिटरदेखि १५८५ मिटरसम्मको उचाइमा फैलिएको क्षेत्र हो। केही फरकपन महसुस गर्न सकिन्छ। उचाइगत फैलावटका आधारमा यो वडामा निम्न दुई प्रकारको हावापानीको स्वरूप महसुस गर्न सकिन्छ। ३८३ मिटरदेखि १२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी देखिन्छ भने सोभन्दा माथिल्लो क्षेत्रमा समशीतोष्ण प्रकारको हावापानी महसुस गर्न सकिन्छ। यो वडामा ग्रीष्मको तापक्रम औसत ३३ डिग्री सेल्सियस आसपास रहन्छ भने हिउँदे तापक्रम औसतमा १२ डिग्रीको अनुपातमा रहन्छ।

चम्पादेवी गाउँपालिका वडा नं. २ मा रातो, कालो, बलौटे, कमेरे, पत्थरिलो, चिम्टाइलो प्रकारका माटो पाइन्छ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरू कुराहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जराधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. २ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | ७५०.४५ | ३६.७१ | ७.५ | ३६.७१ |
| २ | खेती क्षेत्र | १०५२.५९ | ५१.४९ | १०.५३ | ५१.४९ |
| ३ | वनजंगल क्षेत्र | १८९.४१ | ९.२७ | १.८९ | ९.२७ |
| ४ | आवासीय क्षेत्र | ५.७५ | ०.२८ | ०.०६ | ०.२८ |
| ५ | जल क्षेत्र | ४६.०२ | २.२५ | ०.४६ | २.२५ |
| | जम्मा | २०४४.२१ | १०० | २०.४४ | १०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका वडा नं. २ का मुख्य बस्तीहरू दमासे, नवलपुरघाट, खोलागाउँ, सुर्तीबारी, खार्दी, सेउले, तारुके, सिमलडाँडा, मुखिया गाउँ, जागिर गाउँ, पँधेराखोप, दलङडाँडा, दलङ, खोपगाउँ, भलाबोट, बडहरे, सिरौला, रजया, ब्रोक्याटार, सिम्ले, ग्वाङखोला, तिपचौर, बेलटार, लुम्ब्रेटोल, भोगटेनी, फलामे, माथिल्लोटोल, चौरटोल, रैकाटोल, कोल्ले, मुखियाटोल, ढाडटोल, थुम्की, गौरूडटोल, पुलामीटोल, चण्डीडाँडा र हाडेतार रहेका छन् ।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र नवलपुरको दलङमा रहेको छ।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

वडा नं. २ का प्रमुख जल सम्पदाका रूपमा सुनकोशी र लिखु नदी हुन्। त्यस्तैगरी दलङ खोला, सिम खोला, खार खोला, धाप खोला अन्य खोलाहरू हुन् भने चामेपानी खोल्सा, सुनपानी खोल्साजस्ता खोल्साहरू पनि यहाँ रहेका छन् । जल सम्पदाका रूपमा अन्य पोखरी कुवा तथा पँधेरो, ढुंगेधाराहरू पनि यहाँ रहेका छन्। जसमध्ये सिमलटारको पोखरी, साहारा पानीको कुवा, रातापानी, चामे कुवा, दलङ कुवा, महपानी कुवा, मोरङपानी कुवा, तोरनपानी कुवा, क्यामनापानी, धामीपँधेरो कुवा, डुडेपानी कुवा, रैनदल पानी, बगमचौर कुवा आदि रहेका छन्।

### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिका वडा नं. २ मा ठूला रूखका वनजंगलहरू साथै साना बोटबिरुवा, फलफूल र कन्दमूलहरू पनि पाइन्छन्। मुख्यतः वनजंगलको रूपमा साल, सिसौ, खयर, सिमल आदिको वनजंगल रहेको छ भने अन्य डालेघाँसहरू जस्तै, बडर, खनिया, कुटमिरा, खस्रेटो, बकाइनो, दबदबे, बाँसजस्ता बोटबिरुवाहरू पाइन्छन । त्यस्तै गरी सयपत्री, गोदावरी, ढुङ्गे फूल, मखमली, पारिजात आदि प्रकारका फूलहरू यहाँ पाइन्छन् भने फलफूलमा आँप, लिची, मेवा, अनार, कटहर, आदि पाइन्छन्। त्यस्तै कन्दमूलका रूपमा घर तरुल, सुठुनी, सिमल तरुल, गिट्ठा, भ्याकुर, फूल सुठुनी आदि पाइन्छन्।

### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिकाको वडा नं. २ मा घरपालुवा जीवजन्तुका साथै अन्य जङ्गली वन्यजन्तुहरू पनि पाइन्छन्। घरपालुवा जनावरहरू भैंसी, राँगो, गाईगोरु, बाख्रा, खसी, सुँगुर, कुकुर, बिरालो आदि हुन् भने यहाँ पाइने अन्य वन्यजन्तुहरू चितुवा, स्याल, बाँदर, मलसाँप्रो, वनबिरालो, निगाले, फ्याउरो, दुम्सी आदि पाइन्छन्।

यहाँ घरपालुवा पन्छीहरू कुखुरा, हाँस, बोइलर कुखुरा, परेवा आदिहरू छन् भने अन्य वनमा बस्ने पन्छीहरू ढुकुर, रुप्पी, जुरेली, तित्रा आदि पाइन्छन्। माछा, सर्प, माउसुली, छेपारो, भ्यागुतो, गँगटो, गोहोरो, सालक आदि जीवसमेत यस क्षेत्रमा छन्।

### १.३.२.४ खनिज

चम्पादेवी गाउँपालिकाको वडा नं. २ मा पत्रेचट्टानका साथै ढुङ्गा तथा बालुवाका खानी रहेका छन्।


**वडा नम्बर ३**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

चम्पादेवी गाउँपालिका वडा नं ३ भौगोलिक हिसाबले २७ डिग्री १६ मिनेट ५० दशमलव २५४ उत्तरी अक्षांशदेखि २७ डिग्री १९ मिनेट १० दशमलव १२३ सेकेन्ड उत्तरी अक्षांशबिच र देशान्तरीय हिसाबले ८६ डिग्री १४ मिनेट १४ दशमलब ६५७ पूर्वी देशान्तरदेखि ८६ डिग्री १९ मिनेट ३ दशमलव ०३२ पूर्वी देशान्तरबिच १७ दशमलव २०७५७ वर्ग किलोमिटर क्षेत्रमा उचाइका आधारमा समुद्र सतहदेखि ४७५ मिटर उचाइदेखि २३०३ मिटर उचाइसम्म फैलिएको भिरालो पहाडी स्वरूपयुक्त जमिन भएको क्षेत्र चम्पादेवी गाउँपालिकाको वडा नम्बर ३ हो।

यस्तै प्रशासनिक हिसाबले पूर्वमा अरुण डाँडा, पश्चिममा लिखु खोला, उत्तरमा लिखु खोला, रगरे खोला, दक्षिणमा मुखुवा खोलाबिच फैलिएको क्षेत्र चम्पादेवी गाउँपालिका वडा नम्बर ३ को भौगोलिक अवस्थिति हो। ताप्केडाँडा भन्ने स्थान यो वडाको प्रशासनिक केन्द्र हो।




### १.३.१.२ धरातलीय भूस्वरूप

चम्पादेवी गाउँपालिका वडा नं. ३ क्षेत्रमा भुतिया ओढार, धरापे चुली (जहाँबाट विराटनगर देखिन्छ), ताप्के डाँडा टार, भाङ्गे टार, बन्चरे टार, भदौरे टार, गीता पोखरी चौर, चिप्लिङ-जयथुम्का, कराङ पानी र पाखुरे डाँडा जस्ता पाखा,

गौरभित्ता, तलिबारी पाखा, कालडाँडा पाखा जस्ता पाखापखेरा, धरापे चुलीको फेदी, लिखु खोलाको बलौटे क्षेत्र, सिल्खु बेंसी, भर्याङ बेंसी, ग्यालटार बेंसी जस्ता बेंसी साथै रातेभीर, जोखेफोभीर र ढ्याङ्ग्रोभीर जस्ता भीरहरूको धरातलीय स्वरूप रहेका छन् ।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ३ समुद्री सतहबाट ४७५ मिटरदेखि २३०३ मिटरसम्मको उचाइमा फैलिएको क्षेत्र हो । केही फरकपन महसुस गर्न सकिन्छ । उचाइगत फैलावटका आधारमा यो वडामा निम्न दुई प्रकारका हावापानीको स्वरूप महसुस गर्न सकिन्छ । ४७५ मिटरदेखि १२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी अनुभव गर्न सकिन्छ भने सोभन्दा माथिल्लो क्षेत्रदेखि २१०० मिटरसम्मको क्षेत्रमा समशीतोष्ण प्रकारको हावापानी महसुस गर्न सकिन्छ । २१०१ मिटरदेखि २३०३ मिटरसम्मको उचाइमा ठन्डा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ । यो वडामा ग्रीष्मको तापक्रम औसत ३२ डिग्री सेल्सियस आसपास रहन्छ भने हिउँद तापक्रम औसतमा १० डिग्रीको अनुपातमा रहन्छ । चम्पादेवी गाउँपालिकाको वडा नम्बर ३ समुद्री सतहबाट ३८३ मिटरदेखि १५८५ मिटरसम्मको उचाइमा फैलिएको क्षेत्र हो । उचाइगत फैलावटका आधारमा यो वडामा निम्न दुई प्रकारका हावापानीको स्वरूप महसुस गर्न सकिन्छ । ३८३ मिटरदेखि १२०० मिटरसम्मको उचाइमा उष्ण प्रकारको हावापानी पाइन्छ भने सोभन्दा माथिल्लो क्षेत्रदेखि क्षेत्रमा समशीतोष्ण प्रकारको हावापानी महसुस गर्न सकिन्छ । यो वडामा ग्रीष्मको तापक्रम औसत ३३ डिग्री सेल्सियस आसपास रहन्छ भने हिउँदे तापक्रम औसतमा १२ डिग्रीको अनुपातमा रहन्छ ।

यस क्षेत्रमा मुख्यतः रातो माटो, कालो माटो, कमेरे माटो, कालो बलौटे माटो, गग्रेटो माटो, पाँगो माटो आदि हुन् । पाँगो र बलौटे माटो खास गरी सिल्खुबेंसी क्षेत्रमा पाइन्छ । यहाँ पाइने माटाका प्रकारहरू रातो, बलौटे, पाँगो, पत्थरिलो, कमेरे आदि हुन् ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरूको भू उपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ । जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ ।




| चम्पादेवी गाउँपालिका वडा नं. ३ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | ३१४.१७ | १८.२६ | ३.१४ | १८.२६ |
| २ | वनजंगल क्षेत्र | १३७६.७३ | ८०.०१ | १३.७७ | ८०.०१ |
| ३ | आवासीय क्षेत्र | ६.४२ | ०.३७ | ०.०६ | ०.३७ |
| ४ | जल क्षेत्र | २३.४४ | १.३६ | ०.२३ | १.३६ |
| | जम्मा | १७२०.७६ | १०० | १७.२१ | १०० |

### १.३.१. ५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका वडा नम्बर ३ मा रहेका मुख्य बस्तीहरूमा शीतलबेंसी, भोलाटार, पीपलडाँडा, स्यालटार, चिप्लिङ, ताप्केडाँडा/सुन्दरपुर, कमिलेचौर, भाङ्गे, ५०० डाँडा, चित्रे, तल्लो चित्रे, लहर्नी टोल, रातमाटे आदि बस्तीहरू हुन् ।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र ताप्केडाँडा/सुन्दरपुरमा रहेको छ ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिका वडा नं ३ का जलसम्पदाहरू लिखु सिमाना नदी, सिल्खु, मकुवा, चित्रे, लहरनी खोला, राङ्चा खोल्सा, तोरीबारी खोल्सा, धाराखोला मूल (लहरनी), धोबीखोला मूलजस्ता मूलको पानी, सिद्धपोखरी, भोटे खोरियाको कुवा, ओखरबोटे कुवा, सिमबोटे कुवा, भोगदेवीथान कुवा, भुन्टेपँधेरो कुवाजस्ता कुवाहरू साथै कराङपानी धारा र झाँक्रीथान धारा हुन्।

#### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिका वडा नं ३ मा ठूला रूख भएका वनजंगलहरूका साथै साना बोटबिरुवा, फलफूल र कन्दमूलहरू पनि पाइन्छन्। वडा नं ३ मा मुख्यतः साल, सिसौ, खोटे सल्लो आदिको वनजंगल रहेको छ भने अन्य डालेघाँसहरू जस्तै बडर, खनिया, कुटमिरो, बकाइनो, दबदबे, बाँसजस्ता बोटबिरुवाहरू पाइन्छन्। त्यस्तैगरी सयपत्री, गोदावरी, थुङ्गे फूल, जाई फूल, मखमली, धुङ्ग्रे फूल, बेगमवली, पारिजात आदि प्रकारका फूलहरू यहाँ पाइन्छन्। यहाँ आँप, लिची, मेवा, अनार, कटहर आदि फलफूल पाइन्छ । त्यस्तै कन्दमूलको रूपमा घर तरुल, सिमल तरुल, गिट्ठा, भ्याकुर, सख्खरखण्ड आदि पाइन्छन्।

#### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिका वडा नं ३ मा घरपालुवा जीवजन्तुका साथै वन्यजन्तुहरू पनि पाइन्छन्। घरपालुवा जनावरहरू भैंसी, राँगो, गाईगोरु, बाख्रा, खसी, सुँगुर, कुकुर, बिरालो आदि हुन् भने यहाँ पाइने वन्यजन्तुहरू चितुवा, स्याल, बाँदर, मलसाँप्रो, वनबिरालो, निगाले, फ्याउरो, दुम्सी आदि हुन्। पन्छीहरू कुखुरा, हाँस, बोइलर कुखुरा, परेवा आदिहरू छन् भने अन्य वन्यपन्छीहरू ढुकुर, रुप्पी, जुरेली, तित्रा आदि पाइन्छन्। यहाँ माछा, सर्प, माउसुली, छेपारो, भ्यागुतो, गँगटो, गोहोरो, सालकलगायत जीव पनि भेटिन्छन्। .


#### १.३.२.४ खनिज

यस वडा क्षेत्रमा मुख्य गरी पत्रे चट्टान पाइन्छ। अन्य खनिजको पहिचान हुन सकेको देखिँदैन।

**वडा नम्बर ४**

### १.३.१ भौगोलिक अवस्था

#### १.३.१.१ अवस्थिति/फैलावट




भौगोलिक हिसाबले २७ डिग्री १७ मिनेट ३६ दशमलव ११८ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री १९ मिनेट ४१.१९५ सेकेन्ड उत्तरी अक्षांशबिच र देशान्तरीय आधारमा ८६ डिग्री १९ मिनेट ९ दशमलव ९६९ पूर्वी देशान्तरदेखि ८६ डिग्री २२ मिनेट २० दशमलव ०९७ पूर्वी देशान्तरबिच ११ दशमलव ४७४०४७ वर्ग किलोमिटर क्षेत्रमा फैलिएको र उचाइका आधारमा समुद्र सतहबाट ११६७ मिटरदेखि २४२२ मिटरको उचाइसम्म फैलिएको क्षेत्र ओखलढुंगा जिल्ला चम्पादेवी गाउँपालिका वडा नम्बर ४ हो।

वडा नम्बर ४ को पूर्वतर्फ सौरैनी भञ्ज्याङ, पश्चिमतर्फ धोको खोला, उत्तरमा ककनी बजार र दक्षिणतर्फ पोखरी भन्ने बस्ती रहेको यो वडाको मुख्य प्रशासनिक केन्द्र फेदीगुठ चिलाउने भन्ने स्थानमा रहेको छ।

### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिकाका अन्य क्षेत्रमा जस्तै वडा नम्बर ४ मा पनि दारेगौडा ओढार, नेपाने खोला खोंच, सातकन्या गुफा, लामाटार, चिलाउने ढिस्का, खरपाखा र घाँसेपाखाहरू र बारी, फेदीगुठ, कोसबेंसी र ठूलोभीर रहेका छन्।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ४ समुद्री सतहबाट ११६७ मिटरदेखि २४२२ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि तापक्रम औसतमा १८ डिग्री सेल्सियसको आसपास रहन्छ।

चम्पादेवी गाउँपालिका वडा नम्बर ४ मा कालो, रातो, कमेरो सेतो, कालो बलौटे, पत्थरिलो माटो पाइन्छ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाका वडाहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. ४ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | ४० | ३.४८ | ०.४ | ३.४८ |
| २ | खेती क्षेत्र | ८५४.५९ | ७४.३ | ८.५५ | ७४.३ |
| ३ | वनजंगल क्षेत्र | २३४.९२ | २०.४२ | २.३५ | २०.४२ |
| ४ | आवासीय क्षेत्र | २०.७३ | १.८ | ०.२१ | १.८ |
| | जम्मा | ११५०.२४ | १०० | ११.५ | १०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका वडा नम्बर ४ मा रहेका मुख्य बस्तीहरूका नाम यस प्रकार छन्। कोस्कु, जोगीटोल, बदमपुरी गुठगाउँ, नेपाने, घर्तीगाउँ, सिलुङ, साइदुवा, चिलाउने, बेचुक, खाल्डे, सौरेनी यस वडाका प्रमुख बस्तीहरू हुन्।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र चिलाउने भन्ने ठाउँमा रहेको छ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिकाको अन्य क्षेत्रमा जस्तै वडा नम्बर ४ मा फेदीखोला, चिलाउने खोला, नेपाने खोला, सौटेनी खोस्सा, ४५ मिटरको छरछरे झर्ना रहेको, ३५ मिटरको भुत्ते छाँगो रहेको, चिउरे मूलको पानी, साइदुवा तथा चिलाउने पोखरी, सेतीदेवी कुवा (सौरैनी), खाल्डेधारा, तातोपानी गहिराबारी, थापा पधेँरो रहेका छन्।

त्यसैगरी, यहाँ फेदीगुठ–लामाटार, फेदीगुठ–टिठ्ठाबोटे, महादेव खोला–बिसमुरे, महादेव खोला–पाँचमुरे, भान्गेखोला–स्कुलमाथि भनिने कुलाहरू पनि छन्।

#### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ४ मा चिलाउने, उत्तिस, गुराँस, फलाँट, सल्लो आदि समशीतोष्ण पतझर वनस्पतिहरू, सयपत्री, मखमली, जाई फूल, थुङ्गे फूल आदि फूलहरू, अम्बा, आरु, नासपाती, केरा, आँप, सुन्तला, कागती, निबुवा, ज्यामिर, दारिम आदि फलफूल, सख्खरखण्ड, घर तरुल, फूलसुठुनी आदि कन्दमूलहरू पाइन्छन्।

#### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ४ मा घरपालुवा भैसी, राँगा, गाई, गोरु, खसी, बाख्रा, सुँगर, कुकुर, खरायो, बिरालो आदि, मृग, स्याल, बाँदर, वनबिरालो, चितुवा, मलसाप्रो, फ्याउरो, दुम्सी आदि वन्यजन्तु पाइन्छन्। यस्तै घरपालुवा हाँस, कुखुरा, बोइलर कुखुरा, परेवा र वनमा बस्ने काग, चील, हुचिल, लाटोकोसेरो, रुप्पी, ढुकुर, लामपुच्छ्रे, चिम्रा, लुइचे, च्याखुरा पाइन्छन् भने सर्प, माउसुली, छेपारो, गंगटो, हरेउ, गोहोरो, सालक, भ्यागुतो आदि पनि पाइन्छन्।


#### १.३.२.४ खनिज

चम्पादेवी गाउँपालिका वडा नम्बर ४ मा पत्रेचट्टानका साथै मझुवापाखा (खान्टोक, बेच्चुक) र खाल्डे क्षेत्रमा तामा खानी रहेको भनाइ छ।

**वडा नम्बर ५**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति र सिमाना




चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५, २७ डिग्री १६ मिनेट ४३५०४ उत्तरी अक्षांशदेखि २७ डिग्री १८ मिनेट ३४ दशमलव ४८६ सेकेन्ड उत्तरी अक्षांशसम्म र ८६ डिग्री १८ मिनेट ३८ दशमलव ८६४ पूर्वी देशान्तरदेखि ८६ डिग्री २१ मिनेट १७ दशमलव ७४६ पूर्वी देशान्तरबिच ८ दशमलव २३१७७ वर्ग किलोमिटर क्षेत्रमा १०५८ मिटरदेखि २४०३ मिटर उचाइसम्म फैलिएको छ।

पूर्वमा सुनकोशी गा.पा.को ५ नं.वडा र चम्पादेवी गा.पा.को ४ नं. वडा, पश्चिममा साविक चम्पादेवी गा.पा. को ३ नं. वडा, उत्तरतर्फ सुनकोशी गा.पा. र दक्षिणमा फेदीखोलाले घेरिएको छ।

### १.३.१.२ धरातलीय/भूस्वरूप

अग्लो पहाडी भूस्वरूप भएको चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा मालिङ्गे र सागरबास चुलीहरू, गोपेटार, दम्बार थुम्का, खरपाखाहरू, खेतीयोग्य, पाखोबारीहरू, अर्चले, कोस्कुबेंसी रहेका छन्। यस्तै आलुडाँडा, बतासेडाँडा, राम्चेडाँडाको भीरहरू र मालिङ्गे, सागरबास मैदान पनि रहेका छन्। चम्पादेवी गाउँपालिकाको वडा नम्बर ४ समुद्री सतहबाट ११६७ मिटरदेखि २४२२ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारका हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा १८ डिग्री सेल्सियसको आसपास रहन्छ।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ समुद्री सतहबाट १०५८ मिटरदेखि २४०३ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा १८ डिग्री सेल्सियसको आसपास रहन्छ।

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा पत्थरिलो, रातो, बलौटे कालो माटो र रातो, फुस्रो, कालो, पहेँलो रङको माटो पाइन्छ। .

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाका वडाहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. ५ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | झाडी/बुट्यान | २.५१ | ०.३० | ०.०३ | ०.३० |
| २ | खेती क्षेत्र | ६४३.४२ | ७८.१६ | ६.४३ | ७८.१६ |
| ३ | वनजंगल क्षेत्र | १७४.६३ | २१.२१ | १.७५ | २१.२१ |
| ४ | आवासीय क्षेत्र | २.६२ | ०.३२ | ०.०३ | ०.३२ |
| | जम्मा | ८२३.१८ | १००.०० | ८.२३ | १००.०० |

#### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा गोपे, रचने, मझुवा, पुराना गाउँ, आत्मारा, बाँसबोटे, पोखरे, लप्से, राम्चे, पात्ले, सिस्नेलगायतका मानवबस्तीहरू रहेका छन् ।

#### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र पुरानागाउँ भन्ने ठाउँमा रहेको छ ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा आइतबारे खोला, धोबी खोला, बतासे खोला कालीखोला छाँगो, चोक्टीखोला मूल, कालीखोला मूल, सिमपानीको मूल आदि मूलहरू रहेका छन् भने कोलबोटे, थापा पँधेरो, काँडेखोला, सिस्ने, जलकन्या आदि कुवाहरू रहेका छन् ।

#### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा लालीगुराँस, कटुस, कालीकाठ, ओखर, उत्तिस, चिलाउने, सल्लो, निगालो, बाँस, खस्रु, गोगुन, नेवारो, वइस साथै भुइँघाँस, गुराँस, सयपत्री थुंगेफूल आदि पाइन्छन् । यस्तै कन्दमूल घरतरुल, वनतरुल, सख्खरखण्ड, भुइँस्याउ आदि पनइन्छन् भने जडीबुटीमा चिराइतो, तले, बाँको आदि पाइन्छन् ।

#### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा भैंसी, राँगा, गाई, गोरु, खसी, बाख्रा, भेडा, सुँगर, कुकुर, खरायो, बिरालो आदि घरपालुवाजन्तु, मृग, स्याल, बाँदर, वनबिरालो, चितुवा, मलसाँप्रो, फ्याउरो, दुम्सी आदि वन्यजन्तु पाइन्छन् । यस्तै पन्छीहरूमा हाँस, कुखुरा, बोइलर कुखुरा, परेवा, काग, चील, हुचिल, लाटोकोसेरो, रुप्पी, ढुकुर, लामपुच्छ्रे, चिम्रा, लुइचे, च्याखुरा आदि पाइन्छन् । सर्प, चिप्लेकिरा, भ्यागुतो, गंगटो, मौरी, अरिंगाल, बारुलालगायत विभिन्न प्रकारका कीराहरूजस्तै लाम्रे, कमिला, धमिरा आदि पाइन्छन् ।


#### १.३.२.४ खनिज

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ५ मा पत्रे ढुङ्गा र दर्शन ढुङ्गाले बनेको क्षेत्र रहेको छ ।

**वडा नम्बर ६**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट




चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६, २७ डिग्री १८ मिनेट १६ दशमलव ४६९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २१ मिनेट ४५ दशमलव ३१९ सेकेन्ड उत्तरी अक्षांशसम्म र ८६ डिग्री १६ मिनेट १० दशमलव ००३ पूर्वी देशान्तरदेखि ८६ डिग्री १८ मिनेट २५ दशमलव ८०० पूर्वी देशान्तरबिच ८ दशमल ८८३९२ वर्ग किलोमिटर क्षेत्रमा, ६६८ मिटरदेखि २१०७ मिटर उचाइसम्म फैलिएको छ।

पूर्वमा डुडे खोला, पश्चिममा सिम्ले, उत्तरमा चित्रेडाँडा र दक्षिणमा डडुवा दोभानसम्म सिमाना फैलिएको छ।

### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा डाँडागाउँ थुम्का, चित्रे थुम्का, डाँडाको पाखो, ठूलो भीरपाखा, थुम्की पाखो, जलकिनी पाखोलगायतका पाखापखेरा सेनढुङ्गा चौर, पाखोबारी, घरबारी, बलौटे क्षेत्र, सेराखोला (सिमानामा रहेको ६ र ७ वडाको) बेंसी, देउराली बेंसी, चप्लेटी बेंसी, डुडे बेंसी, भदौरे बेंसी आदि भूस्वरूपहरू छन्।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ समुद्री सतहबाट ६८८ मिटरदेखि २१०७ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण हावापानी अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा २१ डिग्री सेल्सियसको आसपास रहन्छ।

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा रातो, कालो, कमेरे, चिउरे र चिम्ट्याइलो माटो पाइन्छ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरू कुराहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. ६ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | २७.८१ | ३.१३ | ०.२८ | ३.१३ |
| २ | खेती क्षेत्र | ५०६.१९ | ५६.९८ | ५.०६ | ५६.९८ |
| ३ | वनजंगल क्षेत्र | २७९.६६ | ३१.४८ | २.८ | ३१.४८ |
| ४ | आवासीय क्षेत्र | ६६.९७ | ७.५४ | ०.६७ | ७.५४ |
| ५ | जल क्षेत्र | ७.७६ | ०.८७ | ०.०८ | ०.८७ |
| | जम्मा | ८८८.३९ | १०० | ८.८८ | १०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा डाँडागाउँ, खत्रीटोल, न्यौपाने टोल, चप्लेटी टोल, कात्तिके, जलकिनी, डडुवा, आम्बोटे, तल्लो भदौरे, मझुवा, सार्कीटोल, माथ्लो भदौरे, माथ्लो खत्रीटोल, घोराखरी, कामी टोल, ठूलाढुङ्गा टोल, चनौटे स्थान रहेका छन्।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र घोराखरीमा रहेको छ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा खोला सेरा खोला, डुडे खोला, सिम्ले खोला, ठाटी खोल्सो, भदौरे खोल्सो, सल्लेपानी, मोरिया, निगुरे मूलको पानीलगायत ठूलो कुवा, हिटी कुवा, पुली कुवा, खत्री टोलको कुवा, कात्तिके कुवा, लाँकुरी कुवा, खाडी कुवा आदि रहेका छन्।

यस्तै डाटीको धारो, पाखाटी धारा, भदौरे ठूलो धारा, नयाँ पँधेराको धारो, कालोचौरको धारो, हरबोटे धारो, बकाइनोको धारो, ठूलो पँधेरो, खाडी पँधेरो, ढाडाको पँधेरो पनि छन्।

### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा चिलाउने, साल, उत्तिस, बोटधँगेरी, साज, सल्लो, गुराँसजस्ता बोटबिरुवा, गुराँस, पारिजात, जाई, सयपत्री, थुङ्गे, मखमलीजस्ता फूलहरू पनि पाइन्छन्।

यस्तै अम्बा, आँप, सुन्तला, जुनार, निबुवा, कागती, केरा, आरु, आल्चा, एभोकाडो, अनार, दारिम, भुइँकटहर, रुखकटहर, काँक्रा, फर्सीजस्ता फलफूल र घरतरुल, सुठुनी, पिँडालु, सिमलतरुल, फूलसुठुनी र पुस्टकारी, भ्याकुर, गिठ्ठा, भुइँस्याउ आदि कन्दमूल पनि पाइन्छन्।

साग, मुला, आलु, गाँजर, निगुरो आदि तरकारी तथा जडीबुटीहरुमा हर्रो, बर्रो, तितेपाती, टिमुर, वनलसुन, कुरिलो आदि पाइन्छन्।

यस्तै बाँस, कुटमिरो, गेडलो, खनिउ, बकाइनो, नेवारो, खस्रु, बडहर, टाँकी, गाया, दुधिलो, काब्रो, खस्रेटो, कोइरालो, भुइँघाँस, खर, फुर्केखर, खरुकी, बन्सो, उदासे, काने, दुबो, जइघाँस आदि पनि पाइन्छन्।

### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा घरपालुवा भैँसी, राँगो, गाई, गोरु, बाख्रा, खसी, सुँगुर, बंगुर/चितुवा, स्याल, फ्याउरो, बाँदर (३ प्रकारका) मृग, घोरल, मलसाँप्रो लगायतका वन्यजन्तु/पन्छीमा मयूर, ढुकुर (तामे, कुर्ले), चिश्रा, च्याखुरा, कालिज, लामपुच्छ्रे, सराउ, चील, काग, बाज, लाटोकोसेरो आदि छन् भने लामखुट्टे, सर्प, बिच्छी, जुका, पाहा, माछा, भ्यागुता, छेपारो, माउसुली पनि पाइन्छन्।

### १.३.२.४ खनिज


चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ मा चट्टान पत्रेचट्टान, चुनढुङ्गा खानी (डाँडागाउँ, मोरिया) खानी बालुवा र ढुङ्गा खानी रहेको छ।

**वडा नम्बर ७**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

भौगोलिक विस्तारको हिसाबले चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७, २७ डिग्री १८ मिनेट १६ दशमलव ४६९ सेकेन्ड उत्तरी अक्षांशदेखि २७ डिग्री २० मिनेट १४ दशमलव १५८ सेकेन्ड उत्तरी अक्षांशबीच र देशान्तरीया विस्तारको हिसाबले ८६ डिग्री १७ मिनेट २९.१३० पूर्वदेखि ८६ डिग्री २१ २१ मिनेट ० दशमलव ४३१ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ। यो वडाले १० दशमलव ८३५ वर्ग किमि क्षेत्रफल ओगटेको छ भने उचाइका आधारमा समुद्र सतहबाट ९१५ मिटरदेखि २४६९ मिटरसम्म फैलिएको छ।



LOCATION MAP OF CHAMPADEVI RURAL MUNICIPALITY, WARD NO. 7, OKHALDHUNGA, KOSHI PROVINCE

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ को पूर्वमा रमाइलो डाँडा, पश्चिममा सेराखोला, उत्तरमा दुम्से खोला, दक्षिणमा तोरीबारी वन रहेका छन्। चम्पादेवी गाउँपालिका वडा ७ को प्रशासनिक केन्द्र फूलबारी भन्ने बस्तीमा रहेको छ।

### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिको वडा नम्बर ७ अन्तर्गत घोप्टे ओडार, ढाडकुने बडार गरी दुईवटा ओडार रहेका छन् भने भूत छाँगो खोंच (खड्कागाउँको छेउमा) रुम्दी खोंच, खुदुर्की (देवीटार छेउमा) रहेका छन्। साउने थुम्की, देवीटार, टारी (खड्का गाउँ), थुम्की (जैखोरियामा) मड्केला पाखा, निगालाघारी पाखा, सेराबेंसी टार, पहेंले भीर, कोलचौर भीर, देवीटार आदिका धरातलीय स्वरूप रहेका छन्।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ समुद्री सतहबाट ९१५ मिटरदेखि २४६९ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा १९ डिग्री सेल्सियसको आसपास रहन्छ।

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ मा पाँगो चट्टाने माटो, कमेरे माटो, रातो माटो पाइन्छ। त्यसैगरी भेडीखर्कमा कालो माटो, भस्मेगौरोमा कमेरो माटा र रातो माटो रहेको पाइन्छ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. ७ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | भू-उपयोग | क्षेत्रफल हेक्टरमा | प्रतिशत | क्षेत्रफल वर्ग कि.मि. | प्रतिशत |
| १ | खेती क्षेत्र | ७३८.९३ | ६८.२ | ७.३९ | ६८.२ |
| २ | वनजंगल क्षेत्र | ३४०.७८ | ३१.४५ | ३.४१ | ३१.४५ |
| ३ | आवासीय क्षेत्र | ३.८१ | ०.३५ | ०.०४ | ०.३५ |
| | जम्मा | १०८३.५२ | १०० | १०.८४ | १०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिको वडा नम्बर ७ मा टाउके, सेरा, देवीटार, कोलचौर, अहाले, केउरिनी, फूलबारी, खड्कागाउँ, जौखोरिया, ठाडागाउँ, रमाइलोडाँडा, घुमाउनेडाँडा नामका बस्तीहरू रहेका छन्।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र फूलबारीमा रहेको छ।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

यस वडामा रहेका प्राकृतिक सम्पदाहरूमा दुम्से खोला, सेरा फेदी खोला, छाँगाखोला, कुनेखोल्सा, लहर्ने थोक खोल्सा, धोबी खोल्सा, रिट्ठे झाँक्री छाँगो आदि रहेका छन् भने सबैरा खोलाबाट खानेपानीको मुहान निस्केको छ । यस वडाअन्तर्गत माछापोखरी सेरामा रहेको छ भने, देउराली पोखरी पनि रहेको छ। फूलबारी कुवा, हलदेपँधेरो, जहिरे पँधेरो, पहेंले पँधेरो, गौसारा पँधेरो, ओखरबोटे पँधेरो आदि पँधेराहरू रहेका छन्। सिमसार धाप क्षेत्रअन्तर्गत नाकेडाँडा धाप, कार्कीबारी सिम, ओखलढाडे सिम, धोबी खोला सिम र रिठ्ठाबोटे सिम आदि रहेका छन्।

### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ मा साल, सल्लो, चिलाउने, उत्तिस, गुराँस, पलास, बर, कागती, सिमल, बाँस आदि वनस्पतिहरू पाइन्छन् भने, सबै प्रकारका डालेघाँसहरू पाइन्छन् । वडामा सयपत्री, लालीगुराँस, मखमली, जाइफूल, आदि फूलहरू पाइन्छन् भने आँप, अम्बा, केरा, नास्पाती, आरु, कागती, सुन्तला, निबुवा, भोगटे, ज्यामिर आदि फलहरूसमेत पाइने गर्दछन्। वडामा पाइने कन्दमूलहरूमा घरतरुल, वनतरुल, सुठुनी, सख्खरखण्ड, फलसुठुनी, सिमल तरुल, आदि रहेका छन् भने चिराइतो, कुरिलो, दुबो तथा सानोमला, बिमिरो आदि जडीबुटीहरूसमेत पाइने गर्दछन्।

### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ मा सबै प्रकारका जीवजन्तु पाइन्छन्। यस वडामा गाई, भैँसी, गोरु, राँगा, खसी, बाख्रा, सुँगर, हाँस, कुखुरा, बिरालो, कुकुरलगायतका घरपालुवा जनावरहरू पाइन्छन् । त्यसैगरी मृग, घोरल, स्याल, चितुवा, बाँदर, मलसाँप्रो, दुम्सी, खरायो, सालकलगायतका वन्यजन्तुहरू र कालिज, ढुकुर, मुनाल, डाँफे, तिथ्रा, लाटकोसेरो, चील, हुचिल, बाँझ, काग, भँगेरा, गौथली, सिमकुखुरा, कालिजलगायतका वनमा बस्ने पन्छीहरूसमेत पाइन्छन्। सर्प, बिच्छी, हरेउ, चिप्लेकिरा, जुका, छेपारो, पाहा, गंगटो, न्याउरी मुसो, लोखर्के, भ्यागुतालगायत जीवसमेत पाइने गर्दछन्।


### १.३.२.४ खनिज

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ मा घर छाप्ने खालका ढुङ्गाखानी रहेको छ।

**वडा नम्बर ८**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट




चम्पादेवी गाउँपालिका वडा नं ८ को भौगोलिक विस्तार २७ डिग्री २० मिनेट १६ दशमलव ७३३ उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट ४४ दशमलव ७३ पूर्वी अक्षांशसम्म र देशान्तरका आधारमा ८६ डिग्री १७ मिनेट ५४.०३ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २० मिनेट ६.४२९ डिग्री पूर्वी देशान्तरबिच ९ दशमलव ८७०१०४ वर्ग किमि क्षेत्रफलमा फैलिएको छ । यो वडाको उचाइका आधारमा यो वडाको विस्तार समुद्र सतहबाट १२६४ मिटरदेखि २७१६ मिटरसम्म फैलिएको छ । चम्पादेवी गाउँपालिका वडा नं ८ को प्रशासनिक केन्द्रका रूपमा बिलन्दु बजारमा रहेको छ । चम्पादेवी गाउँपालिकाको वडा नं ८ को पूर्वमा पात्लेखोला, पश्चिममा डुडेखोला र उत्तरमा कबासेडाँडा र दक्षिणमा डुडेखेत रहेको छ ।

### १.३.१.२ धरातलीय/भूस्वरूप

यो वडाअन्तर्गत सेतेभीरमा वनझाँक्री बडार, महभीरमा वनझाँक्री गुफा, धुसेनी जाउलेबारीमा चमेरी गुफा, धुसेनीमा भिमालदुलो, बन्चरे खोलामा वनझाँक्री गुफा आदि रहेका छन्, जसमध्ये सेतीभीरमा रहेको वनझाँक्री ओडार पर्यटकीय स्थल बन्न सक्ने सम्भावना रहेको छ । वडाअन्तर्गत माझीखोरियामा रमिते थुम्का, चित्रे चुङ्गेढुङ्गा आदि रहेका छन् । यहाँ थामखर्कपाखो, तोरी छरेपाखो, बोहोरडाँडा पाखो आदि पाखाहरू रहेका छन् । वडामा कोदो मकै गहुँ तोरी, आलु

मुला, तरकारी आदि लगाइने पाखाबारीहरू वडाभरि रहेका छन् भने एउटा धुसेनी बेंसी रहेको छ। ठूलोभीर, सेतीभीर, मान्द्रेभीरलगायतका भीरहरूसमेत वडामा रहेका छन्।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ८ समुद्री सतहबाट १२६४ मिटरदेखि २७१६ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा १८ डिग्री सेल्सियसको आसपास रहन्छ।

चम्पादेवी गाउँपालिका वडा नम्बर ८ मा कालो बलौटे माटो, रातो माटो, पत्थरिलो माटो पाइने गर्दछ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरू कुराहरूको भू उपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ। जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ।




| चम्पादेवी गाउँपालिका वडा नं. ८ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | ४१८.३९ | ४२.२३ | ४.१८ | ४२.२३ |
| २ | वनजंगल क्षेत्र | ५१६.८६ | ५२.१७ | ५.१७ | ५२.१७ |
| ३ | आवासीय क्षेत्र | ५५.५५ | ५.६१ | ०.५६ | ५.६१ |
| | जम्मा | ९९०.८ | १०० | ९.९१ | १०० |

#### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका वडा ८ मा चित्रे टोल, बिलन्दु टोल, बादी टोल, कल्पेशवर मावि टोल, गुरुङ टोल, क्षेत्री टोल, दमै टोल, भित्ता टोल, मन्तरे टोल, राहुल टोल, प्रधान टोल, खोला खर्के टोल, लामा टोल, लाहुरे भीरकुना टोल, थापा टोल, चौखोरिया टोल, थापा टोल, ठोटनेरी टोल, चप्लेटी टोल, चौखरिया टोल, केराबारी टोल, बोहरा टोल, सार्की डाँडा टोल, धुसिने टोल, पुराना गाउँ टोल, ढिकुरे टोल, बलडाँडा टोल, बिसाउने टोल आदि टोलहरू रहेका छन्।

#### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र बिलन्दुमा रहेको छ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

#### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिका वडा नम्बर ८ अन्तर्गत सिँचाइ तथा खानेपानीका लागि प्रयोग गरिँदै आएका खोलाहरूमा महभीर खोलामा ९ वटा सिँचाइ कुलो निर्माण भएको, कागते खोलोमा खानेपानीका ४ वटा कुला निर्माण भएका, गौरीखोलामा सिँचाइ तथा खानेपानीका लागि ६ वटा कुला निर्माण भएका, निगुरे तरुलबारी खोलामा सिँचाइ र खानेपानीका ४ वटा कुला निर्माण भएका, भर्लाङ खोलामा खानेपानी तथा सिँचाइका २ वटा कुला र ३ वटा खानेपानी, ३ वटा ट्यांकीसमेत निर्माण भएका छन्। यसका अतिरिक्त नागदह चप्लेटी खोल्सा, ठूलोभीर खोल्सा, चित्रे खोल्सा, खहरे खोल्सा, धसिनी थामखर्क खोल्सा, छाङ्गे खोल्सा, जागेश्वर खोल्सा, जौखरिया खोल्सा आदि जलसम्पदा तथा खोल्साहरू यस वडामा रहेका छन्। यस वडामा महवीर झाँक्री गुफानजिकै टोटे झरना १५० मिटर लामो, खरकाट्नेमा गुड्ले झरना २०० मिटर लामो र भोल्टेमा फुलरपानी झरना ५० मिटर लामो रहेका छन्। पानीको मुहानअन्तर्गत दमासे खोलाको मूल, महादेवस्थान मूल, निगुरे तरुलबारी मूल, चित्रे जुँगेपानी मूल, गौरी खोला मूल आदि पानीका मुहानहरू रहेका छन्। त्यसैगरी पोखरी डाँडामा सानो पानीको पोखरीसमेत रहेको छ। वडाअन्तर्गत काली खसिनी कुवा, केराबारी कुवा, तारादेवी कुवा, बराल कुँवर धुसेनी कुवा, फुँयाल कुवा, कल्पेशवर महादेवस्थान कुवा, नागदह चप्लेटी कुवा आदि कुवाहरू रहेका छन्। वडाअन्तर्गत महादेवस्थान मूलधारा, बराल मूलधारा, चप्लेटी मूलधारा, कुन्तादेवी मूलधारा, कालीमाटी मूलधारा आदि धाराहरू रहेका छन्। साथै सार्की डाँडामा तातोपानीको मुहान रहेको छ।

#### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिका वडा नम्बर ८ मा अग्रेली, चिलाउने, उत्तिस, सिमल, काफल, अँगेरी, भोगटे, फुर्के, झिगुनो, धँगेरो, निबारो, गगुन, दुदिलो, धुर्सुल, गुराँस, ओठे, बाँस आदि विभिन्न प्रकारका वनस्पति पाइन्छन्। साथै गुराँस, जाई फूल, घन्टी फूल, सोली फूल, सयपत्री थुङ्गे फूल, गोदावरीलगायत फूलहरू, आरु, सुन्तला, कागती, मेवा, जुनार, अलैंची, खुरपानी, नासपाती, निबुवा, भोगटे, किबी, अनार, केरा, अम्बा, ड्रागनफ्रुट, एभोकाडो, अलैंची, अमलालगायत फलहरू, त्यसैगरी चिराइतो, ताले, ठूलो ओखती, जटामसी, हलेदो, सिमकौलोलगायतका जडीबुटीहरूसमेत पाइने गर्दछन्।

#### १.३.२.३ जीवजन्तु

यस वडामा गाई, भैंसी, गोरु, राँगा, खसी, बाख्रा, सुँगुर, हाँस, कुखुरा, बिरालो, कुकुरलगायतका घरपालुवा जनावरहरू पाइन्छन्। त्यसैगरी मृग, घोरल, स्याल, चितुवा, बाँदर, मलसाँप्रो, दुम्सी, खरायो, सालकलगायतका वन्यजन्तुहरू र

कालिज, ढुकुर, मुनाल, डाँफे, तिथ्रा, लाटकोसेरो, चील, हुचिल, बाँझ, काग, भगेरा, गौथली, सिमकुखुरा, कालिजलगायतका वनमा बस्ने पन्छीहरूसमेत पाइन्छन् । सर्प, बिच्छी, हरेउ, चिप्लेकिरा, जुका, छेपारो, पाहा, गंगटो, न्याउरीमुसो, लोखर्के, भ्यागुतालगायतका जीवसमेत पाइने गर्दछन् ।

### **१.३.२.४ खनिज**

चम्पादेवी गाउँपालिका वडा नम्बर ८ मा पत्रेचट्टानका लागि सम्भाव्यता रहेको छ । सेतो भीरमा तामाको धातुसमेत पाइने गरेको छ । ठाडी खोरियामा चित्रेढुङ्गा खानी रहेको छ ।

**वडा नम्बर ९**

## १.३.१ भौगोलिक अवस्था


### १.३.१.१ अवस्थिति/फैलावट

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ को भौगोलिक विस्तार २७ डिग्री १९ मिनेट ४५ दशमलव १९३ उत्तरी अक्षांशदेखि २७ डिग्री २२ मिनेट ३६ दशमल १४ सेकेन्ड उत्तरी अक्षांशबिच र देशान्तरीय हिसाबले ८६ डिग्री १८ मिनेट २१ दशमलव ३६९ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री २२ मिनेट ०.७४८ सेकेन्ड पूर्वी देशान्तरसम्म फैलिएको छ। यो वडाले चम्पादेवी गाउँपालिकाको १३ दशमलव १६२३ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ ।

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ को पूर्वमा ककनी, पश्चिममा पात्लेखोला, उत्तरमा मकैबारी भञ्ज्याङ, बिलन्दु र दक्षिणमा कोलचौर रहेका छन्।

### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ भित्र कोलभीरको बढार, तामाखानी गुफा (जुन खानीगाउँ र सिमखर्क गाउँको बीचमा) रहेको छ।





### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ९ समुद्री सतहबाट १२४४ मिटरदेखि २७७१ मिटर फैलिएको छ। यहाँ मुख्य गरी समशीतोष्ण र ठन्डा समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ। वर्षैभरि ताप औसतमा १६ डिग्री सेल्सियसको आसपास रहन्छ।

यस वडामा कालो माटो, बलौटे माटो, रातो माटो, पत्थरिलो माटो पाइने गर्दछ ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाको वडाहरूमा भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ । जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ




| चम्पादेवी गाउँपालिका वडा नं. ९ को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | खेती क्षेत्र | ७३४.०० | ५५.७७ | ७.३४ | ५५.७७ |
| २ | वनजंगल क्षेत्र | ५७८.८९ | ४३.९८ | ५.७९ | ४३.९८ |
| ३ | आवासीय क्षेत्र | ३.३४ | ०.२५ | ०.०३ | ०.२५ |
| | जम्मा | १३१६.२३ | १००.०० | १३.१६ | १००.०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ मा मिश्रगाउँ, पात्ले, ओख्रेनी, खानीगाउँ, सिमखर्क, भोटेचौर, भंडारे, काग्रांगे, धुसेनी बेंसीलगायतका बस्तीहरू रहेका छन् । यस वडामा अक्कर ढिस्को, ठूलीथुम्की, गउँथली भीर, पाखाबारी,

चौरबारी, साउने डाँडाचौर, डलीडाँडा चौर आदि रहेका छन् भने भँगेरे, धुसेनी, कोले बेंसी, सिरुडाँडाको भीरलगायतका बेंसी तथा भीरहरू रहेका छन्।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र मिश्रभञ्ज्याङमा रहेको छ।

## १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ मा पातले खोला, खहरे खोला, दुम्सी खोला, खानी खोला, खुदुरके खोला, नेवारी खोला, भर्लङ्गे खोला, बिमिरे खोला, बिमिरे खोल्सा, ठूलो पदेरे खोल्सा, सिम खोल्सा, ओख्रेनी खोल्सा आदि रहेका छन्।

वडामा साउने पोखरी, तिवारीको कुवा, भण्डारेको कुवा, खानीगाउँको कुवा, ठूलो पँधेरो, अचार्दा कुवा, काङ्ङ कुवा, भुल्के ढुङ्गेधारा, ओख्रेनीको ठूलो ढुङ्गेधारा, देउराली डाँडाको ढुङ्गेधारा, पदमसरको धारा, मुठेधारा, भोटेचौरको बिमिरेको धारा, सिम्पधेरी धारो, जुकेपानीको कुवा धारोलगायतका पँधेरा तथा ढुङ्गेधाराहरू रहेका छन्। यहाँ कमेरे सिम क्षेत्रसमेत रहेको छ। खनिज सम्पदाअन्तर्गत यस वडामा पत्रेचट्टान पाइन्छ भने तामाको धातु सिमखर्कमा रहेको छ। कालो, रातो, चिम्टा, कमेरे माटो यस वडामा पाइने गरिन्छ।

### १.३.२.२ वनस्पति

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ मा सल्लो, लाकुरी, मौवा, गुराँस, अघेरी, उत्तिस, मेलेच्च्व, धँगेरा, बोटधँगेरी, भोगटे, धुर्सुल, अम्रिसो, चिलाउने, ओठे, असारे, खराने, ढिकुरे, गोब्रेसल्ला, धाप, पहेंले, काद्रो, सिमल, पैंयु आदि बोटबिरुवाहरू पाइन्छन्। त्यसैगरी सयपत्री, जाई फूल, असारे फूल, मखमली फूल, गुराँस फूल आदि फूलहरू पाइन्छन्। यसका अतिरिक्त अम्बा, मेवा, केरा, नासपाती, आल्चा, आरुबखडा, खुरपानी, निबुवा, कागती, सुन्तला, अंगुर, किबी, एबोकाडोलगायतका फलहरू पाइन्छन् भने सुठुनी, फर्सी, भुइँस्याउ, पिँडालु, करेला, घरतरुल, वनतरुल, सिमल तरुल, भ्याकुर आदि पाइन्छन्। जडीबुटीहरूमा चिराइतो, खोर्सानी, वाँच, सुनाखरी, दर्शनेलगायतका जडीबुटीहरूसमेत यस वडामा पाइन्छन्।

### १.३.२.३ जीवजन्तु

चम्पादेवी गाउँपालिका वडा नम्बर ९ मा पाइने घरपालुवा जीवजन्तुहरूमा भैंसी, राँगो, गाई, गोरु, बाख्रा, खसी, भेडा बाख्रा, सुँगुर, बंगुर, खरायो, माछा, कुकुर, बिरालो आदि हुन्। त्यसैगरी चितुवा, मृग, सालक, स्याल, फ्याउरो, बाँदर (सेतो कालो), बँदेल, मलसाँप्रो आदि वन्यजन्तुहरू यस क्षेत्रमा पाइन्छन्। कुखुरा, हाँस, बोइलर कुखुरा, कालिजलगायतका घरपालुवा पन्छीहरू यस क्षेत्रमा पाइन्छन् भने चील, काग, ढुकुर, गौंथली, कालिज, मयूर, च्याखुरा, तित्रा, रुप्पी, भँगेरालगायतका वन्य चराचुरुंगीहरूसमेत यस क्षेत्रमा पाइन्छन्। सर्प, हरेउ, पाहा, भ्यागुतो, गंगटो, छेपारो, भाले मुंग्रो, माउसुली, मौरीलगायत जीवहरू यस क्षेत्रमा पाइन्छन्।

### १.३.२.४ खनिज


चम्पादेवी गाउँपालिकाको वडा नम्बर ९ को खानीगाउँमा तामाखानी र ढुङ्गा खानीहरू छन्।

**वडा नम्बर १०**

## १.३.१ भौगोलिक अवस्था

### १.३.१.१ अवस्थिति/फैलावट

चम्पादेवी गाउँपालिका वडा नम्बर १० को भौगोलिक विस्तार २७ डिग्री १९ मिनेट ८ दशमलव ४९४ उत्तरी अक्षांशदेखि २७ डिग्री २१ मिनेट ५२ दशमलव ६२४ सेकेन्ड उत्तरी अक्षांशबिच र देशान्तरका आधारमा ८६ डिग्री १५ मिनेट १३ दशमलव ०९२ सेकेन्ड पूर्वी देशान्तरदेखि ८६ डिग्री १७ मिनेट ४२ दशमलव ७४० पूर्वी देशान्तरसम्म फैलिएको छ। यो वडा नम्बर १० ले चम्पादेवी गाउँपालिकाको कुल क्षेत्रफलको १२ दशमलव २९२२, ५७ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। यो वडाको प्रशासनिक केन्द्रका रूपमा रानीवन बस्ती रहेको छ। चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० को पूर्वमा सिम्ले खोला, पश्चिममा निगाले सिंहदेवी, उत्तरमा भालु खोला, दक्षिणमा जम्मुचौर रहेका छन्।




### १.३.१.२ धरातलीय/भूस्वरूप

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा ओखलढुङ्गा ओडार (थापा टोलमा), कुसुने ढुङ्गा ओडार, राम सीताको पाइला भएको ढुङ्गा, निकाले डाँडा, भालुढुङ्गा, कालुढुङ्गा ओडार आदि रहेका छन्। वडाअन्तर्गत तारेभीर चुली रहेको छ भने भैंसेको थुम्का, मोरियाको थुम्का आदि थुम्काहरू रहेका छन्। त्यसैगरी लहर्नेको पाखा, तारुकेको पाखा,

भैंसेको पाखा, कात्तिके पाखा, जुँगेपानी पाखा, ठाडाको पाखा, विष्टगाउँ पाखा आदि पाखाहरू रहेका छन् । तारेभीरको फेदीमा रानीवन रहेको छ । छमुरे खेतनजिकै सिमले बेंसी रहेको छ । मोरियाको भीर, पालेको वनको भीर, लहरिने भीर, चुरेभीर, तारेभीर आदि भीरहरूसमेत यस वडामा रहेका छन् ।


### १.३.१.३ हावापानी

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० समुद्री सतहबाट ६५७ मिटरदेखि २११९ मिटर फैलिएको छ । यहाँ मुख्य गरी उष्ण र समशीतोष्ण प्रकारको हावापानीको स्वरूप अनुभव गर्न सकिन्छ । वर्षैभरि ताप औसतमा २१ डिग्री सेल्सियसको आसपास रहन्छ ।

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा बलौटे माटो, कालो माटो, रातो माटो, कमेरे माटो, चिम्टाइलो माटो रहेको पाइन्छ ।

### १.३.१.४ भूउपयोग

चम्पादेवी गाउँपालिकाका वडाहरूको भूउपयोगको अवस्था हेर्दा त्यहाँको जमिन जंगल क्षेत्र, झाडी, बुट्यान, जलाधार क्षेत्र, कृषिभूमि, आवासभूमिका रूपमा उपयोग भएको देखिन्छ । जुन तलको नक्सा र तालिकाबाट स्पष्ट हुन्छ



| चम्पादेवी गाउँपालिका वडा नं. १० को भू-उपयोगको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| **क्र. सं.** | **भू-उपयोग** | **क्षेत्रफल हेक्टरमा** | **प्रतिशत** | **क्षेत्रफल वर्ग कि.मि.** | **प्रतिशत** |
| १ | झाडी/बुट्यान | १७७.७१ | १४.४२ | १.७८ | १४.४२ |
| २ | खेती क्षेत्र | ७६९.९७ | ६२.४७ | ७.७ | ६२.४७ |
| ३ | वनजंगल क्षेत्र | २३९.८२ | १९.४६ | २.४ | १९.४६ |
| ४ | आवासीय क्षेत्र | ४१.७२ | ३.३८ | ०.४२ | ३.३९ |
| ५ | जल क्षेत्र | ३.३ | ०.२७ | ०.०३ | ०.२७ |
| जम्मा | | १२३२.५२ | १०० | १२.३३ | १०० |

### १.३.१.५ गाउँबस्ती

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा तारुके टोल, पल्लो निगाले टोल, निगाले टोल, आलेगाउँ, विष्ट टोल, ढाडा टोल, बस्नेत टोल, बिक टोल, थापा टोल, भैँसे टोल, झिँगने पानी टोल, पोखरी भञ्ज्याङ, ठाडा टोल, भीमसेन थान टोल, रातामाटा टोल, मोरिया टोल, खडेरी भित्ता टोल, लक्ष्मीटार टोल, ठाँटीचौर टोल, डाँडा कटेरी टोल, केराबारी टोल, ठाडाटोल आदि टोलहरू रहेका छन् ।

### १.३.१.६ वडा प्रशासन केन्द्र

यस वडाको प्रशासनिक केन्द्र साविक रानीवनको पोखरीभन्ज्याङमा रहेको छ ।

### १.३.२ प्राकृतिक स्रोत/सम्पदा

### १.३.२.१ जलस्रोत

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा घ्याङ्ले खोलो, सिंहले खोलो, काली खोलो, भालुखोलालगायत खोलाहरू, निगाले खोल्सो, रमिते खोल्सो, सिम्रानी खोल्सोलगायतका खोल्साहरू, पोखरी भञ्ज्याङ, गैयाथान पोखरी, थापाआल पोखरी, जिग्नेपानी टोल पोखरी, मूलपानी पँधेरो पोखरी, निगाले पोखरी आदि पोखरीहरू साथै गौराघर कुवा, डाँडाघरे कुवा, साहुको कुवा, थापाको कुवालगायतका कुवाहरू यस वडामा रहेका छन् ।

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा ढाँडकुलो कालाखोला मुहानदेखि ढाँडखेतसम्म, सिस्नेखोलादेखि सुहारा खेतसम्म आधुनिक सिमेन्टको कुलो, घ्याङ्ले खोलाबाट सत्याल टोलसम्म आरसीसी कुलो, घ्याङ्ले खोलाबाट रातामाटा टोलसम्म पाइपवाला कुलो, घ्याङ्ले खोलाबाट बिच टोलसम्म आरसीसी कुलो, काला खोलाबाट विष्ट टोलसम्म आरसीसी कुलो, घ्याङ्ले खोलाबाट तारुके टोलसम्म पाइपवाला कुलो निर्माण भएका छन् ।

### १.३.२.२ वनस्पति

यस वडा नम्बर १० मा चिलाउने, सल्लो, गुराँस, उत्तिस, हलेदो, शिरीष, वर, पीपल, सिमल, अमला, लाँकुरी, स्वामी, डाइनो आदि बोटबिरुवाहरू पाइने गर्दछन् । त्यसैगरी गुराँस, पारिजात, जाई फूल, मखमली, सयपत्री, गोदावरीलगायत फूलहरू यस वडामा पाइन्छन् ।

आँप, अम्बा, नास्पाती, ओखर, अनार, सुन्तला, जुनार, ज्यामिर, कागती, निबुवालगायतका फलहरूका साथै घर तरुल, वन तरुल, सिमल तरुल, फूल सुठुनी, भ्याकुर, गिट्ठा आदि कन्दमूलहरूसमेत पाइन्छन् । त्यसैगरी हाडे लसुन, कुरिलो जटामसीलगायतका जडीबुटीहरूसमेत यस वडामा पाइने गर्दछन् ।

### १.३.२.३ जीवजन्तु

यस वडामा पाइने घरपालुवा जीवजन्तुहरूमा भैंसी, राँगो, गाई, गोरु, बाख्रा, खसी, भेडा बाख्रा, सुँगुर, बंगुर, खरायो, माछा, कुकुर, बिरालो आदि हुन् । त्यसैगरी चितुवा, मृग, वन बिरालो, सालक, स्याल, फ्याउरो, बाँदर सेतो कालो, बँदेल, मलसाँप्रो आदि वन्यजन्तुहरू यस क्षेत्रमा पाइन्छन् । कुखुरा, हाँस, बोइलर कुखुरा, कालिजलगायतका घरपालुवा पन्छीहरू यस क्षेत्रमा पाइन्छन् भने चील, काग, ढुकुर, गौंथली, कालिज, मयूर, च्याखुरा, तिथ्रा, रुप्पी, भँगेरालगायतका वन्य चराचुरुंगीहरूसमेत यस क्षेत्रमा पाइन्छन् । सर्प, हरेउ, पाहा, भ्यागुतो, गंगटो, छेपारो, भाले मुंग्रो, माउसुली, मौरीलगायतका जीवहरूसमेत यस क्षेत्रमा पाइने गर्दछन् ।

### १.३.२.४ खनिज

चम्पादेवी गाउँपालिकाको वडा नम्बर १० मा ढुङ्गा खानीहरू रहेका छन् । निगालो नुनिलो ढुङ्गा खानी तारुकेमा रहेको छ ।

# अध्याय दुई

# ऐतिहासिक-पुरातात्त्विक स्थल र धार्मिक-सांस्कृतिक सम्पदा

ऐतिहासिक तथा पुरातात्त्विक स्थल भन्नाले वर्तमानको समयसँग पनि सम्बन्धित हुने विगतका महत्त्वपूर्ण स्थान भन्ने बुझिन्छ । यसमा ऐतिहासिक महत्त्व राख्ने जमिन, भवन, स्मारक इत्यादि र उत्खनन गरेर मात्र थाहा पाइने पुरातात्त्विक महत्त्वका सतहमुनिका स्थान, वस्तु वा घटना इत्यादि पर्दछन् ।

धार्मिक–सांस्कृतिक सम्पदा भन्नाले विगतदेखि नयाँ पुस्तामा सर्दै आएका सामुदायिक र सामाजिक निधिहरू बुझिन्छ । यसमा मानव निर्मित मूर्त रूपका वास्तुकला, भवन, स्मारक इत्यादि पर्छन् भने अमूर्त रूपका रीतिरिवाज, चालचलन, परम्परा इत्यादि पर्छन् ।

यस अध्यायमा चम्पादेवी गाउँपालिकाका ऐतिहासिक-पुरातात्त्विक स्थल र यहाँ पाइने धार्मिक–सांस्कृतिक सम्पदाको उल्लेख गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई सांस्कृतिक सम्पदाको संरक्षण र सम्बर्द्धनका लागि उपयुक्त नीति नियम बनाउन उपयोगी हुन्छ ।

## २.१ गाउँपालिकाको नामकरण

यस गाउँपालिकाको नाम यसको प्रशासनिक भूगोलभित्र रहेको पालिकाको उत्तर–पूर्वी सिमानामा पर्ने प्रसिद्ध चम्पादेवीको मन्दिरबाट राखिएको हो ।

## २.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

### २.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू

**कोसढुंगा**

यस गाउँपालिकाका ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरूमध्ये घोराखोरीस्थित कोसढुंगा एक हो । वडा नम्बर ६ मा पर्ने यो स्थल ऐतिहासिक रूपले महत्त्वपूर्ण मानिन्छ । नेपालमा मेट्रिक प्रणालीको नापजाँच सुरु नहुँदा राणाकालीन समयदेखि व्यवहारमा ल्याइएको रैथाने मापन प्रविधिको आधारमा देशका विभिन्न भागहरूमा आवतजावत गर्न कोस भन्ने शब्द प्रयोग गरी दुई दिन मापन गरिन्थ्यो । यसै क्रममा प्रशासनिक कामकाज गर्न सहज बनाउन तत्कालीन राणा सरकारले काठमाडौँलाई केन्द्र मानी पूर्व र पश्चिमका क्षेत्रहरूलाई गौडाका रूपमा नम्बर अंकन गराएको थियो । जस्तै- पूर्व-१ नम्बर चौतारा, पूर्व-२ नम्बर रामेछाप, पूर्वतिर पूर्व-३ नम्बर ओखलढुंगा, पूर्व-४ नम्बर भोजपुर थियो भने संखुवासभा र ताप्लेजुङ जिल्ला बेनम्बर थिए ।

यसै क्रममा ओखलढुंगा जिल्लाको घोराखोरी भन्ने ठाउँमा एउटा कोसेढुंगा रहेको छ । सो कोसेढुंगामा काठमाडौंदेखि पदयात्रा गर्ने पदयात्रीले पार गर्नुपर्ने दूरी ३६ कोस भनी लेखिएको छ । तत्कालीन अवस्थामा कुनै पनि ठाउँको दूरी मापन गर्न कपडाको रुमाल भिजाएर हिँड्दाहिँड्दा जहाँ पुग्दा रुमाल सुक्छ, त्यो स्थानसम्मलाई एक कोस भनी बुझ्ने चलन थियो । यस्तै कुनै एक स्थानबाट हरियो स्याउला लिएर जहाँ पुगेर आउँछ, त्यहाँसम्मको स्थानलाई एक कोस भनिन्थ्यो । यस्तो कोसको मापन जुन वस्तुले गरेको हो सोही वस्तुका आधारमा कोसको नाम राखिन्थ्यो । जस्तै- रुमाल भिजाएर नापिएको कोसलाई रुमाले कोस र स्याउलाबाट नापिएको कोसलाई स्याउले कोस भनिन्थ्यो । तर ओखलढुंगा जिल्लाको

घोरोखोरी कोसेढुंगा यी दुई कोसमध्ये कुन कोस हो भन्ने निश्चित छैन। यस्तो कोस मापनबाट सरकारी कारोबार गर्ने चलन अद्यापि प्रचलनमा रहेको भेटिन्छ।

### २.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस गाउँपालिकाका प्रमुख सार्वजनिक स्थलहरूमा मृतकहरूको नाममा वा पूर्वजहरूको नाममा निजका सन्तानहरूले पाटी, पौवा, सत्तल, चौतारा, प्रतीक्षालय, धारा, पँधेरा, बाटो, स्कुल, चौर, वृद्धाश्रमहरू बनाइदिने चलनअनुसार यस गाउँपालिकामा पाटी, पौवा, चौतारा, बिसाउनी, देवी-देउरालीलगायत सार्वजनिक प्रयोगका स्थलहरू रहेका छन्। यस्ता सार्वजनिक स्थलहरूमा बैठक, भेला, मेला, पर्व, उत्सव, जात्रा, प्रदर्शन, भोजभतेर, पूजाआजा, आरधना, तपस्या इत्यादि गर्ने गरिन्छ।

## २.३ धार्मिक सम्पदा

यस गाउँपालिकाको मुख्य धार्मिक सम्पदा चम्पादेवीको मन्दिर हो । अन्य धार्मिक सम्पदाहरूमा देवी मन्दिर, महादेव मन्दिर, गोल्मादेवी, बालादेवी, जाल्पादेवी, महारूद्रेश्वर मन्दिर, कंकालीदेवी, कालिञ्चोक, कालिकादेवी, भीमसेनस्थान, वर्णादेवी, मनकामना, निर्जलहरेश्वर, पञ्चेश्वर महादेव, हरेश्वर महादेव रहेका छन् (वस्तुस्थिति विवरण, २०८०)।

### चम्पादेवी मन्दिर

चम्पादेवी मन्दिर यस गाउँपालिकाको सबभन्दा मत्त्वपूर्ण धार्मिक सम्पदा हो । यो मन्दिर गाउँपालिकाको उत्तर–पूर्वी भागमा मोलुङ गाउँपालिका र सुनकोशी गाउँपालिकाको सीमा क्षेत्रमा वडा नम्बर ९ मा अवस्थित छ। गाउँपालिकाको विशेष पहिचानका रूपमा रहेको ओखलढुंगा जिल्लाकै प्रमुख आकर्षण केन्द्र एवं देशको महत्त्वपूर्ण धार्मिक स्थल हो।

चम्पादेवी मन्दिरमा विशेष गरी मंसिर महिनाको हरिबोधनी एकादशीका दिन मुख्य मेला लाग्ने गर्दछ। मनले चिताएको पुग्ने विश्वास रहेको हुनाले यस मन्दिरमा दर्शन गर्न देशका विभिन्न जिल्ला र छिमेकी देश भारतबाट समेत दर्शनार्थीहरू वर्षको कुनै पनि बेला आउने गर्छन्। यो मन्दिरमा तीर्थालुको संख्या जति बढ्यो उति नै मात्रामा चम्पादेवी थानमा रहेको झरनामा पानी बढ्ने धार्मिक विश्वास छ।

चम्पादेवी मन्दिरमा दर्शन गर्दा छोराछोरी नहुने दम्पतीले रित्तो कोक्रो ल्याएर देवीसमक्ष सन्तान माग्ने चलन छ। यसरी सन्तान माग्दा सन्तान प्राप्त हुने जनविश्वास छ। यस्तै पशु चौपाया वृद्धि गराउनका लागि दर्शनार्थीहरूले दाम्लो लिएर मन्दिर पुग्ने र दर्शन गरेर फर्कंदा मन्दिरदेखि नै गाईवस्तु डाक्दै दाम्लो घिसार्दै फर्कने गरेको पाइन्छ।

धनसम्पत्ति नहुनेहरूले धन होस् भनी चम्पादेवीसँग वर माग्ने गरेका छन्। छालासम्बन्धी रोग नलाग्ने र लागेको रोग निको हुने विश्वासमा दर्शनार्थीहरूले यस मन्दिरको झरनामा नुहाउने गरेका छन्।

चम्पादेवी मन्दिर झाँक्री विद्या सिक्ने प्रमुख थलोको रूपमा पनि रहेको छ। हरेक वर्ष हरिबोधनी एकादशीका दिन दर्जनौं धामीझाँक्री ढोल, ढ्यांग्रो बजाउँदै यो मन्दिरमा दर्शन गर्न र झाँक्री विद्या हासिल गर्न आउने गरेका छन्। चम्पादेवी आफैं उत्पत्ति भएकी हुन् भन्ने ठानिन्छ। यहाँ दर्शन गर्दा तान्त्रिक विद्यामा थप शक्ति आउने धामीझाँक्रीहरूको विश्वास छ।

चम्पादेवी मन्दिरमा हिन्दु धर्मावलम्बीहरूबाहेक बौद्धमार्गीहरूले पनि दर्शन गर्छन्। यस मन्दिरमा बली चढाइँदैन। फूल, अक्षता, दूध, दही, त्रिशूल, घण्ट, सुन-चाँदीका गहना, भेटी, डोरोलगायतका वस्तुहरू यस मन्दिरमा चढाउने गरिन्छ।

## २.४ सांस्कृतिक सम्पदा

### २.४.१ जातीय/धार्मिक संस्कार

नेपालका अन्य भागजस्तै ओखलढुंगा जिल्ला पनि सांस्कृतिक सम्पदाले सम्पन्न जिल्ला हो। त्यसअन्तर्गतको चम्पादेवी गाउँपालिका पनि सांस्कृतिक हिसाबले विविध जातजाति, धर्म, संस्कृति अवलम्बन गर्ने समुदायहरू बसोबार गर्ने पालिका हो। यस गाउँपालिकामा क्षेत्री, ब्राम्हण, मगर, नेवार, कामी, दमाई, सार्की, भुजेल, माझी, गुरुङ, बादी, गिरी, तामाङ, शेर्पा, सुनुवार राई आदि जातजातिको बसोबास रहेको छ। यी जाति सम्प्रदायहरूको आ–आफ्नै जातीय र धार्मिक संस्कार छ। एकै ठाउँमा बसोबास गर्ने भएकाले बहुजातीय र बहुधार्मिक संस्कार पनि विद्यमान छ। केही जनजाति समुदायको जातीय/धार्मिक संस्कार तल दिइएको छ।

**सुनुवार जातिको संस्कार**

परिवारमा बच्चाको जन्म भएपछि ५ देखि ७ दिनभित्रमा न्वारान (नामकरणको कार्य) गर्ने गरिन्छ। बच्चा ६ महिनाको भएपछि पास्नी गर्ने गरिन्छ। १ देखि ३ वर्ष छोराको छेवार (चूडाकर्म) गर्ने गरिन्छ भने छोरीका लागि ७, ९ वा ११ वर्षको उमेरमा गुन्यूचोली गर्ने गरिन्छ। विवाह गर्ने प्रचलनमा मगनी विवाह गर्दा केटा र केटीको उमेर पुगेपछि केटा पक्षका ठूलो बुबा, काका, मामा वा गाउँका मान्यजनसहित पुङ (जोर कठुवामा रक्सी) र जोर दही ठेकी लिई जाने गरिन्छ। त्यो जोर लैजाँदा आमा र मामाका लागि भाग छुट्टाछुट्टै लैजाने गरिन्छ। उक्त पुङ माइती पक्षले स्वीकार गरेपछि उपस्थित आफन्तजन सबैले बाँडेर खाने गर्दछन्। तत्पश्चात् विवाहको प्रस्ताव स्वीकार भएको मानिन्छ। अनि ३ वा ६ महिनापछि फेरि माइती पक्षले सोधनी गर्दछन्। त्यसमा पनि केटा पक्षले आमा र मामाको भाग पोङ (रक्सी, भातेजाँड, दहीचुंगी, कपडालगायत वस्तुहरू) लाने गरिन्छ। त्यसपछि विवाहका लागि मिति तोक्ने गरिन्छ। विवाहको दिन केटा पक्षले जन्ती लगी केटीको घरमा भोजभतेर गरी आफ्नो सामार्थअनुसार लत्ताकपडा, गरगहना पहिऱ्याई विवाह सम्पन्न गरी केटाको घरमा ल्याउने गरिन्छ। ल्याएको भोलिपल्ट गाउँले इष्टमित्र, दाजुभाइलगायतलाई वोलाई भोजभतेर गरी विवाह सम्पन्न गर्ने गरिन्छ।

सुनुवार जातिको घरमा पुरुष वा महिलाको कालगतिले मृत्यु भएमा धामी वा नाक्सोले विधिपूर्वक मरेको लासलाई घरबाहिर लगी कुश, काँचो धागो, बाँस, काठको खटिया वा बाकस, गोत्रअनुसार बनाइन्छ। त्यसपछि शवलाई बाक्सा वा खटियामा राखी फूलमाला अबिर-धुप चढाउने गरिन्छ। शवलाई दाहसंस्कारका लागि लानुभन्दा पहिला पानी राखेको चिन्डो दोबाटोमा फुटाइसकेपछि बाटो लिने मानिसले अगुल्टो, लाजा, पैसा छर्दै हिँड्छन् र त्यसपछि शवलाई लैजाने गरिन्छ। शवलाई तोकिएको ठाउँमा गाड्ने वा जलाउने भन्ने निर्णय भएपछि सोहीअनुसार विधिपूर्वक शवको दाहसंस्कार गर्ने गरिन्छ। दाहसंस्कार गरेर मलामी फर्कँदा बाटोमा आगो बाली काँडा लगाई त्यसलाई हरेक मलामीले नाघी घर फर्कने गर्दछन्। छोराहरूले दाहसंस्कारपश्चात् पितृकार्य गर्नुभन्दा अघि दाहसंस्कार स्थलमा नै कपाल काटी, घर गएपश्चात् शुद्ध भई १० दिनसम्म सेतो कपडा लगाई पितृकार्य गर्दछन्। ११ दिनमा शुद्ध-शान्ति गर्दछन्। वर्ष दिनमा गोत्रअनुसार पौखे (बरखी) गर्ने गर्दछन्। यो कार्य तीन वर्षसम्म हरेक वर्ष गर्ने गर्दछन् र औपचारिक रूपमा पितृकार्य सम्पन्न भएको मान्ने गरिन्छ।

## गुरुङ जातिको संस्कार

जातिगत पहिचानका आधारमा गुरुङ जातिको रक्सी पार्ने भाँडो रहेको छ । यहाँ खाडो जगाउने, लुतो फाल्नेलगायतका परम्पराहरू प्रचलनमा रहेका छन् । महिलाको लगाउने चुरापोते, कुण्डल, औँठी, सिक्री, फुली, मुन्द्री, शिरबन्दी, नौगेडी, तिलहरी, पाउजु, ब्रासलेट आदि प्रचलनमा रहेका छन् । प्राचीन समयदेखि चल्दै आएका चालचलन रीतिरिवाजहरू यहाँका बासिन्दाहरूले मान्दै आएका छन् । जस्तै- साउने संक्रान्तिमा लुतो फ्याँक्नेलगायतका प्रचलनहरू अहिलेसम्म चलनचल्तीमा रहेका छन् । यहाँ प्रायः सबै जातिले बच्चा जन्मेको ७ देखि ११ दिनमा बच्चाको नामकरण गर्ने गर्दछन् । बौद्ध धर्म मान्ने मानिसको बाहुल्य रहेको छ । बच्चा जन्मेको ५ देखि ६ महिनामा पास्नी गर्ने प्रचलन रहेको छ । ९ महिनादेखि १८ महिनाबीचमा छेवर गर्ने गरिएको छ । विवाह संस्कारअन्तर्गत मागीविवाह, प्रेमविवाह र अदालती विवाह प्रचलनमा रहेका छन् ।

जातिमा मागीविवाह गर्दा केटा पक्षले केटीको घरमा जाँदा केटाको बुबा, काका, ठूलो बुबा, मामालगायत अन्य मिलेर सगुन लिएर जाने गरिन्छ । सगुनका रूपमा रक्सी छयाङ आदि लिएर जाने केटी मञ्जुरी हुँदा उसैको हातबाट सबैलाई सगुन बाँड्ने गरिन्छ । त्यसपछि विवाहको तिथिमिति तोकिन्छ । कुरो छिनोफानो भइसकेपछि पत्र साथ जोरठेकी दही, जोर गिलास रक्सी, जोर सेली रोटी, भेडा अथवा खसी एक लगायत सामग्रीहरू लगिन्छन् । पत्र लगेको दोस्रो दिनमा रक्सी, रोटी, मासुलगायतका परिकारहरू केटी पक्षले सबैलाई खुवाउँछन् । गोडाधुने, भात खुवाउने, भोलिपल्ट जन्ती लाने गरिन्छ । चम्पादेवी गाउँपालिकाको वडा नम्बर ८ मा बसोबास गर्ने गुरुङ जातिको संस्कारमा केही भिन्नता भए पनि आम गुरुङहरूकै संस्कारजस्तै छ ।

## बादी जातिको संस्कार

चम्पादेवी गाउँपालिका वडा नम्बर ८ को बिलन्दुमा बादी जातिको बसोबास रहेको छ । उनीहरू करिब ४ दशकअघि दोलखाको लुभु साम्देनबाट तत्कालीन समाजसेवी गम्नाङे गुरुङ बुढाले यस ठाउँमा नाचगान गर्न, गीत गाउनका लागि ल्याएका थिए भन्ने भनाइ रहेको छ । एक परिवार ल्याइएकोमा अहिले विस्तार भई करिब १५ परिवार जति भएका छन् । उनीहरूले बच्चा जन्मेपछि ६ देखि ७ दिनमा बच्चाको न्वारान गर्ने गरेका छन् । बच्चा ६ महिनाको भएपछि पास्नी गर्ने गरिन्छ । उनीहरूले गोत्र फरक पारेर मागी विवाह गर्ने प्रचलन रहेको पाइन्छ । विवाहका लागि उमेर पुगेपछि केटीको घरमा केटा पक्षका आफन्तहरूले सुक्रे तथा पुङ लिएर केटीको घरमा जाने गर्दछन् । त्यो केटा पक्षबाट लगिएको पुङ त्यहाँ माइती पक्षसहित उक्त समयमा उपस्थित सबैले बाँडेर खाएपछि सहमति भएको निष्कर्ष निकाली पत्र ल्याउने (साइपाटा) ल्याउने दिन र विवाह दिनको मिति तोक्ने गरिन्छ । पत्र ल्याउँदा दही ठेकी, सुपारी, उखु, माछा, सेलरोटी, मसला आदि सबै थोक मिलाएर लाने गरिन्छ । पहिला पत्र र विवाहको मिति फरक हुने गरेकोमा हालका दिनमा भने अघिअघि पत्र र पछिपछि जन्ती लिई जाने एकै दिन गर्ने प्रचलन रहेको छ । विवाहको कर्मकाण्ड ज्वाइँ वा भान्जाद्वारा गराउने गरिन्छ । विवाहको दिन जन्ती लैजाँदा आफ्नै जातिका मात्र लाने गरिन्छ । उनीहरूलाई केटीको घरमा भोज गरिसकेपछि केटीलाई लिएर आफ्नो घरमा फर्कने र घरमा भित्र्याइसकेपछि भोलिपल्ट गाउँका सबैलाई केटाको घरमा बोलाई सामूहिक भोज गरी विवाह सम्पन्न गर्ने गरिन्छ ।

घरमा महिला तथा पुरुषको मृत्यु भएमा विधिपूर्वक घाटमा लगी दाहसंस्कार गर्ने गरिन्छ । दाहसंस्कार सकेपछि १३ दिन शुद्ध भई कोरामा बसी पितृकार्य गर्ने गरिन्छ । त्यसपछि हरेक वर्ष चण्डीपूर्णिमामा आमाको नाममा पोथी र बुबाको नाममा

भाले कुलस्थानमा बलि दिई पूजा गर्ने गरिन्छ । उनीहरूले जात्रा र नाचगानमा मारुनी नाच नाच्ने गर्दछन् । उनीहरूले गाउने परम्परागत गीत र नाचहरू समाजमा प्रचलनमा रहेका छन् ।

**मगर जातिको संस्कार**

यस गाउँपालिकाको वडा १ र २ मा बसोबास गर्ने मगर जातिको जातीय र धार्मिक संस्कार अन्यत्रका मगर जातिको भन्दा केही कुरामा फरक भए पनि सामान्य रूपमा तल दिएबमोजिम रहेको छ-

जन्म संस्कारको हकमा शिशु जन्मेको दिन गनेर छोरी भए ५ दिनमा र छोरा भएमा ७ दिनमा बाहुनद्वारा न्वारान गरिन्छ । न्वारान गरिसकेपछि कुटुम्बद्वारा सुत्केरी चोख्याउने काम गरिन्छ । सुत्केरीलाई२२ दिनमा पानी छुवाइन्छ । छोराको पास्नी ६ महिनामा र छोरीको पास्नी ५ महिनामा गर्ने चलन छ । छोराको चूडाकर्मस्वरूप ३ वर्षमा कपाल काटिदिने गरिन्छ । कपाल काट्नका लागि ज्योतिषलाईसाइत हेराइन्छ । त्यो बेला साइत हेर्दा जसको हातबाट कपाल काट्न जुर्छ, उसैको हातबाट मात्र कैँची, छुराले कपाल काट्ने चलन छ । बालकको छेवर गर्दा बालकको बुबा घरमा हुनु अनिवार्य नै छ । बुबा घरमा नभएमा छेवर गर्न गराउन मिल्दैन । छोरीको हकमा ५ वर्ष, ७ वर्ष वा ९ वर्षको समय पारेर गुन्यूचोली दिइन्छ । विवाह ३ प्रकारले गरिन्छ । वयस्क युवायुवतीहरूले भागी र चोरी कुनै पनि प्रकारबाट विवाह गर्छन् । मागी विवाहमा बाहुनद्वारा मन्त्रोचारण गरिन्छ भने अरूखाले विवाहमा खासै कुनै रीत हुँदैन । मागी विवाह गर्दा लमीद्वारा एक कठुवा वा एक बोतल रक्सी (सर्के पुङ) लिएर केटीको घरमा जाने र त्यहाँ लमीद्वारा केटाका बारेमा बयान गरिन्छ । कुरा मिलेपछि एकोहोरी वा दोहोरी गर्ने निश्चित मिति तोकेर सुगनसहितको दही, माछा, रोटी, रक्सी लगेर पितृ बुझाउने सामान लैजाने गरिन्छ । यति काम सकेपछि पात्रो हेरी लगन निश्चित गरेर दिउँसो वा राति लगनअनुसार विवाह कर्म गरिन्छ । विवाहका लागि जन्ती लिएर केटा पक्ष केटीको घरमा जान्छन् । बाहुनले कर्मकाण्डीय विधि गरी सोही दिनमा वा भोलिपल्ट बेहुलीलाईकेटाको घरमा पठाउने गरिन्छ । केटाको घरमा दुलही पुगेपछि मूल ढोकाबाट दुलहीलाई घरमा भित्र्याउने गरिन्छ । यसरी विधिपूर्वक घर भित्र्याएकी बुहारीलाई भोलिपल्ट बिहान चेलीहरूबाट नुवाइधुवाइ गरी सिन्दुर पखालिदिने चलन छ ।

मगर समुदायमा मानिसको मृत्यु भएमा शवलाई घरको आँगनमा राखी बाहुनले विधि गराई पिण्ड दिएपछि गाउँले बोलाएर बाँसको खटिया बनाई शवलाई खटियामा राखी खोला वा नदीमा लगेर सद्गत गरिन्छ । त्यसपछि मृतकको छोराहरूले कपाल खौरेर किरियापुत्रीका रूपमा सेतो कपडा पहिरिएर घाटबाट घरमा पुग्छन् । किरियापुत्री बस्नको लागि बनाइएको स्थानलाई सुरक्षित गर्न मान्द्रोले बेरिएको हुन्छ । किरियापुत्रीलाई १० दिनसम्म कसैले छुन मिल्दैन । किरियापुत्रीहरूलाई पानी नचल्ने जातिहरूसँग बोल्न र छुन मिल्दैन । किरियापुत्रीले पँधेरो वा खोलामा गएर नुवाएर आफैंले पकाएको खाना खाने गर्नुपर्छ । किरियाकर्मको १० आफैं दिनमा पुरेतबाट शुद्ध-शान्ति भई चोखिने चलन छ । १३ औं दिनमा जुठो चोख्याउने गरिन्छ । जुठो चोख्याए पनि एक वर्षसम्म मृतकको घरमा आशौच बार्ने चलन छ । यस्तो बेला घरमा कुनै शुभकर्म गर्न मिल्दैन । आशौच बार्नेले ४५ दिनमा कपडा परिवर्तन पनि गर्दछन् भने कोहीले एक वर्षसम्म पनि सेतो कपडा नै लगाउने जुठो बार्ने गर्छन् । आशौचको वर्षदिन पुगेपछि वार्षिकी गरेर घर चोख्याउने गरिन्छ ।

**माझी जातिको संस्कार**

यस गाउँपालिकाको वडा नम्बर २ मा बसोबास गर्ने माझी जातिको संस्कार आफ्नै खालको छ । माझी संस्कारमा बालक जन्मेको ५ देखि ७ दिनभित्रमा बुढापाकाहरूले नामकरण (न्वारान) गर्छन् । बच्चा छोरी भएमा ५ महिना र छोरा भएमा ६ महिनाको उमेर भएपछि पास्नी गरिन्छ । छोरीलाई महिनावारी हुनु अगाडि नै साइत पारेर ९ वर्षभित्र गुन्यूचोली दिने

गरिन्छ । छोरालाई ३ वर्ष, ५ वर्ष वा ९ वर्षको उमेर पारेर चूडाकर्म (छेवर) गरिन्छ । केटाकेटीले उमेर पुगेपछि आफ्नो जातीय परम्पराअनुसार मागेर विवाह गर्दछन् ।

मृत्यु संस्कार– मृत्यु संस्कार गर्दा विगतमा शवलाई नदीमा लगेर बगाइन्थ्यो । तर आज भोलि यो चलन परिवर्तन गरेर शवलाई जलाउने गरिन्छ । जुठोलाई ५ दिनमा चोख्याइन्छ । वार्षिक श्रद्धा गर्दा आश्विन कृष्ण प्रतिपदाको दिनमा पितृकर्म गरिन्छ । पूर्णिमाका दिनमा विधि गरेर मृत आत्मालाई बोलाइन्छ । पितृलाई बोलाउँदा घरको आँगनमा सालका ४ वटा लिंगो गाडिन्छन् । एउटा बाँसको फुर्लुंगमा कुखुराको चल्ला र एक माना चामल राखेर त्यसमा खरको गजुर बनाई पैसा वा भेटीले पितृ बस्ने मन्दिर बनाई मन्दिरमा राखिन्छ, जसलाई झिँगटी भनिन्छ । त्यसपछि पितृलयमा मादल बजाएर मृतआत्मालाई बोलाइन्छ । उपस्थित भएको मृतआत्मालाई जोखाना देखाउने चलन पनि छ । बोलाएको आत्मा उपस्थित माझी समुदायका मानिसहरूमध्ये जसको जीउमा चढ्छ, पूजाको सबै दानदक्षिणा उसैलाई दिइन्छ । बोलाएको पितृ कसैको जीउमा नचढेमा त्यो दिनको दानदक्षिणा छोरीलाई दिइन्छ । ३ दिनमा पितृको खलो भोर्लाको पातमा बनाएर राखिन्छ । माझी जातिमा मानिसको मृत्यु भएको बेला एक जनाले एक वर्षसम्म आशौच बार्नुपर्छ । पुरुष मरेमा राँगो, बुचो (सुंगुरको भाले) बोका काटेर भोज गर्नुपर्छ भने महिला मरेमा भैंसी, बाख्री वा पाठी काटेर भोज गर्नुपर्छ ।

माझीहरूको मुख्य पेसा नदी, खोला, ताल तथा पोखरीमा जाल हालेर माछा मार्नु हो । माछा मारेर राख्ने भाँडोलाई जामी भनिन्छ । जामी अल्लोको रेसाबाट बनाइएको हुन्छ । माछा मार्न बलियो रेसाबाट बनाइएको जाल प्रयोग गरिन्छ । आजकल आधुनिक जालहरूको पनि प्रयोग गरिन्छ । माझी जातिले कोशी पूजा र संसारी पूजा विशेष रूपमा गर्छन् । यी पूजा गर्दा पाठी, कुखुराको भाले, अन्डा, सिस्नो, ढिडो आदि सामग्रीहरू प्रयोग गरिन्छ ।

## २.४.२ लोक संस्कृति

### २.४.२.१ चाडपर्व

पहाडी क्षेत्रको यस गाउँपालिकामा विविध जातजातिहरूको बसोबास भएकाले यहाँको रहनसहनमा पनि विविधता छ । जातिगत सांस्कृतिक विविधता रहेको चम्पादेवी गाउँपालिकाका बासिन्दाहरूले मनाउने प्रमुख चाडपर्व र मेलाहरूमा पनि पर्याप्त विविधता पाइन्छ । मुख्य चाडपर्वहरूमा दसैं, तिहार, साउने संक्रान्ति, माघे संक्रान्ति, तीज, चैते दसैं, बुद्धजयन्ती, छठ, फागुपूर्णिमा, ल्होसार, मंसिरे पूर्णिमा आदि प्रमुख हुन् । यहाँ माघीपर्व, शिवरात्रि र बाला चतुर्दशीमा विशेष प्रकारको मेला लाग्ने गर्दछ ।

चम्पादेवी गाउँपालिकाको विभिन्न क्षेत्रमा रहेका मठमन्दिर तथा देवी देउरालीहरूमा विशेषतः वैशाख पूर्णिमा र मंसिर पूर्णिमाका दिन, एकादशी, शिवरात्रि, चैतेदसैंलगायतका विशेष दिनहरूमा विभिन्न प्रकारका मेला महोत्सवहरू सञ्चालन हुँदै आइरहेका छन् । पुर्खाले अपनाएका यस्ता मेला, पर्व, जात्राहरूको जातीय पहिचानका लागि विशेष महत्त्व रहेको छ । आफन्त भेटघाट, खुसी साट्ने अवसर, मित्रता आदानप्रदान, प्रेमसम्बन्ध इत्यादिका लागि यस्ता मेला, महोत्सव र पर्वहरू निकै महत्त्वपूर्ण मानिन्छन् । कामले थकित भएका मानिसमा पुनर्ताजगी प्राप्त गर्न पनि यस्ता मेला महोत्सव निकै उपयोगी देखिन्छन् । यस्तै स्थानीय उत्पादनहरूको बेचबिखन गरी आयआर्जन गर्ने मौका पनि यस्ता चाडपर्वले प्रदान गरेको हुन्छ ।

### २.४.२.२ रैथाने सीप

चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिका मानिसहरू कुनै न कुनै किसिमका रैथाने सीपले सम्पन्न छन् । परम्परागत पेसाका रूपमा अपनाउनेदेखि त्यही सीपको प्रयोग गरेर आफ्नो दक्षता प्रदर्शन गर्दै इज्जत, इमान, आयआर्जन गर्नेहरूको संख्या पनि उल्लेख्य छ । डोको दाम्लो बुन्ने, राडीपाखी बनाउने, धातुका भाँडाकुँडा र फलामका औजारहरू बनाउने, चोयाका सामान बनाउने, काठका सामान बनाउने, बाँसका सामान बनाउने सीपहरूले यो गाउँपालिकाका मानिसहरू सम्पन्न छन् । स्थानीय स्तरमा मात्र नभई विभिन्न सहरी क्षेत्रहरूमा समेत उनीहरूको उत्पादनले स्थान पाउने गरेको छ । यस्तै जाँड–रक्सी बनाउने, गुन्द्रुक बनाउने, घ्यू उत्पादन गर्ने, सुकुटी र अचार बनाउनेलगायतका रैथाने सीपहरूबाट महिला र पुरुष सम्पन्न छन् । यो क्षेत्रका मानिसहरूको पहिचान नै रैथाने सीप रहेको छ ।

विगतमा पूर्णरूपमा मानवीय श्रमबाट मात्र उत्पादन हुने यस्तो सीप र दक्षतामा आजभोलि आधुनिकताले केही असर गरिरहेको देखिन्छ । विगतमा सबै मानिसले यस्ता रैथाने सीप सिक्ने गरेको भए तापनि आजभोलि शिक्षा र युवाहरू विदेशतिर जाने र पेसा परिवर्तन गर्ने रुचिले यस्ता स्थानीय रैथाने सीपहरू ओझेलमा पर्न थालेका छन् । कतिपय युवाहरू वैदेशिक रोजगारीमा जाँदा मौलिक सीप बिर्सने भएकाले कालान्तरमा रैथाने सीप लोप हुँदै जाने खतरामा छन् । यस्तो स्थिति आउन नदिन स्थानीय तह, प्रदेश तथा संघीय सरकारले रैथाने सीपको संरक्षण गर्न उपयुक्त नीति बनाई तदनुरूपका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ ।

### २.४.२.३ गरगहना

चम्पादेवी गाउँपालिकाका बासिन्दाहरूले आफ्नो जात, धर्म, परम्परा र संस्कारअनुसार विभिन्न प्रकारका गरगहनाको प्रयोग गर्दै आइरहेका छन् । यहाँका बासिन्दाले ती गरगहनाहरू स्थानीय मेलापर्व र चाडबाडमा विशेष समारोहहरूमा विवाह, छेवर, व्रतबन्धलगायतका कार्यक्रमहरूमा प्रदर्शन गर्ने र पहिरिने गर्छन् । धातु, पत्थर इत्यादिबाट निर्मित त्यस्ता गरगनाहरू जातीय पहिचानका लागि विशेष महत्त्वका सामग्री हुन् । यहाँका पुरुष महिलाहरू सबैले पहिरिने गहनाहरूमा सुनका सिक्री, औंठी, ब्रास्लेट, चेप्टेसुन, ढुंग्री, मुन्द्री, तिलहरी, माला, शिरफूल बाला, पाउजुलगायतका गहनाहरू प्रयोगमा रहेका छन् ।

### २.४.२.४ वेशभूषा

यहाँका मानिसहरूले सामान्यतः सबै पहाडिया नेपालीहरूले पहिरिने पोसाक नै लगाए तापनि खासगरी जातीय पहिचान दिने आफ्ना वेशभूषा रहेका छन् । जातिगत पहिचानका लागि विगतदेखि नै प्रचलनमा आएका गुन्यूचोली, दौरा–सुरुवाल, टोपी, साडी, चोलो, दोचा, बक्खु, आङ्गीपाङ्देनलगायतका पोसाकहरू पहिरिने गर्दछन् । यी पोसाकहरू चाडपर्व, मेला, महोत्सव, सांस्कृतिक र धार्मिक कार्यक्रमहरूमा व्यापक मात्रामा पहिरिने गर्दछन् ।

### २.४.२.५ खानपान

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको खानपान साधारणतः दालभात, सागसब्जी, माछा, मासु, फलफूल, दूध, दही, घ्यू, अन्डा चिसो पदार्थहरू आदि रहेका छन् भने जातिगत रूपमा विशेष गरी चाडपर्वमा जाँड, रक्सी, बियर आदि पेय पदार्थको पनि प्रयोग गरेको पाइन्छ । यहाँका मानिसहरूले आफ्नो खानाका रूपमा दाल, भात, तरकारी, अचार, दही,

दुध, मही, घ्यू, अन्डा, मासु, आदि खाने गर्दछन्। गुरुङ, तामाङ, दलित र बादी जातिहरूले छयाङ रक्सी सेवन गर्ने गरेको पाइन्छ। साथै चिसो पेय पदार्थहरूको समेत प्रयोग हुने गरेको छ।

### २.४.२.६ खेलकुद/मनोरञ्जन

यस क्षेत्रमा विशेष उत्सवका रूपमा नारी दिवस, वातावरण दिवस आदि मनाउने गरेको भने एकादशीमा देवी मन्दिरहरूमा मेला लाग्ने गरेको पनि पाइन्छ । चाडपर्व, उत्सव र मेलाजात्राबाहेक मनोरञ्जनका लागि विभिन्न खेलकुदहरूलाई अपनाएको पाइन्छ । मुख्य खेलकुदहरूमा भलिबल, हाइजम्प, लङजम्प, त्रिपलजम्प, भाले जुधाइ, बाघचाल, खल्याङ्गखुट्टी, स्केटिङ लुँडो, क्यारेमबोर्ड, चेस आदि रहेका छन्।

### २.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

यस गाउँपालिकाका सबै समुदायको साझा भाषा नेपाली हो। यसबाहेक प्रत्येक समुदायका आफ्नै भाषा पनि छन् तर तिनको छुट्टै लिपि छैन। नेपाली भाषाबाहेक अन्य भाषामा उल्लेख साहित्य पनि लेखेको देखिएको छैन। लोकलयमा गाइने गीतहरू भने प्रशस्तै छन्। त्यस्ता गीतहरू मेलापाता, चाडपर्व, उत्सव इत्यादिमा लोकबाजाका साथमा गाइन्छन्। यहाँ बसोबास गर्ने सबै जातजातिहरूको आफ्नै फरक-फरक संस्कार र संस्कृति भए तापनि लोकबाजा, लोकगीत र लोकनृत्यमा भने आपसी संहिष्णुताको व्यवहार राम्रोसँग देख्न सकिन्छ। सबै जात, धर्म र संस्कृतिअनुसार प्रदर्शन हुने प्रयोग गरिने लोकगीत, लोकनृत्य, लोकबाजाहरूमा सबै आनन्द लिएको देख्न सकिन्छ। केही अवस्थाबाहेक सबै जातजातिका मानिसहरूले सबैको यस्ता लोक व्यवहारहरूमा सजिलै सहभागी हुने गर्दछन्। लोकबाजाहरू मादल, बाँसुरी, पञ्चेबाजा, नौमतीबाजा, विनायो, मुर्चुङ्गा, डम्फु, बच्चेबाजालगायतका प्रयोगमा छन्। कलाकौशलको हकमा उल्लेख्य कालिगडी देखिँदैन। विद्यालयका बालबालिकाहरूले चित्र कोर्ने काम गरेको भने पाइन्छ।

## २.५ वडागत विवरण

### वडा नम्बर १

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

किराँतकालमा पलाङ भन्ने किराँत राजाले यस ठाउँमा राज गरेको हुनाले यस ठाउँलाई पलाङ भनिँदै गएको र पछि अपभ्रंश हुँदै यस ठाउँको नाम पलापु हुन गएको र सोही नाम लोकप्रिय हुँदै हालसम्म चलनमा रहेको भन्ने किम्वदन्ती रहिआएको छ।

### २.५.२ ऐतिहासिक–पुरातात्त्विक स्थल

### २.५.२.१ ऐतिहासिक–पुरातात्त्विक महत्त्वका स्थलहरू

यस वडामा चर्चित कोट, गढी, किल्ला, दुर्गजस्ता ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थल नरहेको भए तापनि र सार्वजनिक रूपमा प्रयोग हुने चौतारा, डाँडा, पानीघट्ट, पँधेरा, कुवाजस्ता स्थलहरू भने रहेको पाइन्छ। जसको विवरण तत्तत् खण्डमा उल्लेख गिरएको छ।

### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस क्षेत्रमा रहेका सार्वजनिक महत्त्वका देउरालीहरूमा मकुवा देउराली, आलेटोल देउराली छन्। त्यसैगरी यहाँ जलकिनी विश्रामस्थल, मकुवा विश्रामस्थल, लिखापानी विश्रामस्थल, आहाल विश्रामस्थल, केराबारी विश्रामस्थल, आलेगाँउमा रहेको बडरपानी विश्रामस्थल, चौरटोल, भाँडापानी, खोलापारि विश्रामस्थल, करमडाँडा विश्रामस्थललगायतका विश्रामस्थलहरू छन्। विशेषतः जलकिनी विश्रामस्थल र मकुवा विश्रामस्थल सबैका लागि प्रयोगमा आउँछन् भने अन्य केही विश्रामस्थलहरू मगर समुदायका लागि प्रयोगमा आएका छन्। त्यस्तैगरी यहाँ जलकिनी, मकुवादोभान, पुना खोला दोभान र धाङसाङमा दाहसंस्कार स्थलहरू पनि यहाँका सार्वजनिक प्रयोगका स्थलहरू हुन्।

### २.५.३ धार्मिक सम्पदा

यस क्षेत्रको पलापु बजारमा भीमसेन मन्दिर, डाँसीटारमा निर्जल महादेव मन्दिर, आले गाउँमा पञ्चेश्वरी महादेव मन्दिर, खोलापाटीमा हलेश्वर मन्दिर रहेको छ। त्यस्तै पुनटारमा दुग्धेश्वर मन्दिर र महारुद्र भञ्ज्याङमा महारुद्रेश्वर मन्दिर रहेका छन्। यी मन्दिरहरू महत्त्वपूर्ण धार्मिक सम्पदा हुन्।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

यस वडाको बस्ती मुख्यतः मगर समुदायको छ। मगर जातिको आफ्नै जातीय संस्कार भए पनि अन्य समुदायका केही संस्कारहरू पनि अपनाउने गर्छन्। अन्यत्र जस्तै यो ठाउँ पनि बहुसांस्कृतिक हुँदै गएको छ।

#### २.५.४.२ लोक–संस्कृति

यस वडामा बसोबास गर्ने अधिकांश जातजातिहरूले दसैं, तिहारजस्ता केही साझा चाडपर्वहरूबाहेक जाति विशेषका मंसिर पूर्णिमा, वैशाख पूर्णिमा, माघेसंक्रान्तिजस्ता छुट्टै चाडपर्वहरू पनि मनाउने गरेका छन्। त्यसैगरी यहाँका समुदायहरूका जातजातिअनुसारका आ-आफ्नै गरगहना, वेशभूषा, खानपान, रीतिरिवाज, परम्परा, प्रचलन रहेको भए पनि हिजोआज साझा वेशभूषा लोकप्रिय हुँदै गएका छन्।

#### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

यहाँका जनजाति समुदायले प्रयोग गर्ने भाषा पनि मूलतः नेपाली रहेको भए पनि जातिअनुसारका मातृभाषा बोल्ने गरेको पाइन्छ। यहाँ उल्लेख्य रूपमा साहित्यिक कृतिहरू प्रकाशन भएको नभए पनि लोक गीतसंगीतको परम्परा भने कायमै छ। झ्याउरे नृत्य यहाँको मुख्य लोकनृत्य हो भने मादल, बाँसुरी, मुरली, पञ्चेबाजा, नौमती बाजा, खैँजडी आदि यहाँका मुख्य लोकबाजाहरू हुन्। मेलापर्व मनाउँदा यहाँका समुदायहरूले लोकनृत्य नाच्ने गर्छन्। घाँसे गीत र नाच यहाँको मुख्य गीतसंगीत हो भने बालन, गीत र नाच पनि यहाँ प्रचलनमा रहेको छन्। त्यस्तैगरी संगिनी गीत र नाच साथै रत्यौली गीत र नाचहरू पनि यहाँका सांगीतिक सम्पदा हुन्। मेलापातमा जाँदा लोकगीत गाउने परम्परा यहाँ पनि छ।

**वडा नम्बर २**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

वडा नम्बर २ को प्रशासनिक केन्द्र रहेको स्थान नवलपुर भन्ने स्थानमा रहेको छ। नवलपुरको नामकरणसम्बन्धमा आधिकारिक सूचना र स्रोत हालसम्म प्राप्त हुन सकेको छैन।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू

यस वडामा गोल्मा देवी, कोर्जु, घामचुली, ककनीजस्ता ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलका साथै सार्वजनिक रूपमा प्रयोग हुने चौतारा, डाँडा, पानीघट्ट, पँधेरा कुवाजस्ता स्थलहरू भने रहेको पाइन्छ। जसको विवरण तत्तत् खण्डमा उल्लेख गरिएको छ।

#### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरू

यस वडामा सार्वजनिक प्रयोगमा रहेका स्थलहरू ग्वाँसै डाँडामा रहेको देउराली, दलङ चौतारा, ठुटेपीपल चौतारा इत्यादि हुन्। मृत्यु संस्कारका लागि दाहसंस्कार स्थलहरूमा लिखु मकुवा, सुनकोशी, जल्केनी, बेनी, सिम्लेखोला दोभान इत्यादि रहेका छन्।

### २.५.३ धार्मिक सम्पदा

यस वडाका हिन्दु धर्मावलम्बीहरूले देवीको पूजाआराधना गर्ने धार्मिक स्थलहरूमा चण्डेश्वरी मन्दिर, कुइभीर बालकन्या देवी, ककनी मन्दिर, गोल्मा देवी, कालिका देवी माझी गाउँ र कोर्जु, चण्डेश्वरी मन्दिर, गैयादेवी मन्दिर, चम्पादेवी मन्दिर (भोक्टेनी), गैया देवी मन्दिर, दुर्जेथान, कालिका देवी मन्दिर र महादेवको पूजाआराधना गर्ने मन्दिरमा सिमलडाँडा शिव मन्दिर, श्री महादेव मन्दिर, डल्लेश्वर शिव मन्दिर, बगमचौर महादेवस्थान, जलेश्वर शिव मन्दिर, मकुलस्थान महादेव मन्दिर, भीमसेनस्थान, फलाँटे मैँया मन्दिर आदि प्रमुख छन्। त्यसैगरी, यहाँका इसाई धर्मावलम्बीहरूले स्थापना गरेको चर्च नवलपुरमा छ। यसको नाम नवलपुर गलगठ्ठा चर्च रहेको छ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

चम्पादेवी गाउँपालिकाको वडा नं २ मा मुख्य रूपमा मगर, माझी र सुनुवार जातिको बस्ती रहेको छ। ओखलढुंगा जिल्ला चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने जातजातिहरूमध्ये माझी जाति पनि एक प्रमुख जाति हो। यो गाउँपालिकाको वडा नं २ को नवलपुरमा माझी जातिको ठूलो बस्ती रहेको छ जुन जाति सीमान्तकृत जातिमा पर्दछ।

#### २.५.४.२ लोक संस्कृति

मगर, माझी र सुनुवार जातिको बाहुल्य रहेको समुदायमा लोकप्रिय लोक संस्कृतिहरूबारे यसअघिको जातीय/धार्मिक संस्कार खण्डमा विस्तृत उल्लेख गरिएकाले यहाँ उल्लेख गरिएको छैन।

#### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

यस वडा क्षेत्रमा बसोबास गर्ने मगर, माझी र सुनुवार जातिको आ-आफ्नै मातृभाषा रहेको छ भने अन्य जातिले नेपाली भाषालाई नै मातृभाषाका रूपमा बोल्ने गरेको पाइन्छ।

यस वडामा प्रचलित लोकनृत्यहरूमा झ्याउरे, उँधौली उँभौली नाच, एकादशी नाच आदि रहेका छन्। लोकबाजाहरूमा पञ्चैबाजा, नौमती बाजा, मादल, बाँसुरी रहेका छन्।

**वडा नम्बर ३**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

साबिक कालिका गाविसको वडा नम्बर ४ बाहेक अरू ८ वडाहरूलाई समेटेर यो वडा बनाइएको छ । यसको केन्द्र ताप्केडाँडामा कालिका देवीको नामबाट गाउँपालिकाको सदरमुकामको नाम रहेको छ । साबिक गाविसको नाम कालिका मन्दिरको नामबाट रहेकैले पालिका सदरमुकाम रहेको ठाउँको नाम पनि कालिका रहन गएको हो ।

कालिकाको केन्द्रभाग ताप्केडाँडा नामले परिचित रहेको छ । यसको आकार तल ताप्केको बिँडजस्तो र माथि ताप्केको जस्तो आकारमा भएकाले यसलाई पहिलेदेखि नै ताप्केडाँडा भनिँदै आइएको र अहिले पनि यसलाई ताप्केडाँडा नै भनेर चिनिन्छ । हाल सरोकारवालाको निर्णयअनुसार यसको नाम परिवर्तन गरी सुन्दरपुर नाम राखिएको छ, यद्यापि नयाँ नाम पूर्ण रूपले स्थापित नहुन्जेल पुरानै नाम जनजिब्रोमा रहेको छ ।

यो क्षेत्र पूर्वमा अरुण डाँडादेखि पश्चिम लिखु खोलासम्म र उत्तरमा लिखु खोला र फेदी खोला र रोरा खोलादेखि दक्षिणमा मकुवा खोलासम्म फैलिएको छ ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू

यस पालिकाको वडा नम्बर ३ मा उल्लेखनीय ऐतिहासिक महत्त्व बोकेको पुरातात्त्विक दरबार, संग्रहालयजस्ता ऐतिहासिक-पुरातात्त्विक स्थलहरू भेटिएका छैनन् ।

#### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरु

यस वडाका सार्वजनिक प्रयोगका स्थलहरूमा देवीथान, देउराली डाँडा, शिल्खु बेँसीको खहरेको चौतारो, चिप्लिङमा रहेको जयथुम्कोको चौतारो र बन्जरेटारको चौतारो हुन् ।

त्यस्तै, लिखुमा रहेका श्रेष्ठ, क्षेत्री, बाहुन आदिको दाहसंस्कार स्थल तथा देउराली डाँडाको चिहान डाँडा पनि यहाँका सार्वजनिक प्रयोगका स्थलहरू हुन् ।

### २.५.३ धार्मिक सम्पदा

यस वडामा पर्ने धार्मिक सम्पदाहरूमध्ये बोकेश्वर महादेव र शिल्खुमा रहेको जलेश्वर महादेव मन्दिर, चिप्लिङको कालिकादेवी मन्दिर, आरूबोटेको जलकन्या देवी, भाँगेको काणाङकाणी देवी, कालिकादेवी, सेतीदेवी मन्दिर प्रसिद्ध हिन्दु मन्दिरहरू हुन् । अर्को ठाउँबाट बोकेर ल्याई स्थापना गरिएकाले बोकेश्वर नाम रहन गएको भन्ने भनाइ रहेको छ । त्यसैगरी २०७८ सालमा बनाइएको पूर्णकदको बुद्धको मूर्ति यहाँको अर्को महत्त्वपूर्ण धार्मिक सम्पदा हो । सो मूर्ति रहेको स्थानमा सोनाम ल्होसारका पूजाआजा हुने गर्छ ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

क्षेत्री, ब्राह्मण, तामाङ, दलितलगायतको प्रमुख बसोबास रहेको यस वडामा बसोबास गर्ने विभिन्न जातजातिका समुदायहरूले आ-आफ्नो जातीय संस्कार, चालचलन, चाडपर्व आदि मान्ने प्रचलन रहेको पाइन्छ ।

### २.५.४.२ लोक संस्कृति

यस क्षेत्रमा बसोबास गर्ने मानिसहरूको खानपान साधारणतः दालभात, तरकारी माछा, मासु, फलफूल, दूध, दही, घ्यू, अन्डा, चिसो पदार्थहरू आदि रहेका छन् भने तामाङ जातिमा जाँड, रक्सी, बियर आदिको पनि प्रयोग रहेको पाइन्छ।

यस क्षेत्रमा मनोरञ्जनका लागि विभिन्न खेलकुदहरूलाई अपनाइन्छ, जसमध्ये मुख्य खेलकुदहरू भलिबल, हाइजम्प, लङजम्प, त्रिपलजम्प, भालेजुधाइ, बाघचाल, खल्याङ्खुट्टी, स्केटिङ, लुँडो, क्यारमबोर्ड, चेस आदि रहेका छन्। त्यस्तै गरी उत्सवका रूपमा नारी दिवस, वातावरण दिवस आदि मनाउने गरेको पाइन्छ भने एकादशीमा देवी मन्दिरहरूमा मेला लाग्ने गरेको छ।

### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

तामाङसेलो, बालन, भजन, झ्याउरे लोकगीत आदि यहाँका सांगीतिक सम्पदा हुन्। मादल, बाँसुरी, मुरली, डम्फू, पञ्चेबाजा, नौमतीबाजा आदि बाजाहरू र डम्फू नाच तथा झ्याउरे नाच यस क्षेत्रका महत्त्वपूर्ण सांस्कृतिक सम्पदा हुन्।

यहाँका बासिन्दाहरूमा घर बनाउने कला (वास्तुकला) रहेको छ।

**वडा नम्बर ४**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

संघीय लोकतान्त्रिक गणतन्त्रको संविधान जारी भएपछि गाउँपालिकाको गठन गर्दा साबिकको फेदीगुठ गाविसका वडा १–३ र ९ समेटेर अहिलेको चम्पादेवी गाउँपालिका वडा नं. ४ भएको हो। यस वडाको प्रशासनिक केन्द्र चिलाउने भन्ने स्थानमा रहेको छ। स्थानीय बस्तीहरूको नामकरण गर्दा सौरैनी गाउँको नाम सउरको ठूलो रूखबाट, चिलाउने गाउँको नाम चिलाउनेको रूखबाट, साइँदुवा गाउँको नाम एक जना त्यस्तै (साइँदुवा) स्वभावका डिठ्ठाको बसोबास भएकाले, घर्तीगाउँको नाम घर्तीहरूको बसोबास बढी भएकाले रहन गएको हो भन्ने भनाइ रहेको पाइन्छ। त्यसैगरी, फेदीगुठ गाउँको नाम पहाडको फेदी भएको र त्यहाँ गाईवस्तु पालन गरी गोठ बनाई बसेको हुनाले रहन गएको र पछि अपभ्रंश भएर फेदीगुठ भएको भनाइ रहेको पाइन्छ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू

यस पालिकाको वडा नम्बर ४ मा उल्लेख्य ऐतिहासिक महत्त्व बोकेको कुनै पुरातात्त्विक दरबार, संग्रहालयजस्ता स्थलहरू हालसम्म रहेका भेटिएका छैनन्।

### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरु

यस वडामा सार्वजनिक प्रयोगमा रहेका महत्त्वपूर्ण स्थलहरूमा पद्मा-दल प्रतिष्ठान रहेको स्थान, यही नामको प्रतीक्षालय, दारेगौँडा, देउराली डाँडा, कोस भञ्ज्याङ माथि रहेको विश्रामस्थल, सौरैनी भञ्ज्याङको चौतारा, खाल्डेमा रहेको डाक घर इत्यादि हुन्।

## २.५.३ धार्मिक सम्पदा

यस गाउँपालिकामा रहेका प्रसिद्ध मन्दिरहरूमा सौरैनीमा रहेको सावित्रा देवी मन्दिर, सिलुङमा रहेको शिवजी मन्दिर हुन् भने जागेश्वरी धाम, सत्यदेवीको पिठ्युँ पतन भएको ठाउँ, सावित्रा देवीस्थान, सेतीदेवी, सौरैनीमा रहेको कालिका मालिका, बेचुकमा रहेको बलि पूजा गरिने कालिकादेवी इत्यादि धार्मिक सम्पदा रहेका छन् । यस वडामा रहेका अन्य मठमन्दिरहरूमा श्री जागेश्वर महादेव (फेदीगुठ), कालिकादेवी (खाल्टे), कालिका र मालिकादेवी (बेचुक), कालिकादेवी र सेतीदेवी (साइँदुवा), कैलाश्वरी र मच्छिन्द्र देवी (सिलुङ), पञ्चकालिका देवी (फेदीगुठ), सिंहदेवी (नेपाने), सातकन्या देवी (फेदीगुठ), सावित्री देवी र सेतीदेवी (सौरैनी), जलशीतलाकाली (घर्तीगाउँ), कुण्डली देवी (छरछरे) हुन् । गुठीमध्ये फेदीगुठमा रहेको जागेश्वरी धाम गुठी प्रमुख हो ।

## २.५.४ सांस्कृतिक सम्पदा

### २.५.४.१ जातीय/धार्मिक संस्कार

चम्पादेवी गाउँपालिकाको जातजातिका संस्कारहरू यस वडाका पनि जातीय/धार्मिक संस्कार हुन् । मूलतः सनातन संस्कार रहेको यस वडामा जातिविशेषका धार्मिक संस्कारहरू पनि अद्यापि छन् ।

### २.५.४.२ लोक संस्कृति

क्षेत्री, ब्राह्मण, तामाङ, गिरी, मगर, दलित समुदायलगायतको प्रमुख बसोबास रहेको यस वडामा बसोबास गर्ने विभिन्न जातजातिका समुदायहरूले आ-आफ्नो जातीय संस्कार, चालचलन, चाडपर्व, लोकसंस्कृति आदि मान्ने प्रचलन रहेको पाइन्छ ।

### २.५.४.३ भाषा/साहित्य/गीत–संगीत/वाद्यवादन/कला कौशल

गुरुङ, तामाङ र मगर जातिको जातिगत भाषा र लिपि आ-आफ्नो लिपि रहेको पाइन्छ तर चलनचल्तीमा नेपाली भाषाको प्रयोग हुने भएकाले देवनागरी लिपिको नै प्रयोग सरकारी कामलगायतमा सबै जातजातिले प्रयोग गर्ने गरको पाइन्छ । यहाँ प्रचलनमा रहेका गीतसंगीतमा ठाडो भाका, झ्याउरे भाका, बालन, खैजडी बजाएर बालन गीत गाउँदै नाच्ने, तीजका बेला संगिनी गीत गाउँदै नाच्ने चलन यहाँ पनि छ ।

लोकबाजामा पञ्चेबाजामा नौमती बाजा, मादल, डम्फू, बाँसुरी, खैंजडी, ढोलक आदि छन् भने लोकनृत्यमा झ्याउरे गीतमा नाचिने, सेलोमा नाचिने नृत्य प्रचलनमा रहेका छन् । हालका दिनमा भने बजारमा आउने विभिन्न गीत, संगीत तथा नाचको प्रभावले गर्दा स्थानीय परम्परागत गीत, संगीत र नाचहरू प्रायः लोप हुँदै गएको देखिन्छ । वडा क्षेत्रमा निर्माण हुने घर, भवनहरूमा केही मात्रामा परम्परागत वास्तुकलाको नमुना देख्न सकिन्छ ।

**वडा नम्बर ५**

## २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

पहिला फेदीगुठको वडा ४-८ मिलाएर अहिले चम्पादेवी वडा नम्बर ५ को निर्माण भएको हो । यहाँको बस्ती पहाडको फेदीमा रहेको र त्यहाँ गाईवस्तु पालन गरी गोठ बनाई मानिसहरू बस्ने गरेको हुनाले रहन गएको र पछि अपभ्रंश भएर फेदीगुठ भएको भन्ने भनाइ रहेको पाइन्छ ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थल

यस वडा क्षेत्रमा विभिन्न मठमन्दिरहरू रहेका भए पनि अन्य ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू, गढी, कोट, थुम, सत्तल, पाटीपौवाहरू रहेको पाइँदैन ।

#### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरु

यस वडामा रहेका सार्वजनिक स्थलहरूमा गोपाल राई प्रतीक्षालय, भालुडाँडा प्रतीक्षालय, देवीस्थान, देउराली डाँडा आत्मारा, कालबोटे, सावित्रीदेवी, मालिङ्गे, आइतबारे, सिस्ने शिवथान, देउराली डाँडा (आत्मारा) इत्यादि हुन् । त्यसगरी विश्रामस्थलमा भालुडाँडा, बिसाउने, नेपाने डाँडा, रचनेको चौतारो, देउराली डाँडाको चौतारो, पोखरेको चौतारो इत्यादि रहेका छन् । त्यसैगरी, दाहसंस्कार स्थलमा मालिङ्गे, आत्मारा, देउराली डाँडा र पोखरे मुख्य रहेका छन् ।

### २.५.३ धार्मिक सम्पदा

यस वडाका धार्मिक सम्पदाहरूमा दक्षिणकाली मन्दिर पुरानो गाउँ, तामाङ बौद्ध गुम्बा पोखरे हुन् । यस वडामा रहेका अन्य मठमन्दिरहरूमा मालिका, तामाङ बौद्ध गुम्बा, मालिङ्गेदेवी, कालिकादेवी, चण्डेश्वरी महादेव सिस्नेपानी, जयन्तेश्वर महादेव, जलकन्या मन्दिर, सिंहदेवी मन्दिर, सावित्री देवी, आइतबारे देवी, कृष्ण मन्दिर, हरिसिद्धदेवी मन्दिर, भीमसेनस्थान मन्दिर मुख्य रहेका छन् ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा पनि चम्पादेवी गाउँपालिका अन्य वडामा जस्तै विभिन्न जातजातिका आफ्नै संस्कारहरूको चाडपर्वको रूपमा दसैं, तिहार, तीज, ल्होसार, माघे र श्रावण संक्रान्ति, उँधौली, उँभौली मनाउने गरेको पाइन्छ ।

#### २.५.४.२ लोक संस्कृति

यहाँका समुदायहरूका आफ्नो जात र धर्मअनुसारका रीतिरिवाज, कुलपरम्परा, चाडपर्व, नाच, बाजागाजा, गरगहना, वेशभूषा, चालचलन, इत्यादि छन् ।

#### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

जातिगत भाषा र लिपि देवनागरी लिपि सबैले प्रयोग गर्ने गर्छन् भने तामाङको साम्पोरा लिपि रहेको छ । गीत–संगीतमा तामाङ सेलो, बालन गीत र नाच, तीजमा गाउने संगिनी गीत र नाच, झ्याउरे प्रचलित छन् भने लोकबाजामा पञ्चेबाजा, नौमती बाजा, मादल, डम्फू, बाँसुरी इत्यादि हुन् ।

## वडा नम्बर ६

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ६ को केन्द्रका रूपमा रहेको स्थानको नाम घोरोखोरी हो । विगत लामो समयदेखि त्यो क्षेत्रमा एउटा घोरोखोरी जातको वनस्पतिको रूख रहेको स्थान हुनाले सो क्षेत्रलाई घोरोखोरी नामकरण हुन गएको

भन्ने भनाइ रहेको छ । अर्को भनाइअनुसार सो स्थानको भौगोलिक–प्राकृतिक आकृति घोडाको जस्तै रहेको देखिने भएकाले सोही आधारमा यस ठाउँको नाम घोरोखोरी हुन गएको भन्ने जनविश्वास रहेको छ ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरु

यो वडामा रहेको घोरोखोरी ठूलो प्राकृतिक ढुंगा रहेको छ जसमा ३६ कोस लेखिएको छ । यसलाई तारबार लगाएर घेरी राखिएको छ । राणाकालमा रुमाललाई पानीमा भिजाई हिँड्दा जहाँ पुग्दा उक्त रूमाल सुक्छ, त्यो ठाउँमा एक कोस हुने र नेपालको काठमाडौंबाट केन्द्र मानी ० निर्धारण गरी पूर्व र पश्चिमतर्फ कोस संख्या निर्धारण गरिएको भन्ने भनाइ रहेको छ । उक्त ढुंगामा काठमाडौलाई ० मानी गन्दै पूर्वतर्फ जाँदा यो ठाउँमा पुग्दा ३६ पटक रूमाल भिजाएको हुन सक्ने अनुमान गर्न सकिन्छ । सोही आधारमा दूरी निर्धारण गरेको भन्ने किम्वदन्ती नेपालमा प्रचलनमा रहेको छ । हाल पनि सोही आधारमा नेपालमा प्रशासनिक कामकाजी दूरी, बाटोको म्याद आदि निर्धारण हुने गरेको पाइन्छ । यसका अलावा वडा क्षेत्रमा विभिन्न मठमन्दिरहरू रहेका भए पनि ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू, गढी, कोट, थुम, सत्तल, पाटी पौवाहरू रहेको पाइँदैन ।

### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरु

यस वडाका सार्वजनिक स्थलहरूमा देउराली दोबाटे भञ्ज्याङ, सानढुंगा चौतारा, ओखलढुंगा चौतारा, आलडाँडा, थुम्कीडाँडा, अम्बोटे चौतारालगायत रहेका छन् । यहाँका मानिसको मृत्यु भएमा दाहसंस्कार गर्ने ठाउँ पहिले लिखु नदीको किनार (रामेछाप) मा रहेको साँघुटार बजारमा लाने गरेकोमा उक्त ठाउँ टाढा भएकाले हाल भने स्थानीय क्षेत्रमा नै पर्ने सिल्खुबेँसी (लिखु नदी र शेरा खोलाको दोभान), तीन दोभान, शेरा खोला, देउराली आदि ठाउँहरूमा दाहसंस्कार गर्ने गरिन्छ ।

### २.५.३ धार्मिक सम्पदा

वडा नं. ६ मा रहेका मठमन्दिरहरूमा कालिकादेवी, गणेशस्थान, शिव मन्दिर, सेतीदेवी, झाँक्रीथान, जाल्पादेवी मन्दिर, आम्बोटे झाँक्रीथान, बुढा गणेश, सेतीदेवी मन्दिर, चम्पादेवी मन्दिर मुख्य हुन् । यस वडाका रहेका अन्य धार्मिक स्थलहरूमा राधाकृष्ण मन्दिर (डडुवा), जलकिनी मन्दिर र चप्लेटी मन्दिर घोरोखोरीमा रहेका छन् भने ६० घरजति तामाङ बस्ती रहेको डाँडागाउँमा टासी होलिङ गुम्बा रहेको छ, जुन औतारी लामाले बनाएका हुन् । जलकिनीमा यशुरूप र घोरोखोरी सचही केन्द्र रहेका छन् ।

### कालिकादेवी मन्दिर

घोरोखोरी थुम्का डाँडामा रहेको यो मन्दिर आदिमकालमा उत्पत्ति भएको वा बनेको मानिन्छ । यस मन्दिरमा श्रावण १ गतेका दिन पूजापाठ गर्ने गरिन्छ । त्यस्तै, हरेक महिना बार हेरेर पनि पूजाआजा हुने गर्छ । पहिला यस क्षेत्रमा बाघ बस्ने गरेकाले बाघखोर पनि भन्ने गरिन्थ्यो । बाघको पूजाआराधना गरेमा गाउँलाई केही बिगार नहुने तर पूजाआराधना नगरेमा बाघले क्षति पु¥याउने थियो भन्ने किम्बदन्ती रहेको छ । २००७ सालमा बाघलाई खोरमा पारेर मारिएको थियो भनिन्छ । यहाँ रहेको देवीथानमा नयाँ आगन्तुक तथा भक्तहरूले वर मागेमा पूरा हुने जनविश्वास रहेको छ । यहाँ ठूली एकादशीदेखि पञ्चमीसम्म मेला लाग्ने गर्छ । यसलाई श्री चम्पादेवीको कान्छी बहिनीका रूपमा लिइन्छ ।

बुढा गणेश मन्दिर पुस्तौँ अगाडि वा बस्ती बसेको बेलादेखि नै स्थापना भएको मानिन्छ । यो मन्दिर वडा नं. ६ को खड्का टोलमा रहेको छ । हरेक मंगलबार यस मन्दिरमा पूजा गरिन्छ । यस मन्दिरमा बोकाको बलि दिने पनि प्रचलन रहेको छ ।

डाँडागाउँमा सेतीदेवी मन्दिर रहेको छ । जालपादेवी मन्दिरमा एकादशीमा र हरेक महिनाको पूर्णिमामा दर्शन गर्ने गरिन्छ । यस मन्दिरमा कोरी पूजा गरिन्छ । आम्बोटेमा अम्बोटे झाँक्रीथान रहेको छ । यहाँ वैशाख पूर्णिमामा कुखुराको बलि पूजा गरिन्छ । बाइसथानको सेतीदेवी मन्दिरमा बोका, पाठी, कुखुरा इत्यादिको बलि दिइन्छ । यहाँ वैशाखे पूर्णिमामा मुख्य पूजा गरिन्छ ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

चम्पादेवी गाउँपालिकाका अन्य स्थानमा जस्तै यहाँ पनि विभिन्न जातजातिका समुदायले जात र धर्मअनुसारका संस्कारहरू मनाउँछन् ।

#### २.५.४.२ लोक संस्कृति

यहाँका समुदायहरूका आफ्नो जात र धर्मअनुसारका गरगहना, वेशभूषा, चालचलन, रीतिरिवाज, कुलपरम्परा इत्यादि छन् ।

#### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/कला कौशल

देवनागरी लिपि मात्र प्रयोगमा रहेको छ । अन्य जातीय भाषाको छुट्टै लिपि छैन । भाषा पनि नेपाली नै प्रयोग भएको देखिन्छ ।

गीत-संगीत क्षेत्रमा लोकदोहोरी, झ्याउरे तथा ठाडो भाका, झ्याउरे नाच, लोकनृत्य पनि प्रचलनमा रहेका छन् । बालन र संगिनी पहिला प्रचलित भए पनि अहिले लोपप्रायः छन् ।

वाद्यवादनका क्षेत्रमा पञ्चेबाजा, नौमतीबाजा, मादल, मुरली आदि लोकबाजाहरू छन् ।

उल्लेख्य वास्तुकला नदेखिए पनि घर बनाउने सीप, कला यहाँका बासिन्दाहरूमा रहेको देखिन्छ ।

**वडा नम्बर ७**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ७ को प्रशासनिक केन्द्र फूलबारी विगतदेखि नै पश्चिम फर्किएको क्षेत्र हुनाले प्रशस्त मात्रामा विभिन्न जातजातिका फूलहरू प्रशस्त मात्रामा पाइने भएकाले फूलहरूको राजधानी क्षेत्र सम्झी स्थानीयहरूले फूलबारी भन्दाभन्दै हालसम्म पनि सो नाम नै प्रचलनमा आइरहेको र कायम रहेको किम्बदन्ती छ ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्वत्का स्थलहरू

यस पालिकाको वडा नम्बर ७ मा उल्लेख्य ऐतिहासिक महत्त्व बोकेको कुनै पुरातात्त्विक दरबार, कोट, गढी, संग्रहालयजस्ता स्थलहरू रहेको पाइँदैन तर सार्वजनिक प्रयोगका स्थलहरू भने रहेका छन् ।

### २.५.२.२ सार्वजनिक प्रयोगका स्थल

यस वडामा रहेका सार्वजनिक स्थलहरूमा देवीटार, सिरुबारी, केउरिनी, जौखोरियालगायत स्थानमा रहेका सामान्य मठमन्दिरहरू, चौतारी, विश्रामस्थल, विद्यालय परिसरजस्ता खेलमैदानहरू छन्।

यस वडाअन्तर्गत पर्ने कोल चौतारा, च्यानडाँडा र देवीटारमा चौताराहरूको निर्माण भएको छ भने दुम्सेखोला, घट्टेखोला, तीनदोभान, शेरा, मानेडाँडा (सल्लेरी) आदिमा दाहसंस्कार स्थलहरू रहेका छन्।

### २.५.३ धार्मिक सम्पदा

यस वडामा रहेका धार्मिक मठमन्दिरहरूमा सिंहदेवी मन्दिर, सिद्धदेवी मन्दिर, दिरप देवी मन्दिर, कालिका देवी मन्दिर, जाल्पादेवी मन्दिर, सावित्रा देवी मन्दिर, चञ्चला देवी मन्दिर, फूलबारीको बालकन्या देवी, सिकारी थान, आइतबारे, भीमसेन थान आदि रहेका छन्। यस वडामा रहेका अन्य मठमन्दिरहरू बुढा गणेश, सावित्री देवी, चञ्चला देवी, कालिका देवी, सिंहदेवी, सिद्धथान देवी, कृष्ण मन्दिर, त्रिनेत्र आध्यात्मिक धामहरू मुख्य छन्।

### २.५.४ सांस्कृतिक सम्पदा

### २.५.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा क्षेत्री, बाहुन, नेवार, तामाङ, दलित आदि जातिको बसोबास रहेको छ। सबै जातिले आफ्नै धर्म, आआफ्नै धर्मग्रन्थ र कुल पुरोहित, लामाद्वारा विधिपूर्वक गरिने धार्मिक संस्कार प्राचीनकालदेखि मान्दै आएको पाइन्छ।

मुख्य रूपमा तामाङ जातिको बसोबास रहेकाले तामाङहरूको आफ्नै विवाह संस्कार डम्फू बजाएर गर्ने गरिएको छ। त्यसैगरी मृतकको शरीरलाई लगेर मृत्यु संस्कार गर्ने गरिएको छ। आफ्नो जाति र धर्मअनुसारको धार्मिक ग्रन्थहरू जस्तै– वेद, पुराण, उपनिषद्, त्रिपिटक, बाइबल आदिमा आस्था भएको पाइन्छ। छुवाछूत अझै पनि पूर्ण रूपमा निर्मूल हुन नसकेको अवस्था यस वडामा रहेको छ।

### २.५.४.२ लोक संस्कृति

आफ्नो संस्कृतिअनुसारको चालचलन र रीतिरिवाज मान्ने गरेको पाइन्छ। विशेष अवसरमा जात र धर्मअनुसारको वेशभूषा अपनाउने र गरगहना लगाउने चलन छ।

खेलकुदका क्षेत्रमा पनि भलिबल, फुटबल, भालेजुधाइ, हाइजम्प, दौड, बाघचाल, एकखुट्टे, क्यारामबोर्ड, लुँडो, रिङ, स्केटिङ, डोरी नाघ्ने आदि यहाँका मुख्य खेलकुदहरू हुन्।

यहाँ एकदशी, मंसिरे पूर्णिमा इत्यादिमा विभिन्न जात्रा र मेला लाग्ने गरेको छ।

### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

यस वडामा नेपाली भाषाको अतिरिक्त मुख्य रूपमा तामाङ भाषालाई बोलीचालीको मुख्य भाषाका रूपमा प्रयोग गरिन्छ। हालसम्म कुनै पनि भाषालाई लिपिबद्ध गरिएको छैन भने गीतसंगीतमा झ्याउरे तथा ठाडो भाकाको प्रयोग गर्ने गरिएको तथा संगिनी र बालन गीतहरू पनि गाउने गरिएको छ। वडामा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रम तथा चाडपर्वमा पञ्चेबाजा, नौमती बाजा, मादल, बाँसुरी, खैँजडी आदि बाजाहरू बजाउने गरिएको छ। साथै बालन संगिनी झ्याउरे आदि नाचहरू नाच्नेसमेत गरिएको छ।

यहाँका बासिन्दाहरूमा ढुंगा, माटोका तथा सिमेन्टेड ढलान घर, भवनहरू निर्माण गर्ने वास्तुकला रहेको छ।

**वडा नम्बर ८**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

प्राचीनकालमा यस ठाउँमा बिलाउने घाँस पाइन्थ्यो। त्यसलाई फाँडेर त्यसताका मानिसहरूले बस्ती बसाले। त्यही बिलाउने शब्दको अपभ्रंश हुँदै बिलाउनेबाट बिलन्दु भएको भन्ने जनविश्वास रहेको छ।

यस वडामा प्रशासनिक स्थलअन्तर्गत वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय भवन रहेका छन्।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

#### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरु

यस वडामा धुसेनीगढी, बाहुनडाँडा, तल्लो चौर, किराँतकालीन गढी आदि केही ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका स्थलहरू रहेका छन्।

#### २.५.२.२ सार्वजनिक प्रयोगका स्थलहरु

यस वडामा बाक्सोता महावीर चौतारो, छिरु चौतारा, मूलभञ्ज्याङ चौतारा, धुसेनी देउराली चौतारा, चित्रे वाक्सिङ चौतारा, नागपोखरी चिप्लेटी चौतारालगायतका सार्वजनिक प्रयोगका स्थलहरू रहेका छन्।

त्यसैगरी, दुईखोला दोभान, पात्ले खोला, चित्रेखोला दोभान, धुसेनी र तीन दोभान आदि स्थानमा दाहसंस्कार स्थलहरू रहेका छन्।

### २.५.३ धार्मिक सम्पदा

यस वडामा कल्पेश्वर महादेव, कैलाशेश्वर महादेव, गौरी काली कुन्तादेवी, बोहराडाँडा कुलदेवी थान (कुन्तादेवी), तारादेवी थान, फूलमती देवीथान, शीतलादेवी थान, कालिका देवीथान, रक्तमाला देवी, आइतबारे देवीथान, गणेश मन्दिर, कृष्णमन्दिर आदि रहेका छन्। यहाँ चायाथान देउराली (बाक्सोता), सेतीदेवी देउराली (सेतोभीर) आदि देउराली रहेका छन्।

मन्दिर तथा धार्मिक स्थलहरूमा कल्पेश्वर महादेव मन्दिर, तारादेवी मन्दिर, कैलाशेश्वर महादेव मन्दिर प्रसिद्ध छन्।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

यस वडामा ब्राह्मण, क्षेत्री, गुरुङ, तामाङ, मगरलगायतका जातजातिको बसोबास रहेको छ। यहाँका जातजातिहरूमध्ये गुरुङ जातिको संस्कार उल्लेखनीय छ। गुरुङ जातिको संस्कार माथि उल्लेख भै सकेको छ।

#### २.५.४.२ लोक संस्कृति

यहाँका समुदायका चाडपर्वहरूमा दसैं, तिहार, साउने तथा माघेसंक्रान्ति, अष्टमी, तीज, चैतेदसैं, बुद्धजयन्ती, छठ, फागुपूर्णिमा, लोसार, मंसिरे पूर्णिमा आदि प्रमुख हुन्। यहाँ माघीपर्व, शिवरात्रि र बाला चतुर्दशीमा विशेष प्रकारको मेला लाग्ने गर्दछ। खानपानको हकमा दाल, भात, तरकारी, अचार, दही, दुध, मही, घ्यू, अन्डा, मासु आदि खाने गर्दछन्।

गुरुङ, तामाङ, दलित र बादी जातिहरूले छ्याङ रक्सी सेवन गर्ने गरेको पाइन्छ । साथै चिसो पेय पदार्थहरूको समेत प्रयोग हुने गरेको छ । यहाँका प्रमुख खेलकुदहरूमा भलिबल, कबड्डी, डन्डीबियो, फुटबल आदि रहेका छन् ।

**२.५.४.३ भाषा/साहित्य/गीत-संगीत/कला-कौशल**

यस वडामा नेपाली भाषाको अतिरिक्त मुख्य रूपमा तामाङ भाषालाई बोलीचीलीको मुख्य भाषाका रूपमा प्रयोग गरिन्छ । हालसम्म कुनै पनि भाषालाई लिपिबद्ध गरिएको छैन भने गीतसंगीतमा झ्याउरे तथा ठाडो भाकाको प्रयोग गर्ने गरिएको पाइन्छ । यहाँ संगिनी र बालन गीतहरू गाउने गरिएको छ ।

वडामा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रम तथा चाडपर्वमा पञ्चेबाजा, नौमती बाजा, मादल, बाँसुरी, खैँजडी आदि बाजाहरू बजाउने गरिएको छ । साथै बालन, संगिनी, झ्याउरे आदि नाचहरू नाच्नेसमेत गरिएको छ ।

यहाँका बासिन्दाहरूमा ढुंगा, माटोका तथा सिमेन्टेड ढलान घर, भवनहरू निर्माण गर्ने, हलो, जुवा बनाउन, डोको, डालो, चित्रा, थुन्से, गुन्द्री पिरा, राडी, मखलर बुन्ने, फर्निचरका सामानहरू बनाउने, झ्यालढोका निर्माण गर्ने, सिकर्मी, डकर्मी, लुगा सिलाउने र मादल बनाउने आदि कला यहाँका बासिन्दाहरूमा रहेको छ ।

**वडा नम्बर ९**

**२.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण**

चम्पादेवी गाउँपालिका वडा नं ९ को वडा कार्यालय मिश्र भञ्ज्याङमा रहेको छ । यस ठाउँलाई आदिमकालमा यस ठाउँमा कामी जातिका मानिसहरूको बसोबास रहेको हुँदा यस ठाउँलाई कामीडाँडो भनिन्थ्यो । उनीहरूलाई आजभन्दा करिब ३०० देखि ४०० वर्षअघि मिश्र जातिका ब्राह्मणहरूले विस्थापित गरी बसोबास गर्न थालेको भन्ने भनाइ रहेको छ । सोही आधारमा मिश्र थरका मानिसहरूको विगत लामो समयदेखि ऐतिहासिक बसोबास स्थल रहेको, मिश्र बस्ती भएको र भञ्ज्याङ क्षेत्र पनि रहेकाले मिश्रहरूको भञ्ज्याङ भन्दाभन्दै कालान्तरमा मिश्रभञ्ज्याङ भन्ने नाम स्थापित भएको बुझिन्छ ।

**२.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल**

**२.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरु**

मिश्रभञ्ज्याङ, चम्पादेवी मन्दिर, मिश्रभञ्ज्याङ धर्मशाला (अहिले लोप भएको), खत्रीडाँडो देउराली आदि यस वडामा रहेका ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरू हुन् । चम्पादेवी मन्दिरको नामबाट नै यो गाउँपालिकाको नामकरण भएको हो । यसको अलावा अन्य चर्चित स्थलहरू रहेको पाइँदैन ।

**२.५.२.२ सार्वजनिक प्रयोगका स्थल**

यस वडामा विभिन्न पाटी, पौवा, सत्तल, धर्मशाला, देउराली, विश्रामस्थल, चौतारा, दाहसंस्कार स्थलहरू आदि रहेका छन् । यस वडामा विगतमा मिश्रभञ्ज्याङमा धर्मशाला रहेको थियो । हाल उक्त धर्मशाला लोप भइसकेको छ । विश्रामस्थलका रूपमा देउराली डाँडा चौतारालाई लिने गरिन्छ । पीपलडाँडामा रहेको यस चौतारामा एकादशीको दिन मेला तथा हाट लाग्ने गर्दछ । वडामा रहेका दाहसंस्कार स्थलहरूमध्ये खुदुर्की घाट, सरबोटे घाट, दुम्सेखोला घाट, कोप्चेखोला घाट, बुलडाँडा घाट इत्यादि रहेका छन् । बुलडाँडा घाटमा चाहिँ शेर्पाहरूको मात्र दाहसंस्कार गर्ने गरिएको छ ।

### २.५.३ धार्मिक सम्पदा

यस वडाको उत्तर-पूर्वी सिमानामा पर्ने ककनीमा प्रसिद्ध चम्पादेवी मन्दिर अवस्थित छ । अन्य मन्दिर तथा धार्मिक स्थलहरूमा थानीदेवी, जानुकादेवी, सेतीदेवी, सावित्री देवी आदि हुन् । देवीस्थानका रूपमा सेतीदेवी रहेकी छन् भने खाँडादेवी खत्रीडाँडाको पाती चढाउने देउराली रहेको छ ।

सेतीदेवी काङग्रेङमा ठूली एकादशीमा कुल तार्ने पूजा गरिन्छ भने अघि-पछिसमेत पूजाआराधना गर्ने गरिन्छ, यसमा कुनै मन्दिरको निर्माण भएको छैन । धुसेनीबेंसीमा रहेको थानदेवीमा वैशाखे पञ्चमीमा पाठी पूजा गरिन्छ भने श्रावण पञ्चमीमा खीर पकाएर चढाउने कोरी पूजा गरिन्छ । यसो गर्नाले आफ्ना गाईवस्तुहरू स्वस्थ रहने दुहुना घरमा कहिले नटुट्ने जनविश्वास रहेको छ ।

जानुकादेवी मन्दिरमा कात्तिकको ठूली एकादशीका दिन पूजाआजा गरी मेला लाग्दछ । अरू समयमा समेत दर्शन तथा पूजाआजा गर्ने गरिन्छ । यो मन्दिरमा पशु बलि नदिई सादा पूजाआजा गर्ने गरिन्छ । सावित्रा देवी मन्दिरमा ठूली एकादशीका दिन साधा पूजा गरिन्छ । यसमा पनि बलि दिइँदैन ।

सातकन्या देवी मन्दिरलाई पात्ले चौसरादेवी पनि भनिन्छ । यहाँ वैशाख पञ्चमी र ठूलो एकादशीमा पूजा गरिन्छ । कुलानीथान पात्ले गाउँमा रहेको पुडासैनीहरूको कुलपूजा गर्ने ठाउँ कुलानी थान हो, यहाँ हरेक वर्षको जेठ महिनाको पञ्चमीमा साइत जुराएर बोका बलि दिएर पूजाआजा गरिन्छ ।

मुडुला कार्कीहरूको थानदेवी वैशाखे पूर्णिमामा पाठी पूजा गरी पूजाआजा गर्ने गरिन्छ । महादेवथानमा विशेषगरी महादेवको पूजाआजा गर्ने गरिन्छ, जलेश्वर महादेवथान भनेर पनि यसलाई चिनिन्छ । बाला चतुर्दशीमा पूजा आर्चना गरी भजन गाउने, जाग्राम बस्ने आदि गर्ने गरिन्छ । हनुमानथान मन्दिरमा बाला चतुर्दशीमा पूजाआजा गरिन्छ ।

साउने डाँडामा रहेको कृष्णमन्दिर मा भाद्रकृष्ण अष्टमीका दिन पूजाअर्चना गरी मेला लाग्ने गर्दछ । काफल डाँडामा रहेको कृष्णकन्या सिद्धेश्वरी मन्दिरमा जेठको पञ्चमीका दिन पूजा गर्ने गरिन्छ । पातलेमा रहेको मुक्तेश्वर महादेव स्थानमा वाला चतुर्दशी र माघेसंक्रान्तिका दिन पूजाआजा गर्ने गरिन्छ ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

ब्राह्मण, क्षेत्री, गुरुङ, तामाङ, मगरलगायतका जातजातिको बसोबास रहेको छ । यहाँ खाँडो जगाउने, लुतो फाल्नेलगायतका परम्पराहरू प्रचलनमा रहेका छन् । महिलाको लगाउने चुरापोते, कुण्डल, औँठी, सिक्री, फुली, मुन्द्री, शिरबन्दी, नौगेडी, तिलहरी, पाउजु, ब्रासलेट आदि प्रचलनमा रहेका छन् ।

प्राचीन समयदेखि चल्दै आएका चालचलन रीतिरिवाजहरू यहाँका बासिन्दाहरूले मान्दै आएका छन् । सबै जातिहरूले आआफ्नै धर्मग्रन्थ र कुल पुरोहित, लामाद्वारा विधिपूर्वक गर्ने प्राचीनकालदेखि मान्दै आएको पाइन्छ । आफ्नो जातिअनुसारको धार्मिक ग्रन्थहरू जस्तै- वेद, पुराण, उपनिषद्, त्रिपिटक, बाइबल आदिमा आस्था भएको पाइन्छ । धार्मिक संस्कार तथा अन्धविश्वास सबै जातिमा धेरथोर मात्रामा रहेको पाइयो । छुवाछूत अझै पनि पूर्ण रूपमा निर्मूल हुन नसकेको अवस्था यस वडामा रहेको छ ।

### २.५.४.२ लोक संस्कृति

यहाँ श्रावण संक्रान्ति, दसैं, तिहार र ल्होसारलाई विशेष पर्वका रूपमा मनाउने गरिन्छ। त्यसैगरी एकादशी, तीज, अष्टमी, बाला चतुर्दशी, ऋषिपञ्चमी आदिमा विशेष मेला तथा जात्रा हुने गर्दछ। कबड्डी, घैँटो फोर्ने, छेलो हान्ने, दौड, हाइजम्प लङजम्प, क्यारेमबोर्ड, लुँडो, बाघचाल आदि यहाँका मुख्य खेलकुद हुन्।

### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/ वाद्यवादन/कला-कौशल

यस वडामा नेपाली भाषाको अतिरिक्त मुख्य रूपमा तामाङ भाषालाई बोलीचालीको मुख्य भाषाका रूपमा प्रयोग गरिन्छ। हालसम्म कुनै पनि भाषालाई लिपिबद्ध गरिएको छैन भने गीतसंगीतमा झ्याउरे तथा ठाडो भाकाको प्रयोग गर्ने गरिएको छ। यहाँ संगिनी र बालन गीतहरू गाउने गरिन्छ। वडामा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रम तथा चाडपर्वमा पञ्चेबाजा, नौमती बाजा, मादल, बाँसुरी, खैँजडी आदि बाजाहरू बजाउने गरिएको छ भने बालन, संगिनी, झ्याउरे आदि नाचहरू नाच्ने गरिएका छन्।

यहाँका बासिन्दाहरूमा घर, भवनहरू निर्माण गर्ने, हलो, जुवा बनाउने, डोको, डालो, चित्रा, थुन्से, गुन्द्री पिरा, राडी, मखलर बुन्ने, फर्निचरका सामानहरू बनाउने, झ्यालढोका निर्माण गर्ने, सिकर्मी, डकर्मी, लुगा सिलाउने र मादल बनाउने आदि कला रहेको छ।

**वडा नम्बर १०**

### २.५.१ वडा कार्यालय रहेको स्थानको नामकरण

यस स्थानमा पहिले अति सुन्दर वन भएको साथै यहाँ विभिन्न जातका फूलहरू फुल्ने र विभिन्न प्रकारका वनस्पतिहरूसमेत भएकाले यसलाई रानीवन नामकरण गरिएको हो। यहाँ एउटा वडा कार्यालय र एउटा स्वास्थ्य चौकी रहेको छ।

### २.५.२ ऐतिहासिक-पुरातात्त्विक स्थल

### २.५.२.१ ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरु

यस पालिकाको वडा नम्बर १० मा उल्लेख्य ऐतिहासिक महत्त्व बोकेको कुनै पुरातात्त्विक दरबार संग्रहालयहरू, कोट, गढी, देवल, सत्तल, दुर्गजस्ता स्थलहरू र सांस्कृतिक स्थलहरू हालसम्म रहेका भेटिएका छैनन्।

### २.५.२.२ सार्वजनिक प्रयोगका स्थल

वडामा पोखरी विश्रामस्थल र भीमसेनस्थान विश्राम स्थल गरी दुइटा विश्रामस्थलहरू रहेका छन्। पोखरी चौतारो, विषको चौतारो, बाउन डाँडाको चौतारोलगायत चौताराहरू रहेका छन् भने लिखु, सिल्कु दोभान आदिमा दाहसंस्कार स्थल रहेको छ।

### २.५.३ धार्मिक सम्पदा

यहाँ आदिमकालमा निर्माण भएको शिव मन्दिर रहेको छ। जहाँ हरेक दिन आरती पूजा गरिन्छ भने तीज, बाला चतुर्दशी, शिवरात्रि आदि पर्वमा विशेष मेला लाग्ने गरेको छ। त्यसैगरी आदिमकालमा नै निर्माण भएको कृष्ण मन्दिरसमेत यस

वडामा रहेको छ । कृष्णाष्टमीमा यहाँ विशेष पूजाआजा गर्ने गरिएको छ । श्री सुनकेशरी माविको प्रांगणमा सरस्वती मन्दिर निर्माण गरिएको छ । यसमा सरस्वती पूजाको दिन विशेष पूजाआजा गर्ने गरिन्छ ।

तारुकेमा कालिकादेवी मन्दिर रहेको छ । यहाँ वैशाख पूर्णिमामा सबै गाउँले मिलेर गरिने विशेष पूजाआजालाई राजपूजासमेत भनिन्छ । यहाँ पूजाआजा गरेमा आफूले भाकल गरेको अथवा मनले चिताएको जुनसुकै कुरा पूरा हुने जनविश्वास रहेको छ । पोखरीभञ्ज्याङमा रहेको सुनकेशरीदेवी मन्दिरमा वैशाख पूर्णिमामा पूजाआजा गर्ने गरिन्छ । साविक गाविसको वडा नम्बर ४ को ढाँडाटोलमा रहेको जंग मालादेवी र सेतीदेवीमा वैशाख पूर्णिमामा विशेष पूजाआजा गर्ने गरिन्छ ।

साबिकको वडा नं. ६ गहतेमा रहेको रक्तमाला देवीमा पाठीको बलि दिई पूजाआजा गर्ने गरिएको छ । त्यसैगरी सातकन्या देवीमा वैशाख र मंसिरमा नियमित पूजाआजा गर्ने गरिन्छ, साबिक वडा नम्बर १ मा रहेको रक्तमाला देवीमा कात्तिक र चैते दसैंमा पाठीको बलि दिई पूजाआजा गर्ने गरिएको छ ।

साबिकको वडा नम्बर ५ नरकटेमा रहेको भीमसेनथान मन्दिरमा दसैंको अष्टमीका दिन विशेष पूजाआजा गर्ने गरिएको छ । साबिक वडा नम्बर ४ मा रहेको गैयादेवी थानमा भाकलअनुसारको पूजाआजा गर्ने गरिएको छ । साबिक वडा नं ५ मा रहेको ५५५ भीमसेन थानमा दसैंको अष्टमीका दिन बोका, राँगो, भेडो, हाँस, कुखुरा आदिको बलि दिएर पञ्चबलि पूजा गरिन्छ, साबिक वडा नं २ मा रहेको भूमिस्थान मन्दिरमा वैशाख र मंसिर पूर्णिमामा कुखुराको मात्र बलि दिई भूमिपूजा गर्ने गरिएको छ ।

साबिक वडा नम्बर ३ मा रहेको झिनेपानी भूमेस्थानमा खडेरी परेको बेला पानी पर्ने मनकामनासहित बोका र पाठी पूजा गरिन्छ । यस वडामा ढुंगेल, कार्की, बोगटी र बुढाथोकीहरूको कुलपूजा गर्ने स्थानहरू रहेका छन् । लक्ष्मीटारमा रहेको सेतीदेवी मन्दिरमा भाकलअनुसारको पूजाआजा गर्ने गरिन्छ ।

साबिक वडा नम्बर ९ मा रहेको झाँक्रीथानमा वैशाख पूर्णिमामा बोका, पाठीको बलि दिई पूजाआजा गर्ने गरिन्छ । यसका अतिरिक्त वडामा रक्तमाला, पञ्चकन्या, सेतीदेवी मन्दिर, तारकेश्वर महादेव मन्दिर, शिव मन्दिरलगायतका धार्मिक स्थलहरू रहेका छन् ।

यस वडामा रहेका मन्दिर तथा धार्मिक स्थलहरू-महाकाली, कृष्ण मन्दिर, अन्नपूर्ण सेतीदेवी, झाँक्रीस्थान, रुद्रेश्वर महादेव, कालिकादेवी, सुनकेशरा देवी, अनुरुपादेवी, लक्ष्मीटार महादेव, गैयास्थान देवी, पचपन्न भीमसेन, कर्कलादेवी आदि रहेका छन् ।

### २.५.४ सांस्कृतिक सम्पदा

#### २.५.४.१ जातीय/धार्मिक संस्कार

ब्राह्मण, क्षेत्री, गुरुङ, तामाङ, मगरलगायतका जातजातिको बसोबास रहेको छ । यहाँ खाँडो जगाउने, लुतो फाल्नेलगायतका परम्पराहरू प्रचलनमा रहेका छन् । महिलाको लगाउने शृंगार गरगहना चुरापोते, कुण्डल, औंठी, सिक्री, फुली, मुन्द्री, शिरबन्दी, नौगेडी, तिलहरी, पाउजु, ब्रासलेट आदि प्रचलनमा रहेका छन् । प्राचीन समयदेखि चल्दै आएका चालचलन, रीतिरिवाजहरू यहाँका बासिन्दाहरूले मान्दै आएका छन् । सबै जातिहरूले आआफ्नै धर्मग्रन्थ र कुल पुरोहित, लामाद्वारा विधिपूर्वक गरिने संस्कार प्राचीनकालदेखि मान्दै आएको पाइन्छ । आफ्नो जातिअनुसारका धार्मिक ग्रन्थहरू जस्तै- वेद, पुराण, उपनिषद्, त्रिपिटक, बाइबल आदिमा आस्था भएको पाइन्छ । धार्मिक संस्कार तथा

अन्धविश्वास सबै जातिमा धेरथोर मात्रामा रहेको पाइयो। छुवाछूत अझै पनि पूर्ण रूपमा निर्मूल हुन नसकेको अवस्था यस वडामा रहेको छ।

### २.५.४.२ लोक संस्कृति

यहाँका बासिन्दाहरूले अन्यत्र जस्तै- दसैं, तिहार, उँधौली, उँभौली पर्व, चैते दसैं, तीज, कृष्णजन्माष्टमी साउने तथा माघेसंक्रान्ति, ल्होसार, फागुपूर्णिमा कुलपूजालगायत चाडपर्वहरू मनाउने गर्दछन्। यसबाहेक आ–आफ्ना जात र धर्मअनुसारका पर्व र मेला पनि मनाउने गर्छन्।

खानपानका हकमा दाल, भात, तरकारी, दुध, दही, मही, फलफूल, माछा, मासु, पेय पदार्थ, रोटी, मकै, भटमास, चाउचाउ, थुक्पा, खीर आदि खाने गरेका छन्। जनजातिहरूले दैनिक रूपमा जस्तै गरेर जाँड, निगार, रक्सी खान्छन् तर अहिले क्षेत्री, बाहुनलगायत अरू जातिहरूले पनि खुसीयाली तथा रमाइलो, साथीभाइसँगको भेट र लहैलहैमा लागेर अथवा पीडामा परेर आदि कारणले मादक पदार्थको सेवन गर्ने गरेको पाइन्छ।

### २.५.४.३ भाषा/साहित्य/गीत-संगीत/वाद्यवादन/कला-कौशल

यस वडामा नेपाली भाषाको अतिरिक्त मुख्य रूपमा तामाङ भाषालाई बोलीचालीको मुख्य भाषाका रूपमा प्रयोग गरिन्छ। हालसम्म कुनै पनि भाषालाई लिपिबद्ध गरिएको छैन भने गीतसंगीतमा झ्याउरे तथा ठाडो भाकाको प्रयोग गर्ने गरिएको छ। यहाँ संगिनी र बालन गीतहरू गाउने गरिन्छ। वडामा हुने धार्मिक तथा सांस्कृतिक कार्यक्रम तथा चाडपर्वमा पञ्चेबाजा, नौमती बाजा, मादल, बाँसुरी, खैँजडी आदि बाजाहरू बजाउने गरिएको छ भने बालन, संगिनी, झ्याउरे आदि नाचहरू नाच्ने गरिन्छ।

यहाँका बासिन्दामा ढुंगा, माटोका तथा सिमेन्टेड ढलान घर, भवनहरू निर्माण गर्ने, हलोजुवा बनाउने, डोको, डालो, चित्रा, थुन्से, गुन्द्री पिरा, राडी, मखलर बुन्ने, फर्निचरका सामानहरू बनाउने, झ्यालढोका निर्माण गर्ने, सिकर्मी, डकर्मी, लुगा सिलाउने र मादल बनाउने कला रहेको छ।

# अध्याय तीन

# पर्यटनको वर्तमान अवस्था र विकासको सम्भावना

यस अध्यायमा चम्पादेवी गाउँपालिकामा पर्यटनको वर्तमान अवस्था उल्लेख गर्दै भविष्यमा पर्यटनको विकासको सम्भावनालाई उजागर गर्न खोजिएको छ । यसमा उल्लेख गरिएका विवरणहरूमाथि अध्याय एक र दुईमा देखाइएका विवरणहरूमध्येबाट पर्यटकीय सम्भावना बोकेका केही स्थानहरूको विवरण तयार गरिएको छ । त्यस अर्थमा यो विवरण अघिल्ला दुई अध्यायसँग पनि सम्बन्धित छ । यो विवरण स्थानीय तह, परदेश सरकार, संघीय सरकारलाई विकास, वातावरण संरक्षण र पर्यटन प्रवर्द्धनका लागि उपयुक्त नीति नियम बनाउन उपयोगी हुन्छ ।

कुनै पनि मानिस कुनै पनि उद्देश्य लिएर कम्तीमा एक रात बिताउने गरी एक ठाउँबाट अर्को स्थानमा पुग्दछ भने त्यस्तो कार्यलाई पर्यटन भनिन्छ । मानिसहरू अरूका संस्कृति हेर्न बुझ्न, साक्षात्कार गर्न आफ्नो कुराहरू सुनाउन, सुन्न, दृश्यावलोकन गर्न, खेलकुदका लागि, भेटघाटका लागि धार्मिक गतिविधिका लागि, वनस्पति र जीवजन्तु अध्ययन गर्न, मनोरञ्जन पदयात्रा, साहसिक पर्यटन इत्यादि उद्देश्यले एक स्थानबाट अर्को स्थानमा घुमफिर गर्छन् । यस्तो घुमफिर दुई प्रकारको हुन्छन् - पहिलो आन्तरिक पर्यटन, जसले आफ्नो देश, क्षेत्रभित्र मात्र ओहोरदोहोर वा घुमफिर गर्दछ भने त्यो आन्तरिक पर्यटन हो र दोस्रो, मानिसले आफ्नो देशको सीमा कटेर अन्य देशमा उपयुक्त उद्देश्यहरू लिई ओहोरदोर वा घुमफिर गर्दछ भने त्यसलाई बाह्य पर्यटन भनिन्छ । आजभोलि बाह्य पर्यटनलाई अन्तर्राष्ट्रिय पर्यटन पनि भनिन्छ ।

नेपाल प्रकृतिको विशिष्ट पहिचान बोकेको मुलुक हुनाले यहाँ विविध प्रकारका प्राकृतिक पर्यटकीय गतिविधिहरू विगतदेखि नै हुँदै आइरहेका छन् । त्यसैगरी यहाँका सांस्कृतिक सम्पदाको दृश्यावलोकन र अध्ययन गर्न पनि यहाँ पर्यटकहरू भित्रिने गर्छन् । यसरी नेपालमा मुख्यतः प्राकृतिक र सांस्कृतिक गरी दुई प्रकारले पर्यटकीय गतिविधिहरू सञ्चालन भइरहेका छन् । पर्यटनका धेरै फाइदाहरू हुन्छन् । तीमध्ये केही फाइदाहरू मनोरञ्जन, सांस्कृतिक आदानप्रदान, स्थानको उपयोग, बन्दव्यापार, सम्बन्ध विस्तार, प्रचारप्रसार, आयआर्जन इत्यादि हुन् । नेपालको कुल गार्हस्थ्य उत्पादनमा समेत पर्यटन क्षेत्रले योगदान पुऱ्याएको छ ।

## ३.१ गाउँपालिकामा रहेका प्रमुख पर्यटकीय स्थलहरू

चम्पादेवी गाउँपालिकामा धेरै आकर्षक पर्यटकीय स्थलहरू रहेको पाइँदैन जहाँ प्रशस्त पर्यटक आवतजावत गर्ने गरेका हुन् र गाउँपालिकाको पूरै आय-व्ययमा नै योगदान गर्न सकून् । चम्पादेवी गाउँपालिकामा पर्यटकीय स्थलहरू चर्चित केही मात्र रहेका छन् भने केही धार्मिक, प्राकृतिक, सांस्कृतिक एवं ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण ठाउँहरू छन् जहाँ आगामी दिनमा पर्यटकीय सम्भावना रहेका समेत छन् । यस गाउँपालिकामा रहेका मुख्य पर्यटकीय स्थलहरूको यो खण्डमा चर्चा गरिएको छ ।

### चम्पादेवी मन्दिर

यस गाउँपालिकाको नामकरण नै यो मन्दिरकै आधारमा भएको हो । मन्दिर साविकको बिलन्दु र कटुन्जे गाविसको संगमस्थान, गाउँपालिकाको वडा नम्बर ९ मा मोलुङ र सुनकोशी गाउँपालिकाको सीमाक्षेत्रमा अवस्थित छ । यो मन्दिर मुख्य गरी हिन्दु धर्मावलम्बीहरूको लागि जिल्लाकै सबैभन्दा महत्त्वपूर्ण तीर्थस्थल मानिन्छ । मन्दिरले धार्मिक

क्रियाकलापहरूको केन्द्रका रूपमा सेवा दिँदै आएको छ । श्रद्धालुहरूको हुनुका साथै चम्पादेवी गाउँपालिकाको सांस्कृतिक र धार्मिक पहिचानको केन्द्रबिन्दु हो । यहाँ विशेष चाडपर्वहरूमा ठूलो मेला लाग्ने गर्दछ ।

चम्पादेवी मन्दिर हिन्दु धर्मावलम्बीहरूको जिल्लाकै सबैभन्दा महत्त्वपूर्ण तीर्थस्थल हो । यो मन्दिरकै नामबाट जिल्लाको एउटा स्थानीय तहको 'चम्पादेवी' नामकरण गरिएको छ । मन्दिर साविकको बिलन्दु र कटुन्जे गाविसको संगमस्थलका रूपमा रहेको छ । यो मन्दिरमा जानका लागि ओखलढुंगा सदरमुकामबाट कटुन्जे हुँदै पुग्न सकिन्छ । यो क्षेत्र सदरमुकामदेखि १२ कोस पश्चिम रहेको छ । यहाँ गएर दर्शन गर्नाले मानोकांक्षा पूरा हुने विश्वास गरिन्छ । (सुनुवार, लीला, (२०८१) ओखलढुंगामा रहेका पर्यटकीय क्षेत्रको विकासमा प्रदेश सरकारको भूमिका, न्युज अफ नेपाल, ८ असार २०८१, शुक्रबार १३:११, https://newsofnepal.com/2024/06/21/651347/)

**कोसढुंगा**

यस गाउँपालिकाका ऐतिहासिक-पुरातात्त्विक महत्त्वका स्थलहरूमध्ये घोराखोरीस्थित कोसढुंगा एक हो । वडा नम्बर ६ मा पर्ने यो स्थल ऐतिहासिक रूपले महत्त्वपूर्ण मानिन्छ । यहाँको ढुंगामा आएर फोटो खिच्नेहरूको समय समयमा घुइँचो लाग्ने गरेको छ ।

**तीनतले**

यो मन्दिर परिसर तीनतले संरचनामा बनाइएको छ, जसले वास्तुकलात्मक रूपले आकर्षण प्रदान गर्दछ । यसले स्थानीय धार्मिक आस्था र सांस्कृतिक विशेषतालाई प्रतिविम्बित गर्छ । यहाँ एकादशी, औंसी, पूर्णिमालगायतका पर्वहरूमा दर्शनार्थी आउने गरेका छन् ।

**ककनी क्षेत्र**

बिलन्दु गाविस क्षेत्रमा रहेको यो क्षेत्र प्राकृतिक र धार्मिक महत्त्वका लागि प्रख्यात छ । ककनी क्षेत्र तीनतले मन्दिरसँग जोडिएको छ र पहाडी दृश्यावलीका कारण पर्यटकको ध्यानाकर्षण गर्दछ । ककनीस्थान धार्मिक अनुष्ठान र पर्वहरूका लागि महत्त्वपूर्ण स्थल हो । ककनीदेखि सूर्योदय र सूर्यास्तसँगै सर्वोच्च शिखर सगरमाथा, माउन्ट मकालु, लोत्से, आमादब्लम, गौरीशंकरलगायतका हिमशृंखला अवलोकन गर्न पाइन्छ ।

विभिन्न गुफाहरू (चमेरे, वनझाँक्री, इसाई गुफा) चम्पादेवी गाउँपालिकाभित्र रहेका छन् । यी गुफाहरू प्राकृतिक संरचना, धार्मिक र सांस्कृतिक महत्त्वका लागि परिचित छन् । वनझाँक्री गुफा धार्मिक अनुष्ठानका लागि प्रसिद्ध छ भने चमेरे र इसाई गुफाले पर्यटकहरूको आकर्षण बढाएका छन् ।

**प्राकृतिक स्थलहरू**

थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, सिद्धपोखरी, कवासे थुम्कालगायत डाँडा र पोखरीहरू प्राकृतिक सुन्दरताले भरिपूर्ण छन् । सुनकोशी, लिखु र शेरा खोलाका साथै साना खोलाहरू (पत्ताले खोला, फेदीखोला, सिम्लेखोला आदि) जिल्लाका जल सम्पदा हुन् र जलक्रीडाजस्ता पर्यटकीय क्रियाकलापका छिटफुट रूपमा आउने गरेका छन् ।

## ३.२ पर्यटन र पर्यटन सेवाको वर्तमान अवस्था

ओखलढंगा जिल्लाको चम्पादेवी गाउँपालिका नेपालको मध्य पहाडी क्षेत्रको विशेष पहिचान बोकेको क्षेत्र हो । यो गाउँपालिका प्राकृतिक, धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्त्विक र साहसिक सबै हिसावले पर्यटकीय सम्भावना भएको क्षेत्र हो। पहाडी भूस्वरूपमा रहेको यो गाउँपालिकाको क्षेत्रभित्र पनि विभिन्न भूसंरचनाहरू- खोलानाला, बेंसी, खोंच, उपत्यका, टाकुरा, वनजंगल, जीवजन्तु, जडीबुटी, जातजाति, जातीय/धार्मिक संस्कार, लोकसंस्कृति, वेशभूषा, रैथाने सीप, क्षमता आदि भएको क्षेत्र हुनाले पनि सामान्य स्तरमा यहाँ विगतदेखि नै पर्यटकीय गतिविधिहरू सञ्चालन हुँदै आएका छन् । यसबाहेक प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न मठमन्दिर र धाममा दर्शन गर्न केही अन्तरिक पर्यटकहरू आउने गर्दछन्। यस गाउँपालिकामा अवस्थित सबैभन्दा बढी महत्त्वको धार्मिक-सांस्कृतिक पर्यटन गन्तव्य चम्पादेवी मन्दिर नै हो। मन्दिर आसपासको क्षेत्र पनि प्राकृतिक सौन्दर्यको हिसाबले महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो।

यस गाउँपालिकाका वडाहरूमा सडक निर्माण तीव्र गतिमा भइरहेकाले आन्तरिक पर्यटनमा वृद्धि हुँदै छ । यहाँ यातातायतका साधनहरू पनि पाइन थालेको छ। यस गाउँपालिकामा पर्यटन सेवाको क्षेत्रमा केही साधारण होटलहरू रहेका छन्। होमस्टे र टुरिस्ट गाइडको व्यवस्था भने पर्याप्त रूपमा विकास भई नसकेको अवस्था छ। यहाँ पर्यटकीय स्तरका होटल संख्या न्यून मात्रामा छन् भने औसत दैनिक पर्यटन गतिविधि र औसत बसोबास दिन पनि कम नै छ। (स्रोत- आवधिक योजना २०८१-८६) वडागत रूपमा हेर्दा वडा १ मा पर्यटन सेवामा टेवा पुऱ्याउनका लागि सामान्य होटलहरू रहेका छन्। वडा २ मा १० वटा जति साधारण होटलहरू रहेका छन्। वडा ३ मा साधारण होटलहरू रहेका छन्, जसले पर्यटनमा केही सहयोग गर्ने देखिन्छ। वडा ४ मा सामान्य होटलहरू रहेका साथै फलाँटेमा सलीन एन्ड समीर नामको होटल रहेको छ। वडा ५ मा यहाँ साधारण होटलहरू रहेका छन्। वडा ६ को पर्यटन सेवामा साधारण होटलहरू रहेका छन्। वडा ७ मा साधारण होटलहरू मात्र रहेका छन्। यहाँ होमस्टे तथा टुरिस्ट गाइडको व्यवस्था छैन। वडा ८ मा सामान्य होटलहरू मात्र रहेका छन् भने गुरुङ होमस्टे सञ्चालनमा रहेको छ । वडा ९ मा चम्पादेवी मन्दिरको आसपासमा पर्यटक सेवाका लागि साधारण चिया पसलहरू छन् । सामान्य बासस्थान भएका ग्रामीण बस्तीहरू, किनाराका पसलहरू आदिले पर्यटकीय सेवा दिंदै आइरहेका छन् । तर स्तरीय होटल लज आदिको भने व्यवस्था भइसकेको छैन। वडा १० मा सामान्य होटलहरू मात्र रहेका छन्।

## ३.३ पर्यटन विकासको सम्भावना

चम्पादेवी गाउँपालिकाको आवधिक योजना (२०८१–८६) ले पर्यटन तथा संस्कृति आर्थिक विकासको आधार हो भन्दै प्राकृतिक र सांस्कृतिक सम्पदाले भरिपूर्ण रहेको स्वीकार गरेको छ। गाउँपालिकाले पहिचान गरेका स्थानीय ऐतिहासिक तथा पर्यटकीय सम्भावना रहेका ठाउँहरूमा श्री चम्पादेवी, गोल्मादेवी मन्दिर, कोजू, कालिका देवीथान, सीतापोखरी, पुनटार, सानो ककनी, सिद्धपोखरी, धरापे डाँडा, कवासे थुम्का, थामडाँडा, थामचुरी, थलारी डाँडा, डल्ली डाँडा, चमेरे गुफा, वनझाँक्री गुफा, सातकन्या गुफा, मालिंगे पार्क, चाम डाँडा, कालीका देवी थान, सिंहदेवी मन्दिर, कलेश्वर महादेव, सेरलुङ थिनल, फेन्दीछोक, टाँसी छोलिङ सोनाम गुम्बा, वनढाडी दुलो, चमेरे गुफा, तामाखानी, गुम्बा, माने, ककनी मन्दिर, चुली डाँडा, दमाहा ढुंगो सुरुङ, जम्बु चउर, लामीडाँडा आदि रहेका छन्। (आवधिक योजना २०८१–८६)

चम्पादेवी गाउँपालिका संस्कृति, वेशभूषा, भाषामा इत्यादिमा धनी छ । मगर, माझी, सुनुवार, बादी संस्कृति र तीज, पञ्चेबाजा, नैमती बाजा, दोहोरी, शेर्पा नाच, बालन नाच, जनैपूर्णिमामा धामी नाच यस गाउँपालिकाका सांस्कृतिक पहिचानका रूपमा लिन सकिन्छ भने मगर, नेवार, माझी, सुनुवार, तामाङ, गुरुङ र शेर्पाको आफ्नै वेशभूषा र भाषा छ।

यस गाउँपालिकाको धार्मिक स्थलहरूमा श्री चम्पादेवी, भीमसेनथान, दुग्देश्वर महादेव, हलेश्वर महादेव गोलमा देवी मन्दिर, कोजू कालिका देवी थान, सानो ककनी चाण्डेश्वरी सिद्धपोखरी, सेतीदेवी, वायुमान, आइतबारे, भीमसेन थान, जागेश्वर महादेव, मालिंगे देवी, सिंहदेवी, आइतबार, चामडाँडा, कालिकादेवी थान, सेतीदेवी, भूमेश्वर सिंहदेवी मन्दिर, कलेश्वर महादेव, तारादेवी, ककनी जलेश्वर महादेव, भीमसेन थान, रुद्राक्षेश्वर महादेव, कालिका देवी आदि प्रख्यात छन् । गाउँपालिका भएर बग्ने सबैभन्दा ठूला नदीहरूमा सुनकोशी, लिखु र शेरा खोला पर्दछन् भने सानामध्येका पत्ताले खोला, फेदीखोला, सिम्ले खोला, कालो खोला, घ्याङले खोला, पात्ले खोला आदि खोलाहरूमा जल पर्यटनको सम्भावनासमेत रहेको देखिन्छ (आवधिक योजना २०८१–८६) ।

यस्तै, मध्य पहाडी लोकमार्गअन्तर्गत नवलपुर घाटबाट चम्पादेवी गाउँपालिकाको पलापु, ताप्केडाँडा (गाउँपालिका केन्द्र), फेदीगुठ (जहाँ कालिका मालिका देवीको नामले चिनिने एकै ठाउँमा रहेका १० भन्दा बढी देवीहरूको दर्शन गर्न सकिन्छ) हुँदै चम्पादेवी मन्दिर पुग्न सकिन्छ । यो बाटोबाट यात्रा गर्दा रमणीय प्राकृतिक दृश्यहरू अवलोकन गर्दै जान सकिन्छ ।

यस्तै मध्यपहाडी लोकमार्गअन्तर्गत नै थोल्मे घाटबाट सुनकोशी गाउँपालिकाको बलखु, सिस्नेरी र चम्पादेवी गाउँपालिकाको फलाँटे भञ्ज्याङ हुँदै पनि जान सकिन्छ । रामेछाप जिल्लाको मन्थली, साँघुटार हुँदै ओखलढंगाको रानीवन, घोराखोरी, बिलन्दु हुँदै पनि मन्दिर पुग्न सकिन्छ । चम्पादेवी मन्दिरबाट सूर्योदय र सूर्यास्तसँगै सर्वोच्च शिखर सगरमाथालगायतका हिमशृंखला अवलोकन गर्न पाइन्छ । चम्पादेवी गाउँपालिकामा रहेका सम्भावना भएका पर्यटकीय क्षेत्रहरू हुन् ।

### ३.३.१ प्राकृतिक पर्यटन विकासको सम्भावना

प्राकृतिक पर्यटनको हिसाबले यहाँका पहाड, झरना, वनस्पति र जीवजन्तुको हिसाबले निकै आकर्षक स्थल हो । यहाँका उच्च पर्वतीय क्षेत्रबाट प्याराग्लाइडिङ, नदीहरूको माथिपट्टिबाट बन्जीजम्प र जिपलाइनको विकास हुने सम्भावना छ ।

साथै जंगल बोटबिरुवा जडीबुटी जीवजन्तु, किटपतङ्ग आदिको अध्ययन गर्न आउनेका लागि निकै सहज भएकाले अध्ययन पर्यटन पनि विकास हुन सक्नेछ । फाँट र टार आदि कृषि क्षेत्रमा व्यावसायिक कृषि पर्यटन पनि सञ्चालन गर्न सकिने देखिन्छ ।

होमस्टे र पदयात्राका क्षेत्रहरूको प्रयासमा स्तरीय ढंगबाट विकास गर्न सकिने देखिएको छ । यहाँबाट सुनकोशी गाउँपालिकाको कटुन्जे हुँदै मोलुङको त्रिवेणीधाम, तीनतले, यालुङ झरना, जेसेगाउँ, सेप्ली झरना हुँदै रामपुरसम्मको पदयात्रा मार्ग विकास हुन सक्ने देखिन्छ । यस्तै भविष्यमा माउन्टेन बाइक ट्र्याक पनि विकास गर्न सकिएमा पर्यटन प्रवर्द्धन हुन सक्ने देखिन्छ ।

### ३.३.२ धार्मिक–सांस्कृतिक पर्यटन विकासको सम्भावना

धार्मिक हिसाबले चम्पादेवी मन्दिरलगायतका विभिन्न क्षेत्रहरूमा धार्मिक पर्यटनको विकास क्रमशः हुन थालेको देखिन्छ । यस्तै, जातिगत विविधता रहेको हुनाले पनि जातिहरूका संस्कृति, वेशभूषा र भाषा अध्ययनका लागि पनि देश–विदेशबाट जिज्ञासुहरू सहज रूपमा पर्यटनको लागि आउन सक्ने अवस्था छ । त्यस अर्थमा यहाँ सांस्कृतिक पर्यटन पनि सहजै विकास हुने देखिन्छ । थोरै लगानीमा नेपालको राजधानी काठमाडौंबाट छोटो समयमा नै पुग्न सकिने दूरी रहेको हुनाले यहाँको पर्यटनको सम्भावना अझै बढेको छ । ठूला नदीहरू लिखु र सुनकोशीमा जलविद्युत् विकास ¥याफ्टिङ,

बन्जिङ आदिका लागि अध्ययन भइरहेको छ । यसबाट पनि बजार विकास हुन गई थप पर्यटकीय गतिविधिलाई राम्रो अवसर विकास हुन सक्छ ।

त्यस्तै, चम्पादेवी गाउँपालिका क्षेत्रमा रहेका हिन्दु र बुद्धिस्टहरूका धार्मिक–सांस्कृतिक सम्पदा र ऐतिहासिक स्थलहरूमा पनि पर्यटन फस्टाउन सक्ने प्रचूर सम्भावना छ । यहाँका ककनी मन्दिर, कालीदेवी मन्दिर, गोल्मादेवी मन्दिर, भीमसेन स्थान, गुम्बा र छोर्तेनहरू सांस्कृतिक पर्यटनका लागि आजभोलि राम्रो प्रचारमा रहेका छन् । धेरै कुरामा पर्यटकीय सम्भावना बोकेको चम्पादेवी गाउँपालिकामा प्राकृतिक पर्यटन, धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, कृषि पर्यटन, साहसिक पर्यटन, खेलकुद पर्यटन, पर्यापर्यटन, औद्योगिक पर्यटन, खनिज पर्यटन, स्वास्थ्य पर्यटन आदिको विकास हुन सक्ने देखिन्छ ।

ओखलढुंगाको चम्पादेवी गाउँपालिकामा यस्ता पर्यटकीय सम्भावना भए तापनि पहाडबाट सुगम स्थानमा बसाइँ सर्ने र देश छाड्ने युवाहरूको लर्कोले गर्दा भविष्यको सम्भावनालाई उजागर गराउन केही कठिनाइ हुन सक्ने देखिन्छ तर पनि राज्य र स्थानीय सरकारले यसतर्फ विशेष चनाखो हुनुपर्ने अवस्था छ ।

बढ्दो वैदेशिक सम्पर्क र पर–संस्कृतीकरणले गर्दा स्थानीय रैथाने संस्कृतिको सुरक्षा गर्नुपर्ने परिस्थितिको सिर्जना हुँदै छ । वर्तमान युवा पुस्ताले आफ्नो संस्कृतिप्रति कम महत्त्व दिनाले भविष्यमा मौलिक अस्तित्व जोगाउन निकै संघर्ष गर्नुपर्ने हुन सक्छ । तर पनि संस्कृतिकर्मी स्थानीय सचेतकहरूको भूमिका प्रभावकारी भएमा पालिकाले स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार पारी जनचेतना विकास गर्न सकेमा संरचना संरक्षणका लागि ठूलो सहयोग हुनेछ ।

संघीय सरकार प्रदेश सरकार र स्थानीय सरकारका साथै स्थानीय जागरुक व्यक्तित्वहरूले विशेष भूमिका निभाई स्थानीय व्यक्तिहरूलाई परिचालन गरी जनचेतना विस्तार गर्न सकेमा आफ्नोपनको संरक्षणका साथै पर्यटकीय गतिविधि बढ्न गएर आर्थिक विकास र प्रसिद्धि कमाउन सकिने देखिन्छ ।

## ३.४ वडागत रूपमा पर्यटकीय सम्भावना भएका ठाउँको विवरण

यस गाउँपालिकामा मुख्य गरी प्राकृतिक र धार्मिक तथा सांस्कृतिक पर्यटनको सम्भावना रहेको देखिन्छ । यस ठाउँमा रहेको धार्मिक सांस्कृतिक विविधता तथा जातीय विविधताले धार्मिक, सांस्कृतिक पर्यटनको सम्भावनालाई उजागर गर्दछ भने रमणीय डाँडा, पाखा, बेंसी, टार, खोला, गुफाहरूले प्राकृतिक पर्यटनको सम्भानवा बोकेको पाइन्छ । सरोकारवालाले ध्यान दिई पर्यटकीय क्षेत्रमा लगानी विस्तार गरेमा पर्यटन क्षेत्रमा गाउँपालिकाले यथेष्ट लाभ लिन सक्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा पर्यटकीय सम्भावना रहेका ठाउँहरूको वडागत विवरण यो खण्डमा प्रस्तुत गरिएको छ ।

### वडा नम्बर १

वडा नम्बर १ का प्रमुख पर्यटकीय स्थलहरूमा थाम्चुली, असारेटार, गणेश मानसिंह तारा पहिले पाखा, बाँसबारी पाखा, धारापानीटार, लुंगेली गैराबारी, टार केराबारी डान्सिङटार, आरेगाउँ टार, राना गाउँ टार, जल्किनी खङसाङ आदि बेंसीहरू, करेवीर पुन, ओख्रे भीर, पुना खोलाको भीर, अँधेरी भीर मकुवा, पुनाखोला, अँधेरी खोला, सुनकोशी र लिखु नदीका क्षेत्रहरू हुन् । त्यसैगरी यस वडाको सिम्लेपानीमा रहेको धनपति देवीथान यहाँ रहेको एक धार्मिक पर्यटनको सम्भावना रहेको स्थल हो ।

**वडा नम्बर २**

वडा नम्बर २ मा रहेका प्राकृतिक पर्यटकीय स्थलहरूमा ककनी ओडार, संक्रान्ति वडा ओडार, भालु वडा र खामचुली हुलुङटारको ढिस्का, टिप चौरबेंसी, मस्टर बेंसी, बतासे बेंसी, चाँदीका लागि हापापानी भीर, चाँदी खोला भीर, सुनकोशी, लिखुलगायतका नदीहरू हुन् । त्यसैगरी यस वडाका मुख्य धार्मिक-सांस्कृतिक पर्यटनको सम्भावना रहेका स्थलहरूमा चण्डेश्वरी मन्दिर, गोल्मादेवी मन्दिर, पम्फादेवी, थाम्चुली देवीथान ककनी, पानीको कालिकादेवी, दनुवा आइतबारे देवीथान, डोलेश्वर शिवधाम सत्येश्वर शिव मन्दिर आदि प्रमुख छन् ।

**वडा नम्बर ३**

वडा नम्बर ३ मा रहेका प्राकृतिक पर्यटकीय स्थलहरूमा भुटिया ओडार, टाढाको दृश्यावलोकन गर्न सकिने धरापे चुली, ताप्के डाँडा, तारपांग्रे, बन्चरे, भदौरे, सीता पोखरीचौर, जयथुम्का, पाखुरेडाँडा, सिल्खु र झ्याङबेंसी, स्यालटार बेंसी, रातिभीर, जोखेरभीर, लिखु नदी, सिल्खु, मकुवा, चित्रेलगायतका खोलाहरू यहाँका केही प्राकृतिक पर्यटकीय स्थलहरू हुन् । त्यसैगरी यस वडाका प्रमुख धार्मिक पर्यटनको सम्भावना रहेका स्थलहरूमा बोकेश्वर महादेव मन्दिर, जलेश्वर महादेव मन्दिर, सिल्खु देउराली डाँडा २०७८ मा निर्मित बुद्धको सालिक, चित्रेको खोकादेवी, भाँगेको कालिका देवी, चिप्लिङको जलकन्या देवी, शीतली देवी, दुधकुण्डदेवी झाँक्री आदि रहेका छन् ।

**वडा नम्बर ४**

वडा नम्बर ४ मा पर्यटकीय सम्भावना रहेका प्राकृतिक स्थलहरूमा सातकन्या गुफा, ढाड गुफा आदि हुन् । धार्मिक पर्यटनको सम्भावना रहेका स्थलहरूमा फेदीगुठमा रहेको जागेश्वर मन्दिर, देवीथान, सावित्रा सेतीदेवी, कालिका मालिका देवी, सातकन्या देवी, फलाँटे आदि हुन् ।

**वडा नम्बर ५**

वडा नम्बर ५ का विभिन्न ठाउँमा पर्यटकीय सम्भावना रहेका प्राकृतिक स्थलहरूमा नागी/घाँसे मैदान, कालीझरना आदि हुन् । यस वडाका धार्मिक पर्यटनको सम्भावना रहेका स्थलहरूमा शिव मन्दिर, तामाङ गुम्बा, देवीथान सावित्रीदेवी, मालिंगे, आइतबारे आदि हुन् ।

**वडा नम्बर ६**

वडा नम्बर ६ का प्राकृतिक पर्यटकीय सम्भावना रहेका स्थलहरूमा डाँडागाउँ, थुम्का डाँडाको पाखो, ठूलीभीर पाखो, थुम्की पाखो, जल्किनी पाखो, देउराली बेंसी, चप्लेटी बेंसी धुनीबेंसी, भदौरीबेंसी डुँडेर सिम्ली खोला आदि हुन् । त्यसैगरी, सेतीदेवी मन्दिर आम्बोटे, झाँक्रीथान बुढा गणेश, कालिका देवी मन्दिर, चकलेटी मन्दिर, जलकिनी मन्दिर, तासी छोइलिङ गुम्बा, जलकिनी चर्च आदि यस वडाका उल्लेख्य धार्मिक–सांस्कृतिक पर्यटनको सम्भावना रहेका स्थलहरू हुन् ।

**वडा नम्बर ७**

वडा नम्बर ७ का प्राकृतिक पर्यटकीय सम्भावना रहेका स्थलहरूमा घोप्टे ओडार, ढाँडकुने ओडार, भूत छाँगो, रुम्टी खोंच, साउने थुम्की, जौखोरिया थुम्की, मडकेला पाखा, निँगाला घारी, शेराबेंसी, पहेंले भीर, कोलचौर, भीर देवीटार, दुम्सेखोला, शेराखोला, फेदीखोला आदि छन् । त्रिनेत्र आध्यात्मिक चिन्तन धाम यहाँको मुख्य धार्मिक पर्यटकीय स्थल

हो । त्यसैगरी, धार्मिक–सांस्कृतिक पर्यटनको सम्भावना रहेका अन्य स्थलहरूमा सिंहदेवी मन्दिर, पञ्चलादेवी मन्दिर, सिद्धदेवी, जालपादेवी मन्दिर, आइतबारे सिकारीथान, भीमसेन मन्दिर आदि हुन् ।

**वडा नम्बर ८**

वडा नम्बर ८ का प्राकृतिक पर्यटकीय सम्भावना रहेका स्थलहरूमा वनझाँक्री ओडार, चमेरे गुफा, भिमल दुलो, रमिते थुम्का, चित्रे चुच्चे ढुंगा, थामखर्क पाखो, बोहरा, डाँडापाखु, धुसेनीबेंसी, ठूलो भीर, सेतोभीर, मान्द्रे भीर, तेते झरना, फूलखानी झरना आदि छन् । यस वडाका धार्मिक पर्यटनको सम्भावना रहेको एक स्थल बिलन्दुमा रहेको महादेव मन्दिर हो ।

**वडा नम्बर ९**

चम्पादेवी गाउँपालिकाको वडा नम्बर ९ पर्यटनका लागि महत्त्वपूर्ण क्षेत्र हो । यो क्षेत्रमा पर्यटकीय गतिविधिको लागि मुख्य रूपमा चम्पादेवी मन्दिर रहेको डाँडा छ । यसको मनमोहक प्राकृतिक दृश्य हेर्न धेरै मानिस आउने गर्छन् । यसर्थ यो गाउँपालिकाको सबैभन्दा बढी पर्यटकीय गतिविधि चल्ने सम्भावना यही वडामा देखिन्छ । चम्पादेवी डाँडालाई र मन्दिर क्षेत्रलाई पूर्वको दोस्रो हलेसी क्षेत्रको रूपमा पनि व्याख्या गरिन्छ । यहाँका डाँडाकाँडा र सो क्षेत्रमा रहेका मठमन्दिर आदि मानव निर्मित र प्राकृतिक पर्यटकीय सम्भावना रहेका क्षेत्रहरू हुन् । धार्मिक–सांस्कृतिक पर्यटनको सम्भावना बोकेका केही क्षेत्रहरूमध्ये वडाको उत्तर–पूर्वी सिमाना पर्ने ककनी क्षेत्रमा अवस्थित चम्पादेवीको मन्दिर छ । यो मन्दिर मोलुङ गाउँपालिका र सुनकोशी गाउँपालिकाको सिमानामा पर्दछ । धार्मिक–सांस्कृतिक पर्यटनको हिसाबले यो मन्दिर प्रसिद्ध छ ।

**वडा नम्बर १०**

वडा नम्बर १० का प्राकृतिक पर्यटकीय सम्भावना रहेका स्थलहरूमा चुली डाँडो, रानीवन सिम्लीखोला, कालीखोला, ओखलढुंगे ओडार, कुसुमे ढुंगा ओडार, निकाले गुफा, भालु ढुंगा गुफा, काल ढुंगे ओडार इत्यादि हुन् । धार्मिक–सांस्कृतिक पर्यटनको सम्भावना रहेका स्थलहरूमा मन्दिर, गुम्बा, चैत्य, माने, छोर्तेन, देवीथान इत्यादि रहेका छन् । जहाँ जाति, संस्कार, परम्पराअनुसारका मेला पर्वहरू मनाउने गरिन्छ ।

नेपालमा विसं. २०४६ को राजनीतिक परिवर्तनपछि तीव्र गतिमा आर्थिक क्षेत्रले विकासको छलाङ लिने क्रममा स्थानीय तहहरूमा खुलेका सडकहरू, गोरेटो, प्रहरी, कृषि सडक, वित्तीय संस्थाहरू सञ्चारको विकास र शिक्षाको विकासका साथै स्वास्थ्य संस्थाहरू र सुविधाहरू आदिको तीव्र विकासले गर्दा नेपालका दूरदराजमा रहेका गाउँघर पनि क्रमशः सम्पन्न र सबैको पहुँचमा पुग्न थालेका छन् ।

यसै क्रममा चम्पादेवी गाउँपालिकामा पनि तयार भएका कृषि सडकहरू, शिक्षित जनशक्ति, विद्युत्को पूर्वाधारहरू, सञ्चारका सुविधा, स्वास्थ्य सुविधा, जनशक्ति आदिका कारणबाट भविष्यमा तीव्र पर्यटन विकासका गतिविधि गर्न कुनै समस्या नरहने देखिन्छ । यिनै सम्भावनाहरूलाई उपयोग गर्दै स्थानीय सरकार र अग्रजहरूले जिम्मेवारीपूर्वक व्यवस्थापनका प्रक्रियाहरू सुरु गरेमा छिट्टै नै पर्यटन सुविधा र गतिविधि बढ्नेमा भविष्यमा चाहिँ प्रचूर सम्भावना भएको क्षेत्र रहेको छ ।

## अध्याय चार

# जनसांख्यिक विवरण

यस अध्यायमा चम्पादेवी गाउँपालिकाको जनसांख्यिक संरचना र त्यस संरचनामा पर्ने जातिगत विविधता, शैक्षिक अवस्था, लगायत विविध पक्षको उल्लेख गरिएको छ । यो विवरण स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई जनसंख्यासम्बन्धी उपयुक्त नीति नियम बनाउन उपयोगी हुन्छ ।

### ४.१ जनसंख्याको आकार र संरचना

यस खण्डमा पहिला चम्पादेवी गाउँपालिकाको वडाअनुसारको कुल घरपरिवार संख्या, पुरुष र महिला जनसंख्या, घरपरिवारको औसत आकार र लैंगिक अनुपातको प्रस्तुति गरिएको छ । त्यसपछि जनसंख्याको उमेरगत लैंगिक संरचना, जनसंख्याको जात/जातिगत, धार्मिक र मातृभाषाका आधारमा प्रस्तुत गर्ने प्रयास गरिएको छ ।

### ४.१.१ जनसंख्याको वडागत संरचना

नेपालको २०७८ सालको जनगणनाअनुसार चम्पादेवी गाउँपालिका, ओखलढुंगामा ४,०३४ घरपरिवारमा १६,३११ जनसंख्याको बसोबास रहेको देखिन्छ । कुल जनसंख्याको करिब ४८% (७,८५८) पुरुष र बाँकी ८,४५३ अथवा ५२% महिलाको भएको देखिन्छ । यसरी हेर्दा उक्त गाउँपालिकामा प्रति १०० जना महिलामा ९३ जना पुरुषको संख्या रहेको लैंगिक अनुपातले देखाउँछ । उक्त पालिकामा एउटा घरपरिवारमा सरदरमा पाँच जनाको परिवार भएको देखिन्छ । घरपरिवार र जनसंख्याको आकारका हिसाबले वडा नं. १, २ र ६ ठूला वडा देखिन्छन् । यी वडामा ५३५ भन्दा बढी घरपरिवार र २,००० भन्दा बढी जनसंख्या देखिन्छ । यसै आधारबाट हेर्दा वडा नं. ८ र ७ सबैभन्दा साना भएको देखिन्छ । वडा नं. २ मा बसोबास गर्ने घरपरिवारको औसत परिवारको आकार अन्य वडाको भन्दा तुलनात्मक रूपले ठूलो देखिन्छ भने वडा नं. ४ को लैंगिक अनुपातका आधारमा प्रति १०० महिलामा करिब १०२ पुरुष भएको देखिन्छ । लैंगिक अनुपातको मानअनुसार वडा नं. ३, ७ र ८ बढी लैंगिक सन्तुलन भएका वडाका रूपमा देखिन्छन् भने वडा नं. १ र २ जनसंख्याको लैंगिक संरचनामा अत्यधिक असन्तुलन (प्रति १०० महिलामा ८४ र ८८ जना मात्र पुरुष) भएका वडाको रूपमा देखिएका छन् (तालिका २) ।

**तालिका २: २०७८ सालको जनगणनाअनुसार चम्पादेवी गाउँपालिकाका वडाअनुसार घरपरिवार, कुल र पुरुष र महिलाको जनसांख्यिक संरचना**

| वडा नं. | घरपरिवार संख्या | जनसंख्या | | | | | परिवारको औसत आकार | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|---|
| | | कुल | पुरुष | पुरुष प्रतिशत | महिला | महिला प्रतिशत | | |
| सबै वडाको जम्मा | ४,०३४ | १६,३११ | ७,८५८ | ४८.२ | ८,४५३ | ५१.८ | ४.० | ९३.० |
| १ | ५५४ | २,१६३ | ९८९ | ४५.७ | १,१७४ | ५४.३ | ३.९ | ८४.२ |
| २ | ५४० | २,४४५ | १,१४५ | ४६.८ | १,३०० | ५३.२ | ४.५ | ८८.१ |
| ३ | ३८३ | १,५०९ | ७४७ | ४९.५ | ७६२ | ५०.५ | ३.९ | ९८.० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **४** | ४२९ | १,७४६ | ८८० | ५०.४ | ८६६ | ४९.६ | ४.१ | १०१.६ |
| **५** | ३३८ | १,४१० | ६८३ | ४८.४ | ७२७ | ५१.६ | ४.२ | ९३.९ |
| **६** | ५३७ | २,०१८ | ९६१ | ४७.६ | १,०५७ | ५२.४ | ३.८ | ९०.९ |
| **७** | ३२१ | १,२४६ | ६१९ | ४९.७ | ६२७ | ५०.३ | ३.९ | ९८.७ |
| **८** | २७२ | १,१५१ | ५६६ | ४९.२ | ५८५ | ५०.८ | ४.२ | ९६.८ |
| **९** | २६९ | १,०९२ | ५३५ | ४९.० | ५५७ | ५१.० | ४.१ | ९६.१ |
| **१०** | ३९१ | १,५३१ | ७३३ | ४७.९ | ७९८ | ५२.१ | ३.९ | ९१.९ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

वडागत रूपमा विश्लेषण गर्दा, लैंगिक अनुपातमा उल्लेखनीय भिन्नताहरू देख्न सकिन्छ। लैंगिक अनुपात सबैभन्दा कम वडा नं. १ मा ८४.२४ रहेको पाइएको छ, जसले यहाँ पुरुषको तुलनामा महिलाको संख्या धेरै बढी रहेको औंल्याउँछ। यसको विपरीत, वडा नं. ४ मा लैंगिक अनुपात सबैभन्दा बढी १०१.६ रहेको देखिन्छ, जसले यस वडामा पुरुषको संख्या महिलाको भन्दा सामान्य रूपमा बढी रहेको अवस्थालाई चित्रण गर्दछ। अन्य वडाहरू जस्तै वडा नं. २ (८८.०८) र वडा नं. ६ (९०.९२) मा पनि लैंगिक अनुपात १०० भन्दा कम रहेको पाइन्छ, जसले यी क्षेत्रहरूमा पनि महिलाको बाहुल्य रहेको दर्शाउँछ।

गाउँपालिकाको औसत परिवार संख्या ४.०४३ रहेको पाइन्छ। यसले गाउँपालिकाका घरधुरीहरूमा औसतमा चार जना सदस्यहरू बसोबास गर्ने गरेको अवस्थालाई देखाउँछ। वडागत रूपमा हेर्दा, वडा नं. २ मा औसत परिवार संख्या सबैभन्दा बढी ४.५२८ रहेको पाइएको छ, जसले यस वडामा तुलनात्मक रूपमा ठूला परिवारहरू रहेको संकेत गर्दछ। यसको विपरीत, वडा नं. ६ मा औसत परिवार संख्या सबैभन्दा कम ३.७५८ रहेको देखिन्छ।

वडागत विश्लेषणले चम्पादेवी गाउँपालिकाको जनसंख्या वितरणमा लैंगिक असमानता विद्यमान रहेको र विशेषगरी केही वडाहरूमा महिलाको संख्या पुरुषको भन्दा धेरै बढी रहेको तथ्यलाई प्रकाश पार्दछ। यो अवस्था बसाइँसराइ, शिक्षा, रोजगारीका अवसरहरू र सामाजिक परम्पराहरूजस्ता विभिन्न कारकहरूबाट प्रभावित हुन सक्ने सम्भावना देखिन्छ। विकास योजनाहरू तर्जुमा गर्दा र सेवा प्रवाहका कार्यक्रमहरू सञ्चालन गर्दा यी लैंगिक र वडागत भिन्नताहरूलाई सम्बोधन गर्नु आवश्यक देखिन्छ।

### ४.१.२ उमेर र लैंगिक संरचना

तालिका ४.२ को तथ्यांकीय विश्लेषणअनुसार चम्पादेवी गाउँपालिका १० देखि २० वर्षभित्रका उमेर समूहको जनसंख्या बहुल भएको देखिन्छ। यो १० वर्षको उमेर समूहका बीचमा करिब २२% जनसंख्या रहेको देखिन्छ भने अन्य कुनै पनि १० वर्षे उमेर अन्तरालमा सो आकारमा जनसंख्या देखिँदैन। १५ वर्षभन्दा कम उमेरको बालबालिकाको संख्या कुल जनसंख्यामा २७% छ भने ६० वर्ष वा सोभन्दा माथिल्लो उमेरकाको अंश १४% छ। यसबाट के स्पष्ट हुन्छ भने यो पालिकाको जनसंख्या विस्तारै बुढ्यौली बहुल उमेर संरचनातिर लम्कँदै छ। किनकि यदि ६० वर्षमाथिको जनसंख्याको अनुपात कुल जनसंख्यामा १२% भन्दा बढी र १५ वमुनिकाको ३०% भन्दा कम देखिएमा सो जनसंख्याको उमेर संरचना बुढ्यौली वयतिर लागेको भन्ने जनाउँदछ। यो गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर १५-५९ वर्षको जनसंख्याको

अंश ५८% छ जुन ओखलढुंगा जिल्लाको ६१%, कोशी प्रदेशको ६३%, र नेपालको राष्ट्रिय आँकडा ६२% भन्दा ३ देखि ५ अंकबिन्दुले कम देखिन्छ (तालिका ३) । यसको पछाडिका कारणमा अरू तुलना गरिएका निकायको भन्दा चम्पादेवी गाउँपालिकाबाट सक्रिय उमेर समूहका मानिसको बसाइँसराइको प्रवृत्ति बढी भएकाले हुन सक्छ ।

५ वर्षमुनिको जनसंख्याको लैंगिक अनुपातलाई जन्मँदाको लैंगिक अनुपातको रूपमा पनि लिइन्छ । जसअनुसार हामी के निष्कर्षमा पुग्न सकिन्छ भने, यो पालिकामा प्रति १११ भन्दा बढी छोरा शिशुको जन्म हुँदा १०० मात्र छोरी शिशुको जन्म हुन्छ । यसको मतलब प्रति १०० पुरुष बच्चा जन्मँदा करिब १० जना छोरी बच्चा कम जन्मन्छन् । यसले भविष्यमा जनसंख्यामा लैंगिक अनुपातमा असन्तुलन ल्याउन सक्ने अवस्था जनाउँछ । अचम्मसँगले ०५–०९ वर्ष उमेरका बच्चामा प्रति १०० महिलामा ९२ जना मात्र पुरुष बच्चा भएको देखाउँछ तर त्यसपछि १० देखि २० वर्षमुनिसम्मको उमेरमा केटीको भन्दा केटाको संख्या केही बढी देखिन्छ भने सोभन्दा पाको उमेर समूहमा (५५–५९ र ७०–७४ उमेर समूहबाहेक) लगभग सबै उमेर समूहमा सोही उमेरका महिलाको तुलनामा पुरुषको संख्या प्रति १०० मा ८ देखि २४ जनासम्मले कम भएको देखिन्छ (तालिका ३) । यसका पछाडिका कारणमा सक्रिय उमेर समूहमा महिलाको तुलनामा पुरुषको बाह्य बसाइँसराइ र पाको उमेर समूहमा पुरुषको भन्दा महिलाको मृत्यु दर कम हुने प्रवृत्ति बढ्दै गएकाले भन्न सकिन्छ ।

जनसंख्याको उमेर र लैंगिक संरचनालाई एकै स्थानबाट देखाउने स्तम्भ चित्र (उमेर लैंगिक संरचना पिरामिड) ले देखाएअनुसार चम्पादेवी गाउँपालिकामा पुरुष र महिला दुवै १०–१९ वर्ष समूहकाको बहुलता छ । पिरामिडका आधार स्तम्भ ०–४ र ०५–०९ वर्षका बालबालिकाको आकारले सो समूहको जनसंख्या एकपछि अर्को वर्ष उल्लेख्य रूपले घट्दै गएको देखाउँछ । एक दुई अपवादबाहेक २० वर्षपछिका हरेक उमेर समूहमा महिलाको तुलनामा पुरुषको संख्या निकै कम भएको स्तम्भ चित्रबाट स्पस्ट देख्न सकिन्छ (रेखा चित्र ४.१) ।


**तालिका ३: चम्पादेवी गाउँपालिकाको जनसंख्याको उमेर र लैंगिक संरचना, जनगणना २०७८**

| पाँच वर्ष उमेर समूह | जनसंख्या | | | | | | लैंगिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | कुल | प्रतिशत | पुरुष | पुरुष % | महिला | महिला % | |
| **सबै जम्मा** | १६,३११ | १००.० | ७,८५८ | ४८.२ | ८,४५३ | ५१.८ | ९३.० |
| **००–०४ वर्ष** | १,१८८ | ७.३ | ६२६ | ३.८ | ५६२ | ३.४ | १११.४ |
| **०५–०९ वर्ष** | १,४३८ | ८.८ | ६९० | ४.२ | ७४८ | ४.६ | ९२.२ |
| **१०–१४ वर्ष** | १,७७६ | १०.९ | ९०९ | ५.६ | ८६७ | ५.३ | १०४.८ |
| **१५–१९ वर्ष** | १,८२० | ११.२ | ९१५ | ५.६ | ९०५ | ५.५ | १०१.१ |
| **२०–२४ वर्ष** | १,३६९ | ८.४ | ६१२ | ३.८ | ७५७ | ४.६ | ८०.८ |
| **२५–२९वर्ष** | १,१५६ | ७.१ | ५५४ | ३.४ | ६०२ | ३.७ | ९२.० |
| **३०–३४ वर्ष** | ९५५ | ५.९ | ४३६ | २.७ | ५१९ | ३.२ | ८४.० |
| **३५–३९ वर्ष** | ८६९ | ५.३ | ३९६ | २.४ | ४७३ | २.९ | ८३.७ |
| **४०–४४ वर्ष** | ८८३ | ५.४ | ४०७ | २.५ | ४७६ | २.९ | ८५.५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४५–४९ वर्ष | ७९६ | ४.९ | ३७१ | २.३ | ४२५ | २.६ | ८७.३ |
| ५०–५४ वर्ष | ८७७ | ५.४ | ४१२ | २.५ | ४६५ | २.९ | ८८.६ |
| ५५–५९ वर्ष | ७४८ | ४.६ | ३७९ | २.३ | ३६९ | २.३ | १०२.७ |
| ६०–६४ वर्ष | ७८२ | ४.८ | ३७० | २.३ | ४१२ | २.५ | ८९.८ |
| ६५–६९ वर्ष | ५९६ | ३.७ | २७१ | १.७ | ३२५ | २.० | ८३.४ |
| ७०–७४ वर्ष | ४३५ | २.७ | २३० | १.४ | २०५ | १.३ | ११२.२ |
| ७५–७९ वर्ष | ३३५ | २.१ | १५१ | ०.९ | १८४ | १.१ | ८२.१ |
| ८०–८४ वर्ष | १६८ | १.० | ७७ | ०.५ | ९१ | ०.६ | ८४.६ |
| ८५+ वर्ष | १२० | ०.७ | ५२ | ०.३ | ६८ | ०.४ | ७६.५ |

*स्रोत: रा.त.का., राष्ट्रिय जनगणना २०७८*

**रेखाचित्र ४.१** *चम्पादेवी गाउँपालिका, ओखलढुंगाको जनसंख्याको उमेर लैंगिक बनोट स्तम्भ चित्र (जनसंख्या पिरामिड)*




*स्रोत: तालिका ३*


**तालिका ४: बृहत् उमेर संरचना, चम्पादेवी गाउँपालिका, ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालका बीच तुलनात्मक प्रस्तुति**

| तुलना गरिएका तह | ००–१४ वर्ष | | | १५–५९ वर्ष | | | ६०+ वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| **चम्पादेवी गा.पा.** | २७.० | २८.३ | २५.८ | ५८.१ | ५७.० | ५९.० | १४.९ | १४.६ | १५.२ |
| **ओखलढुंगा** | २५.० | २६.० | २४.० | ६०.९ | ६०.२ | ६१.५ | १४.२ | १३.८ | १४.५ |
| **कोशी प्रदेश** | २६.० | २७.४ | २४.७ | ६२.८ | ६१.३ | ६४.२ | ११.२ | ११.३ | ११.२ |
| **नेपाल** | २७.८ | २९.७ | २६.१ | ६२.० | ६०.२ | ६३.७ | १०.२ | १०.१ | १०.३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकामा १५ वर्षमुनिको बालबालिकाको कुल जनसंख्यामा अनुपात अथवा अंस नेपालको समग्र आकार बराबरजस्तो देखिन्छ भने ओखलढुंगा जिल्ला र कोशी प्रदेशको भन्दा केही बढी देखिन्छ । उदाहरणका महिला र पुरुष दुवैको कुलमा हेर्दा चम्पादेवीमा १५ वर्षमुनिको जनसंख्याको अनुपात २७% प्रतिशत छ, जुन समग्र नेपालको भन्दा करिब एक प्रतिशतले कम हो भने ओखलढुंगा जिल्ला र कोशी प्रदेशको भन्दा क्रमशः दुई र एक प्रतिशतले बढी देखिन्छ । तर सक्रिय उमेर समूहको जनसंख्या भने महिला र पुरुष दुवैको हकमा अन्य तीनै क्षेत्रको भन्दा चम्पादेवीमा निक्कै कम देखिन्छ र ६० वर्ष माथिकाको अनुपात निक्कै बढी देखिन्छ (तालिका ४ र रेखाचित्र ४.२) । यसका पछाडिको निर्धारक पक्षमा सक्रिय उमेर समूहका जनसंख्याको चम्पादेवीबाट हुने बाह्य बसाइँसराइ लाई लिन सकिन्छ ।

**रेखाचित्र ४.२** *बृहत् उमेर समूहअनुसार चम्पादेवी गाउँपालिकाको जनसांख्यिक संरचनाको ओखलढुंगा जिल्ला, कोशी प्रदेश र नेपालसँगको तुलनात्मक प्रस्तुति*




*स्रोतः तालिका ४*

### ४.१.३ पारिवारिक संरचनाको विश्लेषण

पारिवारिक संरचना समाजको आधारशिला हो र यसले सामाजिक तथा आर्थिक गतिशीलतामा महत्त्वपूर्ण प्रभाव पार्दछ । एकल परिवार र संयुक्त परिवारको अनुपातले कुनै पनि समुदायमा सामाजिक-सांस्कृतिक परिवर्तन, आर्थिक अवस्था, र सहरीकरणको प्रभावलाई प्रतिविम्बित गर्दछ । यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकलाई आधार मानी चम्पादेवी गाउँपालिकामा एकल र संयुक्त परिवारको अनुपातको विस्तृत विश्लेषण यो तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५: चम्पादेवी गाउँपालिकाको जनसंख्याको पारिवारिक संरचनाका आधारमा वडाअनुसार वितरण, जनगणना २०७८**

| वडा नम्बर | जनसंख्या (संस्थागतबाहेक) | | | संख्या | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | एकल | संयुक्त | एकल | संयुक्त |
| **वडा नम्बर १** | २,१६३ | ९८९ | १,१७४ | १,१०० | १,०६३ | ५०.९ | ४९.१ |
| **वडा नम्बर २** | २,४४५ | १,१४५ | १,३०० | १,२२३ | १,२२२ | ५०.० | ५०.० |
| **वडा नम्बर ३** | १,५०९ | ७४७ | ७६२ | ९६४ | ५४५ | ६३.९ | ३६.१ |
| **वडा नम्बर ४** | १,७४६ | ८८० | ८६६ | १,०५३ | ६९३ | ६०.३ | ३९.७ |
| **वडा नम्बर ५** | १,४१० | ६८३ | ७२७ | ८१७ | ५९३ | ५७.९ | ४२.१ |
| **वडा नम्बर ६** | २,०१८ | ९६१ | १,०५७ | १,२४२ | ७७६ | ६१.६ | ३८.५ |
| **वडा नम्बर ७** | १,२४६ | ६१९ | ६२७ | ६२८ | ६१८ | ५०.४ | ४९.६ |
| **वडा नम्बर ८** | १,१५१ | ५६६ | ५८५ | ६४८ | ५०३ | ५६.३ | ४३.७ |
| **वडा नम्बर ९** | १,०९२ | ५३५ | ५५७ | ५७४ | ५१८ | ५२.६ | ४७.४ |
| **वडा नम्बर १०** | १,५३१ | ७३३ | ७९८ | ८१० | ७२१ | ५२.९ | ४७.१ |
| **गाउँपालिकाको जम्मा** | १६,३११ | ७,८५८ | ८,४५३ | ९,०५९ | ७,२५२ | ५५.५ | ४४.५ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकले चम्पादेवी गाउँपालिकाको पारिवारिक संरचनामा महत्त्वपूर्ण प्रवृत्तिहरू उजागर गरेको पाइन्छ । गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेकोमा, ९,०५९ जना एकल परिवारमा बसोबास गरेको र ७,२५२ जना संयुक्त परिवारमा बसोबास गरेको अवस्था देखिन्छ । यसको अर्थ, समग्र गाउँपालिकामा कुल जनसंख्याको ५५.५% एकल परिवारमा र ४४.५% संयुक्त परिवारमा रहेको पाइएको छ । यो तथ्यांकले गाउँपालिकामा एकल परिवारको संख्या संयुक्त परिवारको तुलनामा बढी रहेको तथ्यलाई प्रकाश पार्दछ । यो प्रवृत्तिले परम्परागत ठूला संयुक्त परिवारबाट सानो एकल परिवारतर्फको सामाजिक परिवर्तनलाई इंगित गर्दछ, जुन आधुनिक जीवनशैली र सहरीकरणको प्रभावले बढेको हुन सक्छ ।

वडागत रूपमा अवलोकन गर्दा, पारिवारिक संरचनामा भिन्नताहरू देखिएका छन् । वडा नं. ३ मा एकल परिवारको प्रतिशत सबैभन्दा बढी ६३.९% रहेको पाइएको छ, जसले यस वडामा एकल परिवारको व्यापक प्रचलन रहेको देखाउँछ । यसको विपरीत, वडा नं. २ मा एकल परिवार र संयुक्त परिवारको अनुपात लगभग बराबर रहेको देखिन्छ, जसले यहाँ

परम्परागत पारिवारिक संरचनाको प्रभाव अझै पनि बलियो रहेको संकेत गर्दछ । वडा नं. ६ (६१.६%) र वडा नं. ४ (६०.३%) मा पनि एकल परिवारको प्रतिशत उच्च रहेको पाइन्छ ।

गाउँपालिकामा सामाजिक परिवर्तन र व्यक्तिगत स्वतन्त्रताको बढ्दो चाहनाका कारण एकल परिवारको प्रचलन बढ्दै गएको अवस्थालाई स्पष्ट पार्दछ । यसको साथै, संयुक्त परिवारको संख्या अझै पनि उल्लेखनीय रहेकोले परम्परागत मूल्य र मान्यताहरू पनि कायमै रहेको बुझिन्छ । पारिवारिक संरचनामा आएको यो परिवर्तनले गाउँपालिकाको सामाजिक सुरक्षा, आवास योजना, र पूर्वाधार विकासमा नयाँ चुनौतीहरू सिर्जना गर्न सक्ने सम्भावना रहन्छ, जसलाई भविष्यका योजनाहरूमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## ४.२ जनसंख्याको सामाजिक र सांस्कृतिक विविधता

यस खण्डअन्तर्गत चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जात/जातिगत संरचना, धार्मिक आस्थाबमोजिमको वितरण र भाषिक वितरण हेर्ने प्रयास गरिएको छ ।

### ४.२.१ जनसंख्याको जात/जातिगत विविधता

तालिका ६ मा चम्पादेवी गाउँपालिमामा जनगणना २०७८ को बेलामा बसोबास गर्ने व्यक्तिहरूको जात/जातिगत वितरण प्रस्तुत गरिएको छ । तालिकाअनुसार उक्त पालिकामा करिब ४०% जनसंख्या क्षेत्री समुदायको छ भने १४ र ८ प्रतिशत क्रमशः मगर र तामाङ समुदायको छ । क्षेत्री समुदायमा पुरुषको भन्दा महिलाको अनुपात करिब १.५ प्रतिशतले कम देखिन्छ भने मगर समुदायमा महिलाको अनुपात २ प्रतिशतभन्दा माथिले बढी देखिन्छ । यसमा बसाइँसराइलगायत अन्तरजातीय विवाहको प्रभाव परेको हुन सक्छ । अन्य समुदायमा भने महिला र पुरुषको अनुपातमा लगभग समानता देखिन्छ । पालिकाको जनसंख्यामा नेवार, सुनुवार, ब्राह्मण, परियार/दमाईं र विश्वकर्माको हिस्सा ४ देखि ६ प्रतिशतको बीचमा छ भने २ र ३ प्रतिशतको बीचमा हुने जात/जातिमा गुरुङ, मिजार/सार्की र माझी समुदाय देखिएका छन् । शेर्पा र घर्ती/भुजेलको हिस्सा १ प्रतिशतमाथि र २ प्रतिशतभदा तल छ भने संन्यासी/दशनामी, बादी, राई र अन्य जातिको संख्या पालिकाको कुल जनसंख्याको १ प्रतिशतभन्दा कम देखिएको छ । एउटा पालिकाको सीमित क्षेत्रफलभित्र १६ भन्दा बढी जात/जातिका मानिसको बसोबास हुनुले यो पालिका जातीय र सांस्कृतिक विविधताले धनी क्षेत्र हो ।

**तालिका ६: जात/जातीयताका आधारमा चम्पादेवी गाउँपालिकाको जनसंख्या विवरण**

| जात/जातीयता | पुरुष | % | महिला | % | जम्मा | % |
|---|---|---|---|---|---|---|
| क्षेत्री | ३,१७२ | ४०.४ | ३,२८६ | ३८.९ | ६,४५८ | ३९.६ |
| मगर | १,०४४ | १३.३ | १,३०२ | १५.४ | २,३४६ | १४.४ |
| तामाङ | ६०७ | ७.७ | ६५७ | ७.८ | १,२६४ | ७.७ |
| नेवाः/नेवार | ४८२ | ६.१ | ४९५ | ५.९ | ९७७ | ६.० |
| सुनुवार | ४२५ | ५.४ | ४५२ | ५.३ | ८७७ | ५.४ |
| ब्राह्मण | ४१८ | ५.३ | ४२२ | ५.० | ८४० | ५.१ |
| परियार/दमाईं | ३५० | ४.५ | ४०३ | ४.८ | ७५३ | ४.६ |
| विश्वकर्मा | ३१० | ३.९ | ३५२ | ४.२ | ६६२ | ४.१ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **गुरुङ** | २३० | २.९ | २३५ | २.८ | ४६५ | २.९ |
| **मिजार/सार्की** | २२७ | २.९ | २२३ | २.६ | ४५० | २.८ |
| **माझी** | २१३ | २.७ | २१६ | २.६ | ४२९ | २.६ |
| **शेर्पा** | १३८ | १.८ | १५६ | १.८ | २९४ | १.८ |
| **घर्ती/भुजेल** | १४४ | १.८ | १४९ | १.८ | २९३ | १.८ |
| **संन्यासी/दशनामी** | ५२ | ०.७ | ६३ | ०.७ | ११५ | ०.७ |
| **बादी** | १८ | ०.२ | २३ | ०.३ | ४१ | ०.३ |
| **अन्य** | २३ | ०.३ | १३ | ०.२ | ३६ | ०.२ |
| **राई** | ५ | ०.१ | ६ | ०.१ | ११ | ०.१ |
| **जम्मा जनसंख्या** | ७,८५८ | १००.० | ८,४५३ | १००.० | १६,३११ | १००.० |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेको छ । यसमध्ये क्षेत्री समुदायको जनसंख्या सबैभन्दा बढी ६,४५८ रहेको देखिन्छ । त्यसपछि मगर समुदायको जनसंख्या २,३४६ र तामाङ समुदायको जनसंख्या १,२६४ रहेको छ । ब्राह्मण, नेवाः/नेवार, विश्वकर्मा, परियार/दमाईं, र सुनुवार समुदायको जनसंख्या पनि उल्लेखनीय रहेको देखिन्छ । राई, बादी र अन्य जातीय समूहहरूको संख्या तुलनात्मक रूपमा कम रहेको छ । यसले गाउँपालिकाभित्र जातीय विविधता रहेको र क्षेत्री समुदायको बाहुल्य रहेको स्पष्ट हुन्छ ।

**जातीयता र लैंगिकताका आधारमा साक्षरताको अवस्था**

तालिका ७ मा चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिको जनसंख्याको जात/जातीयता र लैंगिक विभाजनका आधारमा साक्षरता दर हेर्ने प्रयास गरिएको छ । कुनै पनि भाषामा सामान्य लेखपढ गर्न सक्नेलाई साक्षर, पढ्न मात्र अथवा लेख्न मात्रै सक्ने र लेखपढ दुवै गर्न नसक्नेलाई निरक्षर भनेर छुट्याइएको छ । यसरी हेर्दा चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिका करिब ६९% मानिसहरू (७८% पुरुष र ६०% महिला) साक्षर छन् । जात/जातिगत हिसाबले हेर्दा न्यून संख्याको राईलाई छोडेर ब्राह्मण र संन्यासी/दशनामी समुदायमा साक्षरतादर सबैभन्दा बढी करिब ७८% (८८% पुरुष र ६८% महिला) देखिन्छ । त्यसपछि सुनुवार, शेर्पा, बादी, परियार/दमाईं र विश्वकर्मा जाति र जनजातिहरू माथिल्लो तहको साक्षरता हासिल गरेका समूहमा देखिन्छन् ।

**तालिका ७: जातीयता र लिंगका आधारमा गाउँपालिकाको साक्षरताको अवस्था**

| जात/ जातीयता | जम्मा | | | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % |
| क्षेत्री | ६,०४१ | ६८.७ | ३१.३ | २,९३२ | ७८.२ | २१.८ | ३,१०९ | ५९.८ | ४०.२ |
| मगर | २,१६९ | ६३.५ | ३६.५ | ९४६ | ७४.५ | २५.५ | १,२२३ | ५५.० | ४५.० |
| तामाङ | १,१६७ | ७०.८ | २९.२ | ५६१ | ७९.५ | २०.५ | ६०६ | ६२.७ | ३७.३ |
| नेवाः/नेवार | ९०७ | ६२.४ | ३७.६ | ४४५ | ७१.७ | २८.३ | ४६२ | ५३.५ | ४६.५ |
| सुनुवार | ८१० | ७३.६ | २६.४ | ३८८ | ७६.८ | २३.२ | ४२२ | ७०.६ | २९.४ |
| ब्राह्मण | ७९८ | ७७.८ | २२.२ | ३९९ | ८७.७ | १२.३ | ३९९ | ६७.९ | ३२.१ |
| परियार/दमाईं | ६७६ | ७१.० | २९.० | ३१५ | ७८.१ | २१.९ | ३६१ | ६४.८ | ३५.२ |
| विश्वकर्मा | ५९९ | ७०.८ | २९.२ | २७७ | ७५.५ | २४.५ | ३२२ | ६६.८ | ३३.२ |
| गुरुङ | ४३६ | ६५.१ | ३४.९ | २१६ | ७२.२ | २७.८ | २२० | ५८.२ | ४१.८ |
| मिजार/सार्की | ४१४ | ६१.८ | ३८.२ | २०५ | ७०.२ | २९.८ | २०९ | ५३.६ | ४६.४ |
| माझी | ३९१ | ६५.५ | ३४.५ | २०० | ७१.० | २९.० | १९१ | ५९.७ | ४०.३ |
| घर्ती/भुजेल | २६९ | ५८.० | ४२.० | १३२ | ६४.४ | ३५.६ | १३७ | ५१.८ | ४८.२ |
| शेर्पा | २५९ | ७३.४ | २६.६ | १२४ | ८१.५ | १८.५ | १३५ | ६५.९ | ३४.१ |
| संन्यासी/दशनामी | १०५ | ७८.१ | २१.९ | ४८ | ८९.६ | १०.४ | ५७ | ६८.४ | ३१.६ |
| बादी | ३७ | ७३.० | २७.० | १७ | ७६.५ | २३.५ | २० | ७०.० | ३०.० |
| अन्य | ३५ | ६५.७ | ३४.३ | २२ | ७२.७ | २७.३ | १३ | ५३.८ | ४६.२ |
| राई | १० | ८०.० | २०.० | ५ | ८०.० | २०.० | ५ | ८०.० | २०.० |
| कुल जनसंख्या | १५,१२३ | ६८.३ | ३१.७ | ७,२३२ | ७७.० | २३.० | ७,८९१ | ६०.२ | ३९.८ |

स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८

घर्ती/भुजेल र सार्की/मिजार समुदायको साक्षरता दर अन्य समुदायको भन्दा निकै कम देखिन्छ । उदाहरणका लागि घर्ती/भुजेलको महिला पुरुष संयुक्त साक्षरता दर ५८.०% छ भने सो समुदायका करिब ५२% मात्र महिला साक्षर छन् । यो नतिजाले के देखाउँछ भने, पालिकाले शिक्षा र साक्षरता अभिवृद्धिका कार्यक्रम शैक्षिक रूपले पिछडिएको जातजाति लक्षित गर्नुपर्ने हुन्छ । साथै सबै जातजातिको महिलाको साक्षरताको अवस्था पुरुषको भन्दा कमजोर देखिएकाले गाउँपालिकामा शैक्षिक विकास, विशेषगरी महिला र केही निश्चित जातीय समूहहरूमा, थप ध्यान दिनुपर्ने आवश्यकता रहेको देखाउँछ ।

### ४.२.२ जनसंख्याको भाषिक विविधता

तालिका ८ मा प्रस्तुत गरिएको विवरणअनुसार चम्पादेवी गाउँपालिका, ओखलढुंगामा २०७८ सालको जनगणनाका बेलामा नौवटा वर्गीकृत र अन्य अवर्गीकृत गरी १० भन्दा बढी भाषा मातृभाषाको रूपमा बोलीचालीमा रहेको देखिन्छ । पालिकामा बसोबास गर्ने १०० जना मध्ये ७१ जना (७२ जना पुरुष र ७० जना महिला) भन्दा बढीले नेपालीलाई मातृभाषा भनेर जनाएका छन् भने १३ जनाले (१२ जना पुरुष र १४ जना महिला) मगर/ढुट आफ्नो मातृभाषा रहेको र चलनमा रहेको जनाएका छन् । अन्य उल्लेख्य मात्रामा चलनचल्तीमा रहेका भाषामा तामाङ (७.५%), नेपालभाषा/नेवारी (४.७%) र शेर्पा (१.७%) रहेका छन् । पालिकाको १ प्रतिशतभन्दा कम जनसंख्याले मातृभाषाका रूपमा बोल्ने भाषामा गुरुङ, सुनुवार, संस्कृत, मैथिली र अन्य देखिएका छन् ।

**तालिका ८: मातृभाषाका आधारमा वितरण तथा विविधता आधारमा चम्पादेवी गाउँपालिकाको जनसंख्या विवरण**

| मातृभाषा | जम्मा | जम्मा % | पुरुष | पुरुष % | महिला | महिला % |
|---|---|---|---|---|---|---|
| सबै मातृभाषा | १६,३११ | १००.० | ७,८५८ | १००.० | ८,४५३ | १००.० |
| नेपाली | ११,६२४ | ७१.३ | ५,६८० | ७२.३ | ५,९४४ | ७०.३ |
| मगर/ढुट | २,१५२ | १३.२ | ९४१ | १२.० | १,२११ | १४.३ |
| तामाङ | १,२१७ | ७.५ | ५८६ | ७.५ | ६३१ | ७.५ |
| नेपालभाषा/नेवारी | ७७४ | ४.७ | ३८० | ४.८ | ३९४ | ४.७ |
| शेर्पा | २८३ | १.७ | १३४ | १.७ | १४९ | १.८ |
| गुरुङ | १५० | ०.९ | ७७ | १.० | ७३ | ०.९ |
| सुनुवार | ५४ | ०.३ | २५ | ०.३ | २९ | ०.३ |
| संस्कृत | २७ | ०.२ | १६ | ०.२ | ११ | ०.१ |
| अन्य | १९ | ०.१ | १० | ०.१ | ९ | ०.१ |
| मैथिली | ११ | ०.१ | ९ | ०.१ | २ | ०.० |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८, तालिका ३ (मातृभाषाअनुसार जनसंख्या), स्थानीय तह*

तालिका ४.७ मा देखाइएको विवरणका आधारमा चम्पादेवी गाउँपालिका भाषिक विविधतामा पनि निक्कै धनी रहेको निष्कर्स निकाल्न सकिन्छ ।

### ४.२.३ धर्मका आधारमा जनसांख्यिक संरचना

चम्पादेवी गाउँपालिका, ओखलढुंगामा २०७८ सालको जनगणनाको बेलामा बसोबास गर्ने कुल १६,३११ जनसंख्यामध्ये ८७% भन्दा केही बढीले हिन्दु धर्मावलम्बी भएको जनाएका छन् । हिन्दु धर्म मान्ने महिला र पुरुषको अनुपातमा तात्त्विक भिन्नता देखिँदैन । बौद्धधर्म सो पालिकाका करिब ९ प्रतिशत बासिन्दाले मान्ने दोस्रो ठूलो धर्मको रूपमा देखिएको छ । किराँत धर्म मान्ने जनसंख्या करिब २ प्रतिशत छ भने इसाई धर्म मान्नेको हिस्सा १ प्रतिशतभन्दा

केही बढी देखिएको छ (तालिका ९) । यस विवरणका आधारमा के भन्न सकिन्छ भने चम्पादेवी गाउँपालिकाका अधिकांश बासिन्दाले सनातन हिन्दुधर्म अपनाएका छन् भने दोस्रोमा बौद्धधर्म प्रचलनमा छ ।

**तालिका ९: चम्पादेवी गाउँपालिकाको जनसंख्याको धर्मका आधारमा वितरण**

| धार्मिक विभेद | जम्मा | % | पुरुष | % | महिला | % |
|---|---|---|---|---|---|---|
| **कुल जनसंख्या** | १६,३११ | १००.० | ७,८५८ | १००.० | ८,४५३ | १००.० |
| **हिन्दु** | १४,२५५ | ८७.४ | ६,८८० | ८७.६ | ७,३७५ | ८७.२ |
| **बौद्ध** | १,४८४ | ९.१ | ७०६ | ९.० | ७७८ | ९.२ |
| **किँरात** | ३५७ | २.२ | १७७ | २.३ | १८० | २.१ |
| **इसाई** | २१५ | १.३ | ९५ | १.२ | १२० | १.४ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

कुल संख्याका आधारमा हेर्दा राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेको छ । यसमध्ये सबैभन्दा बढी हिन्दुधर्म मान्नेको संख्या १४,२५५ रहेको पाइयो । यसमा पुरुष ६,८८० र महिला ७,३७५ रहेको पाइयो । दोस्रो ठूलो धार्मिक समूह बौद्धधर्म मान्नेको हो, जसको संख्या १,४८४ रहेको पाइयो । किराँत धर्म मान्नेको संख्या ३५७ र इसाई धर्म मान्नेको संख्या २१५ रहेको पाइयो (तालिका ९) । यसले गाउँपालिकामा हिन्दु धर्मको बाहुल्य रहे पनि बौद्ध र किराँत धर्म मान्नेको पनि उल्लेख्य उपस्थिति रहेको देखाउँछ ।

### ४.२.४ घरमूलीको लैंगिक संरचना

परिवारको नेतृत्वमा पुरुष र महिलाको सहभागिताले सामाजिक समानता र सशक्तीकरणको अवस्थालाई प्रतिविम्बित गर्दछ । घरमूलीको लैंगिक अनुपातले परिवारभित्रको निर्णय प्रक्रिया, आर्थिक व्यवस्थापन, र सामाजिक भूमिकामा महिलाको पहुँचलाई उजागर गर्दछ । यस खण्डमा राष्ट्रिय जनगणना २०७८ का तथ्यांकहरूका आधारमा चम्पादेवी गाउँपालिकामा घरमूलीको लैंगिक संरचनाको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्यांकअनुसार चम्पादेवी गाउँपालिकामा कुल ४,०३४ घरधुरीहरू रहेका पाइएको छ । यसमध्ये पुरुष घरमूलीको संख्या ३,०४३ रहेको पाइन्छ, जुन कुल घरमूलीको ७५.४% हो । यसको विपरीत, महिला घरमूलीको संख्या ९९१ रहेको देखिन्छ, जुन कुल घरमूलीको २४.६% हो । यो तथ्यांकले गाउँपालिकामा अझै पनि अधिकांश घरधुरीको नेतृत्व पुरुषले गरेको अवस्थालाई प्रस्ट पार्दछ तर महिला घरमूलीको संख्या पनि उल्लेखनीय रहेको छ, जसले परिवारको नेतृत्वमा महिलाको भूमिका क्रमशः बढ्दै गएको संकेत गर्दछ ।

**तालिका १०: घरमूलीको लैंगिक अवस्था वारेको विवरण**

| वडा नम्बर | घरमूली | | | घरमूली प्रतिशत | |
|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | पुरुष | महिला |
| **वडा नम्बर १** | ५५४ | ३७८ | १७६ | ६८.२ | ३१.८ |
| **वडा नम्बर २** | ५४० | ३८४ | १५६ | ७१.१ | २८.९ |
| **वडा नम्बर ३** | ३८३ | २९४ | ८९ | ७६.८ | २३.२ |
| **वडा नम्बर ४** | ४२९ | ३१७ | ११२ | ७३.९ | २६.१ |
| **वडा नम्बर ५** | ३३८ | २३४ | १०४ | ६९.२ | ३०.८ |
| **वडा नम्बर ६** | ५३७ | ४०५ | १३२ | ७५.४ | २४.६ |
| **वडा नम्बर ७** | ३२१ | २६८ | ५३ | ८३.५ | १६.५ |
| **वडा नम्बर ८** | २७२ | २३४ | ३८ | ८६.० | १४.० |
| **वडा नम्बर ९** | २६९ | २३१ | ३८ | ८५.९ | १४.१ |
| **वडा नम्बर १०** | ३९१ | २९८ | ९३ | ७६.२ | २३.८ |
| **गाउँपालिकाको जम्मा** | ४,०३४ | ३,०४३ | ९९१ | ७५.४ | २४.६ |

स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८

वडागत रूपमा हेर्दा, घरमूलीको लैंगिक अनुपातमा भिन्नताहरू देखिएका छन्। वडा नं. ८ मा पुरुष घरमूलीको प्रतिशत सबैभन्दा बढी ८६.०% रहेको पाइएको छ, जसले यहाँ पुरुषको नेतृत्व अझै पनि प्रभावशाली रहेको देखाउँछ। यसको विपरीत, वडा नं. १ मा महिला घरमूलीको प्रतिशत सबैभन्दा बढी ३१.८% रहेको देखिन्छ। वडा नं. ५ (३०.८%) र वडा नं. २ (२८. ९%) मा पनि महिला घरमूलीको प्रतिशत अन्य वडाहरूको तुलनामा राम्रो रहेको पाइन्छ।

महिला घरमूलीको संख्यामा वृद्धि हुनुका विभिन्न कारणहरू हुन सक्छन्। जस्तै- पुरुषहरू रोजगारीका लागि विदेश पलायन हुनु, विधवा वा एकल महिलाको संख्या बढ्नु वा महिला सशक्तीकरणका कारण उनीहरूले नेतृत्वको भूमिका निर्वाह गर्न सक्नु। यो विश्लेषणले परिवारको निर्णय प्रक्रिया र आर्थिक व्यवस्थापनमा महिलाको भूमिकामा क्रमिक सुधार आएको तथ्यलाई औंल्याउँछ। यद्यपि, लैंगिक समानताको पूर्ण प्राप्ति र महिलाको सशक्तीकरणका लागि अझै पनि थप प्रयासहरू आवश्यक रहेको देखिन्छ, जसमा महिलालाई आर्थिक र सामाजिक रूपमा आत्मनिर्भर बनाउने कार्यक्रमहरू समावेश हुन सक्छन्।

## २.२.५ वडा अनुसार जनसंख्याको उमेर र लैंगिक संरचना

यस खण्डमा वडाअनुसार जनसंख्याको उमेर र लैंगिक संरचनाको विश्लेषण गर्न खोजिएको छ। जनसंख्याको उमेर र लैंगिक संरचनाले कुनै पनि क्षेत्रको विकासका सम्भावना र चुनौतीहरूलाई गहिरो रूपमा प्रभाव पार्दछ। युवा, सक्रिय, र वृद्ध जनसंख्याको अनुपातले मानव संसाधनको उपलब्धता, आश्रित जनसंख्याको भार, र भविष्यका सामाजिक-आर्थिक आवश्यकताहरूलाई निर्धारण गर्दछ।

यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकामा जनसंख्याको उमेर समूहगत वर्गीकरण र त्यसको लैंगिक वितरणको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ।

**तालिका ११: जनसंख्याको उमेर समूह र लैंगिक वितरणका आधारमा वडाअनुसार वर्गीकरण**

| वडा नम्बर | | **वडा नम्बर १** | **वडा नम्बर २** | **वडा नम्बर ३** | **वडा नम्बर ४** | **वडा नम्बर ५** | **वडा नम्बर ६** | **वडा नम्बर ७** | **वडा नम्बर ८** | **वडा नम्बर ९** | **वडा नम्बर १०** | **गाउँ पालिका** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० वर्ष + उमेरको जनसंख्या | जम्मा | २१६३ | २४४५ | १५०९ | १७४६ | १४१० | २०१८ | १२४६ | ११५१ | १०९२ | १५३१ | १६३११ |
| | पुरुष | ९८९ | ११४५ | ७४७ | ८८० | ६८३ | ९६१ | ६१९ | ५६६ | ५३५ | ७३३ | ७८५८ |
| | महिला | ११७४ | १३०० | ७६२ | ८६६ | ७२७ | १०५७ | ६२७ | ५८५ | ५५७ | ७९८ | ८४५३ |
| १ वर्षमुनिको | पुरुष | १० | १८ | १२ | १० | १४ | १२ | १५ | ९ | १३ | ४ | ११७ |
| | महिला | १० | १५ | १० | १४ | ८ | ७ | ६ | ६ | ५ | ११ | ९२ |
| ०० – ०४ वर्ष | पुरुष | ८७ | १०२ | ७१ | ६८ | ७५ | ६५ | ३२ | ४२ | ४३ | ४१ | ६२६ |
| | महिला | ७४ | १०४ | ४२ | ६४ | ५५ | ६२ | ३० | ३४ | ४७ | ५० | ५६२ |
| ०० – १४ वर्ष | पुरुष | २९८ | ३८१ | २२५ | २३१ | १९९ | २७८ | १४६ | १५७ | १३४ | १७६ | २२२५ |
| | महिला | २९८ | ४११ | १९४ | २०५ | २०७ | २५२ | ११८ | १६० | १४६ | १८६ | २१७७ |
| १६ – २४ वर्ष | पुरुष | १५७ | १९१ | ११६ | १६६ | १४८ | १४० | ९८ | ८५ | ८८ | १३६ | १३२५ |
| | महिला | १९२ | २३५ | १३५ | १५९ | १४१ | १८३ | १०१ | १०८ | ९० | १२९ | १४७३ |
| १६ – ४० वर्ष | पुरुष | ३१७ | ४०४ | २६५ | ३२६ | २७२ | ३४३ | २१४ | २१९ | २१६ | २५४ | २८३० |
| | महिला | ४५३ | ४९८ | ३०१ | ३३४ | २८२ | ४१२ | २१६ | २२४ | २१३ | २८५ | ३२१८ |
| १६ वर्ष + को जनसंख्या | पुरुष | ६५४ | ७३२ | ४९७ | ६२३ | ४७१ | ६६४ | ४५८ | ४०० | ३९२ | ५४० | ५४३१ |
| | महिला | ८४९ | ८६० | ५४७ | ६४५ | ५०७ | ७८१ | ४९५ | ४०८ | ४०० | ५९५ | ६०८७ |
| ०० – १७ वर्षको | पुरुष | ३७९ | ४६९ | २९३ | २९८ | २५३ | ३३२ | १८६ | १८४ | १५९ | २२८ | २७८१ |
| | महिला | ३७६ | ४९६ | २५० | २६३ | २५२ | ३१६ | १४७ | १९९ | १७७ | २४४ | २७२० |
| १५–५९ वर्षको | पुरुष | ५३५ | ६४० | ४२६ | ५१७ | ४०३ | ५३७ | ३६६ | ३१७ | ३२४ | ४१७ | ४४८२ |
| | महिला | ७११ | ७४६ | ४६५ | ५२४ | ४१६ | ६२६ | ३८३ | ३३७ | ३२४ | ४५९ | ४९९१ |
| ६० वर्ष + जनसंख्या | पुरुष | १५६ | १२४ | ९६ | १३२ | ८१ | १४६ | १०७ | ९२ | ७७ | १४० | ११५१ |
| | महिला | १६५ | १४३ | १०३ | १३७ | १०४ | १७९ | १२६ | ८८ | ८७ | १५३ | १२८५ |
| ६५ वर्ष + जनसंख्या | पुरुष | १०७ | ८० | ६८ | ८२ | ४८ | १०३ | ७० | ७२ | ५४ | ९७ | ७८१ |
| | महिला | १०७ | ९३ | ७८ | ८१ | ७० | १२६ | ९१ | ६० | ६३ | १०४ | ८७३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६८ वर्ष + जनसंख्या | पुरुष | ८२ | ६१ | ५१ | ६३ | ३८ | ८२ | ६१ | ५५ | ४२ | ७३ | ६०८ |
| | महिला | ८९ | ५८ | ५९ | ६२ | ५६ | ९५ | ६६ | ४० | ४४ | ८७ | ६५६ |
| १५ देखि ४९ वर्ष उमेर समूहका महिला | | ५८८ | ६३३ | ३९७ | ४३२ | ३५४ | ५३५ | २८९ | २८१ | २६९ | ३७९ | ४१५७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ को विस्तृत तथ्यांकले चम्पादेवी गाउँपालिकाको जनसंख्याको उमेर समूहगत वितरणमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेकोमा, १० वर्ष र सोभन्दा माथिको उमेरका नागरिकहरूको संख्या यही रहेको पाइन्छ, जसमा पुरुष ७,८५८ र महिला ८,४५३ जना छन् । यो तथ्यांकले गाउँपालिकामा वयस्क जनसंख्याको बाहुल्य रहेको संकेत गर्दछ ।

बालबालिकाको जनसंख्याको कुरा गर्दा, ० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको कुल संख्या ४,४०२ रहेको पाइएको छ, जसमा पुरुष २,२२५ र महिला २,१७७ जना छन् । यो समूहले भविष्यको मानव संसाधन र शिक्षा तथा स्वास्थ्य सेवाको मागलाई निर्धारण गर्दछ । यसको साथै, १ वर्षभन्दा कम उमेरका शिशुहरूको संख्या २१९ (११७ पुरुष र ९२ महिला) रहेको देखिन्छ, जसले जन्मदरको अवस्थालाई प्रतिविम्बित गर्दछ ।

आर्थिक रूपमा सक्रिय मानिने १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या ९,४७३ (पुरुष ४,४८२ र महिला ४,९९१) रहेको पाइन्छ । यो समूह गाउँपालिकाको उत्पादनशील शक्ति हो र यसले आर्थिक विकासमा प्रत्यक्ष योगदान पुऱ्याउँछ । यस उमेर समूहमा महिलाको संख्या पुरुषको भन्दा बढी रहेको पाइएको छ, जसले पुरुषहरूमा बसाइँसराइको प्रवृत्ति बढी हुन सक्ने संकेत गर्दछ ।

वृद्ध जनसंख्याको सन्दर्भमा, ६० वर्ष र सोभन्दा माथिको उमेर समूहका वृद्धवृद्धाको संख्या २,४३६ (पुरुष १,१५१ र महिला १,२८५) रहेको पाइएको छ । त्यसैगरी, ६५ वर्ष र सोभन्दा माथिको उमेर समूहमा १,६५४ जना (पुरुष ७८१ र महिला ८७३) र ६८ वर्ष र सोभन्दा माथिको उमेर समूहमा १,२६४ जना (पुरुष ६०८ र महिला ६५६) रहेका छन् । वृद्ध जनसंख्याको यो अनुपातले गाउँपालिकामा सामाजिक सुरक्षा, स्वास्थ्य सेवा, र ज्येष्ठ नागरिकमैत्री कार्यक्रमहरूको आवश्यकतालाई उजागर गर्दछ ।

चम्पादेवी गाउँपालिकामा युवा र सक्रिय जनसंख्याको साथै बालबालिका र वृद्धवृद्धाको पनि उल्लेख्य संख्या रहेको देखाउँछ । यो जनसांख्यिक संरचनाले गाउँपालिकाको विकास योजनाहरूमा विभिन्न उमेर समूहका आवश्यकताहरूलाई सम्बोधन गर्नुपर्ने चुनौती र अवसर दुवै प्रस्तुत गर्दछ । शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षाजस्ता क्षेत्रमा विशेष ध्यान दिनु आवश्यक देखिन्छ ।

### २.२.६ वडागत जनघनत्व

जनघनत्वले प्रतिवर्ग किलोमिटर क्षेत्रफलमा बसोबास गर्ने जनसंख्याको संख्यालाई जनाउँछ, जसले कुनै पनि क्षेत्रमा जनसंख्याको चाप र वितरणको अवस्थालाई मापन गर्दछ । जनघनत्वको तुलनात्मक विश्लेषणले जनसंख्या वृद्धिको प्रवृत्ति, बसाइँसराइको प्रभाव र सहरीकरणको स्तरलाई बुझ्न मद्दत गर्दछ । यस खण्डमा राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकाका विभिन्न वडाहरूको जनघनत्वको विस्तृत विश्लेषण प्रस्तुत गरिएको छ ।

**तालिका १२: चम्पादेवी गाउँपालिकाको वडागत जनघनत्व**

| वडा नम्बर | २०६८ सालको जनसंख्या | २०७८ सालको जनसंख्या | | | जनघनत्व |
|---|---|---|---|---|---|
| | | जम्मा | पुरुष | महिला | |
| वडा नम्बर १ | २५५३ | २१६३ | ९८९ | ११७४ | १५०.४ |
| वडा नम्बर २ | २६७८ | २४४५ | ११४५ | १३०० | ११९.५ |
| वडा नम्बर ३ | १८११ | १५०९ | ७४७ | ७६२ | ८७.६ |
| वडा नम्बर ४ | २१२५ | १७४६ | ८८० | ८६६ | १५२.० |
| वडा नम्बर ५ | १५१२ | १४१० | ६८३ | ७२७ | १७१.१ |
| वडा नम्बर ६ | २२५४ | २०१८ | ९६१ | १०५७ | २२६.९ |
| वडा नम्बर ७ | १५१५ | १२४६ | ६१९ | ६२७ | ११४.९ |
| वडा नम्बर ८ | ११३५ | ११५१ | ५६६ | ५८५ | ११६.५ |
| वडा नम्बर ९ | ११७६ | १०९२ | ५३५ | ५५७ | ८२.९ |
| वडा नम्बर १० | १८५४ | १५३१ | ७३३ | ७९८ | १२४.४ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०६८ र २०७८ का तथ्यांकहरूका आधारमा चम्पादेवी गाउँपालिकाको वडागत जनघनत्वको विश्लेषण गर्दा महत्त्वपूर्ण प्रवृत्तिहरू देखिएका छन् । धेरैजसो वडाहरूमा २०६८ सालको तुलनामा २०७८ सालमा जनसंख्यामा गिरावट आएको पाइएको छ । उदाहरणका लागि, वडा नं. १ को जनसंख्या २०६८ मा २,५५३ रहेकोमा २०७८ मा २,१६३ मा झरेको देखिन्छ, जसले लगभग १४.९% को कमीलाई औंल्याउँछ । यसैगरी, वडा नं. २, ३, ४, ५, ६, ७, ९, र १० मा पनि जनसंख्यामा कमी आएको पाइन्छ । यसको विपरीत, वडा नं. ८ मा २०६८ सालको तुलनामा २०७८ सालमा जनसंख्यामा सामान्य वृद्धि (१,१३५ बाट १,१५१) भएको देखिन्छ ।

जनघनत्वको हिसाबले, वडा नं. ६ मा जनघनत्व सबैभन्दा बढी २२६.९ रहेको पाइएको छ, जसको अर्थ यस वडामा प्रतिवर्ग किलोमिटरमा २२६.९ जना मानिस बसोबास गर्दछन् । यसले वडा नं. ६ मा जनसंख्याको चाप बढी रहेको संकेत गर्दछ । यसको विपरीत, वडा नं. ९ मा जनघनत्व सबैभन्दा कम ८२.८६ रहेको देखिन्छ, जसले यहाँ जनसंख्याको घनत्व कम रहेको देखाउँछ । अन्य वडाहरूको जनघनत्व पनि फरक–फरक रहेको पाइन्छ, जस्तै वडा नं. ४ मा १५२ र वडा नं. ५ मा १७१.१ रहेको छ ।

जनसंख्यामा आएको यो गिरावटले गाउँपालिकाबाट हुने बसाइँसराइ, विशेषगरी युवाहरूको, एक प्रमुख कारण हुन सक्ने सम्भावनालाई उजागर गर्दछ । ग्रामीण क्षेत्रबाट सहर वा विदेशतर्फको बसाइँसराइले गाउँपालिकामा जनसंख्या घट्दै गएको र यसले मानव संसाधनको अभाव तथा आर्थिक गतिविधिमा नकारात्मक प्रभाव पार्न सक्ने चुनौतीहरू सिर्जना गर्न सक्छ । यो विश्लेषणले गाउँपालिकाको जनसांख्यिक परिवर्तन र त्यसका दीर्घकालीन प्रभावहरूलाई बुझ्न मद्दत गर्दछ, जसलाई सम्बोधन गर्नका लागि लक्षित विकास कार्यक्रम र नीतिहरूको पहिचान गरी तर्जुमा गर्नु आवश्यक देखिन्छ ।

## ४.२ शिक्षाको अवस्था

शिक्षाले मानव विकास र समाजको प्रगतिमा महत्त्वपूर्ण भूमिका खेल्छ । साक्षरता दरले कुनै पनि क्षेत्रका नागरिकहरूको ज्ञान र सीपको स्तरलाई जनाउँछ, जसले आर्थिक र सामाजिक अवसरहरू सिर्जना गर्न मद्दत गर्दछ । यस खण्डमा गाउँपालिकाको शिक्षाको विवरणको विश्लेषण तालिकामा प्रस्तुत गरिएको छ ।

### ४.३.१ साक्षरताको अवस्था

साक्षरता दर प्रायः ५ वर्षभन्दा माथिको जनसंख्यालाई हेरिन्छ । तालिका १३ मा चम्पादेवी गाउँपालिकाको ५ वर्षभन्दा माथिको जनसंख्या वडाअनुसार महिला र पुरुषको साक्षरता दर प्रस्तुत गरिएको छ । जसमा लेख्न र पढ्न सक्नेलाई साक्षर र पढ्न मात्र सक्ने र लेख्न पढ्न दुवै नसक्नेलाई निरक्षरको वर्गमा राखिएको छ । यो गाउँपालिकाको ५ वर्ष र माथिको १५,१२३ जनसंख्यामध्ये ६८ प्रतिशत साक्षर र बाँकी ३२ प्रतिशत निरक्षरको रूपमा गणना गरिएको देखिन्छ । साक्षरता दरमा पुरुषको ७७ प्रतिशतभन्दा महिलाको ६० प्रतिशत १७ प्रतिशतले कमी देखिएको छ । साक्षरता युवा अथवा कम उमेरकामा बढी र निरक्षरता पाको उमेरकामा बढी देखिएको छ । जस्तो कि १५ देखि २४ वर्ष उमेर समूहका कुल, पुरुष र महिला क्रमश ९७, ९८ र ९६ प्रतिशत साक्षर देखिन्छन् भने अर्कोतिर ५५ वर्ष र सोभन्दा माथिको उमेरका कुल, पुरुष र महिलाको निरक्षर दर क्रमश ७८, ६३ र ९२ प्रतिशत देखिएको छ ।

**तालिका १३: चम्पादेवी गाउँपालिकाको ५ वर्ष र सोभन्दा माथिको उमेरका जनसंख्याको उमेर र लिंगअनुसार साक्षरताको अवस्था, जनगणना २०७८**

| उमेर समूह | जम्मा | | | पुरुष | | | महिला | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % | जनसंख्या | साक्षर % | निरक्षर % |
| ०५–१४ वर्ष | ३,२१४ | ९८.० | २.० | १,५९९ | ९७.५ | २.५ | १,६१५ | ९८.५ | १.५ |
| १५–२४ वर्ष | ३,१८९ | ९६.८ | ३.२ | १,५२७ | ९८.० | २.० | १,६६२ | ९५.७ | ४.३ |
| २५–३४ वर्ष | २,१११ | ८१.८ | १८.२ | ९९० | ८९.० | ११.० | १,१२१ | ७५.४ | २४.६ |
| ३५–५४ वर्ष | ३,४२५ | ४८.३ | ५१.७ | १,५८६ | ६७.१ | ३२.९ | १,८३९ | ३२.० | ६८.० |
| ५५ वर्ष + | ३,१८४ | २२.३ | ७७.७ | १,५३० | ३७.३ | ६२.७ | १,६५४ | ८.४ | ९१.६ |
| जम्मा | १५,१२३ | ६८.३ | ३१.७ | ७,२३२ | ७७.० | २३.० | ७,८९१ | ६०.२ | ३९.८ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यसबाट के स्पष्ट हुन्छ भने, पुरानो पुस्तामा शिक्षाको पहुँचको कमीले गर्दा निरक्षरता बढी छ र पहुँच पुग्दै गएकाले गर्दा नयाँ पुस्तामा साक्षरता बढ्दै गएको छ । त्यस्तै निरक्षरताको दरमा पुरानो पुस्तामा देखिएको पुरुष र महिलाका बीचको साक्षरताको खाडल नयाँ पुस्तामा लगभग सकिएको देखिन्छ । तालिका १४ मा चम्पादेवी गाउँपालिकाका ५ वर्ष र सोभन्दा माथिको उमेरको कुल, पुरुष र महिला जनसंख्याको वडाअनुसार साक्षरताको अवस्था प्रस्तुत गर्न खोजिएको छ

। वडागत रूपमा हेर्दा, वडा नं. ७ मा साक्षरता दर सबैभन्दा बढी ७५.३% रहेको छ, भने वडा नं. १ मा पुरुष महिला दुवैमा सबैभन्दा कम ६१.३% रहेको देखिन्छ । पढ्न मात्र सक्ने जनसंख्याको संख्या निकै कम रहेको छ, जसमा गाउँपालिकाभरि कुल ५१ जना मात्र पर्छन् । यसले साक्षरताका लागि लेख्न र पढ्न दुवै क्षमताको विकासमा जोड दिनुपर्ने आवश्यकता रहेको देखाउँछ ।

**तालिका १४: गाउँपालिकाको ५ वर्ष पूरा भएको जनसंख्याको शैक्षिक अवस्था**

| वडा | लिंग | ५ वर्ष र सोभन्दा माथिको जनसंख्या | जनसंख्या जसले | | | साक्षरता दर (लेख्न पढ्न सक्ने मात्र) |
|---|---|---|---|---|---|---|
| | | | लेख्न पढ्न सक्ने | पढ्न मात्र सक्ने | लेख्न पढ्न नसक्ने | |
| **वडा नं. १** | जम्मा | २००२ | १२२७ | १ | ७७४ | ६१.३ |
| | पुरुष | ९०२ | ६३७ | १ | २६४ | ७०.६ |
| | महिला | ११०० | ५९० | ० | ५१० | ५३.६ |
| **वडा नं. २** | जम्मा | २२३९ | १५५१ | १ | ६८७ | ६९.३ |
| | पुरुष | १०४३ | ७९४ | १ | २४८ | ७६.१ |
| | महिला | ११९६ | ७५७ | ० | ४३९ | ६३.३ |
| **वडा नं. ३** | जम्मा | १३९६ | ९२७ | ० | ४६९ | ६६.४ |
| | पुरुष | ६७६ | ४९९ | ० | १७७ | ७३.८ |
| | महिला | ७२० | ४२८ | ० | २९२ | ५९.४ |
| **वडा नं. ४** | जम्मा | १६१४ | १०२५ | ३ | ५८६ | ६३.५ |
| | पुरुष | ८१२ | ५८५ | २ | २२५ | ७२.० |
| | महिला | ८०२ | ४४० | १ | ३६१ | ५४.९ |
| **वडा नं. ५** | जम्मा | १२८० | ९२० | ० | ३६० | ७१.९ |
| | पुरुष | ६०८ | ४८८ | ० | १२० | ८०.३ |
| | महिला | ६७२ | ४३२ | ० | २४० | ६४.३ |
| **वडा नं. ६** | जम्मा | १८९१ | १३५५ | १ | ५३५ | ७१.७ |
| | पुरुष | ८९६ | ७३६ | ० | १६० | ८२.१ |
| | महिला | ९९५ | ६१९ | १ | ३७५ | ६२.२ |
| **वडा नं. ७** | जम्मा | ११८४ | ८९१ | ० | २९३ | ७५.३ |
| | पुरुष | ५८७ | ५०५ | ० | ८२ | ८६.० |
| | महिला | ५९७ | ३८६ | ० | २११ | ६४.७ |
| **वडा नं. ८** | जम्मा | १०७५ | ८०९ | ० | २६६ | ७५.३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | पुरुष | ५२४ | ४२६ | ० | ९८ | ८१.३ |
| | महिला | ५५१ | ३८३ | ० | १६८ | ६९.५ |
| **वडा नं. ९** | जम्मा | १००२ | ६५६ | ४४ | ३०२ | ६५.५ |
| | पुरुष | ४९२ | ३६२ | १९ | १११ | ७३.६ |
| | महिला | ५१० | २९४ | २५ | १९१ | ५७.७ |
| **वडा नं. १०** | जम्मा | १४४० | ९६४ | १ | ४७५ | ६६.९ |
| | पुरुष | ६९२ | ५३९ | १ | १५२ | ७७.९ |
| | महिला | ७४८ | ४२५ | ० | ३२३ | ५६.८ |
| **गा.पा.को जम्मा** | जम्मा | १५१२३ | १०३२५ | ५१ | ४७४७ | ६८.३ |
| | पुरुष | ७२३२ | ५५७१ | २४ | १६३७ | ७७.० |
| | महिला | ७८९१ | ४७५४ | २७ | ३११० | ६०.३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

### ४.३.२ साक्षरले पूरा गरेको शैक्षिक तह

तालिका १५ मा चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने ५ वर्षमाथिका उमेरका साक्षर जनसंख्याले हासिल गरेको शैक्षिक तहअनुसार तथ्यांक प्रस्तुत गरिएको छ । शैक्षिक तहलाई नेपाल सरकारले वर्गीकरण गरेको विद्यालयको तहअनुसार पूर्व बाल विकास, आधारभूत तह, माध्यमिक तह र स्नातक तह र सोभन्दा माथि र अन्य गरेर वर्गीकरण गरिएको छ। उमेरलाई ०५ देखि १४ वर्ष, १५ देखि २४ वर्ष र २५ वर्ष माथिको उमेरअनुसार वर्गीकरण गरेर महिला-पुरुष र दुवैको संयुक्त दरहरू हेर्ने प्रयास गरिएको छ। यो नतिजाले विद्यालय जाने उमेरका बालबालिका तथा युवाहरूको विद्यालयमा भर्ना हुने र नियमित उपस्थित हुने प्रवृत्तिले शिक्षामा पहुँच र भविष्यका मानव संसाधनको विकासलाई इंगित गर्छ।

चम्पादेवी गाउँपालिकाको १०,३१० साक्षर जनसंख्यामध्ये करिब ५६ प्रतिशतले आधारभूत तहको (कक्षा ८ सम्म) शिक्षा पूरा गरेको देखिन्छ। उमेरअनुसार ०५ देखि १४ वर्षको उमेर समूहका करिब ८६ प्रतिशतले आधारभूत तहको शिक्षा हासिल गरेका छन् भने २५ वर्षमाथिकामा करिब ३९ प्रतिशतले सो तह पूरा गरेको देखिन्छ। यो क्रम महिला र पुरुषमा लगभग उस्तै देखिन्छ। कुलमा करिब एकतिहाइ पुरुषमा ३२ प्रतिशत र महिलामा ३५ प्रतिशतले माध्यमिक तहका कक्षा पूरा गरेको देखिन्छ। संयुक्त र महिला-पुरुष तीनै पक्षमा ३ प्रतिशतभन्दा केही बढीले स्नातक वा सोभन्दा माथिल्लो तहको शिक्षा हासिल गरेको देखिन्छ। त्यस्तै, सरदरमा ३ प्रतिशतजस्तोले पूर्व बाल विकास कक्षाको शिक्षा लिएको देखिन्छ।

हासिल गरेको शैक्षिक तह उमेर सँगसँगै माथि गएको देखिन्छ। उदाहरणका लागि १४ वर्षमुनिकामा आधारभूत तहको शिक्षा लिनेको अनुपात उच्च देखिन्छ भने माध्यमिक तहको शिक्षा लिनेको हिस्सा १५ देखि २४ वर्षकोमा अरूभन्दा माथि छ र स्नातक वा सोभन्दा माथिको शिक्षा लिनेको हिस्सा २५ वर्ष वा सोभन्दा माथिकोमा तल्लो उमेर समूहमा भन्दा बढी छ। त्यस्तै, शिशु वा पूर्व बाल विकास कक्षाको तह पूरा गर्नेको अनुपात पनि १४ वर्षमुनिकामा नै उच्च देखिन्छ।

**तालिका १५: चम्पादेवी गाउँपालिकाका ५ वर्षमाथिका साक्षर जनसंख्याले पूरा गरेको शैक्षिक तहअनुसार उमेर र लैंगिक वितरण**

| लैंगिक विवरण | साक्षरको संख्या | पूरा गरेको शैक्षिक तह | | | | |
|---|---|---|---|---|---|---|
| जम्मा | | पूर्व बाल विकास | आधारभूत तह | माध्यमिक तह | स्नातक वा माथि | अन्य |
| ०५–१४ वर्ष | ३,१४८ | १०.३ | ८६.३ | ३.३ | ०.० | ०.१ |
| १५–२४ वर्ष | ३,०८९ | ०.० | २५.९ | ६९.३ | ४.० | ०.८ |
| २५ वर्षमाथि | ४,०७३ | ०.१ | ५४.३ | २८.९ | ५.४ | ११.४ |
| जम्मा | १०,३१० | ३.२ | ५५.५ | ३३.२ | ३.३ | ४.८ |
| | | | पुरुष | | | |
| ०५–१४ वर्ष | १,५५९ | ९.७ | ८७.७ | २.५ | ०.० | ०.१ |
| १५–२४ वर्ष | १,४९७ | ०.० | २८.९ | ६७.३ | ३.१ | ०.७ |
| २५ वर्ष माथि | २,५०७ | ०.१ | ५७.९ | २८.३ | ५.३ | ८.३ |
| जम्मा | ५,५६३ | २.८ | ५८.५ | ३१.६ | ३.२ | ४.० |
| | | | महिला | | | |
| ०५–१४ वर्ष | १,५८९ | ११.० | ८४.९ | ४.१ | ०.० | ०.१ |
| १५–२४ वर्ष | १,५९२ | ०.० | २३.१ | ७१.२ | ४.८ | ०.९ |
| २५ वर्षमाथि | १,५६६ | ०.१ | ४८.४ | २९.८ | ५.४ | १६.३ |
| जम्मा | ४,७४७ | ३.७ | ५२.१ | ३५.१ | ३.४ | ५.७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

### ४.३.३ ५ देखि २५ वर्ष उमेरको जनसंख्याको विद्यालय सहभागिता

विद्यालय जाने उमेर समूहका विद्यार्थीहरूको विद्यालयमा सक्रिय सहभागिताले शिक्षाको गुणस्तर र पहुँचमा सुधारको संकेत गर्छ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकामा ५ देखि २५ वर्ष उमेर समूहका जनसंख्याको हाल विद्यालयमा अध्ययनरत अवस्थाबारे जानकारी दिइएको छ। तालिका १६ मा उक्त उमेरका महिला र पुरुष र कुल जनसंख्याको हाल विद्यालयमा सहभागिताको अवस्था प्रस्तुत गरिएको छ।

**तालिका १६: चम्पादेवी गाउँपालिकाका ५ देखि २५ वर्ष उमेर समूहको जनसंख्याको हाल विद्यालय जाने नजाने अवस्थाअनुसार वितरण, जनगणना २०७८**

| वडा नम्बर र लिंग | | वडा १ | वडा २ | वडा ३ | वडा ४ | वडा ५ | वडा ६ | वडा ७ | वडा ८ | वडा ९ | वडा १० | गा.पाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ – २५ वर्षको जनसंख्या | जम्मा | ६८० | ९८५ | ५२३ | ५४५ | ४७१ | ५८४ | ३२३ | ३५८ | ३३७ | ४२५ | ५२३१ |
| | पुरुष | ३३१ | ४५६ | २६९ | २९८ | २१९ | २९३ | १८३ | १६४ | १६४ | २१८ | २५९५ |
| | महिला | ३४९ | ५२९ | २५४ | २४७ | २५२ | २९१ | १४० | १९४ | १७३ | २०७ | २६३६ |
| विद्यालय जाने | पुरुष | २७७ | ३३६ | २२३ | २२६ | १५७ | २४५ | १४७ | १३० | १०२ | १६१ | २००४ |
| | महिला | २७५ | ३६९ | २०८ | १८४ | १८७ | २३३ | १०४ | १४४ | ११३ | १६९ | १९८६ |
| प्रायः जाने गरेको | पुरुष | ५२ | ९९ | ३८ | ६४ | ५७ | ४४ | ३० | २९ | ५२ | ४७ | ५१२ |
| | महिला | ५८ | १२९ | ३९ | ५३ | ६२ | ५१ | ३२ | ४१ | ४७ | ३२ | ५४४ |
| कहिल्यै नजाने | पुरुष | २ | २१ | ८ | ८ | ५ | ४ | ६ | ५ | १० | १० | ७९ |
| | महिला | १६ | ३१ | ७ | १० | ३ | ७ | ४ | ९ | १३ | ६ | १०६ |
| विद्यालय जानेको प्रतिशत | जम्मा | ८१.१८ | ७१.५७ | ८२.४१ | ७५.२३ | ७३.०४ | ८१.८५ | ७७.७१ | ७६.५४ | ६३.८ | ७७.६५ | ७६.२८ |
| | पुरुष | ८३.६९ | ७३.६८ | ८२.९ | ७५.८४ | ७१.६९ | ८३.६२ | ८०.३३ | ७९.२७ | ६२.२ | ७३.८५ | ७७.२३ |
| | महिला | ७८.८ | ६९.७५ | ८१.८९ | ७४.४९ | ७४.२१ | ८०.०७ | ७४.२९ | ७४.२३ | ६५.३२ | ८१.६४ | ७५.३४ |
| प्रायः जानेको प्रतिशत | जम्मा | १६.१८ | २३.१५ | १४.७२ | २१.४७ | २५.२७ | १६.२७ | १९.२ | १९.५५ | २९.३८ | १८.५९ | २०.१९ |
| | पुरुष | १५.७१ | २१.७१ | १४.१३ | २१.४८ | २६.०३ | १५.०२ | १६.३९ | १७.६८ | ३१.७१ | २१.५६ | १९.७३ |
| | महिला | १६.६२ | २४.३९ | १५.३५ | २१.४६ | २४.६ | १७.५३ | २२.८६ | २१.१३ | २७.१७ | १५.४६ | २०.६४ |
| कहिल्यै नगएको | जम्मा | २.६५ | ५.२८ | २.८७ | ३.३ | १.७ | १.८८ | ३.१ | ३.९१ | ६.८२ | ३.७६ | ३.५४ |
| | पुरुष | ०.६ | ४.६१ | २.९७ | २.६८ | २.२८ | १.३७ | ३.२८ | ३.०५ | ६.१ | ४.५९ | ३.०४ |
| | महिला | ४.५८ | ५.८६ | २.७६ | ४.०५ | १.१९ | २.४१ | २.८६ | ४.६४ | ७.५१ | २.९ | ४.०२ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकामा ५ देखि २५ वर्ष उमेर समूहको कुल जनसंख्या ५,२३१ रहेको छ। यसमध्ये ७६.३% हाल विद्यालय गइरहेका छन्, २०.२% कहिलेकाहीं विद्यालय जाने गरेका छन् र ३.५% कहिल्यै विद्यालय नगएका छन्। पुरुष विद्यार्थीको हाल अध्ययनरत प्रतिशत ७७.२% र महिलाको ७५.३% रहेको छ। वडा नं. ९ मा हाल विद्यालय गइरहेका विद्यार्थीको प्रतिशत सबैभन्दा कम ६३.८% रहेको छ, जबकि यसै वडामा कहिल्यै विद्यालय नगएका विद्यार्थीको प्रतिशत सबैभन्दा बढी (६.८%) रहेको देखिन्छ। यसले शिक्षामा पहुँच अझै पनि केही क्षेत्रमा अपर्याप्त रहेको र त्यसलाई सुधार गर्न थप प्रयास गर्नुपर्ने आवश्यकता रहेको देखाउँछ।

## ४.४ जनसंख्याको फरक क्षमताअनुसारको संरचना

फरक क्षमता भएका व्यक्तिहरूको साक्षरता स्तरले समाजमा समावेशिता र सबैलाई समान अवसरको पहुँचलाई प्रतिविम्बित गर्छ। यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकाको सबै, पुरुष र महिला जनसंख्याको अपांगताको अवस्थाका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ। यो पालिकामा करिब २ प्रतिशत महिला र ३ प्रतिशत पुरुषमा कुनै न कुनै खालको अपांगता भएको तथ्यांकले देखाएको छ (तालिका १७)। अपांगताको किसिमका आधारमा हेर्दा शारीरिक अपांगता हुनेको संख्या तुलनात्मक रूपमा बढी देखिन्छ भने अपांगताको वर्गीकरणअनुसारका सबै खाले अपांगहरू यो पालिकामा रहेको देखिन्छ।

**तालिका १७: चम्पादेवी गाउँपालिकाको जनसंख्याको अपांगताको प्रकार र अवस्थाअनुसार कुल, पुरुष र महिलाको वितरण, जनगणना २०७८**

| अपांगताको प्रकार | कुल जनसंख्या | % | पुरुष | % | महिला | % |
|---|---|---|---|---|---|---|
| कुल जनसंख्या | १६,३११ | १००.० | ७,८५८ | १००.० | ८,४५३ | १००.० |
| शारीरिक अपांगता | १८१ | १.१ | ९८ | १.२ | ८३ | १.० |
| कम दृष्टि | ५८ | ०.४ | ३१ | ०.४ | २७ | ०.३ |
| अन्धोपन | २३ | ०.१ | १० | ०.१ | १३ | ०.२ |
| श्रवणशक्तिविहीन | ३२ | ०.२ | १३ | ०.२ | १९ | ०.२ |
| कम सुन्ने | ३० | ०.२ | १८ | ०.२ | १२ | ०.१ |
| श्रवण र दृष्टिविहीन | ३ | ०.० | १ | ०.० | २ | ०.० |
| बोलीमा समस्या | १२ | ०.१ | ६ | ०.१ | ६ | ०.१ |
| मनोसामाजिक समस्या | १५ | ०.१ | ८ | ०.१ | ७ | ०.१ |
| बौद्धिक अपांगता | ४ | ०.० | ३ | ०.० | १ | ०.० |
| हेमोफिलिया | ६ | ०.० | ४ | ०.१ | २ | ०.० |
| अटिजम | ३ | ०.० | १ | ०.० | २ | ०.० |
| बहुअपांगता | २३ | ०.१ | १३ | ०.२ | १० | ०.१ |
| कुनै न कुनै अपांगता भएका | ३९० | २.४ | २०६ | २.६ | १८४ | २.२ |
| कुनै पनि अपांगता नभएका | १५,९२१ | ९७.६ | ७,६५२ | ९७.४ | ८,२६९ | ९७.८ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

## ४.५ वैवाहिक अवस्था

नेपालमा जनगणनाले १० वर्ष र सोभन्दा माथिको उमेर समूहका जनसंख्याको वैवाहिक अवस्था प्रायः ४ वर्गमा राखेर हेर्ने गरेको छ। जसअन्तर्गत अविवाहित, विवाहित, विधवा/विधुर, पारपाचुके र छुट्टिएका पर्दछन्। चम्पादेवी गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको कुल, पुरुष र महिला जनसंख्याको उमेरअनुसारको वैवाहिक अवस्था

तालिका ४.१८ मा प्रस्तुत गरिएको छ। जसअनुसार १० वर्षमाथिको सबै उमेरका कुल जनसंख्याको एकतिहाइ, पुरुषको ३७ र महिलाको २९ प्रतिशत अविवाहित अवस्थामा छन्। यसैगरी महिला पुरुषको दुवै मिलाएर ६२ प्रतिशत, ६० प्रतिशत पुरुष र ६३ प्रतिशत महिला हाल विवाहित छन् भने कुल जनसंख्याको करिब ५ प्रतिशत, पुरुषको २ प्रतिशतभन्दा केही बढी र ७ प्रतिशत महिला विधवा तथा विधुर अवस्थामा रहेको देखिन्छ। २० वर्ष नपुग्दै विवाह गर्नेमा कुल जनसंख्याको करिब ९ प्रतिशत, पुरुषको ४ प्रतिशत र महिलाको करिब १४ प्रतिशत देखिएको छ भने ३५ वर्षपछिको उमेरमा लगभग ९५ प्रतिशतभन्दा बढी पुरुष र महिला दुवैको विवाह भएको देखिन्छ। अविवाहितको अनुपात ५० वर्षपछि पुरुषको लगभग १ प्रतिशत र महिलाको २ प्रतिशतमा पुगेको देखिन्छ। ३५ वर्षपछि विधवा तथा विधुर हुने क्रम बढेको देखिन्छ भने ५० वर्षभन्दा माथिको २१ प्रतिशत महिला र ८ प्रतिशत पुरुषको वैवाहिक अवस्था वैधव्य अवस्थामा गएको देखिन्छ।

**तालिका १८: चम्पादेवी गाउँपालिकाको १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्याको वैवाहिक अवस्थाअनुसार वितरण**

| उमेर समूह | जनसंख्या | वैवाहिक अवस्था प्रतिशतमा | | | |
|---|---|---|---|---|---|
| महिला पुरुष दुवै | | अविवाहित | विवाहित | विधवा/विधुर | पारपाचुके/छुट्टिएको |
| सबै उमेर समूह | १३,६८५ | ३३.१ | ६१.८ | ४.८ | ०.४ |
| १०–१४ वर्ष | १,७७६ | ९९.४ | ०.६ | ०.० | ०.० |
| १५–१९ वर्ष | १,८२० | ९१.६ | ८.४ | ०.० | ०.० |
| २०–२४ वर्ष | १,३६९ | ५०.६ | ४८.९ | ०.४ | ०.१ |
| २५–२९ वर्ष | १,१५६ | १८.० | ८१.५ | ०.३ | ०.२ |
| ३०–३४ वर्ष | ९५५ | ६.३ | ९२.९ | ०.३ | ०.५ |
| ३५–३९ वर्ष | ८६९ | ३.० | ९५.४ | १.० | ०.६ |
| ४०–४४ वर्ष | ८८३ | २.३ | ९६.० | १.४ | ०.३ |
| ४५–४९ वर्ष | ७९६ | २.१ | ९४.६ | २.८ | ०.५ |
| ५० + वर्ष | ४,०६१ | १.६ | ८२.९ | १४.७ | ०.७ |
| | | | **पुरुष** | | |
| सबै उमेर समूह | ६,५४२ | ३७.१ | ६०.१ | २.५ | ०.३ |
| १०–१४ वर्ष | ९०९ | ९९.४ | ०.६ | ०.० | ०.० |
| १५–१९ वर्ष | ९१५ | ९६.२ | ३.८ | ०.० | ०.० |
| २०–२४ वर्ष | ६१२ | ६५.४ | ३४.५ | ०.२ | ०.० |
| २५–२९ वर्ष | ५५४ | २४.९ | ७४.५ | ०.४ | ०.२ |
| ३०–३४ वर्ष | ४३६ | ८.७ | ९०.६ | ०.२ | ०.५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३५–३९ वर्ष | ३९६ | ४.५ | ९५.२ | ०.० | ०.३ |
| ४०–४४ वर्ष | ४०७ | २.७ | ९६.३ | ०.५ | ०.५ |
| ४५–४९ वर्ष | ३७१ | २.७ | ९५.७ | १.१ | ०.५ |
| ५० + वर्ष | १,९४२ | १.३ | ९०.२ | ८.० | ०.५ |
| **महिला** | | | | | |
| सबै उमेर समूह | ७,१४३ | २९.४ | ६३.३ | ६.८ | ०.४ |
| १०–१४ वर्ष | ८६७ | ९९.३ | ०.७ | ०.० | ०.० |
| १५–१९ वर्ष | ९०५ | ८७.० | १३.० | ०.० | ०.० |
| २०–२४ वर्ष | ७५७ | ३८.७ | ६०.५ | ०.७ | ०.१ |
| २५–२९ वर्ष | ६०२ | ११.६ | ८७.९ | ०.३ | ०.२ |
| ३०–३४ वर्ष | ५१९ | ४.२ | ९४.८ | ०.४ | ०.६ |
| ३५–३९ वर्ष | ४७३ | १.७ | ९५.६ | १.९ | ०.८ |
| ४०–४४ वर्ष | ४७६ | १.९ | ९५.८ | २.१ | ०.२ |
| ४५–४९ वर्ष | ४२५ | १.६ | ९३.६ | ४.२ | ०.५ |
| ५० + वर्ष | २,११९ | २.० | ७६.२ | २०.९ | ०.९ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

पारपाचुके गरेका अथवा श्रीमान् श्रीमती मनमुटाव भएर छुट्टिएर अलग्गै बसेकाको अनुपात यो पालिकामा १ प्रतिशतभन्दा कममा देखिएको छ । समग्रमा हेर्दा विवाह गर्ने चलन पुरुषको हकमा लगभग २० वर्षपछि जान थालेको अनुभूत हुन्छ भने महिलाको हकमा अझै केही मात्रामा कायम रहेको देखिन्छ तर १५ वर्षमुनिको विवाहवारीको चलन भने महिला-पुरुष दुवैमा लगभग हराएको अनुभूत हुन्छ । पुरुषको हकमा ३५ वर्षपछि र महिलाको हकमा ३० वर्षपछि विवाह लगभग सर्वव्यापक भएको भान हुन्छ भने विधवा हुने प्रवृत्ति महिलामा पुरुषकोमा भन्दा करिब ३ गुणाले जस्तो बढी देखिन्छ ।

### ४.५.१ विवाहको उमेर र बालविवाह

यस खण्डमा चम्पादेवी गाउँपालिकाको वडाअनुसार विवाहित पुरुष, महिला र कुल जनसंख्याको विवाह हुँदाको औसत उमेर र २०-२४ वर्षको जनसंख्यामध्ये १५ वर्षमुनि र १८ वर्षमुनि विवाह भएकाको अनुपातका आधारमा नाबालिग विवाह र बालविवाहको अवस्थाको विश्लेषण गरिएको छ ।

#### विवाहको औसत उमेर

विवाहको औसत उमेरले सामाजिक, सांस्कृतिक, र आर्थिक विकासको स्तरलाई प्रतिविम्बित गर्छ । ढिलो विवाहले शिक्षा, करिअर र व्यक्तिगत विकासका लागि थप अवसरहरू प्रदान गर्छ । तालिका ४.१९ मा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकामा विवाहको औसत उमेरबारे जानकारी दिइएको छ ।

**तालिका १९: चम्पादेवी गाउँपालिकाका १० वर्ष र सोभन्दा माथिका विवाहित जनसंख्याको विवाह हुँदाको वडाअनुसार औसत उमेर**

| वडा नम्बर | विवाहको औसत उमेर | | |
|---|---|---|---|
| | जम्मा | पुरुष | महिला |
| वडा नम्बर १ | १८.६ | १९.५ | १८.० |
| वडा नम्बर २ | १८.९ | १९.७ | १८.३ |
| वडा नम्बर ३ | १९.८ | २०.९ | १८.९ |
| वडा नम्बर ४ | १९.९ | २१.३ | १८.८ |
| वडा नम्बर ५ | १९.५ | २०.४ | १८.७ |
| वडा नम्बर ६ | १८.९ | २०.६ | १७.५ |
| वडा नम्बर ७ | १८.६ | २०.१ | १७.३ |
| वडा नम्बर ८ | १९.४ | २०.९ | १८.० |
| वडा नम्बर ९ | १९.५ | २०.५ | १८.६ |
| वडा नम्बर १० | १९.३ | २१.० | १७.९ |
| गाउँपालिकाको जम्मा (प्रत्यक्ष गणना) | १९.२ | २०.५ | १८.२ |
| अप्रत्यक्ष गणना गरिएको विवाहको औसत उमेर | | २४.७ | २१.८ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकामा विवाहको औसत उमेर १९.२ वर्ष रहेको छ। पुरुषको औसत विवाह उमेर २०.५ वर्ष र महिलाको १८.२ वर्ष रहेको छ, जसले महिलाको विवाह पुरुषको तुलनामा चाँडो हुने गरेको देखाउँछ। वडा नं. ४ मा विवाहको औसत उमेर सबैभन्दा बढी १९.९ वर्ष रहेको छ, जबकि वडा नं. १ र ७ मा यो सबैभन्दा कम १८.६ वर्ष रहेको देखिन्छ।

महिलाको हकमा वडा नं. ७ मा औसत विवाह उमेर सबैभन्दा कम १७.३ वर्ष रहेको देखिन्छ, जसले यहाँ महिलाहरूको विवाह किशोरावस्थामै हुने प्रवृत्ति रहेको संकेत गर्छ। विवाहपूर्व सरदरमा एकल अवस्थामा बसेका वर्षहरूको गणनाका आधारमा विवाहको औसत उमेर अप्रत्यक्ष गणना गर्दा चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने पुरुषको करिब २५ वर्षमा र महिलाको २२ वर्षमा पहिलो विवाह हुने गरेको देखिन्छ।

तालिका २० मा चम्पादेवी गाउँपालिकाको २०-२४ वर्ष उमेर समूहको जनसंख्याको १५ वर्ष हुनु पहिला र १८ वर्ष हुनु पहिला विवाह हुनेको महिला पुरुषको जम्मा, पुरुष र महिलाको अलग अलग वडाअनुसार प्रतिशत प्रस्तुत गरिएको छ। तालिका अनुसार पालिकामा विवाह भएका सो उमेरकाका महिला–पुरुष दुवै मिलाएर ३ प्रतिशत, महिलाको हकमा ५ प्रतिशत र पुरुषको खण्डमा एक प्रतिशत भन्दा कमको १५ वर्ष नपुग्दै अथवा नाबालिक अवस्थामै विवाह भएको देखिन्छ। त्यसैगरी महिला–पुरुष दुवैमा १५ प्रतिशत, २३ प्रतिशत महिला र ६ प्रतिशत पुरुषको १८ वर्ष पुग्नुअगावै विवाह हुने गरेको देखिन्छ। यसरी हेर्दा यो पालिकामा नाबालिक विवाह र बालविवाह विशेषतः महिलामा निक्कै उच्च

छ भन्दा फरक नपर्ला। बालविवाह एक सामाजिक समस्या हो, जसले बालबालिकाको शारीरिक, मानसिक, र शैक्षिक विकासमा नकारात्मक असर पार्छ। १५ र १८ वर्षभन्दा अघि गरिने विवाहले शिक्षा, स्वास्थ्य, र व्यक्तिगत स्वतन्त्रतामा बाधा पुऱ्याउँछ। गाउँपालिकाको वडाअनुसार नाबालिक विवाह र बालविवाहको अवस्था नियाल्दा महिला नाबालिक विवाह (१५ वर्ष नपुग्दै भएको विवाह) वडा नं. ७, २, ४ र ९ मा अरू वडामा भन्दा उच्च देखिन्छ भने बालविवाह (१८ वर्ष नपुग्दै भएको विवाह) वडा नं. १ र २ मा ३२ प्रतिशत भन्दा बढीमा र वडा नं. ७ र ८ मा २६ प्रतिशत र सो भन्दा बढी छ। यो नतिजाले गाउँपालिकालले ति वडाहरूबाट बालविवाह र नाबालिक विवाह निर्मुल गर्न निक्कै ध्यान दिनुपर्ने देखिन्छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकामा २०-२४ वर्ष उमेर समूहको कुल जनसंख्या १,३६९ रहेको छ। यसमध्ये १५ वर्षअघि नै विवाह गर्नेको संख्या ४३ रहेको छ। जसले बालविवाह दर ३.१% रहेको देखाउँछ। पुरुषमा बालविवाह दर ०.८२% र महिलामा ५.०% रहेको छ। यस आधारमा महिलामा बालविवाहको समस्या बढी रहेको स्पष्ट पार्छ। वडा नं. ७ मा बालविवाह दर सबैभन्दा बढी ९.७१% (महिलामा १५.५%) रहेको छ। जबकि वडा नं. ५ मा यो सबैभन्दा कम ०.६८% रहेको देखिन्छ। यसले बालविवाह न्यूनीकरणका लागि थप सचेतना र कार्यक्रमहरू आवश्यक रहेको देखाउँछ।

**तालिका २०: चम्पादेवी गाउँपालिकाका २०-२४ वर्ष उमेर समूहको जनसंख्यामा १५ वर्ष (नाबालिक विवाह) र १८ वर्ष (बालविवाह) नहुँदै विवाह हुनेको लिंगअनुसार प्रतिशत वितरण**

| वडा नं. | २०–२४ वर्ष उमेर समूहको जनसंख्या | | | २०–२४ वर्ष उमेर समूहको जनसंख्यामध्ये | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १५ वर्ष नपुग्दै विवाह हुनेको प्रतिशत | | | १८ वर्ष नहुँदै विवाह हुनेको प्रतिशत | | |
| | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला |
| **पालिकाको जम्मा** | १,३६९ | ६१२ | ७५७ | ३.१ | ०.८ | ५.० | १५.१ | ५.७ | २२.६ |
| **वडा नम्बर १** | १६७ | ७० | ९७ | ३.६ | १.४ | ५.२ | २१.० | ४.३ | ३३.० |
| **वडा नम्बर २** | १९७ | ८५ | ११२ | ४.६ | १.२ | ७.१ | २२.३ | ९.४ | ३२.१ |
| **वडा नम्बर ३** | १११ | ४५ | ६६ | १.८ | २.२ | १.५ | ९.० | ८.९ | ९.१ |
| **वडा नम्बर ४** | १६६ | ८१ | ८५ | ४.२ | १.२ | ७.१ | ११.५ | ४.९ | १७.७ |
| **वडा नम्बर ५** | १४८ | ७६ | ७२ | ०.७ | ०.० | १.४ | १२.२ | २.६ | २२.२ |
| **वडा नम्बर ६** | १५८ | ६३ | ९५ | १.३ | ०.० | २.१ | ८.२ | ३.२ | ११.६ |
| **वडा नम्बर ७** | १०३ | ४५ | ५८ | ९.७ | २.२ | १५.५ | १७.५ | ६.७ | २५.९ |
| **वडा नम्बर ८** | १०३ | ४३ | ६० | १.९ | ०.० | ३.३ | १९.४ | ९.३ | २६.७ |
| **वडा नम्बर ९** | ९७ | ४९ | ४८ | ३.१ | ०.० | ६.३ | १४.४ | ६.१ | २२.९ |
| **वडा नम्बर १०** | ११९ | ५५ | ६४ | ०.८ | ०.० | १.६ | १२.६ | ३.६ | २०.३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

त्यसैगरी, १८ वर्षअघि गरिने विवाहले पनि किशोरावस्थामा गरिने विवाह अथवा बालविवाह भन्ने बुझाउँछ । किनभने संयुक्त राष्ट्रसंघीय बाल अधिकारसम्बन्धी महासन्धिले १८ वर्ष उमेर पूरा नगरेको कुनै पनि व्यक्तिलाई बालबालिका भनेर परिभाषित गरेको छ । बाल्या अवस्थामा विवाह हुनु भनेको पहिला त बालापनको अन्त्य हुनु हो भने शिक्षा, स्वास्थ्य, र सामाजिक जीवनमा नकारात्मक असरको सिर्जना हुनु हो ।

## ४.६ बसाइँसराइको अवस्था

बसाइँसराइले कुनै पनि क्षेत्रको जनसंख्याको वितरण, आर्थिक गतिविधि, र सामाजिक संरचनामा ठूलो प्रभाव पार्छ । आन्तरिक र बाह्य बसाइँसराइले मानवशक्तिको उपलब्धता र स्थानीय अर्थतन्त्रलाई सिधा असर गर्छ । यस खण्डमा राष्ट्रिय जनगणना २०७८ को तथ्यांकका आधारमा चम्पादेवी गाउँपालिकामा बसाइँसराइको अवस्थाबारे जानकारी दिने प्रयास गरिएको छ । जनसंख्याको बसाइँसराइको अवस्थाको विश्लेषण गर्न जनगणना २०७८ मा व्यक्तिको जन्मस्थान, हाल बसोबास गररेको ठाउँभन्दा पहिला नियमित रूपले बसोबास गरेको स्थान, हाल बसोबास गरेको ठाउँमा लगातार बसोबास गरेको अवधि र योभन्दा पहिला बसोबास गरेको ठाउँको जिल्ला र उक्त ठाउँ छोड्दा गाउँ सहर के थियो, जस्ता विवरण संकलन गरिएको छ । त्यसैगरी परिवारबाट के–कति जना विदेशमा बसोबास गर्नुहुन्छजस्ता प्रश्न सोधिने गर्छ ।

### ४.६.१ जन्मस्थानका आधारमा बसाइँसराइ गरी आउनेको अवस्था

यस खण्डमा जनसंख्याको जन्मस्थानका आधारमा बसाँइसराइ गरी यो पालिकामा जिल्लाका अरू पालिका र देशका अरू जिल्लाबाट अनि बिदेशबाट आउनेको अवस्था हेर्न सकिन्छ । तालिका ४.२१ अनुसार चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ मध्ये १२ जना मात्रै विदेशमा जन्मेका र ९९.९ प्रतिशत स्वदेशमै जन्मेका देखिएको छ । उक्त जनसंख्यामध्ये १४,९३० अथवा ९१.५ प्रतिशत (करिब ९९% पुरुष र ८५% महिला) चम्पादेवी गाउँपालिकाभित्रै जन्मेका छन् भने करिब ६ प्रतिशत (करिब ०.५% पुरुष र ११% महिला) ओखलढुंगा जिल्लाकै अन्य पालिकामा जन्मेको देखिन्छ ।

अन्य पालिकामा जन्मनेमा महिलाको संख्या पुरुषको भन्दा निक्कै माथि हुनुको कारणमा महिलाको वैवाहिक बसाइँसराइ हुन सक्छ । कुल जनसंख्याको करिब ३ प्रतिशत (करिब ०.७% पुरुष र ४.३% महिला) अरू जिल्लामा जन्मेका र हाल सो स्थानमा बसोबास गरिरहेको देखिन्छ भने विदेशमा जन्मेका १२ जना जनगणनाको अवधिमा चम्पादेवी गाउँपालिकामा नियमित बसोबास गरिरहेको पाइएको छ । समग्रमा १६,३११ जनसंख्यामध्ये १,३९३ जना चम्पादेवीमा हाल नियमित रूपले बसोबास गरिरहेकाहरू यही जिल्लाका अन्य पालिका, देशकै अरू जिल्ला अथवा विदेशमा जन्मेका देखिन्छन् ।

**तालिका २१: चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने जनसंख्याको जन्मस्थानका आधारमा वितरण**

| जन्मस्थानको विवरण | | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| पालिकाको कुल जनसंख्या | | १६,३११ | ७,८५८ | ८,४५३ |
| स्वदेशमै जन्मिएका | जनसंख्या | १६,२९७ | ७,८५४ | ८,४४३ |
| | प्रतिशत | ९९.९ | ९९.९ | ९९.९ |
| यही पालिकामा जन्मेका | जनसंख्या | १४,९३० | ७,७५९ | ७,१७१ |
| | प्रतिशत | ९१.५ | ९८.७ | ८४.८ |
| जिल्लाको अर्को पालिमामा जन्मेको | जनसंख्या | ९४५ | ३८ | ९०७ |
| | प्रतिशत | ५.८ | ०.५ | १०.७ |
| अरू जिल्लामा जन्मेका | जनसंख्या | ४२२ | ५७ | ३६५ |
| | प्रतिशत | २.६ | ०.७ | ४.३ |
| विदेशमा जन्मेका | जनसंख्या | १२ | ३ | ९ |
| | प्रतिशत | ०.१ | ०.० | ०.१ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

जनगणना हुनुभन्दा पहिलाको बसोबासको स्थानसम्बन्धी विवरण पनि लगभग जन्म स्थानका आधारमा जनसंख्याको वितरणजस्तो नै देखिन्छ।

### ४.६.२ परिवारका सदस्यको देश र विदेश अनुपस्थिति

चम्पादेवी गाउँपालिकामा गणना गरिएका ४,०३४ घरपरिवारमध्ये ६६४ अथवा १६.५ प्रतिशतबाट कम्तीमा एक जना सदस्य परिवार बाहिर विदेशमा बसोबास गर्दै गरेको देखिन्छ। ती ६६४ घरपरिवारबाट जम्मा ८९०, कुल जनसंख्याको ५.५ प्रतिशत, ७७६ पुरुष अथवा पुरुष जनसंख्याको १० प्रतिशत र ११४ महिला अथवा महिला जनसंख्याको १.३ प्रतिशत मानिस विदेशमा बसोबास गर्दै गरेको देखिन्छ/ । पालिकामा बसोबास गर्ने घरपरिवारका ८९० सदस्य पालिकाबाट विदेश गएको देखिन्छ भने जम्मा १२ जना मात्र विदेशमा जन्मेका मानिस पालिकामा हाल नियमित बसोबास गर्दै गरेको देखिन्छ। यसबाट के स्पस्ट हुन्छ भने, पालिकाबाट बाह्य बसाइँसराइकै प्रवृत्ति उच्च छ।

**तालिका २२: चम्पादेवी गाउँपालिकाको अक्सर बसोबास गर्ने घरपरिवार र जनसंख्यामा घरभन्दा बाहिरै देशभित्रै र देशबाहिर बसोबास गर्नेको प्रतिशत वितरण**

| वडा नं. | अक्सर बसोबास गर्ने घरपरिवार जनसंख्या | | | | अक्सर देशभित्र अन्यत्र बस्ने % | | | | अक्सर विदेशमा बस्ने % | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरपरिवार | जनसंख्या | | | घरपरिवार | जनसंख्या | | | घरपरिवार | जनसंख्या | | |
| | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला | | जम्मा | पुरुष | महिला |
| पालिकाको जम्मा | ४,०३४ | १६,३११ | ७,८५८ | ८,४५३ | ३१.९ | ३१.६ | ३५.२ | २८.३ | १६.५ | ५.५ | ९.९ | १.४ |
| वडा नम्बर १ | ५५४ | २,१६३ | ९८९ | १,१७४ | ३१.४ | २३.५ | २८.७ | १९.२ | ३३.४ | १०.७ | २२.७ | ०.६ |
| वडा नम्बर २ | ५४० | २,४४५ | १,१४५ | १,३०० | २०.७ | १४.० | १७.१ | ११.२ | २०.४ | ५.६ | ११.४ | ०.५ |
| वडा नम्बर ३ | ३८३ | १,५०९ | ७४७ | ७६२ | ३६.६ | २८.८ | ३३.३ | २४.३ | १७.५ | ४.८ | ९.१ | ०.७ |
| वडा नम्बर ४ | ४२९ | १,७४६ | ८८० | ८६६ | ३१.० | ३१.८ | ३४.० | २९.६ | १०.५ | ३.० | ४.९ | १.२ |
| वडा नम्बर ५ | ३३८ | १,४१० | ६८३ | ७२७ | १९.५ | २२.० | २१.७ | २२.३ | २२.८ | ८.९ | १४.६ | ३.६ |
| वडा नम्बर ६ | ५३७ | २,०१८ | ९६१ | १,०५७ | ४१.० | ४३.४ | ५०.४ | ३७.० | १२.१ | ५.७ | ८.४ | ३.१ |
| वडा नम्बर ७ | ३२१ | १,२४६ | ६१९ | ६२७ | ४७.४ | ६२.८ | ६५.६ | ६०.१ | १५.९ | ५.२ | ९.१ | १.४ |
| वडा नम्बर ८ | २७२ | १,१५१ | ५६६ | ५८५ | १५.१ | १८.४ | १७.३ | १९.५ | ७.० | ३.० | ४.६ | १.५ |
| वडा नम्बर ९ | २६९ | १,०९२ | ५३५ | ५५७ | २२.३ | २०.२ | २०.९ | १९.६ | १.५ | ०.४ | ०.८ | ०.० |
| वडानम्बर १० | ३९१ | १,५३१ | ७३३ | ७९८ | ४८.६ | ५९.९ | ६६.७ | ५३.६ | १०.५ | ३.४ | ६.० | १.० |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिका २२ अनुसार पालिकाका ४,०३४ घरपरिवारमध्ये करिब ३२ र १६.५ प्रतिशतबाट परिवारका एक वा एकभन्दा बढी सदस्य क्रमशः देशभित्रै अन्यत्र गएर र देशबाहिर विदेशमा नियमित बसोबास गर्ने गरेका छन्। त्यसरी घरपरिवारबाट देशभित्रै अन्त्र गएर बस्नेमा पालिकाको कुल जनसंख्याको करिब ३२ प्रतिशत (३५% पुरुष र २८% महिला) छ भने देशबाहिर विदेशमा कुल जनसंख्याको ५.५% (१०% पुरुष र १.४% महिला) भएको देखिन्छ। वडाअनुसार हेर्दा १० र ७ बाट सबैभन्दा बढी घरपरिवार क्रमशः ४९ र ४७ प्रतिशतबाट परिवारका सदस्य स्वदेशकै अन्य क्षेत्रमा गएर बसोबास गरेको देखिन्छ। यो अनुपात स्वदेशभित्र घरपरिवारबाट अनुपस्थित जनसंख्याको अनुपातमा पनि कायम भएको देखिन्छ। परिवार सदस्य विदेश अनुपस्थित हुने घरपरिवारको अनुपात वडा नं. १, ५ र २ देखिएको छ र विदेश अनुपस्थित जनसंख्याको अनुपात पनि ती वडामा पुरुषको खण्डमा अन्यमा भन्दा बढी देखिन्छ। विदेश अनुपस्थितको अवस्था वडा नं. ९ र ८ मा अन्य वडाको तुलनामा निकै कम देखिन्छ।

**तालिका २३: चम्पादेवी गाउँपालिकाको जनसंख्याको वसाइँसराइको अवस्थाअनुसार वडागत वितरण**

| वडा नम्बर | जनसंख्या | | | बसाइँसराइ गरेको जनसंख्या | | | बसाइँसराइ गरे नगरेको % | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | वसाइँसराइ नगरेको | वसाइँसराइ गरेको | विदेशमा जन्मेको | वसाइँसराइ नगरेको | वसाइँसराइ गरेको | विदेशमा जन्मेको |
| **वडा नम्बर १** | २,१६३ | ९८९ | १,१७४ | २,०१६ | १४६ | १ | ९३.२ | ६.८ | ०.१ |
| **वडा नम्बर २** | २,४४५ | १,१४५ | १,३०० | २,३१६ | १२९ | ० | ९४.७ | ५.३ | ०.० |
| **वडा नम्बर ३** | १,५०९ | ७४७ | ७६२ | १,३२० | १८९ | ० | ८७.५ | १२.५ | ०.० |
| **वडा नम्बर ४** | १,७४६ | ८८० | ८६६ | १,७०८ | ३८ | ० | ९७.८ | २.२ | ०.० |
| **वडा नम्बर ५** | १,४१० | ६८३ | ७२७ | १,०५८ | ३५१ | १ | ७५.० | २४.९ | ०.१ |
| **वडा नम्बर ६** | २,०१८ | ९६१ | १,०५७ | १,८४४ | १६९ | ३ | ९१.४ | ८.४ | ०.२ |
| **वडा नम्बर ७** | १,२४६ | ६१९ | ६२७ | १,१०५ | १४० | १ | ८८.७ | ११.२ | ०.१ |
| **वडा नम्बर ८** | १,१५१ | ५६६ | ५८५ | १,०४२ | १०३ | ६ | ९०.५ | ९.० | ०.५ |
| **वडा नम्बर ९** | १,०९२ | ५३५ | ५५७ | १,०२४ | ६८ | ० | ९३.८ | ६.२ | ०.० |
| **वडा नम्बर १०** | १,५३१ | ७३३ | ७९८ | १,४९७ | ३४ | ० | ९७.८ | २.२ | ०.० |
| **गाउँपालिकाको जम्मा** | १६,३११ | ७,८५८ | ८,४५३ | १४,९३० | १,३६७ | १२ | ९१.५ | ८.४ | ०.१ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

राष्ट्रिय जनगणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेको छ। यसमध्ये ९१.५% जनसंख्याले बसाइँसराइ नगरेको पाइएको छ, जबकि ८.४% जनसंख्याले आन्तरिक बसाइँसराइ गरेको र ०.०७% जनसंख्या विदेशमा जन्मेको पाइएको छ। वडा नं. ५ मा आन्तरिक बसाइँसराइ गर्नेको प्रतिशत सबैभन्दा बढी २४. ९% रहेको छ, जबकि वडा नं. ४ र १० मा यो सबैभन्दा कम २% भन्दा कम रहेको देखिन्छ। यसले गाउँपालिकामा आन्तरिक बसाइँसराइको प्रवृत्ति रहेको र यसले स्थानीय जनसंख्याको वितरणमा असर पारेको देखाउँछ। बसाइँसराइको कारण र यसको सामाजिक–आर्थिक प्रभावबारे थप अध्ययन आवश्यक देखिन्छ।

# अध्याय पाँच

# आर्थिक अवस्था

यस खण्डमा गाउँपालिकाभित्रका आर्थिक रूपमा सक्रिय जनसंख्या, घरजग्गाको स्वामित्वको अवस्था, आश्रित जनसंख्याको संरचना, फरक क्षमता भएका व्यक्तिहरूको स्थिति, ग्रामीण तथा सहरीकरणको प्रकृति, रोजगारीका प्रमुख क्षेत्रहरू, घरको जगको अवस्था र विभिन्न उमेर समूहमा कामको प्रकृतिलाई तथ्यांकगत रूपमा केलाइएको छ ।

गाउँपालिकाको आर्थिक विकासको आधारका रूपमा कृषि तथा खाद्य सुरक्षा, पर्यटन तथा संस्कृति, उद्योग, व्यापार, व्यवसाय र आपूर्ति, आम्दानी, रोजगारी र वित्तीय सेवा, तथा सहकारीजस्ता क्षेत्रहरूलाई लिन सकिन्छ । यस क्षेत्रको अवस्थाले समग्र गाउँपालिकाको आर्थिक विकासको अवस्थालाई चित्रण गरेको हुन्छ । यस खण्डमा गाउँपालिको आर्थिक अवस्थाको विश्लेषण गरिएको छ । यस खण्डमा प्रस्तुत भएका तथ्यांक र सूचनाहरू वडास्तरीय छलफलका क्रममा संकलन गरिएका हुन् ।

ग्रामीण अर्थतन्त्र तथा रोजगारीको अधिकांश हिस्सा कृषि तथा पशुपालनले धानेको छ भने पछिल्ला वर्षहरूमा वैदेशिक रोजगार पनि मुख्य हिस्साको रूपमा देखिएको छ । जनगणना २०७८ अनुसार ७०.३% जनसंख्या आथिक रूपमा सक्रिय छन् भने २९.७% जनसंख्या आर्थिक रूपमा निष्क्रिय छ । १० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रूपमा सक्रिय व्यक्तिहरूको रोजगारीको अवस्थाअनुसारको ८९.६% जनसंख्या रोजगारीमा संलग्न छ ।

गाउँपालिकामा ७० प्रतिशतभन्दा बढी घरधुरीको बैंक खाता रहेको पाइएको छ भने मोबाइल बैंकिङको खाता १३ प्रतिशतभन्दा कम घरधुरीमा रहेको छ । करिब ६ प्रतिशत कृषकले बैंकबाट ऋण लिएका छन् । साथै करिब २३ प्रतिशत घरधुरी बिमा कार्यक्रममा संलग्न छन् भने कृषि बिमामा संलग्न कृषक २ प्रतिशत रहेका छन् ।

यसले गाउँपालिकाको वर्तमान अवस्था बुझ्न र भविष्यका योजना तथा नीति निर्माणका लागि आवश्यक आधारभूत जानकारी प्रदान गर्नेछ । यहाँ प्रस्तुत गरिएका तथ्यांकहरूले गाउँपालिकाको विकासको अवस्था र सुधारका सम्भावित क्षेत्रहरू पहिचान गर्न मद्दत पुग्नेछ ।

## ५.१ आर्थिक रूपमा सक्रिय जनसंख्या

तालिकाले चम्पादेवी गाउँपालिकाको श्रमशक्ति र आर्थिक गतिविधिमा संलग्नताको अवस्थालाई स्पष्ट पार्दछ । यसले १० वर्षभन्दा माथिको जनसंख्यालाई रोजगार, बेरोजगार, आर्थिक रूपमा निष्क्रिय र आर्थिक गतिविधि नखुलेको वर्गमा विभाजन गरी गाउँपालिकाको वास्तविक श्रमबजारको चित्र प्रस्तुत गर्दछ । यसको उद्देश्य गाउँपालिकामा रोजगारीका अवसर, बेरोजगारीको अवस्था र श्रम बजारमा महिला तथा पुरुषको सहभागिताको प्रवृत्तिलाई उजागर गर्नु हो, जसले गर्दा नीति निर्माताहरूले रोजगारी सिर्जना र आर्थिक विकासका लागि उपयुक्त रणनीतिहरू तय गर्न सकून् ।

## तालिका २४: गाउँपालिकाको १० वर्षमाथिको आर्थिक रूपमा सक्रिय जनसंख्या

| वडा | लिंग | १० वर्षमाथिको जनसंख्या | गर्ने आर्थिक गतिविधि | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | आर्थिक रूपमा सक्रिय | | | आर्थिक रूपमा निष्क्रिय | आर्थिक गतिविधि नखुलेको |
| | | | प्राय: सक्रिय | | प्राय: निष्क्रिय | | |
| | | | रोजगार | बेरोजगार | | | |
| वडा नं. १ | जम्मा | १८०० | ८०१ | ६० | ४५२ | ४८७ | ० |
| | पुरुष | ८१२ | ३५१ | ४३ | १९६ | २२२ | ० |
| | महिला | ९८८ | ४५० | १७ | २५६ | २६५ | ० |
| वडा नं. २ | जम्मा | १९७४ | ९१९ | २२ | ४०७ | ६२६ | ० |
| | पुरुष | ९२४ | ४७० | १२ | १६५ | २७७ | ० |
| | महिला | १०५० | ४४९ | १० | २४२ | ३४९ | ० |
| वडा नं. ३ | जम्मा | १२७० | ८३९ | ९ | १०९ | ३१३ | ० |
| | पुरुष | ६१६ | ४०२ | ५ | ५२ | १५७ | ० |
| | महिला | ६५४ | ४३७ | ४ | ५७ | १५६ | ० |
| वडा नं. ४ | जम्मा | १४७६ | २९० | ७८ | ६२५ | ४८२ | १ |
| | पुरुष | ७४४ | १७९ | ५६ | २६४ | २४४ | १ |
| | महिला | ७३२ | १११ | २२ | ३६१ | २३८ | ० |
| वडा नं. ५ | जम्मा | ११५३ | ११४ | २९८ | ४३० | ३११ | ० |
| | पुरुष | ५५२ | ५७ | १७२ | १८३ | १४० | ० |
| | महिला | ६०१ | ५७ | १२६ | २४७ | १७१ | ० |
| वडा नं. ६ | जम्मा | १७११ | ८९६ | ९ | २५० | ५५६ | ० |
| | पुरुष | ८०५ | ४४७ | ५ | ९२ | २६१ | ० |
| | महिला | ९०६ | ४४९ | ४ | १५८ | २९५ | ० |
| वडा नं. ७ | जम्मा | ११०४ | ६९८ | ५३ | १२३ | २३० | ० |
| | पुरुष | ५४० | ३५४ | २५ | ६१ | १०० | ० |
| | महिला | ५६४ | ३४४ | २८ | ६२ | १३० | ० |
| वडा नं. ८ | जम्मा | ९६२ | ३६५ | १९ | २८० | २९८ | ० |
| | पुरुष | ४६४ | २१४ | १५ | १०७ | १२८ | ० |
| | महिला | ४९८ | १५१ | ४ | १७३ | १७० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **वडा नं. ९** | **जम्मा** | ९१२ | ११० | १०६ | २८० | ४१६ | ० |
| | **पुरुष** | ४५३ | ८५ | ८५ | १४० | १४३ | ० |
| | **महिला** | ४५९ | २५ | २१ | १४० | २७३ | ० |
| **वडा नं. १०** | **जम्मा** | १३२३ | ८१९ | २२ | १३५ | ३४७ | ० |
| | **पुरुष** | ६३२ | ३७६ | १४ | ७० | १७२ | ० |
| | **महिला** | ६९१ | ४४३ | ८ | ६५ | १७५ | ० |
| **गा.पा.को जम्मा** | **जम्मा** | १३६८५ | ५८५१ | ६७६ | ३०९१ | ४०६६ | १ |
| | **पुरुष** | ६५४२ | २९३५ | ४३२ | १३३० | १८४४ | १ |
| | **महिला** | ७१४३ | २९१६ | २४४ | १७६१ | २२२२ | ० |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर समूहको विश्लेषण गर्दा १० वर्ष पूरा भएको उमेर समूहको ठूलो हिस्सा सक्रिय रहेको देखिँदैन । सक्रियताका आधारमा हेर्दा पनि महिलाको तुलनामा पुरुषको मात्रा बढी देखिन्छ । तालिकाले चम्पादेवी गाउँपालिकाका प्रत्येक वडामा १० वर्षभन्दा माथिको उमेर समूहको आर्थिक गतिविधिसम्बन्धी विस्तृत जानकारी प्रदान गर्दछ । यसमा कुल जनसंख्यालाई लिंग (पुरुष र महिला) अनुसार विभाजन गरिएको छ र उनीहरूको आर्थिक अवस्था (रोजगार, बेरोजगार, आर्थिक रूपमा निष्क्रिय र आर्थिक गतिविधि नखुलेको) स्पष्ट पारिएको छ ।

समग्र गाउँपालिकामा १० वर्षभन्दा माथिको जनसंख्या १३,६८५ रहेको छ । यसमध्ये, ५,८५१ जना आर्थिक रूपमा सक्रिय (रोजगार) छन्। पुरुषहरूमा २,९३५ जना र महिलाहरूमा २,९१६ जना रोजगार छन्, जसले पुरुष र महिलाबीचको आर्थिक सक्रियतामा सामान्य अन्तर देखाउँछ । गाउँपालिकामा कुल ६७६ जना बेरोजगार छन्, जसमा पुरुष ३८८ र महिला २८८ रहेका छन् । यसले पुरुषहरूमा बेरोजगारी दर केही बढी रहेको संकेत गर्छ ।

यसका अतिरिक्त, ३,०९१ जना आर्थिक रूपमा निष्क्रिय छन् (१,४७३ पुरुष र १,९५५ महिला) र ४,०६६ जनाको आर्थिक गतिविधि खुल्न सकेको छैन (१,७८८ पुरुष र २,५१३ महिला) । आर्थिक रूपमा निष्क्रिय र आर्थिक गतिविधि नखुलेको जनसंख्याको ठूलो हिस्सा महिलाहरू रहेकाले महिलाहरूको श्रमबजारमा सहभागिताको अवसर कम रहेको वा उनीहरू घरायसी काममा बढी संलग्न रहेको बुझ्न सकिन्छ । यो तथ्यांकले गाउँपालिकामा आर्थिक सक्रियता र रोजगारीको अवस्थालाई चित्रण गर्दछ र थप रोजगारी सिर्जना तथा महिला सशक्तीकरणका लागि नीतिगत हस्तक्षेपको आवश्यकता औंल्याउँछ ।

**महिलाको नाममा घर र जमिन भए नभएको आधारमा जनसंख्या**

तालिकाले गाउँपालिकामा महिलाको आर्थिक अधिकार र सम्पत्तिमा पहुँचको अवस्थालाई चित्रण गर्दछ । महिलाको नाममा घरजग्गा स्वामित्वको अवस्थाले लैंगिक समानता र महिला सशक्तीकरणको स्तरलाई प्रतिविम्बित गर्दछ । यस तथ्यांकले गाउँपालिकामा महिलाको सम्पत्तिमाथिको पहुँच कस्तो छ र यस क्षेत्रमा सुधारका लागि कस्ता नीतिगत पहलहरू आवश्यक छन् भन्नेबारे जानकारी प्रदान गर्दछ ।

**तालिका २५: महिलाको नाममा घर र जमिन भए नभएका आधारमा जनसंख्या**

| वडा नम्बर | कुल घरपरिवार संख्या | स्वामित्व हुने परिवार | स्वामित्व नहुने परिवार | नखुलेको | स्वामित्व हुने परिवार प्रतिशत | स्वामित्व नहुने परिवार प्रतिशत | नखुलेको प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | | | प्रतिशत | | |
| **वडा नम्बर १** | ५५४ | १३ | ५३६ | ५ | २.३५ | ९६.७५ | ०.९ |
| **वडा नम्बर २** | ५४० | ४९ | ४८४ | ७ | ९.०७ | ८९.६३ | १.३ |
| **वडा नम्बर ३** | ३८३ | ३९ | ३४४ | ० | १०.१८ | ८९.८२ | ० |
| **वडा नम्बर ४** | ४२९ | १५ | ४१४ | ० | ३.५ | ९६.५ | ० |
| **वडा नम्बर ५** | ३३८ | ७६ | २६२ | ० | २२.४९ | ७७.५१ | ० |
| **वडा नम्बर ६** | ५३७ | ७३ | ४६१ | ३ | १३.५९ | ८५.८५ | ०.५६ |
| **वडा नम्बर ७** | ३२१ | ७६ | २४५ | ० | २३.६८ | ७६.३२ | ० |
| **वडा नम्बर ८** | २७२ | १०४ | १६६ | २ | ३८.२४ | ६१.०३ | ०.७४ |
| **वडा नम्बर ९** | २६९ | ३६ | २२८ | ५ | १३.३८ | ८४.७६ | १.८६ |
| **वडा नम्बर १०** | ३९१ | १२ | ३७८ | १ | ३.०७ | ९६.६८ | ०.२६ |
| **गाउँपालिकाको जम्मा** | ४०३४ | ४९३ | ३५१८ | २३ | १२.२२ | ८७.२१ | ०.५७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यस तालिकामा चम्पादेवी गाउँपालिकाका प्रत्येक वडामा महिलाको नाममा घर र जमिनको स्वामित्वको अवस्थालाई प्रस्तुत गरिएको छ । यसमा कुल घरपरिवारको संख्या, महिलाको नाममा स्वामित्व हुने र नहुने परिवारको संख्या र सोको प्रतिशत दिइएको छ ।

गाउँपालिकाभरि कुल ४,०३४ घरपरिवारमध्ये ४९३ (१२.२२%) परिवारको महिलाको नाममा घर वा जमिनको स्वामित्व रहेको छ । यसको विपरीत ३,५१८ (८७.२१%) परिवारको महिलाको नाममा स्वामित्व छैन । यस तथ्यांकले महिलाको नाममा घरजग्गा स्वामित्वको दर निकै कम रहेको देखाउँछ, जसले महिलाको आर्थिक अधिकार र सम्पत्तिमा पहुँचको कमीलाई उजागर गर्दछ । यो अवस्थाले महिलाको आर्थिक आत्मनिर्भरता र निर्णय प्रक्रियामा उनीहरूको भूमिकालाई सीमित गर्न सक्छ ।

वडागत रूपमा हेर्दा, वडा नं. ९ मा अन्य वडाको तुलनामा महिलाको नाममा स्वामित्व हुने परिवारको संख्या (१३२) र प्रतिशत (३१.५०%) सबैभन्दा धेरै देखिन्छ । यसको अर्थ यस वडामा महिलाको सम्पत्तिमाथिको पहुँच तुलनात्मक रूपमा राम्रो छ। यद्यपि, यस वडामा २३ परिवारको स्वामित्वको अवस्था नखुलेको पनि देखिन्छ । समग्रमा, यो तथ्यांकले महिलाको सम्पत्तिमाथिको पहुँच बढाउनका लागि थप प्रयासहरू आवश्यक रहेको औंल्याउँछ, जसले लैंगिक समानता र महिला सशक्तीकरणको दिशामा योगदान पुर्‍याउनेछ ।

### ५.२ आश्रित जनसंख्या विवरण

तलको तालिकामा गाउँपालिकाको जनसंख्या संरचना र कार्यशील जनसंख्यामाथि पर्ने आश्रितहरूको भारलाई स्पष्ट पारिएको छ । यसले बालबालिका (०–१४ वर्ष) र ज्येष्ठ नागरिक (६५ वर्षभन्दा माथि) को संख्यालाई कार्यशील उमेर समूह (१५–६४ वर्ष) सँग तुलना गरी कुल आश्रित दर, बालबालिका आश्रित दर र वयस्क आश्रित दर प्रस्तुत गर्दछ । यसको उद्देश्य जनसंख्याको उमेर संरचनाका आधारमा शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षाजस्ता क्षेत्रमा आवश्यक स्रोतसाधनको योजना बनाउन मद्दत पुऱ्याउनु हो ।

**तालिका २६: आश्रित जनसंख्या विवरण**

| वडा नम्बर | जनसंख्याको उमेर समूह | | | जम्मा जनसंख्या | आश्रित दर | | |
|---|---|---|---|---|---|---|---|
| | ०–१४ वर्ष | १५–६४ वर्ष | ६५ माथि | | बालबालिका | वयस्क आश्रित | जम्मा |
| वडा नम्बर १ | ५९६ | १३५३ | २१४ | २१६३ | ४४.०५ | १५.८२ | ५९.८७ |
| वडा नम्बर २ | ७९२ | १४८० | १७३ | २४४५ | ५३.५१ | ११.६९ | ६५.२ |
| वडा नम्बर ३ | ४१९ | ९४४ | १४६ | १५०९ | ४४.३९ | १५.४७ | ५९.८५ |
| वडा नम्बर ४ | ४३६ | ११४७ | १६३ | १७४६ | ३८.०१ | १४.२१ | ५२.२२ |
| वडा नम्बर ५ | ४०६ | ८८६ | ११८ | १४१० | ४५.८२ | १३.३२ | ५९.१४ |
| वडा नम्बर ६ | ५३० | १२५९ | २२९ | २०१८ | ४२.१ | १८.१९ | ६०.२९ |
| वडा नम्बर ७ | २६४ | ८२१ | १६१ | १२४६ | ३२.१६ | १९.६१ | ५१.७७ |
| वडा नम्बर ८ | ३१७ | ७०२ | १३२ | ११५१ | ४५.१६ | १८.८ | ६३.९६ |
| वडा नम्बर ९ | २८० | ६९५ | ११७ | १०९२ | ४०.२९ | १६.८३ | ५७.१२ |
| वडा नम्बर १० | ३६२ | ९६८ | २०१ | १५३१ | ३७.४ | २०.७६ | ५८.१६ |
| गाउँपालिकाको जम्मा | ४४०२ | १०२५५ | १६५४ | १६३११ | ४२.९३ | १६.१३ | ५९.०५ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यस तालिकाले चम्पादेवी गाउँपालिकाको आश्रित जनसंख्याको संरचनालाई वडागत रूपमा प्रस्तुत गर्दछ । जनसंख्यालाई बालबालिका (०–१४ वर्ष), कार्यशील उमेर (१५–६४ वर्ष) र ज्येष्ठ नागरिक (६५ वर्षभन्दा माथि) गरी तीन मुख्य समूहमा विभाजन गरिएको छ । यसले बालबालिका आश्रित दर, वयस्क आश्रित दर र कुल आश्रित दर प्रतिशतमा देखाउँछ ।

समग्र गाउँपालिकाको कुल जनसंख्या १६,३११ रहेको छ । यसमा बालबालिकाको संख्या ४,४०२ र ज्येष्ठ नागरिकको संख्या १,६५४ छ, जबकि कार्यशील उमेर समूहमा १०,२५५ जना छन् । गाउँपालिकाको कुल आश्रित दर ५९.०५% रहेको छ, जसको अर्थ प्रत्येक १०० जना कार्यशील उमेरका व्यक्तिले करिब ५९ जना आश्रित व्यक्तिहरूको भार वहन गर्नुपर्छ । बालबालिका आश्रित दर ४२.९३% रहेको छ, जसले ठूलो संख्यामा बालबालिका शिक्षा र स्वास्थ्य सेवाका लागि आश्रित रहेको देखाउँछ । वयस्क आश्रित दर १६.१३% रहेको छ । यो तथ्यांकले ज्येष्ठ नागरिकहरूको हेरचाह र सामाजिक सुरक्षाका लागि पनि स्रोतको आवश्यकता रहेको संकेत गर्छ ।

वडागत रूपमा हेर्दा, वडा नं. ९ मा बालबालिका आश्रित दर ५६.७५% सबैभन्दा बढी देखिन्छ, जुन गाउँपालिकाको औसतभन्दा निकै माथि छ। यो वडामा कार्यशील जनसंख्याको तुलनामा बालबालिकाको संख्या बढी रहेको बुझिन्छ। यसको विपरीत, वडा नं. ९ मा वयस्क आश्रित दर १.५०% सबैभन्दा कम छ, जसले यस वडामा ज्येष्ठ नागरिकको संख्या अपेक्षाकृत कम रहेको संकेत गर्छ । वडा नं. ४ र ८ मा कुल आश्रित दर क्रमशः ६५.९३% र ६५.५५% रहेको छ, जुन गाउँपालिकाको औसतभन्दा बढी हो । यी तथ्यांकले गाउँपालिकामा कार्यशील जनसंख्यामाथि आश्रितहरूको भार मध्यम स्तरको रहेको र वडाअनुसार फरक–फरक चुनौती रहेको देखाउँछ, जसलाई सम्बोधन गर्न लक्षित कार्यक्रमहरू, विशेष गरी शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका क्षेत्रमा, आवश्यक पर्न सक्छ ।

**फरक क्षमताका आधारमा जनसंख्याको विवरण**

तलको तालिकाले गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूको संख्यात्मक अवस्था र उनीहरूको जनसंख्यामा रहेको अनुपातलाई देखाउँछ । यस्ता तथ्यांकले फरक क्षमता भएका व्यक्तिहरूका लागि आवश्यक पर्ने विशेष सेवा, पहुँचयोग्य पूर्वाधार र समावेशी नीतिको योजना बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ । यसको उद्देश्य फरक क्षमता भएका व्यक्तिहरूको हकअधिकार सुनिश्चित गर्न र उनीहरूलाई समाजको मूलधारमा ल्याउनका लागि आवश्यक स्रोत विनियोजनमा मद्दत पुर्‍याउनु हो ।

**तालिका २७: फरक क्षमता र सक्षमताका आधारमा जनसंख्या**

| वडा नम्बर | जनसंख्या | | | | अक्षमता रोकथाम दर |
|---|---|---|---|---|---|
| | जम्मा | शारीरिक अक्षमता | शारीरिक सक्षमता | नखुलेको | |
| **वडा नम्बर १** | २१६३ | २४ | २१३९ | ० | १.११ |
| **वडा नम्बर २** | २४४५ | ५४ | २३९१ | ० | २.२१ |
| **वडा नम्बर ३** | १५०९ | ३० | १४७९ | ० | १.९९ |
| **वडा नम्बर ४** | १७४६ | ५० | १६९६ | ० | २.८६ |
| **वडा नम्बर ५** | १४१० | १९ | १३९१ | ० | १.३५ |
| **वडा नम्बर ६** | २०१८ | ५१ | १९६७ | ० | २.५३ |
| **वडा नम्बर ७** | १२४६ | २४ | १२२२ | ० | १.९३ |
| **वडा नम्बर ८** | ११५१ | ५७ | १०९४ | ० | ४.९५ |
| **वडा नम्बर ९** | १०९२ | ४६ | १०४६ | ० | ४.२१ |
| **वडा नम्बर १०** | १५३१ | ३५ | १४९६ | ० | २.२९ |
| **गाउँपालिकाको जम्मा** | १६३११ | ३९० | १५९२१ | ० | २.३९ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूको अवस्थालाई वडागत रूपमा देखाउँछ । यसमा प्रत्येक वडाको कुल जनसंख्या, शारीरिक अक्षमता भएका व्यक्तिहरूको संख्या र अक्षमता रोकथाम दर प्रतिशतमा प्रस्तुत गरिएको छ ।

गाउँपालिकाको कुल जनसंख्या १६,३११ मध्ये ३९० जनामा शारीरिक अक्षमता रहेको देखिन्छ । समग्रमा गाउँपालिकाको अक्षमता रोकथाम दर २.३९% रहेको छ । यो दर नेपालको राष्ट्रिय औसतसँग तुलना गर्दा गाउँपालिकाको अवस्था बुझ्न थप सहयोग पुग्छ ।

वडागत रूपमा हेर्दा, वडा नं. २ मा ६६ जना र वडा नं. ९ मा ४२ जना फरक क्षमता भएका व्यक्तिहरू रहेका छन् । वडा नं. ९ को अक्षमता रोकथाम दर ३.३०% सबैभन्दा बढी रहेको छ, जसले यस वडामा फरक क्षमता भएका व्यक्तिहरूको अनुपात तुलनात्मक रूपमा उच्च रहेको संकेत गर्छ । यसको विपरीत, वडा नं. ५ र ६ मा अक्षमता रोकथाम दर क्रमशः २.०२% र २.००% रहेको छ, जुन गाउँपालिकाको औसतभन्दा कम हो । यी तथ्यांकले गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूको उपस्थिति र वडागत भिन्नतालाई दर्साउँछ, जसले फरक क्षमता भएका व्यक्तिहरूका लागि लक्षित सेवा जस्तै- शारीरिक थेरापी, सहयोगी उपकरण, शिक्षामा पहुँच र रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकतालाई उजागर गर्दछ । यसका साथै, उनीहरूका लागि सामाजिक समावेशीकरणका कार्यक्रमहरू पनि महत्त्वपूर्ण हुन्छन् ।

**ग्रामीण तथा सहरीकरणको प्रकृतिका आधारमा विवरण**

तलको तालिकाले गाउँपालिकाको भौगोलिक र जनसांख्यिक विशेषतालाई सहरीकरणको दृष्टिकोणबाट विश्लेषण गर्दछ । यसले गाउँपालिकाको विकासको चरण र यसको मुख्य प्रकृति (ग्रामीण, अर्धसहरी वा सहरी) लाई स्पष्ट पार्दछ । यसको उद्देश्य गाउँपालिकाको योजना र विकासका लागि उचित रणनीतिहरू (जस्तै– ग्रामीण कृषि विकास, सहरी पूर्वाधार निर्माण वा मिश्रित विकास) तय गर्न सहयोग पु¥याउनु हो ।

**तालिका २८: ग्रामीण तथा सहरीकरणको प्रकृतिको आधारमा विवरण**

| वडा नम्बर | जनसंख्या | | | सहरी जनसंख्या | | | सहरी जनसंख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | सहरी | अर्धसहरी | ग्रामीण | सहरी | अर्धसहरी | ग्रामीण |
| **वडा नम्बर १** | २१६३ | ९८९ | ११७४ | ० | ० | २१६३ | ० | ० | १०० |
| **वडा नम्बर २** | २४४५ | ११४५ | १३०० | ० | ० | २४४५ | ० | ० | १०० |
| **वडा नम्बर ३** | १५०९ | ७४७ | ७६२ | ० | ० | १५०९ | ० | ० | १०० |
| **वडा नम्बर ४** | १७४६ | ८८० | ८६६ | ० | ० | १७४६ | ० | ० | १०० |
| **वडा नम्बर ५** | १४१० | ६८३ | ७२७ | ० | ० | १४१० | ० | ० | १०० |
| **वडा नम्बर ६** | २०१८ | ९६१ | १०५७ | ० | ० | २०१८ | ० | ० | १०० |
| **वडा नम्बर ७** | १२४६ | ६१९ | ६२७ | ० | ० | १२४६ | ० | ० | १०० |
| **वडा नम्बर ८** | ११५१ | ५६६ | ५८५ | ० | ० | ११५१ | ० | ० | १०० |
| **वडा नम्बर ९** | १०९२ | ५३५ | ५५७ | ० | ० | १०९२ | ० | ० | १०० |
| **वडा नम्बर १०** | १५३१ | ७३३ | ७९८ | ० | ० | १५३१ | ० | ० | १०० |
| **गाउँपालिकाको जम्मा** | १६३११ | ७८५८ | ८४५३ | ० | ० | १६३११ | ० | ० | १०० |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकाको सहरीकरणको अवस्थालाई चित्रण गर्दछ । यसमा प्रत्येक वडाको कुल जनसंख्यालाई सहरी, अर्धसहरी र ग्रामीण जनसंख्यामा विभाजन गरी प्रस्तुत गर्नुका साथै सोको प्रतिशत पनि देखाइएको छ ।

तथ्यांकअनुसार, चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६,३११ पूर्ण रूपमा ग्रामीण क्षेत्रमा बसोबास गर्दछ । यस गाउँपालिकामा कुनै पनि वडा सहरी वा अर्ध–सहरीको रूपमा वर्गीकृत गरिएको छैन, जसले यस क्षेत्रको पूर्णग्रामीण स्वरूपलाई पुष्टि गर्दछ । यो अवस्थाले गाउँपालिकामा सहरी सुविधाहरू (जस्तै– आधुनिक यातायात, उन्नत स्वास्थ्य सेवा र ठूला बजारहरू) को कमी रहेको र ग्रामीण विकासमा केन्द्रित योजनाहरू आवश्यक रहेको संकेत गर्दछ। यसले कृषिमा आधारित अर्थतन्त्रलाई सुदृढ पार्ने, ग्रामीण पूर्वाधार (सडक, खानेपानी, बिजुली) विस्तार गर्ने र स्थानीय उत्पादनलाई बजारसँग जोड्ने कार्यक्रमहरूमा विशेष ध्यान दिनुपर्ने आवश्यकतालाई उजागर गर्छ । भविष्यमा सहरीकरणको सम्भावना र योजना बनाउँदा ग्रामीण अर्थतन्त्र र सामाजिक संरचनालाई ध्यानमा राख्नुपर्ने देखिन्छ ताकि दिगो र समावेशी विकास हासिल गर्न सकियोस् ।

## ५.३ रोजगारीमा रहेको क्षेत्र

तालिकामा गाउँपालिकाको श्रमशक्तिको रोजगारी क्षेत्रगत विभाजनलाई प्रस्तुत गरिएको छ । यसले जनसंख्याको प्रमुख आर्थिक गतिविधि कृषि हो वा गैरकृषि र यसमा लिंगअनुसारको भिन्नता कस्तो छ भन्ने देखाउँछ । यो तथ्यांकले गाउँपालिकाको आर्थिक संरचना, रोजगारीका अवसरहरू, र भविष्यमा कुन क्षेत्रमा विकास र लगानी आवश्यक छ भन्नेबारे जानकारी प्रदान गर्दछ ।

**तालिका २९: रोजगारीमा रहेको क्षेत्रका आधारमा जनसंख्या विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारीमा रहेको जनसंख्या | जम्मा | १२९४ | १३१० | ९३५ | ९७२ | ७८० | ११२७ | ८३१ | ६५२ | ४१८ | ९५४ | ९२७३ |
| | पुरुष | ५७५ | ६३४ | ४४५ | ४८७ | ३७७ | ५३१ | ४१८ | ३३० | २८५ | ४४५ | ४५२७ |
| | महिला | ७१९ | ६७६ | ४९० | ४८५ | ४०३ | ५९६ | ४१३ | ३२२ | १३३ | ५०९ | ४७४६ |
| कृषि क्षेत्रमा रोजगार | जम्मा | ११०७ | १०७४ | ८३८ | ७२० | ६४८ | ८७५ | ६८१ | ५०३ | २२६ | ८२९ | ७५०१ |
| | पुरुष | ४७८ | ५१४ | ३९० | ३७१ | २९५ | ३८० | ३१५ | २३७ | १६६ | ३६५ | ३५११ |
| | महिला | ६२९ | ५६० | ४४८ | ३४९ | ३५३ | ४९५ | ३६६ | २६६ | ६० | ४६४ | ३९९० |
| गैरकृषि क्षेत्रमा रोजगार | जम्मा | १८७ | २३६ | ९७ | २५२ | १३२ | २५१ | १५० | १४८ | १९२ | १२५ | १७७० |
| | पुरुष | ९७ | १२० | ५५ | ११६ | ८२ | १५० | १०३ | ९२ | ११९ | ८० | १०१४ |
| | महिला | ९० | ११६ | ४२ | १३६ | ५० | १०१ | ४७ | ५६ | ७३ | ४५ | ७५६ |
| कृषि क्षेत्रमा रोजगार प्रतिशत | जम्मा | ८५.५५ | ८१.९८ | ८९.६३ | ७४.०७ | ८३.०८ | ७७.६४ | ८१.९५ | ७७.१५ | ५४.०७ | ८६.९ | ८०.८९ |
| | पुरुष | ८३.१३ | ८१.०७ | ८७.६४ | ७६.१८ | ७८.२५ | ७१.५६ | ७५.३६ | ७१.८२ | ५८.२५ | ८२.०२ | ७७.५६ |
| | महिला | ८७.४८ | ८२.८४ | ९१.४३ | ७१.९६ | ८७.५९ | ८३.०५ | ८८.६२ | ८२.६१ | ४५.११ | ९१.१६ | ८४.०७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **गैरकृषि क्षेत्रमा रोजगार प्रतिशत** | **जम्मा** | १४.४५ | १८.०२ | १०.३७ | २५.९३ | १६.९२ | २२.२७ | १८.०५ | २२.७ | ४५.९३ | १३.१ | १९.०९ |
| | **पुरुष** | १६.८७ | १८.९३ | १२.३६ | २३.८२ | २१.७५ | २८.२५ | २४.६४ | २७.८८ | ४१.७५ | १७.९८ | २२.४ |
| | **महिला** | १२.५२ | १७.१६ | ८.५७ | २८.०४ | १२.४१ | १६.९५ | ११.३८ | १७.३९ | ५४.८९ | ८.८४ | १५.९३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा रोजगारीमा संलग्न जनसंख्यालाई कृषि र गैरकृषि क्षेत्रमा विभाजन गरी लिंगअनुसारको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ९,२७३ जना जनसंख्या रोजगारीमा संलग्न छन्, जसमध्ये ४,५२७ पुरुष र ४,७४६ महिला रहेका छन् ।

समग्र गाउँपालिकामा ७,५०१ जना (८०.८९%) जनसंख्या कृषि क्षेत्रमा रोजगार छन्, जसले गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषिमा निर्भर रहेको स्पष्ट पार्छ । कृषि क्षेत्रमा महिलाको सहभागिता (३,९९० जना वा ८४.०७%) पुरुषको तुलनामा (३,५११ जना, वा ७७.५६%) बढी देखिन्छ । यसले ग्रामीण क्षेत्रमा महिलाहरूको कृषि कार्यमा ठूलो भूमिका रहेको र कृषिमा महिला श्रमको उच्च निर्भरतालाई देखाउँछ ।

गैरकृषि क्षेत्रमा १,७७० जना (१९.०९%) संलग्न छन् । यस क्षेत्रमा पुरुषको सहभागिता (१,०१४ जना वा २२.४०%) महिलाको तुलनामा (७५६ जना वा १५.९३%) बढी छ । यसले गैरकृषि रोजगारीका अवसरहरू पुरुषहरूले बढी उपभोग गरेको देखाउँछ । वडा नं. ४ र ९ मा गैरकृषि क्षेत्रमा संलग्न जनसंख्याको प्रतिशत (क्रमशः २४.०९% र २४.२२%) गाउँपालिकाको औसतभन्दा बढी छ, जसले यी वडाहरूमा कृषिबाहेकका रोजगारीका केही अवसरहरू रहेको संकेत गर्छ । यो तथ्यांकले कृषिमाथिको उच्च निर्भरता कम गर्न र गैरकृषि क्षेत्रमा रोजगारीका अवसरहरू सिर्जना गर्न थप लगानी र नीतिगत पहल आवश्यक रहेको देखाउँछ, जसले विविधीकरण र आर्थिक वृद्धिलाई प्रोत्साहन गर्न सक्छ ।

### १० वर्ष पूरा भएको जनसंख्याको कामको क्षेत्र र लैंगिकताका आधारमा विवरण

तालिकामा गाउँपालिकाको १० वर्षभन्दा माथिको जनसंख्याको समग्र कार्य संलग्नतालाई देखाइएको छ । यसले औपचारिक श्रम बजारमा संलग्न हुनेहरू, घरायसी काममा केन्द्रित रहनेहरू र कुनै पनि काममा संलग्न नभएकाहरूको अनुपातलाई लिंगअनुसार विश्लेषण गर्दछ । यस तथ्यांकले श्रमशक्तिको सदुपयोग, महिलाको आर्थिक योगदानको अदृश्य पक्ष र बेरोजगार जनसंख्याको वास्तविक अवस्था बुझ्न मद्दत गर्दछ, जसले गर्दा रोजगारी सिर्जना र सामाजिक सहयोगका कार्यक्रमहरू लक्षित गर्न सकिन्छ ।

**तालिका ३०: कामको क्षेत्र र लैंगिकताका आधारमा १० वर्ष पूरा भएको जनसंख्या**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्या | जम्मा | १८०० | १९७४ | १२७० | १४७६ | ११५३ | १७११ | ११०४ | ९६२ | ९१२ | १३२३ | १३६८५ |
| | पुरुष | ८१२ | ९२४ | ६१६ | ७४४ | ५५२ | ८०५ | ५४० | ४६४ | ४५३ | ६३२ | ६५४२ |
| | महिला | ९८८ | १०५० | ६५४ | ७३२ | ६०१ | ९०६ | ५६४ | ४९८ | ४५९ | ६९१ | ७१४३ |
| घरायसी काम वाहेकको काम | जम्मा | १९१ | २१२ | १२८ | १६० | १२३ | २३१ | १६५ | १२५ | १९५ | १३७ | १६६७ |
| | पुरुष | ९४ | ९५ | ७१ | ९७ | ७० | १३९ | ९४ | ६७ | ११३ | ८३ | ९२३ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | ९७ | ११७ | ५७ | ६३ | ५३ | ९२ | ७१ | ५८ | ८२ | ५४ | ७४४ |
| घरायसी काम | जम्मा | ११०३ | १०९८ | ८०७ | ८१२ | ६५७ | ८९६ | ६६६ | ५२७ | २२३ | ८१७ | ७६०६ |
| | पुरुष | ४८१ | ५३९ | ३७४ | ३९० | ३०७ | ३९२ | ३२४ | २६३ | १७२ | ३६२ | ३६०४ |
| | महिला | ६२२ | ५५९ | ४३३ | ४२२ | ३५० | ५०४ | ३४२ | २६४ | ५१ | ४५५ | ४००२ |
| काम नगर्ने | जम्मा | ५०६ | ६६४ | ३३५ | ५०४ | ३७३ | ५८४ | २७३ | ३१० | ४९४ | ३६९ | ४४१२ |
| | पुरुष | २३७ | २९० | १७१ | २५७ | १७५ | २७४ | १२२ | १३४ | १६८ | १८७ | २०१५ |
| | महिला | २६९ | ३७४ | १६४ | २४७ | १९८ | ३१० | १५१ | १७६ | ३२६ | १८२ | २३९७ |
| घरायसी कामवाहेकको प्रतिशत | जम्मा | १०.६१ | १०.७४ | १०.०८ | १०.८४ | १०.६७ | १३.५ | १४.९५ | १२.९९ | २१.३८ | १०.३६ | १२.१८ |
| | पुरुष | ११.५८ | १०.२८ | ११.५३ | १३.०४ | १२.६८ | १७.२७ | १७.४१ | १४.४४ | २४.९४ | १३.१३ | १४.११ |
| | महिला | ९.८२ | ११.१४ | ८.७२ | ८.६१ | ८.८२ | १०.१५ | १२.५९ | ११.६५ | १७.८६ | ७.८१ | १०.४२ |
| घरायसी कामको प्रतिशत | जम्मा | ६१.२८ | ५५.६२ | ६३.५४ | ५५.०१ | ५६.९८ | ५२.३७ | ६०.३३ | ५४.७८ | २४.४५ | ६१.७५ | ५५.५८ |
| | पुरुष | ५९.२४ | ५८.३३ | ६०.७१ | ५२.४२ | ५५.६२ | ४८.७ | ६० | ५६.६८ | ३७.९७ | ५७.२८ | ५५.०९ |
| | महिला | ६२.९६ | ५३.२४ | ६६.२१ | ५७.६५ | ५८.२४ | ५५.६३ | ६०.६४ | ५३.०१ | ११.११ | ६५.८५ | ५६.०३ |
| काम नगर्नेको प्रतिशत | जम्मा | २८.११ | ३३.६४ | २६.३८ | ३४.१५ | ३२.३५ | ३४.१३ | २४.७३ | ३२.२२ | ५४.१७ | २७.८९ | ३२.२४ |
| | पुरुष | २९.१९ | ३१.३९ | २७.७६ | ३४.५४ | ३१.७ | ३४.०४ | २२.५९ | २८.८८ | ३७.०९ | २९.५९ | ३०.८ |
| | महिला | २७.२३ | ३५.६२ | २५.०८ | ३३.७४ | ३२.९५ | ३४.२२ | २६.७७ | ३५.३४ | ७१.०२ | २६.३४ | ३३.५६ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यो तालिकाले चम्पादेवी गाउँपालिकामा १० वर्षभन्दा माथिको जनसंख्याको कामको प्रकृतिलाई वडागत रूपमा र लिंगअनुसार विश्लेषण गर्दछ । कामलाई तीन मुख्य वर्गमा विभाजन गरिएको छः घरायसीबाहेकको काम, घरायसी काम, र काम नगर्ने ।

गाउँपालिकाको कुल १० वर्षभन्दा माथिको जनसंख्या १३,६८५ रहेकोमा १,६६७ जना (१२.१८%) घरायसी कामबाहेक अन्य काममा संलग्न छन् । यसमा पुरुषको संख्या ९२३ (१४.११%) र महिलाको संख्या ७४४ (१०.४२%) रहेको छ । यो तथ्यांकले पुरुषहरू घरायसीबाहेकका पेसामा बढी संलग्न रहेको देखाउँछ, जुन औपचारिक वा आयमूलक रोजगारीमा पुरुषहरूको बढी सहभागितालाई संकेत गर्छ ।

सबैभन्दा ठूलो हिस्सा, ७,६०६ जना (५५.५८%), घरायसी काममा संलग्न छन्, जसमा महिलाको संख्या ४,००२ (५६.०३%) पुरुषको तुलनामा (३,६०४, वा ५५.०९%) बढी छ । यसले ग्रामीण क्षेत्रमा महिलाहरूको घरायसी जिम्मेवारीमाथि बढी समय खर्च हुने गरेको स्पष्ट पार्छ, जसको आर्थिक मूल्य प्रायः गणना हुँदैन । कुल ४,४१२ जना (३२.२४%) जनसंख्या काममा संलग्न छैनन्, जसमा महिलाको संख्या (२,३९७) पुरुषको तुलनामा (२,०१५) बढी छ । यसले गाउँपालिकामा महिलाहरू घरायसी काममा बढी संलग्न रहेको र एक ठूलो जनसंख्या सक्रिय श्रमबजारमा संलग्न नभएको देखाउँछ । वडा नं. ९ मा घरायसी कामबाहेकको काममा संलग्न हुने जनसंख्याको प्रतिशत (१८८ पुरुष र ४६ महिला गरी २३७ जना) अन्य वडाको तुलनामा बढी छ, जसले यस वडामा आर्थिक गतिविधि विविधतापूर्ण रहेको

संकेत गर्छ । समग्रमा, यो तथ्यांकले महिला श्रमको अदृश्य योगदानलाई मान्यता दिन र उत्पादक रोजगारीका अवसरहरू सिर्जना गर्न नीतिगत पहल आवश्यक रहेको औंल्याउँछ ।

### वर्षभरिमा काममा संलग्न भएको अवधिका आधारमा जनसंख्या विवरण

यो तालिकाले गाउँपालिकाको श्रमशक्तिको रोजगारीको स्थायित्व र मौसमी प्रकृतिको विश्लेषण गर्दछ । यसले जनसंख्या वर्षभरिमा कति समय काममा संलग्न हुन्छन् भन्ने देखाउँछ, जसले रोजगारीको गुणस्तर र आयको स्थिरतामा प्रकाश पार्छ । यो तथ्यांकले रोजगारीका अवसरहरू सिर्जना गर्दा दिगोपना र वर्षभरि काम पाउने सुनिश्चिततामा ध्यान दिनुपर्ने आवश्यकतालाई उजागर गर्दछ ।

**तालिका ३१: वर्ष भरिमा काममा संलग्न भएको अवधिको आधारमा जनसंख्या**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १० वर्ष र सोभन्दा माथिको उमेरको जनसंख्या | जम्मा | १८०० | १९७४ | १२७० | १४७६ | ११५३ | १७११ | ११०४ | ९६२ | ९१२ | १३२३ | १३६८५ |
| | पुरुष | ८१२ | ९२४ | ६१६ | ७४४ | ५५२ | ८०५ | ५४० | ४६४ | ४५३ | ६३२ | ६५४२ |
| | महिला | ९८८ | १०५० | ६५४ | ७३२ | ६०१ | ९०६ | ५६४ | ४९८ | ४५९ | ६९१ | ७१४३ |
| ६ महिनाभन्दा बढी काममा संलग्न | जम्मा | ७९८ | ८८७ | ८३८ | ८३ | १०९ | ८३५ | ६९३ | २८६ | ६० | ८१३ | ५४०२ |
| | पुरुष | ३५० | ४५६ | ४०२ | ५८ | ५५ | ४२३ | ३५१ | १५८ | ४८ | ३७१ | २६७२ |
| | महिला | ४४८ | ४३१ | ४३६ | २५ | ५४ | ४१२ | ३४२ | १२८ | १२ | ४४२ | २७३० |
| ३ देखि ६ महिना काममा संलग्न | जम्मा | ३८० | २०३ | ५३ | ५१७ | २९२ | १६६ | ३८ | ३२० | २०३ | ९० | २२६२ |
| | पुरुष | १६८ | ८७ | २३ | ३०२ | १५० | ६१ | १७ | १५३ | १४८ | ४८ | ११५७ |
| | महिला | २१२ | ११६ | ३० | २१५ | १४२ | १०५ | २१ | १६७ | ५५ | ४२ | ११०५ |
| ३ महिनाभन्दा कम काममा संलग्न | जम्मा | ११६ | २२० | ४४ | ३७२ | ३७९ | १२६ | १०० | ४६ | १५५ | ५१ | १६०९ |
| | पुरुष | ५७ | ९१ | २० | १२७ | १७२ | ४७ | ५० | १९ | ८९ | २६ | ६९८ |
| | महिला | ५९ | १२९ | २४ | २४५ | २०७ | ७९ | ५० | २७ | ६६ | २५ | ९११ |
| काममा संलग्न नभएको | जम्मा | ५०६ | ६६४ | ३३५ | ५०४ | ३७३ | ५८४ | २७३ | ३१० | ४९४ | ३६९ | ४४१२ |
| | पुरुष | २३७ | २९० | १७१ | २५७ | १७५ | २७४ | १२२ | १३४ | १६८ | १८७ | २०१५ |
| | महिला | २६९ | ३७४ | १६४ | २४७ | १९८ | ३१० | १५१ | १७६ | ३२६ | १८२ | २३९७ |
| ६ महिनाभन्दा बढी काममा | जम्मा | ४४.३३ | ४४.९३ | ६५.९८ | ५.६२ | ९.४५ | ४८.८ | ६२.७७ | २९.७३ | ६.५८ | ६१.४५ | ३९.४७ |
| | पुरुष | ४३.१ | ४९.३५ | ६५.२६ | ७.८ | ९.९६ | ५२.५५ | ६५ | ३४.०५ | १०.६ | ५८.७ | ४०.८४ |
| | महिला | ४५.३४ | ४१.०५ | ६६.६७ | ३.४२ | ८.९९ | ४५.४७ | ६०.६४ | २५.७ | २.६१ | ६३.९७ | ३८.२२ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संलग्न प्रतिशत | | | | | | | | | | | | |
| ३ देखि ६ महिना काममा संलग्न प्रतिशत | जम्मा | २१.११ | १०.२८ | ४.१७ | ३५.०३ | २५.३३ | ९.७ | ३.४४ | ३३.२६ | २२.२६ | ६.८ | १६.५३ |
| | पुरुष | २०.६९ | ९.४२ | ३.७३ | ४०.५९ | २७.१७ | ७.५८ | ३.१५ | ३२.९७ | ३२.६७ | ७.५९ | १७.६९ |
| | महिला | २१.४६ | ११.०५ | ४.५९ | २९.३७ | २३.६३ | ११.५९ | ३.७२ | ३३.५३ | ११.९८ | ६.०८ | १५.४७ |
| ३ महिनाभन्दा कम काममा संलग्न प्रतिशत | जम्मा | ६.५६ | १३.०७ | ३.७८ | ३३.२ | ३५.९१ | ९.२३ | ९.०६ | ५.६१ | १४.४७ | ३.७८ | १३.३१ |
| | पुरुष | ७.०२ | ९.८५ | ३.२५ | १७.०७ | ३१.१६ | ५.८४ | ९.२६ | ४.०९ | १९.६५ | ४.११ | १०.६७ |
| | महिला | ५.९७ | १२.२९ | ३.६७ | ३३.४७ | ३४.४४ | ८.७२ | ८.८७ | ५.४२ | १४.३८ | ३.६२ | १२.७५ |
| काममा संलग्न नभएको प्रतिशत | जम्मा | २८.११ | ३३.६४ | २६.३८ | ३४.१५ | ३२.३५ | ३४.१३ | २४.७३ | ३२.२२ | ५४.१७ | २७.८९ | ३२.२४ |
| | पुरुष | २९.१९ | ३१.३९ | २७.७६ | ३४.५४ | ३१.७ | ३४.०४ | २२.५९ | २८.८८ | ३७.०९ | २९.५९ | ३०.८ |
| | महिला | २७.२३ | ३५.६२ | २५.०८ | ३३.७४ | ३२.९५ | ३४.२२ | २६.७७ | ३५.३४ | ७१.०२ | २६.३४ | ३३.५६ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यो तालिकाले चम्पादेवी गाउँपालिकामा १० वर्षभन्दा माथिको जनसंख्याको वर्षभरि काममा संलग्न भएको अवधिलाई वडागत रूपमा देखाउँछ । यसमा जनसंख्यालाई ६ महिनाभन्दा बढी, ३ देखि ६ महिना, ३ महिनाभन्दा कम काममा संलग्न हुने र काममा संलग्न नभएको गरी चार वर्गमा विभाजन गरिएको छ । गाउँपालिकाको कुल १० वर्षभन्दा माथिको जनसंख्या १३,६८५ रहेकोमा ५,४०२ जना (३९.४७%) ६ महिनाभन्दा बढी काममा संलग्न छन् । यसले करिब दुई–पाँच भाग जनसंख्याको मात्र वर्षभरि स्थिर रोजगारी रहेको देखाउँछ, जसले आय स्थिरता र जीविकोपार्जनमा चुनौतीहरू हुन सक्ने संकेत गर्छ । २,२६२ जना (१६.५३%) ३ देखि ६ महिना र १,०५९ जना (७.७४%) ३ महिनाभन्दा कम काममा संलग्न छन् । यो तथ्यांकले मौसमी रोजगारी वा छोटो अवधिको काममा संलग्न हुनेहरूको संख्या पनि उल्लेख्य रहेको संकेत गर्छ, जुन विशेषगरी कृषिमा आधारित अर्थतन्त्रमा सामान्य हुन्छ ।

कुल ४,४१२ जना (३२.२४%) काममा संलग्न छैनन् । वडा नं. ९ मा ३ देखि ६ महिना काममा संलग्न हुने जनसंख्या (४८० जना) र ३ महिनाभन्दा कम काममा संलग्न हुने जनसंख्या (२२० जना) तुलनात्मक रूपमा बढी छ, जबकि ६ महिनाभन्दा बढी काममा संलग्न हुने जनसंख्या (३७२ जना) कम छ । यसले यस वडामा मौसमी वा छोटो अवधिको रोजगारीको प्रचलन बढी रहेको देखाउँछ । समग्रमा, यो तथ्यांकले गाउँपालिकामा स्थायी प्रकृतिको रोजगारीको अभाव रहेको र मौसमी रोजगारीको बाहुल्य रहेको संकेत गरेको हुँदा गैरकृषि क्षेत्रमा विविधीकरण गरी दिगो रोजगारीका अवसरहरू सिर्जना गर्नुपर्ने आवश्यकता देखिन्छ ।

**फरक क्षमताका आधारमा रोजगारीको क्षेत्रबारेको विवरण**

यो तालिकाले गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूको रोजगारीमा संलग्नता र उनीहरूको प्रमुख आर्थिक क्षेत्रलाई विश्लेषण गर्दछ । यसले फरक क्षमता भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू कस्ता छन् र कुन

क्षेत्रमा उनीहरूको बढी पहुँच छ भन्नेबारे जानकारी प्रदान गर्दछ । यो तथ्यांकले फरक क्षमता भएका व्यक्तिहरूको आर्थिक समावेशीकरणका लागि नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ३२: फरक क्षमताका आधारमा रोजगारीको क्षेत्र**

| वडा नम्बर | फरक क्षमता भएको रोजगार जनसंख्या | | | कृषि क्षेत्रमा रोजगारी संख्या | गैरकृषि क्षेत्रमा रोजगारी संख्या | कृषि क्षेत्रमा रोजगारी प्रतिशत | गैरकृषि क्षेत्रमा रोजगारी प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | | | | |
| वडा नम्बर १ | १३ | ७ | ६ | १२ | १ | ९२.३१ | ७.६९ |
| वडा नम्बर २ | ३४ | १९ | १५ | २९ | ५ | ८५.२९ | १४.७१ |
| वडा नम्बर ३ | १६ | ९ | ७ | ११ | ५ | ६८.७५ | ३१.२५ |
| वडा नम्बर ४ | १८ | ८ | १० | १३ | ५ | ७२.२२ | २७.७८ |
| वडा नम्बर ५ | ९ | ४ | ५ | ६ | ३ | ६६.६७ | ३३.३३ |
| वडा नम्बर ६ | १५ | ८ | ७ | ९ | ६ | ६० | ४० |
| वडा नम्बर ७ | १३ | ८ | ५ | १० | ३ | ७६.९२ | २३.०८ |
| वडा नम्बर ८ | ३१ | १९ | १२ | २७ | ४ | ८७.१ | १२.९ |
| वडा नम्बर ९ | १२ | ६ | ६ | ६ | ६ | ५० | ५० |
| वडा नम्बर १० | १८ | ५ | १३ | १४ | ४ | ७७.७८ | २२.२२ |
| गाउँपालिकाको जम्मा | १७९ | ९३ | ८६ | १३७ | ४२ | ७६.५४ | २३.४६ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा फरक क्षमता भएका रोजगार जनसंख्यालाई कृषि र गैरकृषि क्षेत्रमा विभाजन गरी वडागत रूपमा विवरण प्रस्तुत गर्दछ । गाउँपालिकाभरि कुल १७९ जना फरक क्षमता भएका व्यक्तिहरू रोजगार छन् । यसमध्ये १३७ जना (७६.५४%) कृषि क्षेत्रमा र ४२ जना (२३.४६%) गैरकृषि क्षेत्रमा संलग्न छन् । यो तथ्यांकले फरक क्षमता भएका व्यक्तिहरूमध्ये पनि अधिकांश कृषिमा निर्भर रहेको र गैरकृषि क्षेत्रमा उनीहरूको लागि रोजगारीका अवसरहरू अपेक्षाकृत कम रहेको देखाउँछ । यो ग्रामीण क्षेत्रको विशेषता हुन सक्छ जहाँ कृषि मुख्य आर्थिक गतिविधि हो ।

वडा नं. ५ मा फरक क्षमता भएका रोजगार व्यक्तिहरूमध्ये ३३.३३% गैरकृषि क्षेत्रमा संलग्न छन्, जुन अन्य वडाको तुलनामा सबैभन्दा बढी हो, जसले यस वडामा गैरकृषि क्षेत्रमा फरक क्षमता भएका व्यक्तिहरूका लागि केही अवसरहरू सिर्जना भएको वा उनीहरूको पहुँच बढी भएको संकेत गर्छ । वडा नं. ३ मा ८५.७१% फरक क्षमता भएका रोजगार व्यक्तिहरू कृषिमा संलग्न छन्, जुन सबैभन्दा उच्च हो। समग्रमा, यो तथ्यांकले फरक क्षमता भएका व्यक्तिहरूको आर्थिक समावेशीकरणका लागि कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग वा गैरकृषि क्षेत्रमा सीप विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकतालाई उजागर गर्दछ, ताकि उनीहरूले विभिन्न रोजगारीका अवसरहरू पाउन सकून् ।

## १० देखि १७ वर्ष उमेर समूहको कामको क्षेत्र र प्रकृति वारेको विवरण

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा १० देखि १७ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीहरूको कामको प्रकृति र संलग्नतालाई देखाउँछ । यसले उनीहरू घरायसी काम, घरायसीबाहेकको काम वा कुनै पनि काममा संलग्न छैनन् भन्ने कुरा स्पष्ट पार्दछ । यो तथ्यांकले बालश्रमको अवस्था, शिक्षामा पहुँच र उनीहरूको भविष्यका लागि आवश्यक शैक्षिक तथा व्यावसायिक अवसरहरूको योजना बनाउन मद्दत गर्दछ ।

**तालिका ३३: क्षेत्र र प्रकृतिका आधारमा १० देखि १७ वर्ष उमेर समूहको काम**

| वडा नम्बर | १०-१७ वर्ष उमेरको जनसंख्या | | | गर्ने कामको प्रकृति | | | कामको प्रकृति प्रतिशत | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | पुरुष | महिला | घरायसीबाहेकको काम | घरायसी काम | काम नगर्ने | घरायसीबाहेकको काम | घरायसी काम | काम नगर्ने |
| वडा नम्बर १ | ३९२ | २०२ | १९० | ५७ | ६५ | २७० | १४.५४ | १६.५८ | ६८.८८ |
| वडा नम्बर २ | ४९४ | २४८ | २४६ | ७२ | ६६ | ३५६ | १४.५७ | १३.३६ | ७२.०६ |
| वडा नम्बर ३ | ३०४ | १६२ | १४२ | ४८ | २२ | २३४ | १५.७९ | ७.२४ | ७६.९७ |
| वडा नम्बर ४ | २९१ | १६२ | १२९ | ४७ | ११ | २३३ | १६.१५ | ३.७८ | ८०.०७ |
| वडा नम्बर ५ | २४८ | १२२ | १२६ | ३० | १२ | २०६ | १२.१ | ४.८४ | ८३.०६ |
| वडा नम्बर ६ | ३४१ | १७६ | १६५ | ५५ | १३ | २७३ | १६.१३ | ३.८१ | ८०.०६ |
| वडा नम्बर ७ | १९१ | १०७ | ८४ | २५ | ३० | १३६ | १३.०९ | १५.७१ | ७१.२ |
| वडा नम्बर ८ | १९४ | ८२ | ११२ | २४ | ११ | १५९ | १२.३७ | ५.६७ | ८१.९६ |
| वडा नम्बर ९ | १५६ | ७७ | ७९ | ३० | ५ | १२१ | १९.२३ | ३.२१ | ७७.५६ |
| वडा नम्बर १० | २६४ | १२७ | १३७ | ३४ | ५२ | १७८ | १२.८८ | १९.७ | ६७.४२ |
| गाउँपालिकाको जम्मा | २८७५ | १४६५ | १४१० | ४२२ | २८७ | २१६६ | १४.६८ | ९.९८ | ७५.३४ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा १० देखि १७ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीहरूको कामको प्रकृतिलाई वडागत रूपमा र लिंगअनुसार विश्लेषण गर्दछ । गाउँपालिकाको यस उमेर समूहको कुल जनसंख्या २,८७५ रहेको छ, जसमा १,४६५ पुरुष र १,४१० महिला छन् ।

गाउँपालिकामा यस उमेर समूहका ४२२ जना (१४.६८%) घरायसीबाहेकका काममा संलग्न छन्, जबकि २८७ जना (९.९८%) घरायसी काममा संलग्न छन् । सबैभन्दा ठूलो हिस्सा, २,१६६ जना (७५.३४%) कुनै पनि काममा संलग्न छैनन्, जसको अर्थ उनीहरू सामान्यतः पढाइमा वा अन्य गतिविधिमा संलग्न रहेको पाइयो ।

वडागत रूपमा हेर्दा, वडा नं. ९ मा घरायसीबाहेकको काममा संलग्न हुने जनसंख्याको प्रतिशत १९.२३% रहेको छ, जुन गाउँपालिकाको औसतभन्दा बढी हो । यसको विपरीत, वडा नं. ५ मा घरायसीबाहेकको काममा संलग्न जनसंख्याको

प्रतिशत सबैभन्दा कम (१२.९%) छ । वडा नं. १० मा घरायसी काममा संलग्न जनसंख्याको प्रतिशत सबैभन्दा बढी (१९.७%) रहेको छ ।

तथ्यांकले गाउँपालिकामा १० देखि १७ वर्ष उमेर समूहका बालबालिका तथा किशोरकिशोरीहरूको ठूलो हिस्सा काममा संलग्न नभएको देखाउँछ, जुन शिक्षामा उनीहरूको पहुँच राम्रो रहेको संकेत गर्छ । यद्यपि, केही बालबालिका घरायसी वा अन्य काममा संलग्न भएकोले बालश्रमको अवस्थाको सूक्ष्म विश्लेषण आवश्यक छ र उनीहरूको शैक्षिक निरन्तरता सुनिश्चित गर्नका लागि थप कार्यक्रमहरू आवश्यक पर्न सक्छ ।

### १० वर्ष पूरा भएका फरक क्षमता भएकाको रोजगारीको क्षेत्रवारेको विवरण

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा १० वर्षभन्दा माथि उमेर समूहका फरक क्षमता भएका व्यक्तिहरूको रोजगारीमा संलग्नता र उनीहरूको प्रमुख आर्थिक क्षेत्रलाई विश्लेषण गर्दछ । यसले फरक क्षमता भएका व्यक्तिहरूका लागि रोजगारीका अवसरहरू कस्ता छन् र उनीहरूको आर्थिक समावेशीकरणको अवस्था कस्तो छ भन्नेबारे जानकारी प्रदान गर्दछ । यस तथ्यांकले उनीहरूको सीप विकास, रोजगारी सिर्जना र सामाजिक सुरक्षाका लागि आवश्यक नीति तथा कार्यक्रमहरू तर्जुमा गर्न महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ३४: फरक क्षमता भएका १० वर्ष पूरा भएकाको रोजगारीको क्षेत्र**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| फरक क्षमता भएको १० वर्षभन्दा माथिको जनसंख्या | जम्मा | २२ | ५० | २१ | ४४ | १५ | ४६ | २० | ५४ | ४० | ३१ | ३४३ |
| | पुरुष | १२ | २३ | १४ | २४ | ७ | २३ | १२ | ३२ | १७ | ११ | १७५ |
| | महिला | १० | २७ | ७ | २० | ८ | २३ | ८ | २२ | २३ | २० | १६८ |
| रोजगारीको क्षेत्र | घरायसीबाहेकको काम | २ | ३ | ५ | ३ | ३ | ७ | २ | ४ | ११ | ४ | ४४ |
| | घरायसी काम | ११ | ३१ | ११ | १५ | ६ | ८ | ११ | २७ | १ | १४ | १३५ |
| | काम नगर्ने | ९ | १६ | ५ | २६ | ६ | ३१ | ७ | २३ | २८ | १३ | १६४ |
| रोजगारीको क्षेत्र प्रतिशत | घरायसीबाहेकको काम | ९.०९ | ६ | २३.८१ | ६.८२ | २० | १५.२२ | १० | ७.४१ | २७.५ | १२.९ | १२.८३ |
| | घरायसी काम | ५० | ६२ | ५२.३८ | ३४.०९ | ४० | १७.३९ | ५५ | ५० | २.५ | ४५.१६ | ३९.३६ |
| | काम नगर्ने | ४०.९१ | ३२ | २३.८१ | ५९.०९ | ४० | ६७.३९ | ३५ | ४२.५९ | ७० | ४१.९४ | ४७.८१ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा १० वर्षभन्दा माथि उमेर समूहका फरक क्षमता भएका व्यक्तिहरूको रोजगारीको क्षेत्रलाई वडागत रूपमा र लिंगअनुसार प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ३४३ जना फरक क्षमता भएका १० वर्षभन्दा माथिका व्यक्तिहरू छन्, जसमध्ये १७५ पुरुष र १६८ महिला रहेको पाइयो ।

गाउँपालिकामा फरक क्षमता भएका व्यक्तिहरूमध्ये ४४ जना (१२.८३%) घरायसीबाहेकका काममा संलग्न रहेको पाइयो भने १३५ जना (३९.३६%) घरायसी काममा संलग्न रहेको र १६४ जना (४७.८१%) काममा संलग्न नरहेको पाइयो । यसले फरक क्षमता भएका व्यक्तिहरूमा काम नगर्नेको संख्या सबैभन्दा बढी रहेको देखाउँछ, जुन उनीहरूका लागि रोजगारीका अवसरहरूको कमीलाई संकेत गर्छ । घरायसी काममा संलग्न हुनेहरूको संख्या पनि उल्लेख्य छ ।

वडागत रूपमा हेर्दा, वडा नं. ९ मा घरायसबाहेकको काममा संलग्न हुने फरक क्षमता भएका व्यक्तिहरूको प्रतिशत सबैभन्दा बढी (२७.५%) रहेको छ । यसको विपरीत, वडा नं. २ मा सबैभन्दा कम (६%) रहेको छ । वडा नं. २ मा घरायसी काममा संलग्न हुने प्रतिशत ६२% रहेको छ । समग्रमा, यो तथ्यांकले फरक क्षमता भएका व्यक्तिहरूको आर्थिक समावेशीकरणका लागि कृषि क्षेत्रमा आधुनिक प्रविधिको प्रयोग वा गैरकृषि क्षेत्रमा सीप विकास कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने आवश्यकतालाई उजागर गर्दछ, ताकि उनीहरूले विभिन्न रोजगारीका अवसरहरू पाउन सकून् ।

## ५.४ परिवारको स्वामित्वमा रहेका वस्तु तथा सुविधाहरू

### बसोबास गर्ने घरको स्वामित्वको अवस्था

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा बसोबास गर्ने घरहरूको स्वामित्वको अवस्थालाई स्पष्ट पार्दछ । यहाँ घरहरू व्यक्तिगत स्वामित्वमा, भाडामा, संस्थागत स्वामित्वमा वा अन्य प्रकारका छन् भन्नेबारेमा विवरण रहेको छ । यो तथ्यांकले गाउँपालिकामा आवासको सुरक्षा, आर्थिक स्थिति र आवाससम्बन्धी योजनाहरू बनाउन महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ३५: बसोबास गर्ने घरको स्वामित्वको अवस्था**

| वडा नम्बर | जम्मा | स्वामित्वको प्रकार | | | |
|---|---|---|---|---|---|
| | | स्वामित्वमा रहेको | भाडामा रहेको | संस्थागत | अन्य |
| वडा नम्बर १ | ५५४ | ५५४ | ० | ० | ० |
| वडा नम्बर २ | ५४० | ५३८ | २ | ० | ० |
| वडा नम्बर ३ | ३८३ | ३८२ | ० | ० | १ |
| वडा नम्बर ४ | ४२९ | ४२७ | २ | ० | ० |
| वडा नम्बर ५ | ३३८ | ३३७ | १ | ० | ० |
| वडा नम्बर ६ | ५३७ | ५३३ | २ | १ | १ |
| वडा नम्बर ७ | ३२१ | ३२१ | ० | ० | ० |
| वडा नम्बर ८ | २७२ | २६७ | १ | ० | ४ |
| वडा नम्बर ९ | २६९ | २६८ | १ | ० | ० |
| वडा नम्बर १० | ३९१ | ३९१ | ० | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०३४ | ४०१८ | ९ | १ | ६ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा कुल घरधुरी ४,०३४ रहेकोमा घरको स्वामित्वको अवस्थाको विस्तृत जानकारी प्रस्तुत गर्दछ । कुल घरधुरीमध्ये ४,०१८ (९९.६%) घरधुरी व्यक्तिगत स्वामित्वमा रहेको देखिन्छ । यो तथ्यांकले गाउँपालिकाका अधिकांश परिवारहरूको आफ्नो घर रहेको र आवासको सुरक्षाको दृष्टिकोणले सकारात्मक अवस्था रहेको देखाउँछ ।

भाडामा रहेका घरधुरीको संख्या ९ मात्र छ । संस्थागत स्वामित्वमा १ घरधुरी र अन्य प्रकारको स्वामित्वमा ६ घरधुरी रहेका छन् । वडागत रूपमा हेर्दा, वडा नं. १, ७, ९ र १० मा सबै घरधुरी व्यक्तिगत स्वामित्वमा रहेको देखिन्छ । वडा नं. ८ मा ४ घरधुरी अन्य प्रकारको स्वामित्वमा छन्, जुन गाउँपालिकामा यस प्रकारको स्वामित्व भएको सबैभन्दा बढी संख्या हो । यो तथ्यांकले गाउँपालिकामा घरको स्वामित्वको उच्च दरले स्थानीय बासिन्दाको स्थायित्व र आर्थिक सुरक्षालाई बलियो बनाएको देखाउँछ, जसले ग्रामीण क्षेत्रमा समुदायको दिगो विकासमा योगदान पुग्छ ।

### परिवारले प्रयोग गर्ने घरको जगको अवस्था

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको जगको संरचनालाई चित्रण गर्दछ । यसले घरहरूको निर्माणमा प्रयोग भएका मुख्य सामग्रीहरू (ढुंगा, इँटा, सिमेन्ट, काठ, आदि) लाई स्पष्ट पार्दछ । यस तथ्यांकले घरहरूको दिगोपना, भूकम्पीय सुरक्षा, र भविष्यमा आवास निर्माणका लागि आवश्यक नीतिगत मार्गदर्शन प्रदान गर्न मद्दत गर्दछ ।

**तालिका ३६: परिवारले प्रयोग गर्ने घरको जगको अवस्था**

| वडा नम्बर | जम्मा | घरको जगको संरचनाको विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | ढुंगा इँटा माटोले जोडेको | ढुंगा इँट्टा सिमेन्टले जोडेको | सिमेन्टसहित पिल्लर भएको | काठको खाँबो भएको | अन्य प्रकारको |
| **वडा नम्बर १** | ५५४ | ५३८ | ९ | ५ | २ | ० |
| **वडा नम्बर २** | ५४० | ५२२ | ११ | ४ | ३ | ० |
| **वडा नम्बर ३** | ३८३ | ३८० | ० | ० | ३ | ० |
| **वडा नम्बर ४** | ४२९ | ४२५ | २ | १ | १ | ० |
| **वडा नम्बर ५** | ३३८ | ३३७ | १ | ० | ० | ० |
| **वडा नम्बर ६** | ५३७ | ५१९ | १६ | ० | १ | १ |
| **वडा नम्बर ७** | ३२१ | ३०२ | १३ | २ | ३ | १ |
| **वडा नम्बर ८** | २७२ | २५३ | १५ | २ | २ | ० |
| **वडा नम्बर ९** | २६९ | २६८ | १ | ० | ० | ० |
| **वडा नम्बर १०** | ३९१ | ३९१ | ० | ० | ० | ० |
| **गाउँपालिकाको जम्मा** | ४०३४ | ३९३५ | ६८ | १४ | १५ | २ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको जगको संरचनाको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये अधिकांश घरहरूको जग “ढुंगा इँटा माटोले जोडेको” (३,९३५ घरधुरी) रहेको देखिन्छ । यसले परम्परागत निर्माण सामग्री र प्रविधिको व्यापक प्रयोगलाई संकेत गर्दछ ।

“ढुंगा इँट्टा सिमेन्टले जोडेको” जग भएका घरहरू ६८, “सिमेन्टसहित पिल्लरसमेत भएको” १४, “काठको खाँबो भएको” १५ र “अन्य प्रकारको” २ घरधुरी रहेका छन् । यो तथ्यांकले आधुनिक र भूकम्प प्रतिरोधात्मक मानिने जगहरूको प्रयोग अझै पनि कम रहेको देखाउँछ । वडागत रूपमा, वडा नं. १ मा ढुंगा इँटा माटोले जोडेको जग भएका घरहरूको संख्या ५३८ र वडा नं. ६ मा ५१९ रहेको छ । यसले भूकम्पीय जोखिमलाई मध्यनजर गरी परम्परागत निर्माण शैलीको निरन्तरता र आधुनिक निर्माण प्रविधिहरूको प्रवर्द्धनको आवश्यकतालाई देखाउँछ ।

### परिवारले प्रयोग गर्ने घरको गारोको विवरण

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको गारोको संरचनालाई चित्रण गर्दछ । यसले घरहरूको दिवाल निर्माणमा प्रयोग भएका मुख्य सामग्रीहरूलाई स्पष्ट पार्दछ, जसले घरहरूको स्थायित्व र निर्माण गुणस्तरको बारेमा जानकारी प्रदान गर्दछ । यो तथ्यांकले आवास नीति, निर्माण मापदण्ड र प्राकृतिक विपत्तिको जोखिम न्यूनीकरणका लागि आवश्यक योजनाहरू बनाउन मद्दत गर्दछ ।

**तालिका ३७: परिवारले प्रयोग गर्ने घरको गारोको विवरण**

| वडा नम्बर | जम्मा | घरको दिवालको संरचना | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | ढुंगा इँटा माटोले जोडेको | ढुंगा इँटा सिमेन्टले जोडेको | काठको तखता फल्याक | बाँसको | जस्ता पाता | अन्य |
| **वडा नम्बर १** | ५५४ | ५३७ | १४ | ० | १ | २ | ० |
| **वडा नम्बर २** | ५४० | ५२४ | १३ | ० | ३ | ० | ० |
| **वडा नम्बर ३** | ३८३ | ३७८ | १ | ४ | ० | ० | ० |
| **वडा नम्बर ४** | ४२९ | ४२६ | २ | ० | १ | ० | ० |
| **वडा नम्बर ५** | ३३८ | ३३६ | १ | ० | ० | १ | ० |
| **वडा नम्बर ६** | ५३७ | ५२२ | १३ | ० | १ | ० | १ |
| **वडा नम्बर ७** | ३२१ | ३०९ | ९ | ० | ० | २ | १ |
| **वडा नम्बर ८** | २७२ | २५२ | १८ | ० | १ | १ | ० |
| **वडा नम्बर ९** | २६९ | २६६ | २ | ० | ० | १ | ० |
| **वडा नम्बर १०** | ३९१ | ३८५ | ५ | ० | ० | ० | १ |
| **गाउँपालिकाको जम्मा** | ४०३४ | ३९३५ | ७८ | ४ | ७ | ७ | ३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको गारोको संरचनाको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये अधिकांश घरहरूको गारो “ढुंगा इँटा माटोले जोडेको” (३,९३५ घरधुरी) रहेको देखिन्छ । यसले गाउँपालिकामा परम्परागत निर्माण सामग्री र प्रविधिको व्यापक प्रयोगलाई पुष्टि गर्दछ ।

“ढुंगा इँटा सिमेन्टले जोडेको” गारो भएका घरहरू ७८ , “काठको तखता फल्याक” भएका ४ , “बाँसको” ७ , “जस्ता पाता” भएका ७ , र “अन्य प्रकारका ३ घरधुरी रहेका छन् । यो तथ्यांकले आधुनिक र सुदृढ निर्माण सामग्रीको प्रयोग कम रहेको देखाउँछ । वडा नं. ८ मा “ढुंगा इँटा सिमेन्टले जोडेको” गारो भएका घरहरूको संख्या १८ रहेको छ, जुन अन्य वडाको तुलनामा बढी हो । यसले परम्परागत निर्माण शैलीको प्रचलनलाई निरन्तरता दिँदै आधुनिक र सुरक्षित निर्माण सामग्रीको प्रवर्द्धनका लागि नीतिगत प्रोत्साहन आवश्यक रहेको औंल्याउँछ, विशेषगरी भूकम्पीय जोखिम कम गर्न ।

**परिवारले प्रयोग गर्ने घरको छानोको विवरण**

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको छानोको प्रकारलाई चित्रण गर्दछ । यसले घरहरूको छाना निर्माणमा प्रयोग भएका मुख्य सामग्रीहरू (जस्ता पाता, ढलान, खर, टायल, ढुंगा स्लेट, आदि) लाई स्पष्ट पार्दछ । यो तथ्यांकले घरहरूको टिकाउपन, जलवायु अनुकूलन, र भविष्यमा आवास सुधारका लागि आवश्यक योजनाहरू बनाउन मद्दत गर्दछ ।

**तालिका ३८: परिवारले प्रयोग गर्ने घरको छानोको विवरण**

| वडा नम्बर | जम्मा | घरको छानाको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जस्ताको छाना | ढलान गरेको | खर पराल | टायल | ढुंगा स्लेट | अन्य |
| **वडा नम्बर १** | ५५४ | ४४१ | १० | १३ | ० | ८९ | १ |
| **वडा नम्बर २** | ५४० | ४६१ | ७ | २५ | १ | ४६ | ० |
| **वडा नम्बर ३** | ३८३ | ३८१ | १ | ० | ० | १ | ० |
| **वडा नम्बर ४** | ४२९ | ३९५ | ३ | १ | ५ | २५ | ० |
| **वडा नम्बर ५** | ३३८ | ३३२ | ० | ४ | ० | २ | ० |
| **वडा नम्बर ६** | ५३७ | ५२८ | ४ | २ | ० | २ | १ |
| **वडा नम्बर ७** | ३२१ | २९१ | ३ | ८ | ० | १८ | १ |
| **वडा नम्बर ८** | २७२ | २४८ | २ | ० | ० | २१ | १ |
| **वडा नम्बर ९** | २६९ | २५८ | १ | १ | ० | ९ | ० |
| **वडा नम्बर १०** | ३९१ | ३५८ | १२ | ८ | ० | १२ | १ |
| **गाउँपालिकाको जम्मा** | ४०३४ | ३६९३ | ४३ | ६२ | ६ | २२५ | ५ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको छानोको प्रकारको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये अधिकांश घरहरूमा “जस्ताको छाना” (३,६९३ घरधुरी) प्रयोग भएको देखिन्छ । यसले गाउँपालिकामा जस्तापाताको प्रयोग व्यापक रहेको र यो आधुनिक तथा टिकाउ मानिने सामग्रीको रूपमा अपनाइएको देखाउँछ ।

“ढलान गरिएको” छाना भएका घरहरू ४३, “खर पराल” को छाना भएका ६२, “टायल” को छाना भएका ६, “ढुंगा स्लेट” को छाना भएका २२५ र “अन्य” प्रकारका ५ घरधुरी रहेका छन् । “ढुंगा स्लेट” को छाना परम्परागत निर्माण सामग्रीका रूपमा अझै पनि केही हदसम्म प्रयोग भएको देखिन्छ । वडा नं. १ मा “ढुंगा स्लेट” को छाना भएका घरहरूको

संख्या ८९ रहेको छ, जुन अन्य वडाको तुलनामा धेरै हो । यो तथ्यांकले घरहरूको छानाको प्रकारमा स्थानीय प्राथमिकता र निर्माण सामग्रीको उपलब्धताको प्रभावलाई दर्साउँछ र भविष्यमा आवास सुधारका लागि उपयुक्त सामग्री छनोटमा मार्गदर्शन प्रदान गर्दछ ।

### परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको भुइँको प्रकृतिलाई चित्रण गर्दछ । यसले घरहरूको भुइँ निर्माणमा प्रयोग भएका मुख्य सामग्रीहरू (माटो, काठ, इँटा, सिमेन्ट, टायल, आदि) लाई स्पष्ट पार्दछ । यो तथ्यांकले घरहरूको निर्माण गुणस्तर, सरसफाइको स्तर र भविष्यमा आवास सुधारका लागि आवश्यक योजनाहरू बनाउन मद्दत गर्दछ ।

**तालिका ३९: परिवारले प्रयोग गर्ने घरको भुइँको प्रकृति**

| वडा नम्बर | जम्मा | भुइँको प्रकार | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | माटो | काठ बाँस | इँटा ढुंगा | सेरामिक टायल | सिमेन्ट | अन्य |
| **वडा नम्बर १** | ५५४ | ५१२ | १२ | ० | २ | २७ | १ |
| **वडा नम्बर २** | ५४० | ४६९ | १७ | ४ | १ | ४९ | ० |
| **वडा नम्बर ३** | ३८३ | २९१ | १५ | ७ | १४ | ५५ | १ |
| **वडा नम्बर ४** | ४२९ | ३४४ | ५९ | ३ | ८ | १४ | १ |
| **वडा नम्बर ५** | ३३८ | ३३५ | १ | ० | ० | २ | ० |
| **वडा नम्बर ६** | ५३७ | ५०० | ८ | २ | ९ | १६ | २ |
| **वडा नम्बर ७** | ३२१ | २८९ | ४ | १ | ० | २६ | १ |
| **वडा नम्बर ८** | २७२ | २३२ | ४ | ० | ० | ३६ | ० |
| **वडा नम्बर ९** | २६९ | २६४ | ४ | ० | ० | १ | ० |
| **वडा नम्बर १०** | ३९१ | ३२८ | ३८ | ४ | २ | १८ | १ |
| **गाउँपालिकाको जम्मा** | ४०३४ | ३५६४ | १६२ | २१ | ३६ | २४४ | ७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

तालिकाले चम्पादेवी गाउँपालिकामा प्रयोग गरिएका घरहरूको भुइँको प्रकारको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये अधिकांश घरहरूको भुइँ "माटो" (३,५६४ घरधुरी) रहेको देखिन्छ । यसले ग्रामीण क्षेत्रमा परम्परागत निर्माण शैली र सामग्रीको व्यापक प्रयोगलाई पुष्टि गर्दछ ।

"काठ बाँस" को भुँई भएका घरहरू १६२, "इँटा ढुंगा" को भुइँ भएका २१, "सेरामिक टायल" को भुइँ भएका ३६ , "सिमेन्ट" को भुइँ भएका २४४ र "अन्य" प्रकारका ७ घरधुरी रहेका छन् । "सिमेन्ट" को भुइँ भएका घरहरूको संख्या माटोपछि दोस्रो ठूलो छ, जसले केही हदसम्म आधुनिक निर्माण सामग्रीको प्रयोग बढ्दै गएको देखाउँछ । वडा नं. ४ मा "काठ बाँस" को भुइँ भएका घरहरूको संख्या ५९ रहेको छ, जुन अन्य वडाको तुलनामा धेरै हो । यो तथ्यांकले ग्रामीण क्षेत्रमा सरसफाइ र स्वास्थ्यको दृष्टिकोणले सुधारको सम्भावना रहेको देखाउँछ र भविष्यमा आवास सुधारका लागि स्वच्छ र टिकाउ भुइँका प्रकारहरू प्रवर्द्धन गर्ने नीतिहरू आवश्यक रहेको औंल्याउँछ ।

### परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने खानेपानीका विभिन्न स्रोतहरूलाई चित्रण गर्दछ । यसले खानेपानीको उपलब्धता, पहुँच, र सरसफाइको अवस्थाबारे महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । तथ्यांकले खानेपानीको सुविधा सुधार गर्न, सुरक्षित खानेपानीको पहुँच बढाउन र जलस्रोत व्यवस्थापनका लागि नीति तथा योजनाहरू बनाउन महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ४०: परिवारले प्रयोग गर्ने खानेपानीको स्रोत**

| वडा नम्बर | जम्मा | खानेपानीको स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | घरभित्रै पाइप वा धारा | घरबाहिर पाइप धारा | ढाकिएको कुवा इनार | नढाकिएको कुवा इनार | खोलामा बगेको पानी | खोला खहरे | अन्य |
| वडा नम्बर १ | ५५४ | ६४ | ४८७ | १ | १ | ० | ० | १ |
| वडा नम्बर २ | ५४० | ५७ | ४४८ | ३१ | ४ | ० | ० | ० |
| वडा नम्बर ३ | ३८३ | ६२ | २६३ | ५६ | १ | ० | ० | १ |
| वडा नम्बर ४ | ४२९ | १३२ | २८८ | ३ | ३ | ३ | ० | ० |
| वडा नम्बर ५ | ३३८ | १६ | ३१४ | ६ | २ | ० | ० | ० |
| वडा नम्बर ६ | ५३७ | २३४ | २६३ | २९ | ५ | ५ | १ | ० |
| वडा नम्बर ७ | ३२१ | २८ | २८२ | ० | ९ | १ | १ | ० |
| वडा नम्बर ८ | २७२ | १५ | १८८ | ७ | ५ | ४८ | २ | ७ |
| वडा नम्बर ९ | २६९ | १३० | १२० | ० | १२ | ३ | ४ | ० |
| वडा नम्बर १० | ३९१ | २२० | १४१ | ५ | १८ | ७ | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०३४ | ९५८ | २७९४ | १३८ | ६० | ६७ | ८ | ९ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यो तालिकाले चम्पादेवी गाउँपालिकामा परिवारहरूले प्रयोग गर्ने खानेपानीका विभिन्न स्रोतहरूको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये सबैभन्दा धेरै घरधुरीले "घर बाहिर पाइप धारा" (२,७९४ घरधुरी) बाट खानेपानी प्राप्त गर्छन् । यसले समुदायमा पाइपलाइन खानेपानीको पहुँच व्यापक रहेको देखाउँछ, तर घरभित्रको पहुँच अझै सीमित छ ।

"घरभित्रै पाइप वा धारा" बाट खानेपानी प्रयोग गर्ने घरधुरीको संख्या ९५८ रहेको छ, जुन सुविधा र सरसफाइको दृष्टिकोणले महत्त्वपूर्ण हो । अन्य स्रोतहरूमा "ढाकिएको कुवा इनार" (१३८) , "नढाकिएको कुवा इनार" (६०) , "खोलामा बगेको पानी" (६७) , "खोला खहरे" (८) र "अन्य" (९) रहेका छन् ।

वडा नं. ६ (२३४ घरधुरी) र वडा नं. १० (२२० घरधुरी) मा "घरभित्रै पाइप वा धारा" बाट खानेपानी प्रयोग गर्ने घरधुरीको संख्या तुलनात्मक रूपमा बढी छ । यद्यपि, वडा नं. ८ मा "खोलामा बगेको पानी" प्रयोग गर्ने घरधुरीको संख्या ४८ रहेको छ, जुन अन्य वडाको तुलनामा धेरै हो । यो तथ्यांकले खानेपानीको पहुँचलाई थप सुधार गर्न, विशेषगरी घरभित्रै पाइपलाइनको सुविधा विस्तार गर्न, र असुरक्षित स्रोतहरूको प्रयोग कम गर्नका लागि नीतिगत पहल आवश्यक रहेको औंल्याउँछ ।

**परिवारले खाना पकाउने प्रयोग गर्ने इन्धनको स्रोत**

तलको तालिकाले चम्पादेवी गाउँपालिकामा परिवारहरूले खाना पकाउन प्रयोग गर्ने विभिन्न इन्धनका स्रोतहरूलाई चित्रण गर्दछ । यसले ऊर्जाको प्रयोग, वातावरणमा पर्ने प्रभाव, र स्थानीय अर्थतन्त्रको बारेमा महत्त्वपूर्ण जानकारी प्रदान गर्दछ । यो तथ्यांकले स्वच्छ ऊर्जाको प्रवर्द्धन, वन संरक्षण र स्वास्थ्य जोखिम न्यूनीकरणका लागि नीति तथा योजनाहरू बनाउन महत्त्वपूर्ण आधार प्रदान गर्दछ ।

**तालिका ४१: परिवारले खाना पकाउने प्रयोग गर्ने इन्धनको स्रोत**

| वडा नम्बर | जम्मा | खाना पकाउने ऊर्जाको स्रोत | | | | |
|---|---|---|---|---|---|---|
| | | दाउरा काठ | ग्याँस | बिजुली | गोबर ग्यास | अन्य |
| वडा नम्बर १ | ५५४ | ५११ | ४१ | १ | १ | ० |
| वडा नम्बर २ | ५४० | ४८७ | ५० | १ | २ | ० |
| वडा नम्बर ३ | ३८३ | ३७२ | ११ | ० | ० | ० |
| वडा नम्बर ४ | ४२९ | ३६६ | ६० | २ | १ | ० |
| वडा नम्बर ५ | ३३८ | ३३० | ८ | ० | ० | ० |
| वडा नम्बर ६ | ५३७ | ५१७ | १९ | ० | १ | ० |
| वडा नम्बर ७ | ३२१ | ३०० | १९ | ० | १ | १ |
| वडा नम्बर ८ | २७२ | २६५ | ७ | ० | ० | ० |
| वडा नम्बर ९ | २६९ | २६४ | ५ | ० | ० | ० |
| वडा नम्बर १० | ३९१ | ३७३ | १४ | १ | २ | १ |
| गाउँपालिकाको जम्मा | ४०३४ | ३७८५ | २३४ | ५ | ८ | २ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

यो तालिकाले चम्पादेवी गाउँपालिकामा परिवारहरूले खाना पकाउन प्रयोग गर्ने विभिन्न इन्धनका स्रोतहरूको विस्तृत विवरण प्रस्तुत गर्दछ । गाउँपालिकामा कुल ४,०३४ घरधुरीमध्ये अधिकांश परिवारले "दाउरा काठ" (३,७८५ घरधुरी) लाई मुख्य इन्धनका रूपमा प्रयोग गर्ने गरेको देखिन्छ । यसले ग्रामीण क्षेत्रमा परम्परागत ऊर्जा स्रोतको अत्यधिक निर्भरतालाई पुष्टि गर्दछ, जसले वन फँडानी र इनडोर वायु प्रदूषणको जोखिम बढाउन सक्छ ।

"ग्यास" प्रयोग गर्ने घरधुरीको संख्या २३४, "बिजुली" प्रयोग गर्ने ५, "गोबर ग्यास" प्रयोग गर्ने ८ र "अन्य" प्रकारका इन्धन प्रयोग गर्ने दुई घरधुरी रहेका छन् । ग्यासको प्रयोग दाउराको तुलनामा निकै कम छ, जसले स्वच्छ ऊर्जाको पहुँच अझै पनि सीमित रहेको देखाउँछ । वडा नं. ४ मा "ग्यास" प्रयोग गर्ने घरधुरीको संख्या ६० रहेको छ, जुन अन्य वडाको तुलनामा धेरै हो । यो तथ्यांकले स्वच्छ र दिगो ऊर्जा स्रोतहरूको प्रवर्ध्दनका लागि नीतिगत पहल आवश्यक रहेको औंल्याउँछ, जसले वातावरणीय संरक्षण र परिवारको स्वास्थ्यमा सकारात्मक प्रभाव पार्नेछ ।

### परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत

तलको तालिकाले चम्पादेवी गाउँपालिकाका विभिन्न वडाहरूमा परिवारहरूले प्रयोग गर्ने उज्यालोका मुख्य स्रोतहरूजस्तै बिजुली, सोलार, मट्टीतेल र अन्यको बारेमा जानकारी दिन्छ । यसले कुन वडामा कुन प्रकारको उज्यालोको स्रोत बढी प्रयोग हुन्छ र समग्रमा गाउँपालिकाको अवस्था कस्तो छ भन्ने स्पष्ट चित्र प्रस्तुत गर्दछ ।

**तालिका ४२: परिवारले प्रयोग गर्ने उज्यालोको स्रोत**

| वडा नम्बर | जम्मा | घरमा उज्यालोको स्रोत | | | |
|---|---|---|---|---|---|
| | | विजुली | सोलार | मट्टीतेल | अन्य |
| वडा नम्बर १ | ५५४ | २० | ५२५ | ८ | १ |
| वडा नम्बर २ | ५४० | ६२ | ४७७ | ० | १ |
| वडा नम्बर ३ | ३८३ | ३७२ | ७ | ० | ४ |
| वडा नम्बर ४ | ४२९ | २१९ | १७९ | ३० | १ |
| वडा नम्बर ५ | ३३८ | २ | ३३१ | ० | ५ |
| वडा नम्बर ६ | ५३७ | ५२० | १५ | १ | १ |
| वडा नम्बर ७ | ३२१ | २८६ | २५ | ४ | ६ |
| वडा नम्बर ८ | २७२ | २५९ | १० | ० | ३ |
| वडा नम्बर ९ | २६९ | २५९ | ५ | ० | ५ |
| वडा नम्बर १० | ३९१ | ३८६ | ५ | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०३४ | २३८५ | १५७९ | ४३ | २७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकाभर कुल ४०३४ घरधुरीमध्ये २३८५ घरधुरी (५९.१२%) ले बिजुली प्रयोग गर्छन् भने १५७९ घरधुरी (३९.१४%) ले सोलार प्रयोग गर्छन् । वडा नं. ६ मा बिजुलीको प्रयोग सबैभन्दा बढी देखिएको छ, जहाँ ५२० घरधुरीले बिजुली प्रयोग गर्छन् जुन कुल घरधुरीको ९६.८३% हो । यसैगरी, वडा नं. १ मा सोलारको प्रयोग सबैभन्दा बढी ५२५ घरधुरीले गर्छन्, जुन कुल घरधुरीको ९४.७६% हो । मट्टीतेलको प्रयोग अत्यन्तै कम देखिएको छ, कुल ४३ घरधुरी (१.०७%) ले मात्र यसको प्रयोग गर्छन्, जसमध्ये वडा नं. ४ मा सबैभन्दा बढी ३० घरधुरी छन् । यस तथ्यांकले चम्पादेवी गाउँपालिकामा बिजुली र सोलार ऊर्जाको पहुँच व्यापक रहेको देखाउँछ, जसले परम्परागत र कम प्रभावकारी उज्यालोका स्रोतहरू जस्तै– मट्टीतेलमा निर्भरता घटाएको देखिन्छ ।

### परिवारले प्रयोग गर्ने शौचालय सुविधा

तलको तालिकाले चम्पादेवी गाउँपालिकाका परिवारहरूले प्रयोग गर्ने शौचालयका विभिन्न प्रकारहरू जस्तै– फ्लस भएको ढलमा बगाउने, फ्लस भएको सेफ्टी ट्यांकीमा जम्मा हुने, खाल्डे चर्पी र सार्वजनिक शौचालयको विवरण प्रस्तुत गर्दछ । यसले गाउँपालिकाको समग्र सरसफाइको अवस्थालाई स्पष्ट रूपमा चित्रण गर्दछ ।

**तालिका ४३: परिवारले प्रयोग गर्ने शौचालय सुविधा**

| वडा नम्बर | जम्मा | शौचालयको प्रकार | | | | शौचालय नभएको |
|---|---|---|---|---|---|---|
| | | फ्लस भएको ढलमा बगाउने चर्पी | फ्लस भएको सेफ्टी ट्यांकीमा जम्मा हुने | खाल्डे चर्पी | सार्वजनिक शौचालय | |
| वडा नम्बर १ | ५५४ | २ | १२ | ५३७ | ० | ३ |
| वडा नम्बर २ | ५४० | ३ | २१ | ३६२ | १३० | २४ |
| वडा नम्बर ३ | ३८३ | ९ | ३५३ | २ | ० | १९ |
| वडा नम्बर ४ | ४२९ | ६ | ७९ | ३४३ | १ | ० |
| वडा नम्बर ५ | ३३८ | १ | ० | ३३१ | ० | ६ |
| वडा नम्बर ६ | ५३७ | ८ | २०६ | ३२२ | ० | १ |
| वडा नम्बर ७ | ३२१ | ० | १५३ | १६२ | ० | ६ |
| वडा नम्बर ८ | २७२ | ४ | २४५ | २२ | ० | १ |
| वडा नम्बर ९ | २६९ | ५ | १९६ | ६७ | १ | ० |
| वडा नम्बर १० | ३९१ | ७ | ३६७ | १३ | १ | ३ |
| गाउँपालिकाको जम्मा | ४०३४ | ४५ | १६३२ | २१६१ | १३३ | ६३ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकामा कुल ४०३४ घरधुरीमध्ये २१६१ घरधुरी (५३.५७%) ले खाल्डे चर्पी प्रयोग गर्ने गरेको पाइयो । यसैगरी, १६३२ घरधुरी (४०.४५%) ले फ्लस भएको सेफ्टी ट्यांकीमा जम्मा हुने शौचालय प्रयोग गर्छन् भने ४५ घरधुरी (१.१२%) ले मात्र फ्लस भएको ढलमा बगाउने चर्पी प्रयोग गर्ने गरेको पाइयो । १३३ घरधुरी (३.२९%) ले सार्वजनिक शौचालय प्रयोग गर्ने गरेको देखिन्छ र ६३ घरधुरी (१.५६%) मा शौचालयको सुविधा नै नरहेको पाइयो । वडा नं. १ मा खाल्डे चर्पीको प्रयोग सबैभन्दा बढी ५३७ घरधुरीमा छ भने वडा नं. ३ मा फ्लस भएको सेफ्टी ट्यांकीमा जम्मा हुने शौचालयको प्रयोग ३५३ घरधुरीमा सबैभन्दा बढी रहेको पाइयो । वडा नं. २ मा सार्वजनिक शौचालय प्रयोग गर्नेको संख्या १३० घरधुरी रहेको पाइयो । यस तथ्यांकले गाउँपालिकामा शौचालयको पहुँच राम्रो भए तापनि खाल्डे चर्पीको प्रयोग अझै पनि प्रमुख रहेको देखाउँछ । जसले आधुनिक ढल निकास प्रणालीको विस्तार आवश्यक रहेको देखिन्छ ।

## परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण

तलको तालिकाले चम्पादेवी गाउँपालिकाका परिवारहरूको स्वामित्वमा रहेका विभिन्न घरेलु सामानहरू जस्तै– रेडियो, टेलिभिजन, टेलिफोन, मोबाइल, कम्प्युटर, इन्टरनेट, कार, मोटरसाइकल, साइकल, बिजुली पंखा, फ्रिज, वासिङ मेसिन, र एयर कन्डिसनको आदि सामग्रीको उपलब्धताको अवस्था देखाउँछ । यसले परिवारहरूको जीवनस्तर र आधुनिक उपकरणमा उनीहरूको पहुँचलाई प्रतिविम्बित गर्दछ ।

**तालिका ४४: परिवारले प्रयोग गर्ने स्वामित्वमा रहेका वस्तुहरूको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा घरधुरी | | ५५४ | ५४० | ३८३ | ४२९ | ३३८ | ५३७ | ३२१ | २७२ | २६९ | ३९१ | ४०३४ |
| कुनै पनि समान नभएको परिवार | | ९३ | ३६ | १९ | २६ | २० | २६ | ९ | ३१ | ९ | ० | २६९ |
| कम्तीमा एक समान हुने परिवार | | ४६१ | ५०४ | ३६४ | ४०३ | ३१८ | ५११ | ३१२ | २४१ | २६० | ३९१ | ३७६५ |
| घरायसी सामानको प्रकार नाम | रेडियो | १५६ | २५३ | ९२ | २९५ | ६९ | १२२ | १०३ | ५७ | १३१ | १२ | १२९० |
| | टेलिभिजन | १५ | २८ | ८४ | २१ | ४ | ३२३ | ७७ | ९१ | ६७ | १३ | ७२३ |
| | टेलिफोन | ० | ० | १ | १ | ० | ५ | १ | ० | ० | ० | ८ |
| | मोबाइल साधारण | २९० | ४८८ | ३५५ | २८९ | ३१६ | ४९७ | ३०३ | १९५ | २५३ | ३८८ | ३३७४ |
| | मोबाइल स्मार्ट फोन | ३७४ | ३८० | २४५ | २८२ | २५१ | ३८४ | १७४ | १४२ | १३३ | ८९ | २४५४ |
| | कम्प्युटर ल्याप्टप | ५ | १० | ७ | ७ | ८ | ६ | ५ | ५ | १ | ५६ | ११० |
| | इन्टरनेट | १६ | १ | १ | ४१ | ० | ३५ | १ | ७ | ० | ३४ | १३६ |
| | कार जिप भ्यान | १ | १ | ० | ० | ५ | १ | १ | १ | ० | १ | ११ |
| | मोटरसाइकल स्कुटर | ६ | २१ | २ | १३ | १३ | १३ | ११ | ६ | ११ | ० | ९६ |
| | साइकल | ० | ३ | ५ | ७ | १ | ४ | ० | ० | ४ | १ | २५ |
| | विद्युत् पन्खा | ० | ५ | ५ | ० | ० | २ | ० | ० | ३ | १ | १६ |
| | फ्रिजर | ० | ६ | ० | ० | १ | ६ | १ | ० | ० | ० | १४ |
| | वासिङ मेसिन | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | एयर कन्डिसन | ० | ० | ० | ० | ० | १ | ० | ० | १ | ० | २ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकामा कुल ४०३४ घरधुरीमध्ये ३७६५ परिवार (९३.३३%) सँग कम्तीमा एक समान रहेको छ, जबकि २६९ परिवार (६.६७%) सँग कुनै पनि समान छैन। मोबाइल (साधारण मोबाइल ३३७४ घरधुरी र स्मार्ट फोन २४५४ घरधुरी) को प्रयोग व्यापक छ। रेडियो (१२९० घरधुरी) र टेलिभिजन (७२३ घरधुरी) को प्रयोग पनि उल्लेख्य मात्रामा छ । यद्यपि, कम्प्युटर/ल्यापटप (११० घरधुरी) र इन्टरनेट (१३६ घरधुरी) को प्रयोग अझै सीमित छ । कार/जिप/भ्यान (११ घरधुरी) र मोटरसाइकल/स्कुटर (९६ घरधुरी) जस्ता महँगा सवारीसाधनको प्रयोग कम देखिन्छ र

वासिङ मेसिन (० घरधुरी) तथा एयर कन्डिसन (२ घरधुरी) जस्ता आधुनिक उपकरणको प्रयोग नगण्य छ । यसले गाउँपालिकामा मोबाइल फोनको पहुँच उच्च रहेको तर अन्य आधुनिक सुविधा र प्रविधिको पहुँच अपेक्षाकृत कम रहेको देखाउँछ ।

## परिवारको स्वामित्वमा रहेको धनसम्पत्तिको अवस्थाका आधारमा विवरण

तालिकाले चम्पादेवी गाउँपालिकाका परिवारहरूको धनसम्पत्तिको अवस्थालाई अति गरिब, गरिब, मध्यम, धनी र अति धनी गरी पाँच वर्गमा विभाजन गरी प्रतिशतमा समेत प्रस्तुत गर्दछ । यसले गाउँपालिकाभित्रको आर्थिक असमानता र गरिबीको स्तरलाई स्पष्ट रूपमा दर्साउँछ ।

**तालिका ४५: परिवारको स्वामित्वमा रहेको धनसम्पत्तिको अवस्था**

| वडा नम्बर | जम्मा परिवार | धनसम्पत्तिको गणना | | | | | धन सम्पत्तिको गणना प्रतिशत | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अति गरिब | गरिब | मध्यम | धनी | अति धनी | अति गरिब | गरिब | मध्यम | धनी | अति धनी |
| वडा नम्बर १ | ५५४ | ४७५ | ६३ | १० | ६ | ० | ८५.७४ | ११.३७ | १.८१ | १.०८ | ० |
| वडा नम्बर २ | ५४० | ४०१ | १२१ | १४ | ३ | १ | ७४.२६ | २२.४१ | २.५९ | ०.५६ | ०.१९ |
| वडा नम्बर ३ | ३८३ | १०५ | २५३ | २५ | ० | ० | २७.४२ | ६६.०६ | ६.५३ | ० | ० |
| वडा नम्बर ४ | ४२९ | २६८ | १४५ | १५ | १ | ० | ६२.४७ | ३३.८ | ३.५ | ०.२३ | ० |
| वडा नम्बर ५ | ३३८ | ३०७ | २९ | १ | १ | ० | ९०.८३ | ८.५८ | ०.३ | ०.३ | ० |
| वडा नम्बर ६ | ५३७ | १९७ | ३०० | ३१ | ६ | ३ | ३६.६९ | ५५.८७ | ५.७७ | १.१२ | ०.५६ |
| वडा नम्बर ७ | ३२१ | १८७ | ११४ | १७ | ३ | ० | ५८.२६ | ३५.५१ | ५.३ | ०.९३ | ० |
| वडा नम्बर ८ | २७२ | ११९ | ११९ | ३० | ३ | १ | ४३.७५ | ४३.७५ | ११.०३ | १.१ | ०.३७ |
| वडा नम्बर ९ | २६९ | १४० | १२२ | ६ | १ | ० | ५२.०४ | ४५.३५ | २.२३ | ०.३७ | ० |
| वडा नम्बर १० | ३९१ | २६६ | ९१ | ३४ | ० | ० | ६८.०३ | २३.२७ | ८.७ | ० | ० |
| गाउँपालिकाको जम्मा | ४०३४ | २४६५ | १३५७ | १८३ | २४ | ५ | ६१.११ | ३३.६४ | ४.५४ | ०.५९ | ०.१२ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

जनगणना २०७८ को प्रतिवेदनअनुसार चम्पादेवी गाउँपालिकाभर कुल ४०३४ परिवारमध्ये ६१.११% परिवार अति गरिब वर्गमा पर्छन् । त्यसैगरी, ३३.६४% परिवार गरिब, ४.५४% परिवार मध्यम वर्गका, ०.५९% परिवार धनी र ०.१२% परिवार अति धनी रहेको पाइयो । वडा नं. ५ मा अति गरिब परिवारको प्रतिशत सबैभन्दा बढी (९०.८३%) देखिन्छ । जबकि वडा नं. ३ मा गरिब परिवारको प्रतिशत सबैभन्दा बढी (६६.०६%) रहेको देखिन्छ । वडा नं. ८ मा मध्यम वर्गका परिवारको प्रतिशत सबैभन्दा बढी (११.०३%) रहेको देखिन्छ । यस तथ्यांकले गाउँपालिकामा गरिबीको दर उच्च रहेको र आर्थिक असमानता पनि विद्यमान रहेको देखाउँछ, जहाँ अधिकांश परिवारहरू आर्थिक रूपमा कमजोर अवस्थामा छन् ।

## ५.५ परिवारको स्वामित्वमा रहेको धन सम्पत्तिको गणनावारेको विवरण

प्रस्तुत तालिकाले चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या (संस्थागतबाहेक) लाई पुरुष र महिलामा विभाजन गरी धनसम्पत्तिको अवस्थाका आधारमा वर्गीकरण गरिएको जनसंख्याको विस्तृत विवरण र प्रतिशत प्रस्तुत गर्दछ। यसले परिवारको धनसम्पत्तिसँग जनसंख्याको सम्बन्ध र समग्र आर्थिक स्थितिमा जनसंख्याको वितरणलाई स्पष्ट पार्दछ ।

**तालिका ४६: परिवारको स्वामित्वमा रहेको धनसम्पत्तिको गणना**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँ पालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल जन संख्या (संस्थागतबाहेक) | जम्मा | २१६३ | २४४५ | १५०९ | १७४६ | १४१० | २०१८ | १२४६ | ११५१ | १०९२ | १५३१ | १६३११ |
| | पुरुष | ९८९ | ११४५ | ७४७ | ८८० | ६८३ | ९६१ | ६१९ | ५६६ | ५३५ | ७३३ | ७८५८ |
| | महिला | ११७४ | १३०० | ७६२ | ८६६ | ७२७ | १०५७ | ६२७ | ५८५ | ५५७ | ७९८ | ८४५३ |
| धन सम्पत्ति गणना | अति गरिब | १८६५ | १८१७ | ३९६ | १०५६ | १२७३ | ६२८ | ६६४ | ४५३ | ५२३ | ९८८ | ९६६३ |
| | गरिब | २३५ | ५५२ | १००३ | ६०६ | १३० | १२०३ | ५०४ | ५५५ | ५४४ | ३७६ | ५७०८ |
| | मध्यम | ३२ | ५२ | ११० | ७८ | ५ | १४३ | ६५ | १२८ | २३ | १६७ | ८०३ |
| | धनी | ३१ | १६ | ० | ६ | २ | २५ | १३ | १२ | २ | ० | १०७ |
| | अति धनी | ० | ८ | ० | ० | ० | १९ | ० | ३ | ० | ० | ३० |
| धन सम्पत्ति गणना | अति गरिब | ८६.२२ | ७४.३१ | २६.२४ | ६०.४८ | ९०.२८ | ३१.१२ | ५३.२९ | ३९.३६ | ४७.८९ | ६४.५३ | ५९.२४ |
| | गरिब | १०.८६ | २२.५८ | ६६.४७ | ३४.७१ | ९.२२ | ५९.६१ | ४०.४५ | ४८.२२ | ४९.८२ | २४.५६ | ३४.९९ |
| | मध्यम | १.४८ | २.१३ | ७.२९ | ४.४७ | ०.३५ | ७.०९ | ५.२२ | ११.१२ | २.११ | १०.९१ | ४.९२ |
| | धनी | १.४३ | ०.६५ | ० | ०.३४ | ०.१४ | १.२४ | १.०४ | १.०४ | ०.१८ | ० | ०.६६ |
| | अति धनी | ० | ०.३३ | ० | ० | ० | ०.९४ | ० | ०.२६ | ० | ० | ०.१८ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकाको कुल जनसंख्या १६३११ मध्ये ९६६३ व्यक्ति (५९.२४%) अति गरिब वर्गमा रहेको पाइयो । यसैगरी ५७०८ व्यक्ति (३४.९९%) गरिब वर्गमा, ८०३ व्यक्ति (४.९२%) मध्यम वर्गमा, १०७ व्यक्ति (०.६६%) धनी वर्गमा, र ३० व्यक्ति (०.१८%) अति धनी वर्गमा रहेको देखिन्छ । जनसंख्याको हिसाबले पनि अति गरिब र गरिब वर्गमा पर्ने व्यक्तिहरूको संख्या अत्यधिक रहेको छ । जुन परिवारको धनसम्पत्ति हुनेको संख्यासँग मिल्दोजुल्दो देखिन्छ । वडा नं. १ मा अति गरिब जनसंख्याको प्रतिशत सबैभन्दा बढी (८६.२२%) देखिन्छ, भने वडा नं. ३ मा गरिब जनसंख्याको प्रतिशत सबैभन्दा बढी (६६.४७%) देखिन्छ । यसले गाउँपालिकाको ठूलो जनसंख्या आर्थिक रूपमा कमजोर रहेको र उनीहरूको जीवनस्तर सुधारका लागि विशेष कार्यक्रमहरू आवश्यक रहेको स्पष्ट रूपमा देखाउँछ ।

## ५.६ परिवारको गुणस्तर गणनाको विवरण

यो तालिकाले चम्पादेवी गाउँपालिकाका परिवारहरूको घरको गुणस्तरलाई प्रायः पर्याप्त, पर्याप्त, मध्यम, अपर्याप्त, र अति अपर्याप्त गरी पाँच वर्गमा विभाजन गरी प्रतिशतमा समेत प्रस्तुत गर्दछ । यसले गाउँपालिकामा आवासको अवस्था र त्यसको समग्र गुणस्तरलाई विस्तृत रूपमा चित्रण गर्दछ ।

**तालिका ४७: परिवारको गुणस्तर गणनाको विवरण**

| वडा नम्बर | | वडा नम्बर १ | वडा नम्बर २ | वडा नम्बर ३ | वडा नम्बर ४ | वडा नम्बर ५ | वडा नम्बर ६ | वडा नम्बर ७ | वडा नम्बर ८ | वडा नम्बर ९ | वडा नम्बर १० | गाउँपालिकाको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जम्मा परिवार | जम्मा | ५५४ | ५४० | ३८३ | ४२९ | ३३८ | ५३७ | ३२१ | २७२ | २६९ | ३९१ | ४०३४ |
| घरको गुणस्तर गणना | प्रायः पर्याप्त | ३ | ० | ० | १ | ० | ७ | ० | १ | १ | ० | १३ |
| | पर्याप्त | १८ | २६ | ८० | ३३ | १ | २७ | २४ | ३३ | ५ | ३९ | २८६ |
| | मध्यम | ५१८ | ४८२ | २९७ | ३८६ | ३२६ | ५०१ | २८८ | २२४ | २५६ | ३५२ | ३६३० |
| | अपर्याप्त | १५ | ३२ | ६ | ९ | ११ | १ | ८ | १३ | ७ | ० | १०२ |
| | अति अपर्याप्त | ० | ० | ० | ० | ० | १ | १ | १ | ० | ० | ३ |
| घरको गुणस्तर गणनाको प्रतिशत | प्रायः पर्याप्त | ०.५४ | ० | ० | ०.२३ | ० | १.३ | ० | ०.३७ | ०.३७ | ० | ०.३२ |
| | पर्याप्त | ३.२५ | ४.८१ | २०.८९ | ७.६९ | ०.३ | ५.०३ | ७.४८ | १२.१३ | १.८६ | ९.९७ | ७.०९ |
| | मध्यम | ९३.५ | ८९.२६ | ७७.५५ | ८९.९८ | ९६.४५ | ९३.३ | ८९.७२ | ८२.३५ | ९५.१७ | ९०.०३ | ८९.९९ |
| | अपर्याप्त | २.७१ | ५.९३ | १.५७ | २.१ | ३.२५ | ०.१९ | २.४९ | ४.७८ | २.६ | ० | २.५३ |
| | अति अपर्याप्त | ० | ० | ० | ० | ० | ०.१९ | ०.३१ | ०.३७ | ० | ० | ०.०७ |

*स्रोतः रा.त.का., राष्ट्रिय जनगणना २०७८*

चम्पादेवी गाउँपालिकामा कुल ४०३४ परिवारमध्ये ८९.९९% परिवारको घरको गुणस्तर मध्यम रहेको देखिन्छ । यसैगरी, ७.०९% परिवारको घरको गुणस्तर पर्याप्त रहेको देखिन्छ भने ०.३२% परिवारको घरको गुणस्तर प्रायः पर्याप्त रहेको देखिन्छ । २.५३% परिवारको घरको गुणस्तर अपर्याप्त रहेको र ०.०७% परिवारको घरको गुणस्तर अति अपर्याप्त रहेको देखिन्छ । यस तथ्यांकले गाउँपालिकामा अधिकांश घरहरू मध्यम स्तरका रहेको देखाउँछ । केही घरहरूमा सुधारको आवश्यकता देखिए तापनि, समग्रमा गाउँपालिकामा आवासको अवस्था सन्तोषजनक रहेको बुझ्न सकिन्छ ।

## ५.७ गाउँपालिकाको समग्र कृषिको अवस्था

यस गाउँपालिकामा कृषि पेसामा संलग्न जनसंख्याको झन्डै ८० प्रतिशत रहेको छ । कृषि बालीमा धान, मकै, कोदो, फापर, कोसेबाली, मस्याङ, मास, सिमी, जुनेलो, आलु, र गहुँ आदि रहेका छन् । सबैभन्दा राम्रोसँग फस्टाउने बालीमा धान, मकै, आलु र अलैंची पर्दछन् । गाउँपालिकामा आधुनिक तथा व्यावसायिक रूपमा कृषि कर्म गर्ने कृषकको संख्या करिब १०४ जना छ । कृषि क्षेत्रमा यन्त्र उपकरणहरूमा हाते ट्र्याक्टर र परम्परागत औजारहरू जस्तै– हलो प्रयोग गरिन्छ भने मुख्य नगदेबालीमा तोरी, आलु, गहुँ, भटमास, बेसार, खुर्सानी, बदाम, र अलैंची आदि उत्पादन गरिन्छ । तरकारी खेतीमा साग, सिमी, स्कुस, टमाटर, काउली, फर्सी, बन्दा, प्याज, करेला, फूलकोभी आदिको उत्पादन प्रायः सबै वडामा

हुने गरेको छ । खेतबारीमा प्रांगारिक तथा रासायनिक मल प्रयोग गरिएको पाइन्छ । कतिपय वडाहरूमा कृषि उत्पादनका लागि कृषकलाई बीउविजनको उपलब्धता भने कतिपय वडाहरूमा सहज नै छ ।

यस गाउँपालिबाट उत्पादित कृषिजन्य वस्तुमध्ये आलु, अलैंची र धान निर्यात गरेको छ । यस्ता वस्तु काठमाडौं र छिमेकका गाउँपालिकामा निर्यात गर्ने गरिएको छ । आलु, टमाटर, राजमा, भटमास, तरकारी, गहत, मास, केरा, अलैंची छिमेकी देश भारततर्फसमेत निर्यात हुने गरेको छ । चामल, नुन, तेल, दाल, तरकारी, चिनी, चियापत्ती, मसला भारतबाट आयात गरिएको पाइन्छ । उपभोगको हिसाबले २० प्रतिशत घरधुरीमा स्थानीय रूपमा उत्पादित वस्तुमात्र उपभोग गर्ने गरेको पाइन्छ । स्थानीय स्तरमा आँप, मेवा, कटहर, कागती, सुन्तला, निबुवा, जुनार, केरा, नास्पाती, अम्बक, आलु बखडा, आरु, किबीजस्ता फलफूल उत्पादन हुने गरेको पाइन्छ । उत्पादित फलफूल हाटबजारमा बिक्री गर्ने गरिएको छ भने धैरै मात्रामा फलफूल भारतबाट आयात गरिएको पाइन्छ । धैरै सम्भावना भएको फलफूल व्यवसायमा आँप, सुन्तला, किबी, कागती र केरा पर्दछ । पशुपालनबाट हुने उत्पादनको स्थानीय बजारका रूपमा फलाटे, पलापु, धोराखोरी, कालिका, र साँधुटारजस्ता स्थानलाई लिन सकिन्छ ।

राष्ट्रिय कृषि गणना २०७८ अनुसार चम्पादेवी गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ रहेको पाइयो । जसमध्ये मकै खेती गर्ने कृषक परिवार संख्या ३८६९, मकै खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ३८०६, मकै खेति गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ६३, मकै खेती गर्दा वर्णशंकर (हाइब्रिड) विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ०, मकै खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या ५८ मकै खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या २४४८, मकै खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ० र मकै खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या १४२१ रहेको पाइयो । चम्पादेवी गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये गहुँ खेती गर्ने कृषक परिवार संख्या ९५५ रहेको पाइयो । जसमा गहुँ खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ९५५, गहुँ खेती गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ०, गहुँ खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या ०, गहुँ खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ८३४, गहुँ खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या २९ र गहुँ खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या ९२ रहेको पाइयो ।

**तालिका ४८: परिवारको पशुपालन**

| | |
|---|---|
| **स्वामित्वमा जग्गा हुने परिवार संख्या** | ३८६९ |
| **पशुधन रहेको बताउने कुल स्वामित्वमा रहेको संख्या** | ३७५५ |
| **गाईवस्तु पालेको बताउने परिवार संख्या** | २१५५ |
| **गाईवस्तुको कुल संख्या** | ४९३६ |
| **भैंसी पालेको वताउने परिवार संख्या** | २०३२ |
| **भैंसीको कुल संख्या** | ४२२७ |
| **बाख्रा, च्यांग्र्रा पालेको वताउने परिवार संख्या** | ३२६० |
| **बाख्रा, च्यांग्र्राको कुल संख्या** | २३९९४ |
| **भेडा पालेको बताउने परिवार संख्या** | ८६ |
| **भेडाको कुलको संख्या** | ८६ |
| **सुँगुर, बँदेल पालेको बताउने परिवार संख्या** | ८४१ |

| | |
|---|---|
| **सुँगुर, बँदेलको कुलको संख्या** | १५१२ |
| **अन्य पशुधन पालेको बताउने परिवार संख्या** | ११७ |
| **अन्य पशुधनको कुल संख्या** | १७१ |
| **कुखुरा, कुखुरा पालेको बताउने परिवार संख्या** | २७८५ |
| **कुखुरा, कुखुराको कुल संख्या** | २५२५४ |
| **अन्य चरा पालेको बताउने परिवार संख्या** | ५४ |
| **अन्य चराहरूको कुल संख्या** | ३१३ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या ३७५५, गाई वा गोरु पाल्ने कृषक परिवारको जम्मा संख्या २१५५, गाई वा गोरुको जम्मा संख्या ४९३६, राँगा वा भैंसी पाल्ने कृषक परिवारको जम्मा संख्या २०३२, राँगा वा भैंसीको जम्मा संख्या ४२२७, बाख्रा वा च्यांग्रा पाल्ने कृषक परिवारको जम्मा संख्या ३२६०, बाख्रा वा च्यांग्र्राको जम्मा संख्या २३९९४, भेडा वा भेडी पाल्ने कृषक परिवारको जम्मा संख्या ८६, भेडा वा भेडीको जम्मा संख्या ८६, सुँगुर वा बंगुर पाल्ने कृषक परिवारको जम्मा संख्या ८४१, सुँगुर वा बंगुरको जम्मा संख्या १५१२, अन्य पशु पाल्ने कृषक परिवारको जम्मा संख्या ११७, अन्य पशुको जम्मा संख्या १७१, कुखुरा पाल्ने कृषक परिवारको जम्मा संख्या २७८५, कुखुराको जम्मा संख्या २५२५४, अन्य पन्छी पाल्ने कृषक परिवारको जम्मा संख्या ५४ र अन्य पन्छीको जम्मा संख्या ३१३ रहेको पाइयो ।

**तालिका ४९: पाल्तु चौपाया तथा पन्छीको संख्या र कृषक परिवार**

| | | | |
|---|---|---|---|
| **कृषक परिवारको जम्मा संख्या** | | | ३८६९ |
| **पशु चौपाया पाल्ने कृषक परिवारको जम्मा संख्या** | | | ३७५५ |
| **पाल्तु चौपाया** | **गाई/गोरु** | **कृषक परिवार संख्या** | २१५५ |
| | | **गाई/गोरु संख्या** | ४९३६ |
| | **राँगा/भैंसी** | **कृषक परिवार संख्या** | २०३२ |
| | | **राँगा/भैंसी संख्या** | ४२२७ |
| | **बाख्रा/च्यांग्र्रा** | **कृषक परिवार संख्या** | ३२६० |
| | | **बाख्रा/च्यांग्र्रा संख्या** | २३९९४ |
| | **भेडा/भेडी** | **कृषक परिवार संख्या** | ८६ |
| | | **भेडा/भेडी संख्या** | ८६ |
| | **सुँगुर/बंगुर** | **कृषक परिवार संख्या** | ८४१ |
| | | **सुँगुर/बंगुर संख्या** | १५१२ |
| | **अन्य पशु** | **कृषक परिवार संख्या** | ११७ |
| | | **अन्य पशु संख्या** | १७१ |
| **पाल्तु पन्छी** | **कुखुरा** | **कृषक परिवार संख्या** | २७८५ |
| | | **कुखुरा संख्या** | २५२५४ |
| | **अन्य पन्छी** | **कृषक परिवार संख्या** | ५४ |
| | | **अन्य पन्छी संख्या** | ३१३ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

चम्पादेवी गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३७९६ मध्ये स्थायी कामदार प्रयोग गर्ने कृषक परिवार संख्या ०, जम्मा स्थायी कामदार संख्या ०, जम्मा स्थायी पुरुष कामदार संख्या ०, जम्मा स्थायी महिला कामदार संख्या ०, अस्थायी कामदार प्रयोग गर्ने कृषक परिवार संख्या ९७३, जम्मा अस्थायी कामदारको व्यक्ति दिन १९०७६, जम्मा अस्थायी पुरुष कामदारको व्यक्ति दिन ९२०२ र जम्मा अस्थायी महिला कामदारको व्यक्ति दिन ९८७५ रहेको पाइयो ।

कृषि गणनाअनुसार मोलुङ गाउँपालिकामा रहेका कृषक परिवार संख्या ३८६९ मध्ये कृषि ऋण लिएका कृषक परिवार संख्या ७२, कृषि ऋण वा थप ऋणको आवश्यकता उल्लेख गर्ने कृषक परिवार संख्या १३६०, कृषि क्रियाकलापको लागि बिमा गरेका कृषक परिवार संख्या ७५ र कृषि कार्यका लागि सरकारी अनुदान प्राप्त गरेका कृषक परिवार संख्या २६ रहेको पाइयो ।

मोलुङ गाउँपालिका कृषक परिवार संख्या ३७९६ मध्ये जलवायु परिवर्तनबारे थाहा हुने कृषक परिवार संख्या १५६६, कृषि कार्यमा जलवायु परिवर्तनले पुऱ्याएको प्रभाव उल्लेख गर्ने कृषक परिवार १५६६, जलवायु परिवर्तनको कारणले कृषि उत्पादनमा कमी आएको भनेका कृषक परिवार १४०१, जलवायु परिवर्तनको कारणले कृषि उत्पादनमा वृद्धि आएको भनेका कृषक परिवार १८४, जलवायु परिवर्तनको कारणले फल वा फसलको आकारमा परिवर्तन आएको भनेका कृषक परिवार १३५, जलवायु परिवर्तनको कारणले कृषि उपजको स्वादमा परिवर्तन आएको भनेका कृषक परिवार १०८०, जलवायु परिवर्तनको कारणले बाली लगाउने समय फरक परेको भनेका कृषक परिवार २१८, जलवायु परिवर्तनको कारणले धेरै वा कम वर्षा भएको भनेका कृषक परिवार ४६६, जलवायु परिवर्तनका कारणले रोग वा कीराको प्रकोपमा वृद्धि भएको भनेक कृषक परिवार १३१८, जलवायु परिवर्तनका कारणले ब्रिडिङ समयमा परिवर्तन भएको भनेका कृषक परिवार ०, जलवायु परिवर्तनको कारणले प्रजातिको लोप वा उत्थान भएको भनेका कृषक परिवार १९६ र जलवायु परिवर्तनको कारणले अन्य प्रभाव भएको भनेका कृषक परिवार ० रहेको पाइयो ।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये कृषि चलनबाट निस्किएका फोहोर गाडेर व्यवस्थापन गरेका कृषक परिवार संख्या २९४५, कृषि चलनबाट निस्किएका फोहोर जलाएर व्यवस्थापन गरेका कृषक परिवार संख्या १७७२, कृषि चलनबाट निस्किएको फोहोर व्यवस्थापकलाई पठाएर व्यवस्थापन गर्ने कृषक परिवार संख्या २९, कृषि चलनबाट निस्किएका फोहोर कम्पोस्ट बनाएर व्यवस्थापन गरेका कृषक परिवार संख्या ३११८, कृषि चलनबाट निस्किएका फोहोर इन्धनका रूपमा प्रयोग गरेर व्यवस्थापन गरेका कृषक परिवार संख्या ९३०, कृषि चलनबाट निस्किएका फोहोर अन्य तरिकाले व्यवस्थापन गरेका कृषक परिवार संख्या ० र कृषि चलनबाट निस्किएका फोहोरको कुनै व्यवस्थापन नगरेको कृषक परिवार संख्या ३८ रहेको पाइयो ।

त्यसैगरी, जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये मुख्य पुरुष कृषक संख्या ३३५२ र मुख्य महिला कृषक संख्या ५१७ रहेको पाइयो । उक्त परिवारमध्ये पुरुष कृषक परिवारको जनसंख्या ८२१५ र महिला कृषक परिवारको जनसंख्या ७९४९ रहेको पाइयो ।

कृषक परिवारमध्ये औपचारिक कृषि तालिम लिएका पुरुष कृषक परिवारको जनसंख्या १९४, औपचारिक कृषि तालिम लिएका महिला कृषक परिवारको जनसंख्या ११४, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता जनाउने पुरुष कृषक परिवारको जनसंख्या ३६२६, कृषि कार्यसम्बन्धी निर्णयमा सहभागिता जनाउने महिला कृषक परिवारको जनसंख्या २४०५, कृषि क्रियाकलापमा कम समय दिएको पुरुष कृषक परिवारको जनसंख्या ६५९, कृषि क्रियाकलापमा कम समय दिएको महिला कृषक परिवारको जनसंख्या ५३१, कृषि क्रियाकलापमा करिब आधा समय दिएको पुरुष कृषक

परिवारको जनसंख्या ६७१, कृषि क्रियाकलापमा करिब आधा समय दिएको महिला कृषक परिवारको जनसंख्या ५९७, कृषि क्रियाकलापमा धैरै समय दिएको पुरुष कृषक परिवारको जनसंख्या ११०४, कृषि क्रियाकलापमा धैरै समय दिएको महिला कृषक परिवारको जनसंख्या १०८५, कृषि क्रियाकलापमा सबै समय दिएको पुरुष कृषक परिवारको जनसंख्या ४१८४, कृषि क्रियाकलापमा सबै समय दिएको महिला कृषक परिवारको जनसंख्या ४१६९, कृषि क्रियाकलापमा समय नै नदिएको पुरुष कृषक परिवारको जनसंख्या ७३१ र कृषि क्रियाकलापमा समय नै नदिएको महिला कृषक परिवारको जनसंख्या ६२७ रहेको पाइयो ।

**तालिका ५०: कृषक परिवार संख्या, क्षेत्रफल, कित्ता, औसत कित्ता तथा सिञ्चित क्षेत्रफल**

| | |
|---|---|
| **कृषक परिवारको जम्मा संख्या** | ३८६९ |
| **कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)** | २८८७.६ |
| **जम्मा कित्ता संख्या** | १६६३१ |
| **औसत कित्ता संख्या** | ४.३ |
| **सिञ्चित क्षेत्रफल (हेक्टर)** | ५१.८ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये मुख्य कृषक आफैं परिवारमूली ३७६५ परिवार रहेको पाइयो भने परिवारमूली अन्य व्यक्ति रहेको परिवार १०४ रहेको पाइयो । कृषि चलनको स्थितिअनुसार एक चलन परिवार भएको ३८६९ र कृषि चलनको स्थितिअनुसार बहुचलन परिवार भएको ० र कृषि चलनको स्थितिअनुसार साझा चलन परिवार भएको ० रहेको पाइयो ।

सर्वेक्षणमा जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये प्रमुख उत्पादन खाद्यान्न बाली भएका कृषक परिवार संख्या ३८६९, प्रमुख उत्पादन तरकारी बाली भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन फलफूल बाली भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन नगदे बाली भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन पशुपालन भएका कृषक परिवार संख्या ०, प्रमुख उत्पादन पन्छीपालन भएका कृषक परिवार संख्या ० र प्रमुख उत्पादन अन्य भएका कृषक परिवार संख्या ० रहेको पाइनुले अझै पनि परम्परागत र निर्वाहमुखी प्रयोजनका लागि मात्र गरिने खेती प्रणाली विद्यमान रहेको छ भन्न सकिन्छ ।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ रहेकामा कृषि उत्पादन सबै घरायसी उपभोगमा प्रयोग गर्ने कृषक परिवार संख्या ३७५५, कृषि उत्पादन मुख्य घरायसी उपभोग र केही बिक्री गर्ने कृषक परिवार संख्या ११४ र कृषि उत्पादन मुख्य बिक्री र केही घरायसी उपभोग गर्ने कृषक परिवार संख्या ० र कृषि उत्पादन सबै बिक्री गर्ने कृषक परिवार संख्या ०, नभएको पाइयो ।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये कृषि आम्दानीको मुख्य स्रोत रहेको कृषक परिवार संख्या ३७२०, गैरकृषि आम्दानीको मुख्य स्रोत रहेको कृषक परिवार संख्या १४९, कृषि उत्पादनबाट भएको आम्दानीले मात्र वर्षभरि परिवारलाई खान नपुग्ने कृषक परिवार संख्या ३७२३ कृषि उत्पादनबाट भएको आम्दानीले १ देखि ३ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या १७२, कृषि उत्पादनबाट भएको आम्दानीले ४ देखि ६ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या २७३२, कृषि उत्पादनबाट भएको आम्दानीले ७ देखि ९ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या ७९० र कृषि उत्पादनबाट भएको आम्दानीले १० देखि १२ महिनासम्म खान नपुग्ने कृषक परिवार संख्या २९ पाइनुले

कृषि प्रमुख पेसाका रूपमा गरिने गरेको भए तापनि कृषिका कारण ढुक्कसँग अधिकांश परिवारको जीवन निर्वाह हुन नसकेको अवस्था देखिन्छ ।

**तालिका ५१: कृषि चलनले चलन गरेको जग्गाको उपभोग**

| | | | |
|---|---|---|---|
| **कृषक परिवारको जम्मा संख्या** | | | ३८६९ |
| **कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर.)** | | | २८८७.६ |
| **एक प्रकारको स्वामित्व** | **परिवारको हकको जग्गा मात्र कमाउने** | **परिवार संख्या** | ३४७२ |
| | | **क्षेत्रफल (हेक्टर)** | २४८५.४ |
| | **अरूको हकको जग्गा मात्र कमाउने** | **परिवार संख्या** | ० |
| | | **क्षेत्रफल (हेक्टर)** | |
| | **अन्य प्रकारको उपभोगअन्तर्गत** | **परिवार संख्या** | ० |
| | | **क्षेत्रफल (हेक्टर)** | |
| **एकभन्दा बढी प्रकारको स्वामित्व** | | **परिवार संख्या** | ३९७ |
| | | **क्षेत्रफल (हेक्टर)** | ४०२.२ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)२८८७.६ रहेको देखिन्छ । जुन विवरणको थप विश्लेषण गर्दा जम्मा कित्ता संख्या १६६३१ रहेकोमा प्रतिपरिवार औसत कित्ता संख्या ४.३ रहेको पाइयो ।

**तालिका ५२: कृषि चलनले चलन गरेको जग्गाको उपयोग**

| | | |
|---|---|---|
| **कृषक परिवारको जम्मा संख्या** | | ३८६९ |
| **कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)** | | २८८७.६ |
| **जम्मा खेतीयोग्य जग्गा** | **परिवार संख्या** | ३८६९ |
| | **क्षेत्रफल (हेक्टर)** | १७९१.८ |
| **अस्थायी बाली लागेको जग्गा** | **परिवार संख्या** | ३८६९ |
| | **क्षेत्रफल (हेक्टर)** | १७०५.९ |
| **अन्य खेतीयोग्य जग्गा** | **परिवार संख्या** | ३९७ |
| | **क्षेत्रफल (हेक्टर)** | ८५.९ |
| **स्थायी बाली लागेको जग्गा** | **परिवार संख्या** | २६ |
| | **क्षेत्रफल (हेक्टर)** | ०.३ |
| **स्थायी चौरचरन, निजी वनबनेलो, पोखरी तथा अन्य जग्गा** | **परिवार संख्या** | ३८६९ |
| | **क्षेत्रफल (हेक्टर)** | १०९५.५ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

यसको विश्लेषण गर्दा जग्गाको खण्डीकरण उच्च दरमा हुने गरेको देखिन्छ । ठूलो जग्गामा व्यावसायिक खेतीको प्रचलन न्यून हुनुका साथै करिब गाउँपालिकाको जनसंख्याकै हाराहारीमा जग्गाको संख्या हुनुले उत्पादनमुखी संस्कृतिको न्यूनता रहेको आकलन गर्न सकिन्छ । गाउँपालिकाका कृषक परिवारमध्ये सिँचाइ सुविधा प्रयोग गर्ने कृषक परिवारको संख्या

५६७ र सिञ्चित क्षेत्रफल (हेक्टर) ५१.८ मात्र पाइनुले गाउँपालिकामा सिँचाइको सुविधा अत्यन्त न्यून रहेकाले यो क्षेत्रमा सरोकारवालाहरूले धैरै काम गर्नुपर्ने देखिन्छ, जसले गर्दा उत्पादनको मात्रा बढाउन सकियोस् ।

**तालिका ५३: जग्गा स्वामित्वमा रहेका परिवार संख्या**

| | |
|---|---|
| **कुल जग्गा स्वामित्वमा रहेका परिवार संख्या** | ३८६९ |
| **जम्मा जग्गाको कुल क्षेत्रफल (हेक्टर)** | २८८७.६ |
| **जम्मा जग्गाको कुल संख्या** | १६६३१ |
| **जम्मा जग्गाको औसत संख्या** | ४.३ |
| **सिञ्चित क्षेत्रफल (हेक्टर)** | ५१.८ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

जम्मा कृषक परिवार संख्या ३८६९ मध्येमा "कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर)" २८८७.६, एक प्रकारको स्वामित्व भएका परिवारको हकको जग्गा मात्र कमाउने परिवार संख्या ३४७२ र एक प्रकारको स्वामित्व भएका परिवारको हकको जग्गा मात्र कमाउने क्षेत्रफल (हेक्टर) २४८५.४ देखिन्छ ।

**तालिका ५४: जग्गा स्वामित्वमा रहेका परिवार संख्या**

| | |
|---|---|
| **कुल जग्गा स्वामित्वमा रहेका परिवार संख्या** | ३८६९ |
| **जम्मा स्वामित्वमा रहेको क्षेत्रफल (हेक्टर)** | २८८७.६ |
| **स्वामित्व प्राप्त अवधि फारमहरूअनुसार स्वामित्वमा रहेकाहरूको संख्या** | ३४७२ |
| **स्वामित्व प्राप्त अवधि फारमहरूअनुसार स्वामित्वमा रहेकाहरूको क्षेत्रफल (हेक्टर)** | २४८५.४ |
| **एउटा अवधि फारमहरूअन्तर्गत अरूबाट भाडामा लिइएका स्वामित्वमा रहेकाहरूको संख्या** | ० |
| **एउटा अवधि फारमहरूअन्तर्गत अरूबाट भाडामा लिइएका स्वामित्वमा रहेकाहरूको क्षेत्रफल (हेक्टर)** | ० |
| **एउटा अवधि फारमहरूअन्तर्गत अन्य अवधि फारमहरूको स्वामित्वमा रहेकाहरूको संख्या** | ० |
| **एउटा अवधि फारमहरूअन्तर्गत अन्य अवधि फारमहरूको क्षेत्रफल (हेक्टर)** | ० |
| **एकभन्दा बढी अवधि फारमहरू भएका स्वामित्वमा रहेकाहरूको संख्या** | ३९७ |
| **एकभन्दा बढी अवधि फारमहरू भएका स्वामित्वमा रहेकाहरूको क्षेत्रफल (हेक्टर)** | ४०२.२ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

एक प्रकारको स्वामित्व भएका अरूको हकको जग्गा मात्र कमाउने परिवार संख्या र एक प्रकारको स्वामित्व भएका अरूको हकको जग्गा मात्र कमाउने क्षेत्रफल (हेक्टर) नरहेको देखिन्छ । त्यसैगरी एक प्रकारको स्वामित्व भएका अन्य प्रकारको उपभोगअन्तर्गत कमाउने परिवार संख्या र एक प्रकारको स्वामित्व भएका अन्य प्रकारको उपभोगअन्तर्गत कमाउने क्षेत्रफल (हेक्टर) नरहेको देखिन्छ । एकभन्दा बढी प्रकारको स्वामित्व भएका परिवार संख्या ३९७ र एकभन्दा बढी प्रकारको स्वामित्व भएका परिवारको जग्गाको क्षेत्रफल (हेक्टर) ४०२.२ रहेको देखिन्छ ।

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ र कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २८८७.६ रहेकोमा जम्मा खेतीयोग्य जग्गा भएका परिवार संख्या ३८६९ तथा जम्मा खेतीयोग्य जग्गाको क्षेत्रफल (हेक्टर) १७९१.८ रहेको पाइन्छ । अस्थायी बाली लागेको जग्गा भएका परिवार संख्या ३८६९ र उनीहरूको अस्थायी

बाली लागेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) १७०५.९ रहेको छ । अन्य खेतीयोग्य जग्गा भएका परिवार संख्या ३९७ र उनीहरूको अन्य खेतीयोग्य जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ८५.९ रहेको देखिन्छ । स्थायी बाली लागेको जग्गा भएका परिवार संख्या २६ र उनीहरूको स्थायी बाली लागेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ०.३ रहेको देखिन्छ । अन्य जग्गा भएका परिवार संख्या ३८६९ र अन्य जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) १०९५.५ रहेको देखिन्छ ।

गाउँपालिकामा खाद्यान्न बाली लगाएका परिवार संख्या ३८६९ को खाद्यान्न बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २४२१.३ रहेको देखिन्छ । कोसे वा दाल बाली लगाएका परिवार संख्या १५२९ र सो कोसे वा दाल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ५९१.२ रहेको पाइयो । कन्दमूल लगाएका परिवार संख्या १२०१ रहेको पाइयो भने कन्दमूल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) १७८.३ रहेको देखिन्छ । तेल बाली लगाएका परिवार संख्या ३०७ र तेल बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ८९.१ रहेको देखिन्छ । तरकारी बाली लगाएका परिवार संख्या ९५ र तरकारी बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ६.४ रहेको देखिन्छ । अन्य अस्थायी बाली लगाएका परिवार संख्या र अन्य अस्थायी बाली लगाएका जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) नरहेको देखिन्छ । यस आधारमा विश्लेषण गर्दा गाउँपालिकामा कोसे वा दाल बालीको प्रचूर सम्भावना रहेको देखिन्छ ।

गाउँपालिकामा धान बाली लगाएका पारिवार ३८६९ रहेकोमा धान बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २८८७.६ रहेको देखिन्छ। गहुँ बाली लगाएका पारिवार ३४७२ रहेकामा गहुँ बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २४८५.४ रहेको देखिन्छ। मकै बाली लगाएका पारिवार ० रहेकोमा मकै बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ०, नभएको देखिन्छ। त्यसैगरी कोदो बाली लगाएका पारिवार ० र कोदो बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ०, नभएको पाइन्छ। जौ वा उवा बाली लगाएका पारिवार ३९७ रहेकोमा जौ वा उवा बाली लगाएको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) ४०२.२ रहेको देखिन्छ । यसका आधारमा यस गाउँपालिकामा धान खेतीको सम्भावना रहेको भए पनि पर्याप्त सिँचाइका पूर्वाधारको भने अभाव रहेका कारण पर्याप्त उत्पादन नभएको देखिन्छ ।

**तालिका ५५: जग्गा स्वामित्वमा रहेका परिवार संख्याबारे थप विवरण**

| | |
|---|---|
| **कुल जग्गा स्वामित्वमा रहेका परिवार संख्या** | ३८६९ |
| **कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका संख्या** | २८८७.६ |
| **खेतीयोग्य जमिनअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या** | ३८६९ |
| **खेतीयोग्य जमिनअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर)** | १७९१.८ |
| **अस्थायी बालीअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या** | ३८६९ |
| **अन्य खेतीयोग्य जमिनअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका** | १७०५.९ |
| **अन्य खेतीयोग्य जमिनअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या** | ३९७ |
| **अन्य खेतीयोग्य जमिनअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका** | ८५.९ |
| **स्थायी बालीअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या** | २६ |
| **स्थायी बालीअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका संख्या** | ०.३ |
| **अन्य जग्गाअन्तर्गतको कुल स्वामित्वमा रहेका संख्या** | ३८६९ |
| **अन्य जग्गाअन्तर्गतको कुल क्षेत्रफल (हेक्टर) स्वामित्वमा रहेका** | १०९५.५ |

*स्रोतः राष्ट्रिय कृषि गणना २०७८*

गाउँपालिकामा रहेका जम्मा कृषक परिवार संख्या ३८६९ रहेकामा कृषक परिवारले चलन गरेको जग्गाको जम्मा क्षेत्रफल (हेक्टर) २८८७.६ रहेको देखिन्छ। स्थायी बाली लगाएका कृषक परिवार संख्या ३८०६ रहेकोमा बगैंचाको रूपमा लगाइएका जम्मा स्थायी बालीको क्षेत्रफल (हेक्टर) ०.३ रहेको छ । स्थायी बाली बगैंचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका कृषक परिवार संख्या २६ रहेकामा स्थायी बाली बगैंचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका बालीको क्षेत्रफल (हेक्टर) ०.२ रहेको देखिन्छ। स्थायी बाली बगैंचाको रूपमा लगाइएका र फल लाग्ने समय भएका बोट संख्या ०, रहेको पाइयो।

यसका आधारमा विश्लेषण गर्दा बगैंचा वा स्थायी प्रकृतिका वाली कम मात्रले लगाउने गरेको देखिन्छ। स्थायी बाली बगैंचाका रूपमा लगाइएका र फल लाग्ने समय नभएका परिवार संख्या २६ रहेकोमा स्थायी बाली बगैंचाका रूपमा लगाइएका र फल लाग्ने समय नभएका बालीको क्षेत्रफल (हेक्टर) ०.२ र स्थायी बाली बगैंचाको रूपमा लगाइएका र फल लाग्ने समय नभएका बोट संख्या ०, स्थायी बाली र फल लाग्ने समय भएका छरिएका बोट संख्या ५६२८५ र स्थायी बाली र फल लाग्ने समय नभएका छरिएका बोट संख्या १९०८७ रहेको पाइयो ।

गाउँपालिकामा सुन्तला लगाएका जम्मा कृषक परिवार संख्या १७२ रहेकामा बगैंचाका रूपमा सुन्तला लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ० र जम्मा सुन्तलाको बोट संख्या ० रहेको पाइयो। त्यसैगरी छरिएका सुन्तलाको बोट संख्या ७१५, कागती लगाएका जम्मा कृषक परिवार संख्या १२० र बगैंचाको रूपमा कागती लगाएका जम्मा क्षेत्रफल (हेक्टर) रहेको पाइयो । जम्मा कागतीको बोट संख्या ० र छरिएका कागतीको बोट संख्या ३२० रहेको पाइयो । यस आधारमा विश्लेषण गर्दा सुन्तला र कागती जन्य उत्पादनको व्यावसायिक खेती यस गाउँपालिकामा नहुने गरेको देखिन्छ ।

गाउँपालिकामा आँप लगाएका जम्मा कृषक परिवार संख्या ३१२, बगंैचाका रूपमा आँप लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ०, जम्मा आँपको बोट संख्या ० र छरिएका आँपको बोट संख्या १००७ रहेको पाइयो । त्यसैगरी, केरा लगाएका जम्मा कृषक परिवार संख्या ५०४, बगैंचाका रूपमा केरा लगाएका जम्मा क्षेत्रफल (हेक्टर) ०, जम्मा केराको बोट संख्या ० र छरिएका केराको बोट संख्या ४९७७ रहेको पाइयो । यसका आधारमा हेर्दा गाउँपालिकामा आँप र केराको व्यावसायिक खेती गर्ने किसान नभएको देखिन्छ ।

गाउँपालिकामा जम्मा कृषक परिवार संख्या ३८६९ मध्ये धान खेती गर्ने कृषक परिवार संख्या ११७६ रहेकामा धान खेती गर्दा स्थानीय विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ११५०, धान खेती गर्दा उन्नत विजनको प्रयोग गर्ने कृषक परिवार संख्या २६, धान खेती गर्दा वर्णशंकर (हाइब्रिड) विजनको प्रयोग गर्ने कृषक परिवार संख्या ०, धान खेती गर्दा कीटनाशक विषादीको प्रयोग गर्ने कृषक परिवार संख्या ०, धान खेती गर्दा स्थानीय वा जैविक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ६२४, धान खेती गर्दा खनिज वा रासायनिक मलको प्रयोग गर्ने कृषक परिवार संख्या ० र धान खेती गर्दा दुवै मलको प्रयोग गर्ने कृषक परिवार संख्या ५५१ रहेको पाइयो ।

### ५.८ गाउँपालिकाको औद्योगिक विवरण

यस गाउँपालिकामा आवधिक योजना तर्जुमाका क्रममा वडास्तरमा भएको छलफलको क्रममा संकलन गरिएको सूचनाअनुसार करिब १३४ वटा व्यवसायहरू सञ्चालनमा छन् जसमध्ये ११ वटा मुख्य रूपमा रहेका छन् । यस्ता व्यवसायहरूमा फर्निचर उद्योग, मिल कुटानीपिसानी, साना तथा घरेलु उद्योग, सिलाइबुनाइ, होटल, किराना पसल, कपडा पसल, फर्निचर, सर्भिस सेन्टर, तथा खाजाघरहरू रहेका छन् । यद्यपि यस्ता व्यवसायहरूले न्यून दरमा रोजगारी सिर्जना गरेका छन् ।

औद्योगिक गणना २०१८ अनुसार गाउँपालिकामा कुल ४०३४ परिवार बसोबास गर्ने भएकोमा ३८२९ परिवारको कुनै पनि प्रकारको साना तथा घरेलु उद्योग वा उद्योगहरू नरहेको पाइयो । यहाँ महिलाले सञ्चालन गरेका घरेलु उद्योग एउटा र पुरुषले सञ्चालन गरेका उद्योग ६ वटा रहेका पाइयो । व्यापार व्यवसाय गर्नेमध्ये पुरुष ५३ र महिला ५२ रहेको देखिन्छ । यातायात क्षेत्रमा पुरुषको व्यवसाय ९ जना देखिन्छ भने महिलाको स्वामित्वमा व्यवसाय भएको ६ परिवारमा पाइयो । घरमूली सेवा क्षेत्रको व्यवसाय पुरुषले सञ्चालन गरेका ४८ र महिलाले सञ्चालन गरेका ११ रहेको पाइयो । अन्य प्रकारका व्यवसाय पुरुषले सञ्चालन गरेको १२ र महिलाले सञ्चालन गरेको ३ वटा रहेका पाइयो । तर ४ परिवारले भने नखुलाएको वा खुलाउन नचाहेको पाइयो ।

**तालिका ५६: गाउँपालिकामा स्थापना भएका उद्योगको संख्या र संलग्नताबारेको विवरण**

| वडा नम्बर | स्थापना भएका उद्योगको संख्या | उद्योगमा संलग्न भएका व्यक्तिको संख्या | उद्योगमा संलग्न पुरुषको संख्या | उद्योगमा संलग्न महिलाको संख्या |
|---|---|---|---|---|
| **वडा नम्बर १** | ४३ | १३१ | ७० | ६१ |
| **वडा नम्बर २** | ३६ | १०० | ५० | ५० |
| **वडा नम्बर ३** | २० | ६३ | ३५ | २८ |
| **वडा नम्बर ४** | ३३ | ९६ | ५२ | ४४ |
| **वडा नम्बर ५** | १२ | ३२ | १६ | १६ |
| **वडा नम्बर ६** | ४८ | १२० | ७० | ५० |
| **वडा नम्बर ७** | १७ | ४४ | २५ | १९ |
| **वडा नम्बर ८** | १६ | ४१ | २२ | १९ |
| **वडा नम्बर ९** | १६ | ३८ | १८ | २० |
| **वडा नम्बर १०** | २८ | ६९ | ४७ | २२ |
| **जम्मा** | २६९ | ७३४ | ४०५ | ३२९ |

*स्रोतः नेपाल औद्योगिक गणना २०१८*

प्रस्तुत विवरण हेर्दा गाउँपालिकामा कुल २६९ वटा विभिन्न प्रकारका उद्योग रहेकोमा कुल ७३४ जना व्यक्ति संलग्न रहेकामा पुरुषको संख्या ४०५ र महिलाको संख्या ३२९ रहेको देखिन्छ । गाउँपालिकामा सबैभन्दा बढी उद्योग संख्या ४८ वडा नम्बर ६ मा रहेको देखिन्छ, जसमा १२० व्यक्तिहरू संलग्न रहेको देखिन्छ भने वडा नम्बर ५ मा कम संख्या १२ रहेको देखिन्छ, जसमा मात्र ३२ जनाको संलग्नता रहेको देखिन्छ ।

**तालिका ५७: गाउँपालिकामा स्थापना भएका उद्योगबारे थप विवरण**

| | |
|---|---|
| कुल उद्योगहरूको संख्या | २६९ |
| जोडिएका व्यक्तिहरूको संख्या | ७३४ |
| कृषि वन माछा मार्ने उद्योगहरूको संख्या | ५ |
| कृषि वन माछा मार्ने संलग्न व्यक्तिहरूको संख्या | ५ |
| उत्पादन उद्योगहरूको संख्या | ११ |
| उत्पादन संलग्न व्यक्तिहरूको संख्या | १६ |
| खानी, विद्युत्, ग्यास, पानी आपूर्ति र निर्माण, व्यवसायहरूको संख्या | ० |
| खानी, विद्युत्, ग्यास, पानी आपूर्ति र निर्माण, कार्यमा संलग्न व्यक्तिहरूको संख्या | ० |
| थोक तथा खुद्रा व्यापार, मोटर, सवारीसाधन र मोटरसाइकलको मर्मत, व्यावसायको संख्या | १४६ |
| थोक तथा खुद्रा व्यापार; मोटर सवारीसाधन र मोटरसाइकल मर्मत, संलग्न व्यक्तिहरूको संख्या | २४७ |
| पारवहन, भण्डारण, जानकारी, सञ्चार, संस्थाहरूको संख्या | ५ |
| पारवहन, भण्डारण, सूचना, सञ्चार, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | २१ |
| आवास र खाद्य सेवा गतिविधि सञ्चालन गर्ने व्यवसायको संख्या | ३१ |
| आवास र खाद्य सेवा गतिविधिहरू, सञ्चालन गर्ने व्यवसायको संख्या संलग्न व्यक्ति संख्या | ६३ |
| वित्तीय र बिमा गतिविधिहरू, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | २ |
| वित्तीय र बिमा गतिविधिहरू, संस्थाहरूमा संलग्न व्यक्तिहरूको संख्या | ४ |
| शिक्षासँग सम्बन्धित व्यवसाय संख्या | ४६ |
| शिक्षासँग सम्बन्धित व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या | ३१६ |
| मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिसँग सम्बन्धित व्यवसाय संख्या | २१ |
| मानव स्वास्थ्य र सामाजिक कार्य गतिविधिसँग सम्बन्धित व्यवसायमा संलग्न व्यक्ति संख्या | ६० |
| घर जग्गा, व्यावसायिक, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य व्यवसाय संख्या | २ |
| घर जग्गा, व्यावसायिक, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य, व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या | २ |

*स्रोत: नेपाल औद्योगिक गणना २०१८*

# अध्याय छ

# पूर्वाधार विकास र वातावरणीय प्रभाव

नेपाल एक प्राकृतिक रूपमा सुन्दर, जैविक विविधता सम्पन्न र भौगोलिक रूपमा विविधता रहेको देश हो । यहाँका हिमाल, पहाड, तराई, नदी तथा वनजंगलहरूले वातावरणीय दृष्टिले अतुलनीय महत्त्व राख्छन् । यता, देशको समग्र आर्थिक विकासका लागि भौतिक पूर्वाधार निर्माण पनि अत्यन्त आवश्यक रहेको छ । सडक, पुल, जलविद्युत्, सिँचाइ, स्वास्थ्य तथा शिक्षा संरचनाहरूको विकासले राष्ट्रिय उत्पादन वृद्धि गर्नुका साथै जनजीवनमा सकारात्मक परिवर्तन ल्याउँछ । वातावरण कुनै पनि क्षेत्रको विकाससँग प्रत्यक्ष जोडिएको हुन्छ । भौतिक पूर्वाधार विकासका कारण कुनै पनि ठाउँमा त्यहाँको वातावरणीय प्रभावमा महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय तह, प्रदेश सरकार, संघीय सरकारलाई वातावरण संरक्षण हुने गरी दिगो विकासका लागि नीतिनियम बनाउन आवश्यक हुन्छ । विकास निर्माणको कार्य गर्नका लागि वातावरणका आयामहरूलाई विचार नगरी गर्ने परिपाटीका कारण मानव निर्मित विपत्तिको मात्रा बढेको पाइन्छ । जुन कुरा चम्पादेवी गाउँपालिकामा पनि फरक रहेको छैन । यस अध्यायमा चम्पादेवी गाउँपालिकामा गरिएको भौतिक पूर्वाधारको विकास र त्यसले वातावरणमा पारेको प्रभावको सामान्य मूल्यांकन गरिएको छ ।

## ६.१ गाउँपालिकामा भौतिक पूर्वाधारको विकास र वातावरण

### खानेपानी

यस गाउँपालिकामा खानेपानीको मुख्य स्रोतको रूपमा सामुदायिक पाइप धारा र सार्वजनिक धारा रहेको देखिन्छ । प्रत्येक वडामा खानेपानीका योजना सञ्चालनमा छन् । वडा नं १ मा पलापु बृहत् लिफ्टिङ खानेपानी योजना, वडा नं २ मा लिफ्टिङ खानेपानी आयोजना, वडा नं ३ मा कमिलो चौर खानेपानी आयोजना, सिलखोला खानेपानी आयोजना, कालिका पम्पिङ खानेपानी आयोजना, वडा नं ४ मा बृहत् खानेपानी योजना, ग्रामीण विकास खानेपानी आयोजना, वडा नं ५ मा भोटेखोला, गोपेखोला खानेपानी योजना, महावीर खानेपानी आयोजना, वडा नं ६ मा निगुरे खानेपानी आयोजना, काडोबारी खानेपानी आयोजना, चुच्चे खोला खानेपानी आयोजना, जलकिनी खानेपानी आयोजना, वडा नं ७ मा लने खोला खानेपानी आयोजना, धोक खोला खानेपानी आयोजना, गुराँसे खोला खानेपानी आयोजना, टाउके खोला खानेपानी आयोजना, असारे खोला खानेपानी आयोजना, कोलचौर खोला खानेपानी आयोजना, वडा नं ८ मा बिलन्दु खानेपानी आयोजना, वडा नं ९ मा ढोढने खानेपानी आयोजना, भस्मे खानेपानी आयोजना र वडा नं १० मा खरीभित्ता खानेपानी आयोजना, लहनी खानेपानी आयोजना, जम्बु चौर खानेपानी आयोजना, ध्याङले खानेपानी आयोजना रहेका छन् । खानेपानी आयोजनाले ७३ प्रतिशत गाउँवासीको माग सम्बोधन गरेको छ । यस गाउँपालिकाभित्र सरसफाइ र फोहोरमैला व्यवस्थापन सन्तोषजनक रहेको छ । सरसफाइका सन्दर्भमा टोलटोलमा आफैं व्यवस्थापन, चोकचोकमा टोकरी राखिएको पाइन्छ भने निश्चित स्थानमा जलाउने अभ्यास छ ।

### विद्यालय भवन र खुला क्षेत्र

पूर्वाधार तथा सहरी विकासको महत्त्वपूर्ण अवयवहरूमा बस्ती विकास, आवास, भवन तथा सार्वजनिक निर्माण, सडक, पुल तथा यातायात, विद्युत् तथा वैकल्पिक ऊर्जा र सूचना, सञ्चार तथा प्रविधि पर्दछ । यस्ता पक्षहरूको विकास तथा प्रवर्द्धनले गाउँपालिकाको समग्र विकासको चित्रण गर्दछ । गाउँपालिकामा ४१ वटा सामुदायिक तथा २ वटा निजी

विद्यालयहरू रहेका छन् । चम्पादेवी गाउँपालिकाका १० वटा वडामध्ये ५ वटा वडा कार्यालयको भवन निर्माण भएको छ । ९ वटा स्वास्थ्य चौकी भवन निर्माण भएका छन् । २६ वटा विद्यालय भवन, एउटा सामुदायिक भवन रहेका छन् । यहाँ एउटा मनोरञ्जन पार्क बाल उद्यान निर्माण भएको छ । ३ ठाउँमा सार्वजनिक शौचालय रहेका छन् भने १० वटा खेलमैदान निर्माण गरिएका छन् । गाउँपालिका क्षेत्रमा सामुदायिक उद्धार केन्द्र रहको छैन । गाउँपालिकाले हालसम्म सुरक्षित आवास र बस्ती विकास र औद्योगिक क्षेत्रहरू निर्माणका लागि आवश्यक पूर्वाधार निर्माण तथा क्षेत्र निर्धारणजस्ता कार्यहरू गरिसकेको छैन । गाउँपालिका क्षेत्रमा साना बस्ती विकासका लागि पलापु, नवलपुर धार, कमीले चौर, फलाटे, धोराखोरी, बिलन्दु गाउँ, चम्पादेवी ऐतिहासिक नमुना बस्ती र पोखरी भञ्ज्याङ उपयुक्त बस्तीहरू हुन् । भविष्यमा व्यवस्थित आवास तथा बस्ती बनाउनका लागि कमीले चौर, पोखरे, धोराखोरी, भदौरे, चित्रे पाखा, पात्ले, जम्बु चौर, थापा आहालजस्ता स्थानहरू उपयुक्त हुन सक्ने देखिन्छ ।

### सडकको अवस्था

गाउँपालिकामा हालसम्म वडा नं. १० बाहेक कुनै पनि वडामा कालोपत्रे सडक छैन भने ६१ किमि ग्रावेल, ३१३ किमि कच्ची सडक रहेको छ । पलापु कालिका, पलापु पुनटार, पलापु जलकिनी (लागे भञ्याङ, पलापु भञ्याङ), नवलपुरदेखि पलापु, लिखु एकवार, नवलपुरदेखि फलाटे ओखलढुंगा, चिपलिङ, सुन्दरपुर, हुलाकी राजमार्ग, फलाटेदेखि अरुण ढाँडसम्म, रानीवन, धोराबारी, जलबनी, चिप्लेढुंगा, बतासे भदैरे, डडुवा सडक, साँघुरे, घोराखोरी, काबेल भञ्ज्याङ, घोराखोरीदेखि ओखलढुंगा, बिलन्दुदेखि श्रीचौर, पात्ले खोला, डल्लीडाँडा, साँघुरेदेखि धोराखोरी मुख्य सडकहरूमा पर्दछन् । यहाँका सडकको न्यूनतम चौडाइ २.५ मिटर र अधिकतम चौडाइ ८ मिटरसम्मको रहेको छ । यस गाउँपालिका क्षेत्रमा सडक विस्तारसँगै सडक छेउमा घर निर्माण गर्नेको संख्या पनि बढ्दै गएको पाइन्छ । सडक नपुगेको विकट भौगोलिक क्षेत्रमा झोलुङ्गे पुलले आवतजावतमा सहजता ल्याएको देखिन्छ ।

### विद्युत् तथा सञ्चार

गाउँपालिकाको केही भागमा अझै पनि पूर्ण विद्युत् पहुँच पुग्न सकेको देखिँदैन । विद्युत् नपुगेको वडाहरूमा सोलार, बायोग्यासजस्ता वैकल्पिक ऊर्जाको प्रयोग भएको पाइन्छ । बडहरे, सुर्तीबारी, दलङ डाँडा, सिद्धपोखरी, सिडाँडा, थाम डाँडा, डाँडा गाउँ, बतासे, चित्रे पाखा, पोखरी डाँडा आदि ठाउँहरू सौर्य ऊर्जा उत्पादनका लागि उपयुक्त देखिन्छन् । वडा कार्यालय र स्वास्थ्य केन्द्रहरूमा इन्टरनेट पहुँच विस्तार भएको, विद्यालयमा सूचना प्रविधिको प्रयोग बढेको जस्ता पक्षले गर्दा गाउँपालिकाबाट प्रवाह हुने सेवामा सूचना प्रविधिको प्रयोगको मात्रा क्रमशः बढेको पाइन्छ ।

### वन तथा जैविक विविधता

यस गाउँपालिकाभित्र २५ वटा सामुदायिक वन, १४ वटा कबुलियती वन रहेको छ भने निजी वन छैन । यस गाउँपालिकामा विभिन्न वन्यजन्तु जस्तै चितुवा, बाँदर, घोरल, मृग, कालिज, खरायो, मयूर, मृग, दुम्सी, स्याल आदि पाइन्छन् । शिलाजित, हर्रो, बर्रो, अमला, चिराइतो, निम, कुरिलो, पाखनवेद, तीनतले, बोझो, टिम्मुर, सिन्काउले, खसाने, तितेपाती, भुइँचम्पा, बाँको, लोल्सल्लाजस्ता जडीबुटीमा पाइन्छन् ।

### विपद् तथा पहिरो

नेपालको भूबनोट धेरै भिरालो, कमजोर भौगर्भिक अवस्था, छोटो समयमा हुने अधिक मनसुनी वर्षा, अनुपयुक्त भू–उपयोग र संरक्षणलाई ख्याल नगरी जथाभावी गरिने विकास निर्माणका कामले हरेक वर्ष बाढीपहिरो र नदी कटानबाट

मुलुकले ठूलो मानवीय तथा भौतिक क्षति व्यहोर्दै आएको छ। गाउँपालिकाले समेत विभिन्न प्राकृतिक एवं मानव सिर्जित कारणबाट हुने गरेको भयावह क्षतिलाई सकभर हुनै नदिने वा न्यून क्षति पुग्ने गरी ग्रामीण एवं जोखिमयुक्त स्थानमा बसोबास गरेका जनतालाई संरक्षण गर्नु र विपद्बाट जोगाउनु पहिलो दायित्व हो। यस गाउँपालिकामा झन्डै ३ हजार हेक्टर सार्वजनिक जमिन छ। यस्ता पाखा वा क्षेत्रहरूमा वृक्षरोपण, पहिरो नियन्त्रण, खहरे खोला किनार संरक्षण, पोखरी, ताल, तलैया संरक्षण, पहिरोजस्ता संवेदनशील क्षेत्र पहिचान एवं नक्सांकन, सिमसार क्षेत्र, पोखरी क्षेत्रहरू संरक्षण एवं वैज्ञानिक व्यवस्थापनजस्ता महत्त्वपूर्ण काम गर्नुपर्ने देखिन्छ। गाउँपालिकामा पहिरो नियन्त्रणका लागि पहल कदमी लिइएको छ। थिपलिङ पहिरो, तोरी पहिरो, मकुवा पहिरो, रान्या पहिरो, साउने पहिरो, ओखरबोटे पहिरो, साइदवा पहिरो, फेदीगुठ, बिसमुरे, सिरु डाँडा, जलकिनी, डडुवा, अम्बोरे, डिटी, धोराखोरी, सानढुंगा पोखरी, देवीटार, भेडाखोर, नाके डाँडो, चुच्चे ढुंगा, कुभिन्डो तेर्सो, खहरे पहिरो, केराबारी, कालीखोलाजस्ता पहिरो तथा खहरे खोला किनार संरक्षण र व्यवस्थापन जरुरी छ। पूर्णाटार, मोलमा देवी पोखरी, सिमल डाँडा पोखरी, सोले डाँडा पोखरी, सिद्धपोखरी, पोखरे भञ्ज्याङ, नाग पोखरीजस्ता पोखरी र ताल तलैया संरक्षण गर्नुपर्ने देखिन्छ।

**जलस्रोत**

यस गाउँपालिकाका वडाअन्तर्गत अँधेरी खोला, मकुवा खोला, जलकिनी खोला, पूर्णखोला, लिखु, सुनकोशी, फेदै खोला, सिल्खु खोला, मकुवा खोला, रामचा खोला, भुन्टी खोला, चिलाउने खोला, भागे खोला, फेदीगुठ खोला, काली खोला, गोपे खोला, ठूलो खोला, आइतबारे खोला, डुडे खोला, सेरा खोला, सिम्ले खोला, खहरे खोला, चुने खोला, पताले खोला, चित्रे खोला, बिलन्दु खोला, धारा खोला, दुवले खोला, पात्ले खोला, दुम्से खोला, सिम्ले खोला, भालु खोला, कालो खोला, ह्याङले खोला छन्। यस्ता खोलाहरूको व्यवस्थापन आवश्यक छ।

**जलवायु अनुकूलन**

गाउँपालिकाले वातावरण व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूलनको प्रतिकार्यका लागि योजना बनाई कार्यान्वयनमा ल्याइसकेको पाइँदैन । गाउँपालिकाको क्षेत्रभित्र वनजंगल र जलाधार क्षेत्र भएका र औद्योगिक कलकारखानाको संख्या नभएका कारण स्वच्छ हावापानी पाइन्छ। वडामा भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण खासै भएको पाइँदैन भने केही मात्रा विद्यालय, स्वास्थ्य संस्था भने भूकम्प प्रतिरोधात्मक बनेको छ । गाउँपालिकाले हालसम्म भूकम्पप्रतिरोधी संरचना निर्माण कार्यविधिजस्ता नीतिगत पक्षको कार्यान्वयन गरिसकेको पाइँदैन । गाउँपालिकाले हालसम्म पनि आपत्कालीन कोष व्यवस्थापन, वडामा विपद् पूर्वतयारी तथा पूर्वसूचना प्रणालीको व्यवस्था, वडामा आपत्कालीन उद्धारका लागि भवन निर्माण भएको पाइएको छैन। यस गाउँपालिकामा जलवायु परिवर्तनको अनुकूलनको योजना निर्माण तथा सोहीअनुसारका कार्य गर्न आवश्यक देखिन्छ। यस सन्दर्भमा स्थानीय अनुकूलन कार्ययोजना (Local Adaptation Plan of Action, LAPA) अत्यन्त महत्त्वपूर्ण हुन्छ, किनभने यसले जलवायु परिवर्तनका प्रभावहरूलाई सम्बोधन गर्न स्थानीय आवश्यकता र प्राथमिकतामा आधारित कार्ययोजना तयार गर्न मद्दत पुर्‍याउँछ । LAPAमार्फत जलवायु संवेदनशील क्षेत्र पहिचान, जोखिम न्यूनीकरणका उपाय, स्रोत परिचालन र स्थानीय समुदायको क्षमता विकास गर्न सकिन्छ, जसले दीर्घकालीन दिगो अनुकूलन र सहनशीलता (resilience) वृद्धि गर्न योगदान पुर्‍याउँछ।

### महामारी

महामारी तथा विपद् व्यवस्थापनका आधारमा विश्लेषण गर्दा गाउँपालिका क्षेत्रमा हुन सक्ने सम्भावित महामारी तथा विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य तथा पुनर्लाभका लागि गाउँपालिकाले आवश्यक योजना तर्जुमा गरिसकेको पाइँदैन। गाउँपालिकाले महामारी तथा विपद् व्यवस्थापनको पूर्वाधारका रूपमा लिइने आपत्कालीन प्रतिकार्य सञ्चालन केन्द्रको स्थापना, वडामा विपद्का लागि आवश्यक सामग्रीहरूको व्यवस्था, प्राथमिक उपचार केन्द्र एवं रक्तसञ्चार केन्द्रको निर्माण, समुदायमा आधारित विपद् जोखिम व्यवस्थापन समिति, वडामा विपद् जोखिम न्यूनीकरणसम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन, भूकम्प प्रतिरोधात्मक सार्वजनिक संरचना निर्माण, आपत्कालीन कोष, विपद् पूर्वतयारी तथा पूर्वसूचना प्रणाली, आपत्कालीन भवन निर्माण आदि निर्माणतर्फका कार्यहरू गरेको पाइँदैन।

## ६.२ वातावरण र जलवायु परिवर्तनको सैद्धान्तिक पक्ष

जीवाश्म इन्धन जलाउनेजस्ता मानवीय गतिविधिहरूबाट सञ्चालित जलवायु परिवर्तनले बढ्दो तापक्रम, अझ गम्भीर आँधीबेहेरी र बढ्दो खडेरीजस्ता विभिन्न समस्याहरू निम्त्याइरहेको छ। यी परिवर्तनहरूले पारिस्थितिक प्रणाली, मानव स्वास्थ्यमा असर पारिरहेका छन् र विस्थापन र द्वन्द्व पनि निम्त्याइरहेका छन्। पृथ्वी बचाउनुमा जलवायु परिवर्तन, प्रदूषण, स्रोतसाधनको ह्रास र जैविक विविधताको क्षतिजस्ता महत्त्वपूर्ण वातावरणीय सरोकारहरूलाई सम्बोधन गर्नु समावेश छ। यी मुद्दाहरू एकअर्कासँग जोडिएका छन् र तिनीहरूको प्रभावलाई कम गर्न र दिगो भविष्य सुनिश्चित गर्न सामूहिक कार्यको आवश्यकता पर्दछ। हालैका वर्षहरूमा, जलवायु परिवर्तन र फोहोर व्यवस्थापनका मुद्दाहरूलाई सम्बोधन गर्ने जरुरी आवश्यकता स्पष्ट रूपमा स्पष्ट भएको छ, वर्तमान र भावी पुस्ताहरूका लागि तिनीहरूको दूरगामी प्रभावलाई ध्यानमा राख्दै यी चुनौतीहरूको सामना गर्ने अनिवार्यताले वातावरणीय दिगोपनतर्फको दृष्टिकोण र व्यवहारलाई आकार दिन शिक्षाको निर्णायक भूमिकाको बढ्दो मान्यतालाई प्रेरित गरेको छ। फलस्वरूप, यी महत्त्वपूर्ण विषयहरूलाई विद्यालय पाठ्यक्रममा एकीकृत गर्नमा उल्लेखनीय जोड दिइएको छ। यस प्रयासमा शिक्षक, विद्यार्थी र शैक्षिक संस्थाहरूभित्रका सरोकारवालाहरूले केन्द्रीय भूमिका खेल्छन्, किनकि तिनीहरू युवाहरूको जीवनमा प्रभावशाली व्यक्तित्वको रूपमा सेवा गर्छन्। क्याम्पस पाठ्यक्रममा जलवायु परिवर्तन र फोहोर व्यवस्थापन शिक्षालाई समावेश गरेर, शिक्षकहरूले वातावरणीय व्यवस्थापनको मूल्यहरू स्थापित गर्ने र ग्रहको सुरक्षा गर्न प्रतिबद्ध इमानदार नागरिकको पुस्ता खेती गर्ने अनौठो अवसर पाउँछन्। उनीहरूको मार्गदर्शन र परामर्शमार्फत, क्याम्पस शिक्षकहरू, विद्यार्थीहरू र सरोकारवालाहरूले दिगोपनप्रति सामूहिक प्रतिबद्धतालाई प्रेरित गर्न सक्छन्, वातावरणीय जागरुकता र जिम्मेवारीको संस्कृतिलाई बढावा दिन सक्छन् जुन कक्षाकोठाको सीमाभन्दा बाहिर जान्छ र व्यापक समाजमा विस्तार हुन्छ।

**वातावरणीय सरोकारका विषयमा देहायका विषयहरू महत्त्वपूर्ण हुन्छन् -**

### वायु प्रदूषण

पानी प्रदूषणको सैद्धान्तिक पक्षले पानीमा अनावश्यक र हानिकारक तत्त्वहरू मिसिँदा त्यसको भौतिक, रासायनिक र जैविक गुणस्तरमा हुने ह्रासलाई जनाउँछ। जब औद्योगिक फोहोर, कृषि रसायन, मलमूत्र वा अन्य प्रदूषक पदार्थहरू जलस्रोतमा मिसिन्छन् तब पानीको प्राकृतिक सन्तुलन बिग्रन्छ र यसले पारिस्थितिक तन्त्र र मानव स्वास्थ्यमा प्रतिकूल असर पार्छ। सिद्धान्ततः, पानी शुद्ध, पारदर्शी र जीवनधारक हुनुपर्छ तर प्रदूषणले यसलाई विषाक्त, उपयोग गर्न अयोग्य र रोग फैलाउने माध्यम बनाइदिन्छ। यसले जलचक्रमा गम्भीर प्रभाव पार्नुका साथै दीर्घकालीन पर्यावरणीय संकट निम्त्याउँछ।

**जल प्रदूषण**

प्राकृतिक जलस्रोतहरू जस्तै- नदी, खोला, इनार, पोखरी र भू-जलमा मानवजन्य वा प्राकृतिक कारणले हानिकारक पदार्थ मिसिँदा पानीको गुणस्तरमा गिरावट आउने प्रक्रियालाई जनाउँछ । यसमा रसायन, फोहोर, कृषि मल-औषधि, उद्योगजन्य फोहोर, मलमूत्र र प्लास्टिकजन्य पदार्थहरू पानीमा मिसिँदा जलस्रोत प्रयोग गर्न अयोग्य बन्छ । यस्तो प्रदूषणले जलचक्रमा असर पार्छ, जैविक विविधता घटाउँछ र मानव स्वास्थ्यमा गम्भीर जोखिम उत्पन्न गर्छ । सिद्धान्ततः पानी प्रदूषणले पारिस्थितिक तन्त्रमा असन्तुलन ल्याउने, रोगको संक्रमण फैलाउने र स्रोतको पुनः प्रयोग क्षमतामा कमी ल्याउने गर्दछ । जलमा प्रदूषकको प्रवेश, जलचर जीवन र मानव स्वास्थ्यलाई असर गर्ने गर्छ ।

**माटो प्रदूषण**

माटोमा हानिकारक रासायनिक पदार्थ, भारी धातु, कीटनाशक, प्लास्टिक र औद्योगिक फोहोरहरू मिसिँदा त्यसको उर्वरता, संरचना र जैविक सक्रियतामा पर्ने नकारात्मक प्रभावलाई जनाउँछ । जब यस्तो प्रदूषण हुन्छ, माटोको प्राकृतिक गुणहरू नष्ट हुन्छन्, जसले बाली उत्पादनमा कमी, जलधारण क्षमतामा ह्रास र पारिस्थितिक सन्तुलनमा अवरोध ल्याउँछ । माटो शुद्ध, ऊर्वर र जैविक रूपमा सक्रिय हुनुपर्छ । तर प्रदूषणले यसलाई बाली उत्पादनका लागि अनुपयुक्त, विषाक्त र वातावरणका लागि हानिकारक बनाउँछ ।

**ध्वनि प्रदूषण**

मानवीय वा यान्त्रिक स्रोतबाट उत्पन्न अत्यधिक वा अवाञ्छित आवाजहरू वातावरणमा फैलिँदा त्यसले मानिस र जीवजन्तुहरूको स्वास्थ्य र जीवनशैलीमा पार्ने नकारात्मक प्रभावलाई जनाउँछ । जब ध्वनि स्तर सामान्य सहनशीलताभन्दा बढी हुन्छ, जस्तै- सवारीसाधन, निर्माण कार्य, उद्योग र लाउडस्पिकर आदिबाट उत्पन्न आवाजहरू तब यसले मानसिक तनाव, निद्रामा असर, श्रवणशक्ति कमजोर हुनु र जनावरहरूको व्यवहार परिवर्तनजस्ता समस्या निम्त्याउँछ । ध्वनि सन्तुलित र सहनयोग्य हुनु जरुरी छ । तर प्रदूषणले यस सन्तुलनलाई विघटन गरी सामाजिक र पारिस्थितिक सन्तुलनमा अवरोध पुऱ्याउँछ ।

**रेडियोएक्टिभ (radioactive) प्रदूषण**

परमाणु पदार्थहरूबाट उत्सर्जित विकिरण वा रेडियोधर्मी कणहरू वातावरणमा अनियन्त्रित रूपमा फैलिँदा मानव स्वास्थ्य, जीवजन्तु र पारिस्थितिक तन्त्रमा पर्ने गम्भीर र दीर्घकालीन असरलाई जनाउँछ । जब युरेनियम, प्लुटोनियमजस्ता रेडियोधर्मी तत्त्वहरू परमाणु ऊर्जा उत्पादन, चिकित्सकीय प्रयोग वा हतियार परीक्षणबाट बाहिर निस्कन्छन्, तब तिनले माटो, पानी, हावा र जीवहरूको कोषस्तरमै क्षति पुऱ्याउन सक्छन् ।

**जलवायु परिवर्तन**

पृथ्वीको वातावरणीय प्रणालीमा दीर्घकालीन रूपमा तापक्रम, वर्षा, हावाको दिशा र अन्य मौसमी पक्षहरूमा हुने परिवर्तनलाई जनाउँछ । यो परिवर्तन मुख्यतः मानव गतिविधिहरूबाट निस्कने हरितगृह ग्यासहरू जस्तै- कार्बनडाइअक्साइड ($CO_2$), मिथेन (methane) र नाइट्रस अक्साइड (Nox) ले वातावरणमा थुप्रिएर तापक्रम बढाउनाले हुन्छ । यसले ग्लोबल वार्मिङ, हिमनदी पग्लिनु, समुद्री सतह वृद्धि, चरम मौसमी घटना र जैविक विविधताको कमीजस्ता प्रभावहरू ल्याउँछ । जलवायु प्रणाली पृथ्वीको जीवन समर्थन गर्ने महत्त्वपूर्ण अंश हो र यसको असन्तुलनले मानव समाज र प्रकृतिमा व्यापक जोखिमहरू निम्त्याउँछ ।

**विश्वव्यापी तापक्रम वृद्धि र हरितगृह प्रभाव**

पृथ्वीको सतह र वायुमण्डलमा औसत तापक्रममा दीर्घकालीन र निरन्तर रूपमा हुने वृद्धि हो, जुन मुख्यतः मानवीय क्रियाकलापबाट उत्पन्न हरितगृह ग्यासहरूको मात्रा बढ्नुका कारण हुन्छ । यी ग्यासहरूले पृथ्वीको तापक्रम नियन्त्रण गर्ने प्राकृतिक प्रक्रियाले ग्रिनहाउस प्रभावलाई तीव्र पार्छन् र यसले ऊर्जा सन्तुलनमा असन्तुलन सिर्जना गर्छ । सूर्यको किरणहरूले पृथ्वीमा अवशोषण गरेको ऊर्जा पुनः अन्तरिक्षमा जान नपाएर वातावरणमा कैद हुन्छ, जसले तापक्रम बढाउँछ । यसको परिणामस्वरूप हिमनदी पग्लिनु, समुद्री सतह बढ्नु, चरम मौसम घटनाजस्ता समस्या देखिन्छन् भने जैविक विविधता र पारिस्थितिक तन्त्रमा नकारात्मक असर पर्छ । यसले दीर्घकालीन रूपमा वातावरणीय अस्थिरता, मानव स्वास्थ्य, कृषि र जलस्रोतमा चुनौतीहरू निम्त्याउँछ ।

**वन फँडानी**

वनको अवैध वा अनियमित कटान प्रक्रियालाई जनाउँछ, जसले प्राकृतिक वनको संरचना, जैविक विविधता र पारिस्थितिक सन्तुलनमा नकारात्मक प्रभाव पार्दछ । यस प्रक्रियाअन्तर्गत वृक्षहरूलाई आवश्यक मर्मत र संरक्षणबिना काटिन्छ र पुनर्निर्माण वा संरक्षणका उचित उपायहरू अपनाइँदैनन् । वन फँडानीले माटोको क्षरण, जलस्रोतको कमी, बाढीपहिरोको जोखिम बढ्नु र वनमा वन्य जीवजन्तुहरूको आवास हराउनुजस्ता समस्याहरू निम्त्याउँछ । सैद्धान्तिक रूपमा, वन व्यवस्थापनले दिगो संरक्षण, पुनःरोपण र पर्यावरणीय सन्तुलन कायम राख्न आवश्यक हुन्छ । तर वन फँडानीले यी सिद्धान्तहरूको उल्लंघन गर्दै प्रकृतिमा असन्तुलन निम्त्याउँछ ।

**जैविक विविधताको क्षति**

जैविक विविधता प्रकृतिको सन्तुलन र पारिस्थितिक तन्त्रको स्थायित्वका लागि आधारभूत हुन्छ । जब मानव क्रियाकलापहरू जस्तै— वन कटान, वायु र पानी प्रदूषण, जलवायु परिवर्तन र आवास नष्ट हुनुका कारण जैविक विविधता घट्छ, तब पारिस्थितिक प्रणाली कमजोर हुन्छ र प्राकृतिक स्रोतहरूको उपभोगमा असन्तुलन आउँछ । जैविक विविधताको संरक्षणले मात्र दिगो विकास र मानव जीवनको सुरक्षा सम्भव हुन्छ, तर यसको क्षतिले दीर्घकालीन रूपमा पर्यावरणीय संकट र जीवनशैलीमा गम्भीर समस्या निम्त्याउँछ ।

**फोहोर व्यवस्थापन**

घरायसी, औद्योगिक, कृषि र अन्य स्रोतबाट निस्कने फोहोरलाई सुरक्षित, प्रभावकारी र दिगो तरिकाले संकलन, वर्गीकरण, पुनःप्रयोग, पुनर्चक्रण र निस्पादन गर्ने प्रक्रियालाई जनाउँछ । यसको मुख्य उद्देश्य वातावरणीय प्रदूषण कम गर्नु, सार्वजनिक स्वास्थ्य सुरक्षित राख्नु र प्राकृतिक स्रोतहरूको संरक्षण गर्नु हो । फोहोर व्यवस्थापनले स्रोतमै छुट्याउने (segregation), रिसाइकलिङ, कम्पोस्टिङ (composting), र उचित फोहोर तह लाउने (disposal) जस्ता कार्यले फोहोरबाट हुने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्छ । सैद्धान्तिक रूपमा, दिगो फोहोर व्यवस्थापनले सहरी र ग्रामीण क्षेत्रमा सफाइ, स्वास्थ्य र वातावरणीय सन्तुलन कायम राख्न महत्त्वपूर्ण भूमिका खेल्दछ ।

**अत्यधिक जनसंख्या**

अत्यधिक जनसंख्याले कुनै क्षेत्रमा बसोबास गर्ने मानिसको संख्या त्यस क्षेत्रको स्रोत, पूर्वाधार र वातावरणीय क्षमताभन्दा धेरै हुनु अवस्थालाई जनाउँछ । यस्तो अवस्थाले खानेपानी, आवास, शिक्षा, स्वास्थ्य सेवा, रोजगार र वातावरणीय स्रोतहरूमा अत्यधिक दबाब पार्छ । जनसंख्या वृद्धि नियन्त्रणका उपाय नलिइएमा प्राकृतिक स्रोतहरूको दोहन, प्रदूषण,

बेरोजगारी र सामाजिक असमानता बढ्ने सम्भावना हुन्छ। जनसंख्या सन्तुलनले दिगो विकास, संसाधन व्यवस्थापन र मानव जीवनको गुणस्तरमा सकारात्मक प्रभाव पार्छ। तर अत्यधिक जनसंख्याले यी सबै पक्षमा चुनौती थप्दछ।

**भौतिक पूर्वाधार विकास र वातावरणबीचको अन्तरसम्बन्ध**

सडक, पुल, जलविद्युत्, भवन र सहरी सुविधाजस्ता भौतिक पूर्वाधारहरूको विकास आर्थिक वृद्धि, पूर्वाधार पहुँच र जनजीवनको सुधारका लागि अत्यन्त आवश्यक छ। तर यस्ता विकास गतिविधिहरू वातावरणसँग गहिरो रूपमा अन्तरसम्बन्धित छन्। पूर्वाधार निर्माणका क्रममा वन फँडानी, प्राकृतिक स्रोतको दोहन र ठूला निर्माण कार्यहरू गरिन्छन्, जसले वन विनाश, माटो कटानी, जैविक विविधताको ह्रास र वायु, पानी तथा माटोको प्रदूषण निम्त्याउन सक्छ।

यद्यपि, पूर्वाधारलाई दिगो र वातावरणमैत्री ढंगले निर्माण गरिएमा यसले वातावरणीय लक्ष्यहरूलाई समेत समर्थन गर्न सक्छ। उदाहरणस्वरूप, हरित भवन, वातावरणमैत्री सडक तथा नवीकरणीय ऊर्जाका परियोजनाले कार्बन उत्सर्जन घटाउन र स्रोतहरूको प्रभावकारी उपयोग गर्न सहयोग गर्छन्। साथै, स्मार्ट प्रविधिहरूको प्रयोगले ऊर्जा बचत र प्रदूषण नियन्त्रणमा ठूलो भूमिका खेल्न सक्छ। साथै, माटो संरक्षण, जल पुनर्भरण प्रविधि, र हरियाली पुनःस्थापनाले पूर्वाधारका नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने क्षमता राख्दछ।

यसैगरी, पूर्वाधार विकासले सामाजिक पक्षमा पनि असर पुऱ्याउने हुँदा, स्थानीय समुदायको सहभागिता, पारदर्शिता र सामाजिक प्रभाव मूल्यांकनलाई विकास प्रक्रियामा समावेश गर्न आवश्यक हुन्छ। वातावरणीय न्याय र समुदायको हित सुनिश्चित गर्न पूर्वाधार योजनाहरूले सामाजिक–पर्यावरणीय सन्तुलन कायम राख्नुपर्छ। त्यसैले भौतिक पूर्वाधार विकास र वातावरणबीचको अन्तरसम्बन्ध बुझ्नु अत्यावश्यक छ, जसले विकासलाई वातावरणीय विनाशको मूल्यमा नभई सन्तुलित र सहनशील भविष्य निर्माणतर्फ डोऱ्याउन सहयोग गर्छ।

यस्तै, स्थानीयस्तरमा प्रभावकारी वातावरणीय मूल्यांकन प्रक्रिया, अनुगमन प्रणाली र कानुनी प्रावधानहरूको कडाइले पूर्वाधार परियोजनाहरूलाई दिगो र वातावरणमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्दछ। जलवायु परिवर्तन अनुकूलन उपायहरू र जोखिम न्यूनीकरण रणनीतिहरू समावेश गर्ने योजना र कार्यान्वयनले पूर्वाधारको दीर्घकालीन स्थायित्व सुनिश्चित गर्न मद्दत गर्दछ। यसरी मात्र आर्थिक प्रगति, सामाजिक समृद्धि र पारिस्थितिकीय सन्तुलनलाई सँगसँगै अगाडि बढाउन सकिन्छ, जसले ग्रामीण र सहरी दुवै क्षेत्रको दिगो विकास सुनिश्चित गर्छ।

## ६.३ विकास र वातावरणका सरोकारवालाहरू

### संघीय, प्रदेश र स्थानीय सरकार

सरकार सबैभन्दा प्रमुख सरोकारवाला हो, जसले पूर्वाधार विकास र वातावरण संरक्षणका लागि नीति, कानुन र कार्यविधि तयार गर्छ। यसले दिगो विकासका सिद्धान्तअनुसार पूर्वाधार परियोजनाको योजना, बजेट विनियोजन र अनुमोदन गर्छ। संक्षिप्त वातावरणा अध्ययन (BES), वातावरणीय प्रभाव मूल्यांकन (EIA) वा प्रारम्भिक अध्ययन परीक्षण (IEE) का आधारमा परियोजनामा स्वीकृति दिनु, प्रदूषण नियन्त्रणका मापदण्ड लागू गर्नु र विपद् जोखिम न्यूनीकरणका प्रावधानलाई कार्यान्वयन गर्नु सरकारी प्रमुख भूमिकामा पर्छ। साथै, जलवायु–सहनशील र हरित पूर्वाधार प्रवर्द्धनमा सरकारी नेतृत्व अत्यन्त महत्त्वपूर्ण हुन्छ।

**समुदाय र स्थानीय बासिन्दा**

स्थानीय समुदाय पूर्वाधारको अन्तिम उपयोगकर्ता भएकाले उनीहरूको सहभागिता अनिवार्य हुन्छ। परियोजना, योजना, सार्वजनिक सुनुवाइ र निगरानीमा सामेल भएर समुदायले परियोजना वातावरणमैत्री र आवश्यकताअनुसार भइरहेको छ कि छैन भन्ने सुनिश्चित गर्छन्। उनीहरूले स्थानीय ज्ञान, परम्परागत अभ्यास र प्राकृतिक स्रोत व्यवस्थापनका अनुभवहरू परियोजनामा समावेश गर्न मद्दत गर्छन्।

**व्यक्तिगत कार्यहरू**

व्यक्तिगत स्तरमा वातावरणीय सरोकारहरू समाधान गर्नका लागि प्रत्येक व्यक्तिले आफ्ना दैनिकी क्रियाकलापहरूमा स-साना परिवर्तन गर्न सक्ने सम्भावना हुन्छ। जस्तै- प्लास्टिकको प्रयोग घटाउने (reduce), पुनःप्रयोग (reuse) र पुनर्चक्रण (recycle) गर्ने, खाना फाल्ने बानी हटाउने, बिजुली र पानीको दुरुपयोग नगर्ने, सार्वजनिक सवारीसाधन प्रयोग गर्ने वा साइकल चढ्ने र घरमै कम्पोस्ट बनाउनेजस्ता अभ्यासहरूले वातावरणीय प्रभाव घटाउन मद्दत गर्छ।

त्यसैगरी, वातावरणीय शिक्षा र सचेतना फैलाउने, रूख रोप्ने, स्वच्छता कार्यक्रमहरूमा सहभागी हुने, र स्थानीय दिगो उत्पादनहरूलाई प्राथमिकता दिने कार्यहरू पनि व्यक्तिगत योगदानका प्रभावकारी उपायहरू हुन्। जब धेरै व्यक्तिहरूले सानो प्रयासहरू गर्छन्, तब त्यसको सामूहिक प्रभाव ठूलो हुने गर्दछ, जसले दीर्घकालीन रूपमा वातावरण संरक्षणमा महत्त्वपूर्ण भूमिका खेल्दछ।

**गैरसरकारी संस्था (NGO) र अन्तर्राष्ट्रिय संस्था (INGO)**

यी संस्थाहरूले वातावरण संरक्षण र दिगो पूर्वाधार विकासका लागि प्राविधिक सहयोग, तालिम र जनचेतना कार्यक्रम सञ्चालन गर्छन्। तथ्यांक संकलन, अनुसन्धान र नीति वकालतमार्फत वातावरणमैत्री प्रविधि र अभ्यासलाई प्रवर्द्धन गर्छन्। साथै, अनुगमन र मूल्यांकनमार्फत परियोजनामा वातावरणीय मापदण्डको पालना भइरहेको छ कि छैन भन्ने सुनिश्चित गर्न मद्दत पुऱ्याउँछन्।

**प्राविधिक विशेषज्ञ र शैक्षिक संस्था**

प्राविधिक विशेषज्ञहरूले वातावरणीय प्रभाव मूल्यांकन, दिगो निर्माण प्रविधि र नवीन समाधानका बारेमा प्राविधिक ज्ञान प्रदान गर्छन्। शैक्षिक संस्थाहरूले अनुसन्धान, नवप्रवर्तन र दक्ष जनशक्ति उत्पादन गरेर वातावरणमैत्री पूर्वाधार विकासलाई समर्थन गर्छन्। साथै, यी संस्थाहरूले वैज्ञानिक तथ्य, प्राविधिक अध्ययन र प्रयोगात्मक उदाहरणहरू सरोकारवालासँग साझा गर्ने कार्य पनि गर्छन्।

**व्यवसाय र उद्योग**

व्यवसाय र उद्योगहरूले वातावरणमा पार्ने प्रभाव धेरै हुने भएकाले वातावरणीय सरोकारहरू समाधान गर्न उनीहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। वातावरणमैत्री प्रविधिको प्रयोग, ऊर्जा दक्षता बढाउने उपायहरू अपनाउने, पानीको पुनःप्रयोग, फोहोर व्यवस्थापन प्रणाली लागू गर्ने र हरित आपूर्ति शृंखला विकास गर्ने कार्यहरू व्यवसाय र उद्योगका जिम्मेवार क्रियाकलाप हुन्।

यसका साथै, उद्योगहरूले आफ्ना उत्पादन र सेवाहरूमा हरित इनोभेसन (Green Innovation) ल्याएर प्राकृतिक स्रोतहरूको संरक्षण, कार्बन उत्सर्जनको न्यूनीकरण र वातावरणीय नियम तथा मापदण्डहरूको पालना गर्नुपर्छ। सामाजिक र

वातावरणीय उत्तरदायित्वलाई व्यवसाय रणनीतिमा समावेश गर्दा संस्थाको दीर्घकालीन स्थायित्व मात्र होइन, उपभोक्ता र सरोकारवालाबीच विश्वास पनि बढ्दछ । यसले दिगो विकासलाई प्रवर्द्धन गर्न मद्दत गर्छ ।

**वित्तीय संस्था**

वित्तीय संस्थाहरूले पूर्वाधार परियोजनामा आवश्यक पुँजी उपलब्ध गराउँछन् र लगानी अघि वातावरणीय तथा सामाजिक जोखिम मूल्यांकन (E&S Risk Assessment) गर्छन् । हरित वित्त (Green finance) प्रवर्द्धन, वातावरणीय सामाजिक सुशासन (Environmental Social Governance, ESG) मापदण्डको पालना र वातावरणमैत्री परियोजनामा प्राथमिकता दिने उनीहरूको प्रमुख भूमिका हो । यसरी वित्तीय संस्थाले लगानीका माध्यमबाट वातावरण संरक्षण र दिगो पूर्वाधार विकासमा अप्रत्यक्ष तर प्रभावकारी योगदान दिन्छन् ।

**सम्बन्धित सरकारी नीतिहरू**

वातावरण संरक्षण र दिगो विकास सुनिश्चित गर्न सरकारको नीति तथा नियामक भूमिकाको अत्यन्तै महत्त्व हुन्छ । सरकारद्वारा बनाइने वातावरणमैत्री नीति, ऐन, नियम तथा निर्देशनहरूले उद्योग, व्यवसाय, स्थानीय तह र नागरिकलाई वातावरणीय जिम्मेवारी निर्वाह गर्न मार्गदर्शन गर्छ । जस्तै- प्रदूषण नियन्त्रण मापदण्ड, हरित ऊर्जा प्रवर्द्धन, वन संरक्षण, जलस्रोत संरक्षण तथा नेपाल वातावरण संरक्षण ऐन र नेपाल वातावरण संरक्षण नियमावलीअनुसार संक्षिप्त वातावरणा अध्ययन (BES), प्रारम्भिक वातावरणीय परीक्षण (IEE) र वातावरणीय प्रभाव मूल्यांकन (EIA) को अनिवार्यताजस्ता नीतिहरू वातावरणीय सरोकारहरू सम्बोधन गर्नका लागि प्रभावकारी उपकरण हुन् ।

यसका साथै, सरकारद्वारा वातावरणीय शिक्षा विस्तार र अनुसन्धानमा लगानी, हरित प्रविधिको प्रवर्द्धन, कर छुट तथा प्रोत्साहनजस्ता उपायहरू लागू गरिएमा निजी क्षेत्र र सर्वसाधारणलाई वातावरणमैत्री अभ्यासमा सहभागी गराउन सजिलो हुन्छ । प्रभावकारी कार्यान्वयन, निगरानी र उत्तरदायित्वको व्यवस्था भएमा सरकारी नीतिहरू वातावरण संरक्षणमा दीर्घकालीन सकारात्मक परिवर्तन ल्याउन सक्षम हुन्छ ।

नेपाल सरकारका वातावरण र पूर्वाधारसम्बन्धी मुख्य नीतिहरूको सूची यस प्रकार छन् -

- राष्ट्रिय वातावरण नीति, २०७६ - वातावरण संरक्षण, प्रदूषण न्यूनीकरण र प्राकृतिक स्रोतको दिगो उपयोगका लागि मार्गदर्शन गर्ने नीति
- जलवायु परिवर्तन नीति, २०७६ - जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनका लागि दीर्घकालीन योजना र रणनीति तय गर्ने नीति
- राष्ट्रिय अनुकूलन योजना (NAP) - जलवायु परिवर्तनको दीर्घकालीन जोखिम न्यूनीकरणका लागि राष्ट्रिय स्तरको रणनीति
- स्थानीय अनुकूलन कार्ययोजना (LAPA) - स्थानीय तहमा जलवायु परिवर्तनका असरहरूको समाधानका लागि कार्ययोजना
- दिगो विकास लक्ष्य (SDG) कार्यान्वयन रणनीति - पूर्वाधार विकास र वातावरण संरक्षणलाई सन्तुलित रूपमा अगाडि बढाउने दीर्घकालीन लक्ष्यहरू
- राष्ट्रिय भवन संहिता, २०७२ - भूकम्प प्रतिरोधात्मक र सुरक्षित भवन निर्माणका लागि प्रावधान

- राष्ट्रिय यातायात नीति, २०५८ - सुरक्षित, दिगो र वातावरणमैत्री यातायात पूर्वाधार विकासका लागि नीति
- ऊर्जा नीति, २०७६ - नवीकरणीय ऊर्जा विकास, जलविद्युत् विस्तार र ऊर्जा दक्षता प्रवर्द्धनका लागि नीति
- जलस्रोत नीति, २०७७ - जलस्रोतको दिगो व्यवस्थापन, जलाधार संरक्षण र जलविद्युत् विकासका लागि नीति
- वन नीति, २०७६ - वन, जैविक विविधता र वन्यजन्तुको संरक्षणका लागि नीति
- भूमि उपयोग नीति, २०७५ - भूमिको दिगो उपयोग, भूक्षय रोकथाम र वातावरणमैत्री पूर्वाधार विकासका लागि नीति
- विपद् जोखिम न्यूनीकरण नीति, २०७५ - प्राकृतिक तथा मानवजन्य विपद् न्यूनीकरण र व्यवस्थापनका लागि नीति
- अन्य नीति नियमहरू

**अन्तर्राष्ट्रिय सहयोग**

वातावरणीय समस्याहरूले सीमा नमान्ने प्रकृतिका हुने भएकाले तिनको समाधानका लागि अन्तर्राष्ट्रिय सहयोग अपरिहार्य हुन्छ। जलवायु परिवर्तन, जैविक विविधताको ह्रास, वायु र जल प्रदूषणजस्ता मुद्दाहरूले विश्वभर असर पार्ने भएकाले विभिन्न राष्ट्रहरूबीच सहकार्य, सम्झौता र साझा प्रतिबद्धता आवश्यक पर्छ। संयुक्त राष्ट्रसंघद्वारा अघि सारिएका पेरिस सम्झौता ((Paris Agreement 2015), दिगो विकासका लक्ष्यहरू (Sustainable development goals) संयुक्त राष्ट्र वातावरण कार्यक्रम) जस्ता पहलहरूले वातावरणीय सरोकारहरूमा साझा कार्यदिशा तय गर्छन्।

त्यसैगरी, प्रविधि हस्तान्तरण, हरित लगानी, वातावरणीय अनुदान, तालिम र क्षमता वृद्धि कार्यक्रमहरू अन्तर्राष्ट्रिय सहयोगमार्फत उपलब्ध हुन्छन्, जसले विकासोन्मुख मुलुकलाई दिगो विकासको मार्गमा अघि बढ्न सहयोग पुऱ्याछ। अन्तर्राष्ट्रिय सहयोगले ज्ञान, स्रोत र अनुभवको आदानप्रदान गर्दै विश्वव्यापी स्तरमा वातावरण संरक्षणका साझा प्रयासलाई सुदृढ बनाउँछ।

**६.४ चम्पादेवीमा भौतिक पूर्वाधार विकासका असर र अनपेक्षित चुनौतीहरू**

**भू-अवस्था र जलवायु परिवर्तनको असर**

वडाको खड्का गाउँ, देवीटार, टाउके र डाँडा गाउँमा पहिरोको जोखिम रहेको छ। विगतको तुलनामा वडाका विभिन्न क्षेत्रहरूमा गर्मी वृद्धि हुँदै गएको, खडेरीका कारण पानीका मूलहरू सुक्दै गएका, खण्डवृष्टि, अतिवृष्टि र अनावृष्टि आँधी, हुरी, असिना आदिको प्रकोप बढ्दै गएको र मकै, धान तथा अन्य बालीहरूमा कीरा बढी लाग्ने गरेको, फलफूलहरू नपाकी बोटमै कीरा लागेर झर्ने, बालीनाली छिटो पाक्ने, फूलहरू समयभन्दा अगाडि नै फुल्नेलगायतका जलवायु परिवर्तनका असरहरू वडामा देखिएका छन्। वातावरण अनुकूलनका लागि वडामा योजनाबद्ध रूपमा कुनै पनि प्रयास हुन सकेको छैन। घरबाट निस्केको फोहोरहरू आफ्नै बारीमा विसर्जन गर्ने र जलाउने गरिएको पाइन्छ।

च्याम्पादेवी गाउँपालिका ओखलढुंगा जिल्लाको एउटा अनुपम गाउँपालिका हो, जुन आफ्नो विविध भौगोलिक स्वरूप र मनमोहक प्राकृतिक सौन्दर्यका लागि चिनिन्छ। तर, पछिल्ला केही दशकदेखि यहाँ भौतिक पूर्वाधार विकासको द्रुत गति र त्यसले निम्त्याएका वातावरणीय प्रभावहरूका कारण भू–अवस्था तथा जलवायु परिवर्तनका गम्भीर असरहरूले

स्थानीय जनजीवन, कृषि प्रणाली र समग्र पर्यावरणीय सन्तुलनमाथि ठूलो चुनौती खडा गरेका छन् । यो लेखले यी जटिल समस्याहरूलाई विस्तृत रूपमा विश्लेषण गर्ने प्रयास गर्नेछ । साथै तथ्यगत विवरणहरू थप स्पष्ट पार्नेछ ।

**सडक निर्माण र भू-अवस्थामा नकारात्मक प्रभाव**

च्याम्पादेवीको पहाडी भू-भागमा सडक निर्माणले यातायातमा सहजता ल्याए पनि यसका नकारात्मक प्रभावहरू अनगिन्ती छन् । कुनै ठोस भौगर्भिक अध्ययन र वातावरणीय प्रभाव अध्ययनको स्वीकृति ((BES/IEE/EIA) बिना जथाभावी सडक खन्ने प्रवृत्तिले गम्भीर परिणामहरू निम्त्याएको छ । बिनापूर्वतयारी र अध्ययन सडक निर्माण गर्ने नेपाली परम्पराबाट यो गाउँपालिका पनि फरक रहेको देखिएन । जसका कारण एकातर्फ खेतीयोग्य जमिन नष्ट हुने क्रम बढेको देखिन्छ भने अर्कोतर्फ बिनातयारीका निर्माण कार्यले निम्त्याउने मानव निर्मित प्राकृतिक प्रकोपको जोखिम पनि उच्च दरमा रहेको देखिन्छ । विकासले विनाश निम्त्याउने क्रम हालैका क्रममा देखिन्छ । नेपालमा अधिकांश ग्रामीण सडकहरू डोजर प्रयोग गरी खन्ने गरिन्छ, जसले माटोको संरचनालाई कमजोर बनाउँछ । खुकुलो माटो र भिरालो जमिनमा डोजर चलाएर सडक निर्माण गर्दा माटोको क्षयीकरण (Soil Erosion) तीव्र गतिमा बढेको छ । वर्षायाममा यी अव्यवस्थित सडकका कारण ठूला पहिरो (Landslides) जाने जोखिम अत्यधिक बढेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) को तथ्यांकअनुसार नेपालमा मनसुन अवधिमा पहिरोका कारण हरेक वर्ष सयौंको ज्यान जाने गर्छ, जसमध्ये ग्रामीण सडक निर्माण एउटा प्रमुख कारण हो । स–साना पानीका मुहानहरू पुरिने वा सुक्ने, प्राकृतिक ढल निकास प्रणालीमा अवरोध आउने र सडकबाट बगेर आउने माटो, बालुवा तथा ढुंगाले तल्लो भेगका ऊर्वर खेतीयोग्य जमिनहरू पुरिने समस्याले स्थानीय किसानलाई ठूलो आर्थिक क्षति पुऱ्एको छ । कतिपय अवस्थामा सडकले गर्दा बस्तीहरू नै जोखिममा परेका छन् ।

**अनियोजित सहरीकरण, वन फँडानी र खण्डीकरणको असर**

सहरीकरणको बढ्दो क्रमसँगै च्याम्पादेवीमा पनि अनियोजित बस्ती विकास भइरहेको छ । व्यवस्थित योजनाबिना नै खेतीयोग्य जमिन र वन क्षेत्र मासेर घर निर्माण गर्ने प्रवृत्ति बढेको छ । यसले वन फँडानी (Deforestation) लाई बढावा दिएको छ, जसको प्रत्यक्ष असर जैविक विविधतामा परेको छ । संयुक्त राष्ट्रसंघको तथ्यांकअनुसार नेपालमा सन् १९९० देखि २०२० सम्ममा करिब १.२ मिलियन हेक्टर वन क्षेत्र घटेको छ, जसमा पूर्वाधार विकासको भूमिका महत्त्वपूर्ण छ । यसको प्रतिविम्ब चम्पादेवी गाउँपालिकामा पनि देखिन्छ । रूखबिरुवाको कटानले हावामा कार्बनडाइअक्साइडको मात्रा बढाउनुका साथै माटोलाई अड्याएर राख्ने प्राकृतिक संयन्त्रलाई कमजोर बनाएको छ, जसले भू–स्खलनको जोखिमलाई अझै बढाउँछ । नयाँ भवन निर्माणका लागि ढुंगा, गिट्टी र बालुवाको अनियन्त्रित उत्खननले नदीकिनार र पहाडी क्षेत्रको भू–अवस्थालाई कमजोर बनाएको छ, जसले गर्दा नदी कटान (River Bank Erosion) र आसपासका संरचनाहरू जोखिममा परेका छन् । जग्गाको खण्डीकरण (Land Fragmentation) ले पनि कृषि उत्पादनमा नकारात्मक असर पारेको छ किनभने स–साना टुक्राहरूमा खेती गर्न प्राविधिक र आर्थिक रूपमा असम्भव हुन्छ ।

**वातावरणीय प्रभाव र जलवायु परिवर्तनका गम्भीर असरहरू**

भौतिक पूर्वाधार विकासका अतिरिक्त च्याम्पादेवी गाउँपालिकाले जलवायु परिवर्तन (Climate Change) का विश्वव्यापी असरहरू पनि भोगिरहेको छ । यी असरहरूले यहाँको पर्यावरणीय सन्तुलन र मानवीय गतिविधिमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा प्रभाव पारेका छन् । अव्यवस्थित विकासका कारण जमिनको अपरिवर्तनीय क्षरण, वन उपत्यकाहरूको नाश र जलस्रोतहरूको प्रदूषण तीव्र रूपमा बढ्दो समस्या बनेका छन् । विशेष गरी सडक, बाँध, ऊर्जा र जल

व्यवस्थापनजस्ता पूर्वाधार निर्माणले स्थानीय पारिस्थितिकीय प्रणालीमा नकारात्मक प्रभाव पार्न सक्छ। साथै, जलवायु परिवर्तनले चरम मौसम घटनाहरूलाई अधिक घातक बनाइरहेको छ, जसले ग्रामीण भेगका पूर्वाधारहरूको टिकाउपनमा गम्भीर चुनौती उत्पन्न गरेको छ। बारम्बार बाढी, पहिरो, खडेरी र अतिवृष्टि वर्षाजस्ता घटनाहरूले निर्माण गरिएका संरचनाहरूलाई भत्काउने मात्र नभई स्थानीय बस्ती, खेतीपाती र जनजीवनमा पनि प्रत्यक्ष असर पुऱ्याउँछन्। यसले पूर्वाधारमा गरिएको लगानी जोखिमपूर्ण बनाउँछ र दीर्घकालीन दिगोपनमा बाधा पुऱ्याउँछ।

यस्ता गम्भीर वातावरणीय र जलवायु जोखिमहरूका कारण पूर्वाधार विकासका योजनाहरूमा वातावरणीय संरक्षण र जलवायु अनुकूलन उपायहरू समावेश गर्नुपर्ने आवश्यकतालाई अझ बलियो बनाउँछ। ग्रामीण स्थानहरूमा क्षमता अभाव, वित्तीय सीमितता र प्राविधिक ज्ञानको कमीले गर्दा यस्ता जोखिमहरूको प्रभावकारी व्यवस्थापन गर्न कठिनाइ हुन्छ। यसले विकास परियोजनाहरूमा वातावरणीय मूल्यांकनबमोजिम कार्यको उचित कार्यान्वयनमा पनि अवरोध पुऱ्याछ। परिणामस्वरूप, अनपेक्षित वातावरणीय क्षति र जलवायु जोखिमले समग्र विकास योजनालाई असफल पार्न सक्छ। त्यसैले ग्रामीण विकासका क्रममा दिगो र पारिस्थितिकीय दृष्टिले संवेदनशील पूर्वाधार निर्माण गर्न स्थानीय सरकार, समुदाय र सरोकारवालाबीच समन्वय आवश्यक छ। साथै, जलवायु परिवर्तन अनुकूलन रणनीतिहरू, जोखिम न्यूनीकरण उपायहरू र वातावरण संरक्षणका नियमहरूको पालना गरिनु अनिवार्य छ ताकि ग्रामीण क्षेत्रको दिगो विकास सुनिश्चित गर्न सकियोस्। नत्र, वातावरणीय चुनौती र जलवायु संकटले ग्रामीण पूर्वाधार विकासको सफलतालाई खतरा पुऱ्यादै स्थानीय समुदायको जीवनस्तरमा प्रतिकूल असर पुऱ्याउन सक्छ।

**बदलिँदो वर्षाको ढाँचा र यसको बहुआयामिक प्रभाव**

पहिले नियमित र अनुमानयोग्य रूपमा हुने वर्षाको ढाँचामा अहिले ठूलो परिवर्तन आएको छ। लामो समयसम्म खडेरी (Drought) पर्नु र एक्कासि अतिवृष्टि (Heavy Rainfall) हुनु सामान्य बनेको छ। जल तथा मौसम विज्ञान विभागको तथ्यांकअनुसार नेपालमा पछिल्ला दशकहरूमा वर्षाको तीव्रता र अनियमितता बढेको छ। अतिवृष्टिका कारण बाढी, पहिरो र भू–स्खलनका घटनाहरू ह्वात्तै बढेका छन्, जसले भौतिक संरचना, पुल, सडक र खेतीयोग्य जमिनमा ठूलो क्षति पुऱ्एको छ। यसले मानवीय विस्थापन र धनजनको क्षति पनि बढाएको छ। अर्कोतर्फ, अनावृष्टिले गर्दा खानेपानीका स्रोतहरू सुकेका कारण खानेपानीको हाहाकार मच्चिएको छ। यसले कृषि उत्पादनमा ठूलो ह्रास ल्याएको छ। विशेषगरी, च्याम्पादेवीका मुख्य बालीहरू जस्तै- मकै, धान र गहुँको उत्पादनमा कमी आएको छ, जसले स्थानीय खाद्य सुरक्षा (Food security) माथि गम्भीर चुनौती थपेको छ। पानीको अभावका कारण पशुधनमा पनि नकारात्मक असर परेको छ, जसले पशुपालक किसानहरू समस्यामा पारेका छन्। पुर्या

**तापमान वृद्धि र जलस्रोतमा संकट**

च्याम्पादेवी गाउँपालिकाको औसत तापक्रममा क्रमिक वृद्धि देखिएको छ। विश्व मौसम विज्ञान संगठन (WMO) को प्रतिवेदनअनुसार पछिल्लो दशक पृथ्वीको तापक्रम ऐतिहासिक रूपमा सबैभन्दा बढिरहेको छ, जसको असर नेपालका पहाडी र हिमाली क्षेत्रमा पनि देखिएको छ। यसको असर उच्च पहाडी क्षेत्रमा पर्ने हिउँ पग्लिने दरमा प्रत्यक्ष देखिएको छ। हिउँ छिटो पग्लिँदा नदीनालामा पानीको बहाव अल्पकालीन रूपमा बढ्छ, जसले बाढीको जोखिम बढाउँछ। तर दीर्घकालमा हिउँको भण्डारण घट्दै जाँदा पानीका मुहानहरू सुक्ने र समग्र जलस्रोत कमी (Water Scarcity) मा आउने समस्या सिर्जना हुन्छ। यसले खानेपानी र सिँचाइका लागि पानीको उपलब्धतामाथि ठूलो प्रश्नचिह्न खडा गरेको छ, जसले गर्दा च्याम्पादेवीका कृषि गतिविधिहरू प्रत्यक्ष प्रभावित भएका छन्। तापक्रम वृद्धिको असर मानिसको

स्वास्थ्यमा पनि परेको छ, जस्तै- लामखुट्टेजन्य रोगहरू (डेंगु, मलेरिया) को प्रकोप बढ्ने सम्भावना रहन्छ। यसको समग्र प्रभाव चम्पादेवी गाउँपालिकामा पनि पाउन थालिएको छ।

**प्राकृतिक प्रकोपको बढ्दो जोखिम र मानवीय संकट**

जलवायु परिवर्तनका कारण अत्यधिक वर्षा, खडेरी, बाढी, पहिरो र भूक्षयजस्ता प्राकृतिक प्रकोपहरू झनै बढेका छन्। च्याम्पादेवीको भू–भागको भौगोलिक संवेदनशीलता र अव्यवस्थित विकास निर्माणले यी प्रकोपहरूको जोखिमलाई झनै बढाएको छ। खुकुलो माटो, भिरालो जमिन र वन फँडानीका कारण एकनासको वर्षा हुँदा पनि ठूला पहिरो जाने र जनधनको क्षति हुने सम्भावना उच्च छ। नेपालमा हरेक वर्ष मनसुन अवधिमा औसतमा ४०० भन्दा बढी पहिरोका घटनाहरू रेकर्ड हुने गरेको छ। यी प्रकोपहरूले स्थानीय पूर्वाधारहरू, जस्तै- सडक, पुल, विद्यालय र घरहरूमा क्षति पुऱ्याउनुका साथै कृषि प्रणालीलाई तहसनहस पारेका छन्। यसले स्थानीय बासिन्दाको जीविकोपार्जनमा बाधा पुऱ्याएको छ र उनीहरूलाई थप आर्थिक भार थोपरेको छ, जसले गर्दा कतिपय परिवार विस्थापन हुन बाध्य छन्।

**जैविक विविधतामा असर र पारिस्थितिक प्रणालीको असन्तुलन**

जलवायु परिवर्तनले यहाँको जैविक विविधता (Biodiversity) मा पनि नकारात्मक प्रभाव पारेको छ। तापक्रममा आएको परिवर्तन, बदलिँदो वर्षाको ढाँचा र वातावरणीय असन्तुलनले गर्दा कतिपय वनस्पति तथा जीवजन्तुहरू लोप हुने अवस्थामा पुगेका छन्। विशेषगरी, निश्चित तापक्रम र आर्द्रतामा मात्र फस्टाउने बालीनाली र वनस्पतिहरू यसबाट बढी प्रभावित भएका छन्। नयाँ किसिमका मिचाहा प्रजातिहरूको (invasive species) आगमन र रोग कीराको प्रकोप पनि बढेको छ, जसले स्थानीय बालीनाली र वनस्पतिलाई क्षति पुऱ्याइरहेका छन्। यसले समग्र पारिस्थितिक प्रणाली (Ecosystem) को सन्तुलनमा खलल पुऱ्एको छ, जसको दीर्घकालीन असर मानव जीवनमा पर्न सक्छ किनभने पारिस्थितिक प्रणालीको सन्तुलनले नै प्राकृतिक स्रोतहरूको दिगो उपलब्धता सुनिश्चित गर्छ।

**६.५ भावी कार्यदिशा र समाधानका उपाय- दिगो विकासतर्फ**

चम्पादेवी गाउँपालिकाले भौतिक पूर्वाधार विकास र जलवायु परिवर्तनलगायत विभिन्न वातावरणीय प्रभावहरूका कारण भोगिरहेका यी चुनौतीहरूको सामना गर्न दिगो विकासका रणनीतिहरू अपनाउनु अपरिहार्य छन्। गाउँपालिकाले सबै सरोकारवालाहरूसँग समन्वय गरी निम्न कार्यहरूमा पहल गर्दा दिगो विकासको बाटो लाग्न मद्दत गर्नेछ।

**वातावरणमैत्री र वैज्ञानिक पूर्वाधार विकास**

सडक निर्माण गर्दा नेपाल सरकारबमोजिम वातावरणीय प्रभाव अध्ययन (BES/IEE/EIA) स्वीकृतिमा लिखित वातावरण र समाजलाई पर्ने जोखिमको निवारणका उपायहरूलाई कडाइका साथ लागू गर्नुपर्छ र त्यसको प्रतिवेदनका आधारमा मात्र निर्माण कार्य अगाडि बढाउनुपर्छ। नेपाल सरकारले वातावरणीय प्रभाव अध्ययनलाई अनिवार्य गरे पनि कार्यान्वयन पक्ष कमजोर छ। त्यसको प्रतिविम्ब गाउँपालिका तहमा हुने विकास निर्माणका काममा पनि देख्ने गरिन्छ। दिगो र वैज्ञानिक तरिकाले सडकको 'ट्र्याकिङ' (Tracking) गर्ने, बायो–इन्जिनियरिङ प्रविधि (Bio-engineering techniques) जस्तै– घाँस रोप्ने, रूख रोप्ने, तारजाली लगाउने र उपयुक्त ड्रेनज प्रणालीको व्यवस्थापन गर्नुपर्छ। भवन निर्माण गर्दा भूकम्प प्रतिरोधी र वातावरणमैत्री सामग्रीको प्रयोगलाई प्रोत्साहन गर्नुपर्छ र भवन संहिताको पालना गराउनुपर्छ। कम लागतमा घर निर्माण गर्न सकिने प्रविधि र सामग्रीको प्रयोगमा जोड दिनु उपयुक्त हुन्छ।

### वन संरक्षण र व्यापक वृक्षरोपण कार्यक्रम

वन फँडानीलाई रोक्न कडा नीति–नियम बनाउनुका साथै वन ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ । खाली जमिन, सडक किनार, सार्वजनिक स्थलहरू, र खोला किनारहरूमा स्थानीय प्रजातिका बिरुवाहरू रोपी व्यापक वृक्षरोपण कार्यक्रम ( (Afforestation/Reforestation) सञ्चालन गर्नुपर्छ । वन संरक्षण र वृक्षरोपण कार्यक्रमले च्याम्पादेवी गाउँपालिकामा दिगो विकासको प्रमुख समाधानका रूपमा लागू गर्न सकिन्छ, जसले वातावरणीय सन्तुलन कायम राख्नुका साथै माटोको संक्षरण रोक्ने, जलस्रोतको संरक्षण गर्ने र प्राकृतिक प्रकोप न्यूनीकरणमा योगदान पुऱ्याउँछ । यसका लागि ग्रामीण नगरपालिकाले अवैध कटानी र वन अतिक्रमण नियन्त्रण गर्न कानुनी र नीतिगत व्यवस्था सुदृढ गर्नुका साथै सामुदायिक वन उपभोक्ता समूहलाई सशक्त बनाउनुपर्छ । वर्षा ऋतुमा सडक छेउ, नदी किनार, पहाडी ढलान, विद्यालय परिसर र सार्वजनिक खाली जमिनमा उपयुक्त प्रजातिका रूखहरूको रोपाइँ गर्दै "एक घर, एक बोट" वा "विद्यालय हरित क्षेत्र" जस्ता कार्यक्रममार्फत स्थानीय समुदाय, विद्यालय, महिला समूह र युवा क्लबको सक्रिय सहभागिता सुनिश्चित गर्न सकिन्छ । रोपिएका रूखहरूको प्रारम्भिक वर्षमा नियमित पानी, मल, रोग नियन्त्रण र तीनदेखि पाँच वर्षसम्म संरक्षण तथा अनुगमनको व्यवस्था बजेट र योजनामा समावेश गर्नुपर्छ, जसले दीर्घकालीन रूपमा वन क्षेत्रको विस्तार र वातावरणीय संरक्षणलाई मजबुत बनाउँछ ।

### जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका उपाय

जलवायु परिवर्तनका असरहरूलाई कम गर्न र सहज ढंगले सामना गर्न बहुआयामिक उपायहरू अपनाउनुपर्छ । पानीका स्रोतहरूको संरक्षण र पुनर्भरणका लागि तालतलैया निर्माण, पोखरी खन्ने, रिचार्ज पिट ((Recharge Pits) ) बनाउने, वर्षा पानी संकलन प्रणाली (Rainwater Harvesting) विकास गर्ने तथा परम्परागत कुवा, इनार, धाराहरूको संरक्षण र पुनःस्थापना गर्नुपर्छ । बाढी तथा सुक्खाजस्ता चरम मौसमी जोखिम घटाउन पहाडी ढलानमा हरियाली पुनःस्थापना र माटो संरक्षणका उपायहरू लागू गर्नुपर्छ । कृषि क्षेत्रमा जलवायु प्रतिरोधी र कम पानीमा हुर्कने बालीनालीको प्रवर्द्धन गर्दै स्थानीय किसानलाई आधुनिक सिँचाइ प्रविधि, ड्रिप इरिगेसन (drip irrigation), बाली विविधीकरण तथा जैविक खेतीबारे तालिम र प्राविधिक सहयोग उपलब्ध गराउनुपर्छ । साथै, नवीकरणीय ऊर्जा (Renewable Energy) को प्रयोग बढाउन सौर्य ऊर्जा, लघु जलविद्युत्, बायोग्यास र ऊर्जासक्षम प्रविधिहरूको विस्तारमा लगानी गर्नुपर्छ, जसले जीवाश्म इन्धनको प्रयोग घटाउँछ र हरितगृह ग्यास उत्सर्जन कम गर्न मद्दत पुऱ्याउँछ । यी सबै उपायहरूलाई दीर्घकालीन योजना, बजेट विनियोजन र स्थानीय समुदायको सक्रिय सहभागितासँग कार्यान्वयन गर्दा जलवायु परिवर्तनको जोखिमलाई न्यूनीकरण गर्दै गाउँपालिकामा दिगो विकास सुनिश्चित गर्न सकिन्छ ।

### स्थानीय समुदायको सक्रिय सहभागिता र सचेतना

चम्पादेवी गाउँपालिकाले योजना निर्माणदेखि कार्यान्वयनसम्मको प्रत्येक चरणमा स्थानीय समुदायलाई सक्रिय रूपमा सहभागी गराउनुपर्छ, जसले परियोजनाको स्वामित्व भाव (sense of ownership) बढाउँछ र दीर्घकालीन प्रभावकारिता सुनिश्चित गर्छ । यसका लागि वातावरणीय संरक्षण, दिगो विकासका सिद्धान्तहरू, र जलवायु परिवर्तनका दीर्घकालीन असरबारे व्यापक सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्छ । विद्यालय, महिला समूह, युवा क्लब, किसान समूह, तथा अन्य सामुदायिक संस्थाहरूमार्फत तालिम, कार्यशाला र अन्तरक्रिया कार्यक्रमको आयोजना गरी जनस्तरमा ज्ञान र क्षमता विकास गरिनुपर्छ ।

साथै, समुदायमा आधारित विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन योजनाहरू (Community-based Disaster Risk Reduction and Management Plans) विकास गरी तिनको कार्यान्वयनमा स्थानीयको प्रत्यक्ष भूमिका सुनिश्चित गर्न आवश्यक छ । यस क्रममा बाढी, पहिरो, सुक्खा, र अन्य जलवायुजन्य विपद्को जोखिम मूल्यांकन गरी प्रारम्भिक चेतावनी प्रणाली, सुरक्षित आश्रय स्थल र तत्काल प्रतिक्रिया संयन्त्र (emergency response mechanisms) को विकासमा स्थानीय जनशक्ति संलग्न गरिनुपर्छ । साथै, स्थानीय ज्ञान, परम्परागत सीप र सांस्कृतिक अभ्यासहरूलाई वातावरणीय संरक्षण, जलवायु अनुकूलन तथा प्राकृतिक स्रोतहरूको दिगो उपयोगमा एकीकृत गर्न सकिन्छ । यसरी स्थानीय समुदायको सक्रिय सहभागिता र सचेतना प्रवर्द्धनले मात्र वातावरणमैत्री र जलवायुमैत्री पूर्वाधार विकासका प्रयासहरू दीर्घकालीन रूपमा सफल र दिगो बन्नेछन् ।

**फोहोर व्यवस्थापन र प्रदूषण नियन्त्रण प्रणालीको सुदृढीकरण**

चम्पादेवी गाउँपालिकाले निर्माण कार्य, औद्योगिक गतिविधि तथा दैनिक घरेलु प्रयोगबाट उत्पन्न हुने ठोस, तरल र हावाजन्य (ग्यास) प्रदूषणलाई व्यवस्थित रूपमा व्यवस्थापन गर्न नीति तथा कार्ययोजना तयार गर्नुपर्छ । यसका लागि स्रोतमै फोहोर वर्गीकरण (segeregation), पुनः प्रयोग (reuse) र पुनर्चक्रण (recycling) प्रणालीलाई अनिवार्य गर्न सकिन्छ । निर्माण तथा पूर्वाधार परियोजनामा वातावरणमैत्री निर्माण सामग्रीको प्रयोग र निर्माण स्थलमा धूलो तथा ध्वनि प्रदूषण नियन्त्रणका उपायहरू लागू गर्नुपर्छ ।

गाउँपालिकास्तरमा ठोस फोहोर संकलन, प्रशोधन र व्यवस्थापन (disposal) का लागि आधुनिक प्रविधियुक्त केन्द्र (waste processing facility) स्थापना गर्नुका साथै जैविक फोहोरलाई कम्पोस्ट उत्पादनमा रूपान्तरण गर्ने र अजैविक फोहोरलाई पुनर्चक्रण उद्योगमा पठाउने प्रणाली विकास गर्न आवश्यक छ । सरोकारवालाहरू, विद्यालय र सामुदायिक संस्थाहरूसँग सहकार्य गर्दै वातावरणीय सचेतना अभियान सञ्चालन गरी फोहोर न्यूनीकरण, सफा उत्पादन (clean production) र प्रदूषण नियन्त्रणका अभ्यासहरूलाई प्रोत्साहन गर्नुपर्छ । साथै, नदी, खोल्सा, र जलाशयहरूको संरक्षणका लागि तरल फोहोर निस्तारण (फल्ने वा व्यवस्थापन गर्ने) प्रणालीलाई सुदृढ बनाउन र औद्योगिक तथा घरेलु ढललाई प्रशोधन नगरीकन सिधा जलस्रोतमा मिसिन नदिन कडाइका साथ कार्यान्वयन गर्नुपर्छ । यसरी अपशिष्ट व्यवस्थापन र प्रदूषण नियन्त्रण प्रणालीलाई संस्थागत, प्राविधिक र सामुदायिक दृष्टिले सुदृढ पार्दा गाउँपालिकामा वातावरणीय स्वास्थ्य सुधार, प्राकृतिक स्रोतको संरक्षण र दीर्घकालीन विकास सुनिश्चित गर्न सकिन्छ ।

**अन्त्यमा,**

चम्पादेवी गाउँपालिकाको दिगो विकासका लागि भौतिक पूर्वाधार विकास र वातावरणीय संरक्षणबीच सन्तुलन कायम गर्नु आजको टड्कारो आवश्यकता हो । अव्यवस्थित विकासले निम्त्याउने अल्पकालीन लाभ दीर्घकालमा ठूलो वातावरणीय र आर्थिक क्षतिको कारण बन्न सक्छ । योजनाबद्ध विकास, वैज्ञानिक अध्ययन, जनचेतना र सबै सरोकारवालाहरूको सामूहिक प्रयासबाट मात्र यस गाउँपालिकाले भू–अवस्था र जलवायु परिवर्तनका चुनौतीहरूको सामना गर्दै समृद्ध, सुरक्षित र वातावरणमैत्री भविष्य निर्माण गर्न सक्छ ।

# सन्दर्भ सामग्री सुची

ओखलढुङ्गाका सम्बन्धमा लेखिएका/प्रकाशित भएका बिभिन्न कृतिहरु ।

चम्पादेवी गाउँपालिकाको वेवसाइटः https://champadevimun.gov.np/

चम्पादेवी गाउँपालिकाको आवधिक योजना २०८०/८१-२०८४/८५ (२०८०), चम्पादेवी गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

चम्पादेवी गाउँपालिकाको वस्तुस्थिति विवरण, (२०८०), चम्पादेवी गाउँकार्यपालिकाको कार्यालय, ओखलढुङ्गा ।

चम्पादेवी गाउँपालिकाका सम्बन्धमा लेखिएका/प्रकाशित भएका अन्य कृतिहरू ।

तात्कालीन गाउँ पंचायत/गाउँ बिकास समितिका आवधिक योजना र प्रोफाइल ।

तात्कालीन जिल्ला पंचायत/ जिल्ला बिकास समितिका आवधिक योजना र प्रोफाइल ।

साबिक गाबिसका बारेमा लेखिएका दस्तावेजहरु ।

साबिक गाबिसका बारेमा लेखिएका दस्ताबेजहरू ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेवसाइट, https://www.mofaga.gov.np/

राष्ट्रिय कृषि गणना २०७८ पालिकास्तरका नतिजाहरू कोशी प्रदेश (२०८०), राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ ।

राष्ट्रिय औद्योगिक गणना २०७८ को प्रतिवेदन, राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ ।

राष्ट्रिय जनगणना २०७८, स्थानीय तहगत तथ्याङ्क (२०८०), राष्ट्रिय तथ्याङ्क कार्यालय, थापाथली काठमाण्डौ ।

Survey Department Nepal, (1994-1996), Topo Sheet Map, Survey Department.

# अनुसुची १

## सर्वेक्षणको विष्टिकृत प्रश्नावली

### चम्पादेवी गाउँपालिकाको अनुसन्धान/सन्दर्भ ग्रन्थ निर्माणार्थ जानकार व्यक्तिसँगको अन्तरवार्ताका लागि तयार गरिएको बिशिष्टिकृत प्रश्नावली

विवरण उपलव्ध गराउने व्यक्तिको नामः

ठेगाना:

पेशा :

सम्पर्क नम्बर :

| | | |
|---|---|---|
| १. | गाउँपालिकाको नामः | |
| २. | वडा नम्बर: | |
| ३. | स्थान/टोलको नामः | |
| ४. | भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/ धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकीय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान इत्यादिका दृष्टिले यस स्थल/ठाउँ/क्षेत्र को नाम के हो ? | |
| ५. | भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/ धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकिय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान इत्यादिका आधारमा यस स्थल/ठाउँ/क्षेत्रको परिचय/वर्णन विस्तृतमा रुपमा लेख्नुहोस (जस्तै: यो ठाउँ कहाँ रहेको छ? नाम कसरी रहन गएको हो? कहिले स्थापना भएको हो? के को लागि चर्चित रहेको छ? यस ठाउँको मुख्य विशेषता के हो? यहाँका प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाको आर्थिक/ सामाजिक/ सांस्कृतिक महत्व के छ? इत्यादि कुराहरुमाथि प्रकाश पार्नुहोस् ।) | |
| ६. | यस स्थल/ठाउँ/क्षेत्रमा मा के कस्ता भौतिक पूर्वाधार उपलब्ध छन् ? (जस्तै: सडक, विजुली, खानेपानी, सामुदायिक भवन, र अन्य सुविधाको बारेमा विवरण खुलाउनुहोस।) | |
| ७ . | भौगोलिक अवस्थिति/जोखिम क्षेत्र/एतिहासिक-पुरातात्विक स्थल/प्राकृतिक स्रोत तथा सम्पदा/धार्मिक-सांस्कृतिक सम्पदा/पर्यटकिय स्थल/जनसांख्यिक संरचना/जातिगत पहिचान (स्थल/ठाउँ/क्षेत्र) (जुन प्रकारको क्षेत्र हो सोहि अनुसार लेख्ने) मा रहेको मुख्य सम्भावना/चुनौती के रहेका छन् (२/३ वटा प्रष्ट बुझिने बाक्यमा लेख्नुहोस ।) | |
| ८ . | अन्य महत्वपूर्ण केही भए उल्लेख गर्नुहोस् । | |

# अनुसुची २
## वडागत भ्रमणमा लिइएका तश्विरहरू














चम्पादेवी गाउँपालिका
६ नं. वडा कार्यालय
घोराखोरी, ओखलढुङ्गा
कोशी प्रदेश, नेपाल
यहाँहरु सबैमा चम्पादेवी गाउँपालिका वडा नं. ६ हार्दिक स्वागत गर्दछ ।
"वीर शहिदहरु अमर रहुन्"











# अनुसुची ३
## वडागत छलफलमा सहभागीहरुको उपस्थिती माइन्युट

आज मिती २०८२ साल ..पौष.........महिना..08.....गते..शुक्रवार.....बार का दिन चम्पादेवी गाँउपालिका वडा न...1.....का वडा अध्यक्ष/ वडासदस्य श्री....कुल बहादुर श्रेष्ठ..... ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्ने गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँडक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो |

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कुल बहादुर श्रेष्ठ | वडा अध्यक्ष | 9849184066 | [illegible] | |
| २ | अमृता मगर | [illegible] | | अमृता | |
| ३ | निर बहादुर थापामगर | समाजसेवी | 9849126375 | [illegible] | |
| ४ | प्रतिक मगर | कर्मचारी | | प्रति | |
| ५ | धन बहादुर श्रेष्ठ | व्यापारी | | [illegible] | |
| ६ | बीर बहादुर श्रेष्ठ | बुद्धिजीवी | 9849960985 | [illegible] | |
| ७ | धन कुमारी श्रेष्ठ | रोजगार | 9843563303 | [illegible] | |
| ८ | सरिता श्रेष्ठ | व्यापारी | | सरिता | |
| ९ | ध्रुव कुमार खड्का | [illegible] | [illegible] | [illegible] | |
| १० | समिक्षा मगर | | | [illegible] | |
| ११ | सुविना मगर | | | [illegible] | |
| १२ | [illegible] मगर | | | [illegible] | |
| १३ | ज्ञान ब. श्रेष्ठ | | | [illegible] | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याडक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आज मिती २०८२ साल ...जेठ............महिना...०६...गते...शुक्रबार....बार का दिन चम्पादेवी गाँउपालिका वडा न. ३......का वडा अध्यक्ष/ वडासदस्य श्री...विष्णु...पुलामी.......... ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँडक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | विष्णु पुलामी | वडा अध्यक्ष | ९८५११४६३९५ | [illegible] | |
| २ | ज्ञान बहादुर मगर | विभाग | | ज्ञान | |
| ३ | नर बहादुर मगर | ” | | नरज | |
| ४ | खिना माया मगर | ” | | खिना | |
| ५ | कालि माया मगर | ” | | का.मा | |
| ६ | कमला पराजुली | वडा सचिव | ९८४२८६५८९ | कमला | |
| ७ | धुव कुमार रवतेल | समाजसेवी | ९८४९८७३०४४ | [illegible] | |
| ८ | [illegible] पनुवार | समाजसेवी | ९६६८८९४०४८ | [illegible] | |
| ९ | | | | | |
| १० | | | | | |
| ११ | | | | | |
| १२ | | | | | |
| १३ | | | | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताव न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याङक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आज मिती २०८२ साल .....श्रावण.......महिना..१०..गते...बिहिबार..बार का दिन चम्पादेवी गाँउपालिका वडा न..३.....का वडा अध्यक्ष/ वडासदस्य श्री....अम्बर बहादुर लामा..ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगैं तथ्याँडक सडकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | अम्बर बहादुर लामा | वडा अ. | ९८६३६४०३८४ | | |
| २ | मीन बहादुर [illegible] | [illegible] | ९८६३३९४६९१ | | |
| ३ | बिन्दा मगर (श्रेष्ठ) | शिक्षक | ९८४९६६९३०५ | | |
| ४ | इन्द्रमाया लामा | महिला | — | | |
| ५ | नरिमाया लामा | गृहणी | — | | |
| ६ | दोर्जे लामा | किसान | — | | |
| ७ | राम कुमार श्रेष्ठ | | — | | |
| ८ | धन बहादुर लामा | | — | | |
| ९ | किरण न्यूपाने | शिक्षक | ९८४४८९०९४९ | | |
| १० | ध्रुव कुमार राउत | | ९८४१८८३०४५ | | |
| ११ | रञ्जिता लामा | | — | | |
| १२ | | | | | |
| १३ | | | | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याडक सडकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आज मिति २०८१ साल .....जेठ........महिना.....३.....गते.......शनि.....बार का दिन चम्पादेवी गाँउपालिका वडा न..०४..का वडा अध्यक्ष/ वडासदस्य श्री.....इन्द्र.....बहादुर.....खत्री ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँडक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | इन्द्र बहादुर खत्री | वडाध्यक्ष | ९८४७०६२८६३ | | |
| २ | पूर्ण प्र बुढाथोकी | वडासदस्य | ९८४४५९८०३८ | | |
| ३ | फुल माया कार्की | " | ९६८४३३२३६९ | | |
| ४ | नारायण गिरी | " | ९८४४८२८७६८ | | |
| ५ | अम्बिका मगर दर्जी | " | ९८६३८२६३३६४ | | |
| ६ | तिलमाया गुरुङ | वडासचिव | ९८४३९०७९२३ | | |
| ७ | ध्रुव कुमार खड्का | प्रधानाध्यापक | ९८४७८६३०९९ | | |
| ८ | उत्तम कुमार कार्की | स्थानीय | ९६८४३२९६३३९ | | |
| ९ | प्रेम बहादुर कार्की | " | ९८४३४४३२६० | | |
| १० | विष्णु बहादुर कार्की | " | ९८३५९३०९५४ | | |
| ११ | परशुराम खरवाल | कर्मचारी | ९८४२५८८६८८ | | |
| १२ | रामजी दाहाल | शि. | ९८६११८८०४२ | | |
| १३ | इन्द्र ब. कार्की | स्थानीय | ९६८४६०५२०३ | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याङक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

इन्द्र बहादुर खत्री
वडा अध्यक्ष

आज मिती २०८२ साल ...चैत्र.........महिना.....६.....गते...मंगल.....बार का दिन चम्पादेवी गाँउपालिका वडा न...६...का वडा अध्यक्ष/ वडासदस्य श्री.....गणेश बहादुर खड्का.... ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँडक सडकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गणेश बहादुर खड्का | वडाध्यक्ष | 9843829823 | [illegible] | |
| २ | मित्र बहादुर कार्की | वडासचिव | 9848531026 | [illegible] | |
| ३ | रमिला खड्का | मा.प.से.प्र. | 9860620030 | [illegible] | |
| ४ | अप्सरा थापा कार्की | वा.स. | 9843829656 | [illegible] | |
| ५ | दुर्गा कुमार खड्का | स्थानीय | 9849062868 | [illegible] | |
| ६ | [illegible] | समाजसेवी | 9863358428 | | [illegible] |
| ७ | सुमन सुनार | समाजसेवी | 9849992186 | | [illegible] |
| ८ | ध्रुव कुमार खड्का | शिक्षाशास्त्री | 9849883022 | [illegible] | |
| ९ | धुमराज लुइटेल | समाजसेवी | — | धुमराज | |
| १० | रामहरि कार्की | किसान | — | रामहरि | |
| ११ | रुद्र बहादुर कार्की | " | — | [illegible] | |
| १२ | गणेश प्रसाद लुइटेल | शिक्षक | 9829225333 | [illegible] | |
| १३ | | | | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याडक सडकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

आज मिती २०८२ साल ......जेठ......महिना.....२..गते......शुक्र.....बार का दिन चम्पादेवी गाँउपालिका वडा नं..०६....का वडा अध्यक्ष/ वडासदस्य श्री...सुरेश...कुमार....थापा... ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँङक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | सुरेश कुमार थापा | अध्यक्ष | ९८५१०६८५८८ | | |
| २ | शान्त के.सी. | सदस्य | ९८५२८४३९४३ | | |
| ३ | तारा बोगटी | " | ९८६०९०६३९४ | | |
| ४ | शारदा दमाई | " | ९८६२४९१०५६ | शारदा | |
| ५ | शान्त ब० बस्नेत | " | ९८४००६१३३३ | शान्त | |
| ६ | हरिबोल यादव | वडासचिव | ९६४४२११३६२ | | |
| ७ | लाल ब० केसी | स्थानीय | ९८६०११९६९१ | | |
| ८ | इन्दुप्रकाश के.सी. | " | ९८६८१९४०५५ | | |
| ९ | ज्ञान बहादुर कटवाल | " | ९८४१३६३४२० | ज्ञान | |
| १० | श्याम ब० श्रेष्ठ | " | ९८४२९८१३६४ | | |
| ११ | गोपाल कार्की | " | ९८६११८६५९८ | गोपाल | |
| १२ | भीम ब० खड्गी | " | ९८६२५५२८२३ | | |
| १३ | गोपाल श्रेष्ठ | " | ९८५२८४०३६४ | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आवश्यक तथ्याङक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

सुरेश कुमार थापा
वडा अध्यक्ष

हरिबोल यादव
वडा सचिव

आज मिती २०८२ साल ...वैशाख....महिना...२४ गते...बुध........बार का दिन चम्पादेवी गाँउपालिका वडा न...८...का वडा अध्यक्ष/ वडासदस्य श्री....खड्ग...बहादुर बराल.. ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँडक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खड्ग बहादुर बराल | वडाध्यक्ष | ९८५१३५१६२९ | | |
| २ | निरुमाया गुरुङ | वडासदस्य | ९८६२२३९८४९ | | |
| ३ | पोट बहादुर गुरुङ | ,, | ९८६१४६६९०१ | | |
| ४ | हर्क बहादुर गुरुङ | समाजसेवी | ९८६०३६६८६६ | | |
| ५ | सोम ~~बहा~~ गुरुङ | ,, | ९८६३६४५०९६ | | |
| ६ | कृष्ण बहादुर धमला | प्र.अ. | ९८६१०६६७८३ | | |
| ७ | चन्द्र बहादुर नेपाली | शि.अ.प्र.अ. | ९८६९३८६०६३ | | |
| ८ | पुनम के.सी. | स्थानीय | ९८५११५८०११ | | |
| ९ | शेर बहादुर धमला | अध्यक्ष वि. | ९८६३६५५०२४ | | |
| १० | ध्रुव कुमार रेग्मी | संयोजक | ९८४१८८३०२२ | | |
| ११ | राजनी दाहाल | शि. | ९८५११५८०११ | | |
| १२ | सिर्जना राय | शि | ९८४००२२५३२ | | |
| १३ | बुद्धिमान वादी | स्थानीय | | | |
| १४. | अनिल के.सी. | कर्मचारी | ९८६३९२४०५८ | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याङक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

खड्ग बहादुर बराल
वडा अध्यक्ष

आज मिती २०८२ साल ......जेठ.........महिना......१.....गते......बि.हि...बार का दिन चम्पादेवी गाँउपालिका वडा न...०६...का वडा अध्यक्ष/ वडासदस्य श्री...कल्पना.....बराल...... ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगैं तथ्याँडक सडकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | कल्पना बराल | वा.नं. अध्यक्ष | ९८५६३८६४२० | कल्पना | |
| २ | गेल्बु शेर्पा | सदस्य | | | |
| ३ | मान कुमारी गुरुङ | सचिव | ९८६०९०९३९९ | | |
| ४ | मनोज तामाङ | आ.पा.ना. प्र. | ९८४६५०२४९३ | म. तामाङ | |
| ५ | निर बहादुर थिङ | स्थानीय | ९८५१८९८०९२ | [illegible] | |
| ६ | शेर बहादुर कार्की | स्थानीय | ९८६०५८८०६० | [illegible] | [illegible] |
| ७ | जानुका कार्की | का.उ. | ९८४०६१२८१४ | जानुका | |
| ८ | कौशिल्या दुलाल | अ.हे.व | 9860326387 | [illegible] | |
| ९ | मोहन लाल पुडासैनी | समाजसेवी | ९८४०३४६४६३ | [illegible] | |
| १० | यम ब. पुडासैनी | शिक्षक | ९८५१४३४६८३ | [illegible] | |
| ११ | देवी बहादुर थिङ | स्थानीय | ९८४३८३०११२ | देवी | |
| १२ | ध्रुव खड्का | संयोजक | ९८४१८८८०२२ | [illegible] | |
| १३ | रामजी दाहाल | शि. | ९८६११४४०८२ | [illegible] | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याडक सडकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।

कल्पना

आज मिती २०८२ साल ......जेठ........महिना......६...गते.......बुध.....बार का दिन चम्पादेवी गाँउपालिका वडा न...१०...का वडा अध्यक्ष/ वडासदस्य श्री...रोहित प्रसाद ढुंगेल ज्यु को अध्यक्षतामा बैठक बसि यस चम्पादेवी गाँउपालिकाको बृहत ग्रन्थ लेखनको लागि अवलोकन,अध्ययन र अनुसन्धान गर्न गाँउपालिका र मोलुङ फाउण्डेसन काठमाण्डौका बीच सम्झौता भए बमोजिम पालिका स्तरीय वडागत रुपमा जनप्रतिनीधि,बुद्धिजिवी, शिक्षक,समाजसेवी तथा अभिभावकसगँ तथ्याँङक सङकलन गर्नका लागि तपशिलमा उल्लेखित महानुभवहरुको सहभागितामा छलफल कार्यक्रम गरियो

तपशिलः

| क्र.स. | नामथर | पद | सम्पर्क न. | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | रोहित प्रसाद ढुंगेल | वडाध्यक्ष | ९८४२८५२६०६ | | |
| २ | दुकेन्द्र हरि ढुंगेल | वडासदस्य | ९८६१०४६२३८ | | |
| ३ | सीमाकुमारी राउत | " | ९८४३८२१६६६ | | |
| ४ | चन्द्र माया वि.क. | " | ९८६२२६२२४८ | | |
| ५ | यादव प्र थापा | " | ९८९१२३५२८८ | | |
| ६ | उज्जन कुवाथोडे | [illegible] | ९८९१०६६४०९ | | |
| ७ | सुरेश डाँगी | स्थानीय | ९८९११४६६२४ | | |
| ८ | नानीराम कुवाथोडे | शिक्षक | ९८६०४४६९८४ | | |
| ९ | सुरेश ढुंगेल | स्थानीय | ९८९११००३८९ | | |
| १० | कृष्ण बहादुर खितिङ | [illegible] | ९८६२९८३६४३ | | |
| ११ | अम्बिका खत्री | [illegible] | ९८६०९४१२०४ | | |
| १२ | थरहरि ढुंगेल | स्थानीय | ९८६०६०४६८६ | | |
| १३ | सुभद्रा ढुंगेल | [illegible] | ९८६१४४६१०६ | | |

**प्रस्तावः**

१. चम्पादेवि गाउपालिकाको बृहतग्रन्थ तयारी को लागि छलफल सम्बन्धमा।

**निर्णय**

१. प्रस्ताब न.१ को बारेमा छलफल गर्दा उपस्थित सहभागीहरुको सहभागितामा ब्यापक छलफल गरि बृहत ग्रन्थ तयारीको लागि आबश्यक तथ्याङक सङकलन गर्नको लागि वडास्तरीय निर्णय गरियो।